जयत-रचित

महीरावणवध नाटक

विवेचनात्मक अध्ययन

ज्ञानमणि नेपाल

नेपाल र एशियाली अनुसन्धान केन्द्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिभुवन विश्वविद्यालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिभुवन विश्वविद्यालय

रजत जयन्ती प्रकाशनमाला

२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयतरचित

महीरावणवध नाटक

विवेचनात्मक अध्ययन

ग्रन्थकार

ज्ञानमणि नेपाल

प्रकाशक

नेपाल र एशियाली अनुसन्धान केन्द्र

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयतरचित

महीरावणवध नाटक

विवेचनात्मक अध्ययन

ग्रन्थकार

ज्ञानमणि नेपाल

प्रकाशक

नेपाल र एशियाली अनुसन्धान केन्द्र

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर

प्रथम संस्करण २०४०

प्रकाशित प्रति १०००

मूल्य -

मुद्रकः— त्रि. वि. छापाखाना कीर्तिपुर ।

आवरण नृत्येश्वर-सौ. पुरातत्त्वविभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

समर्पण

मन्तव्य

प्रस्तावना

महीरावणवध नाटकको विवेचनात्मक अध्ययन

नाट्यको महत्ता १— ३

नाट्यको प्राचीनता र नाट्याचार्य ३ — ६

रूपकका भेद ६ — १३

उपरूपकका भेद १३ — १६

नाटकको भाषा १६ — १९

महीरावणवधको भाषा र नाट्यलक्षण २० — २१

महीरावणवध र शास्त्रीय नाट्यलक्षणको विवेचना २२ — २६

नाटकमा हनूमानको भूमिका २६ — २९

यात्रा उत्सव र नाट्य ३० — ३३

नाटकको कथावस्तुको आधार ३४ — ३६

कथावस्तुमा नाटकीय परिवर्तन ३६ — ४०

नाटक सुहाउँदो कथाको विन्यास र तात्कालिक स्थिति ४० — ४४

जात्रा उत्सव

शहर बगैंचा

जय पराजय

तन्त्रको प्रभाव

जनबिश्वास

लोकस्थिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक पृष्ठभूमि ४५ — ५५
जागरणशून्य युग
सिञ्जाको गतिविधि
सिम्रौनगढको गतिविधि
सिञ्जा र तेह्रौतको सांस्कृतिक सम्बन्ध

कविपरिचय ५६ — ६१
ऐतिहासिक विमर्श
लेखकपरिचय ६२ — ७०
तात्कालिक अवस्था

पुस्तकपरिचय ७१ — ७२

महीरावणवध नाटक (मूल)
टिप्पणी पाठान्तर नेपाली अनुवाद १ — ११०

परिशिष्ट ११२ — १४६
कथावस्तुको मूल आधार
श्मशानका राजाहरूको नेपालदूनविजय
दुल्लुको पृथ्वीमल्लको स्तम्भलेखबाट
हस्तलिखित वाल्मीकिरामायणबाट
तेह्रौतको नेपालदूनविजय
ज्योतिरीश्वरको धूर्तसमागम नाटकबाट
चण्डेश्वरको वर्णन
कृत्यरत्नाकरबाट
विवादरत्नाकरबाट
कृत्यचिन्तामणिबाट
धनुखाधामको अभिलेखको एक अंश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयारिमल्लका पालामा सारेको विनायकस्तवराजबाट
जयारिमल्लका पालामा लेखिएको सप्तशतीबाट
जयसीहमल्लले सारेको खण्डखाद्यकबाट
जयसीहले सारेको बृहज्जातक टीकाबाट
जयसीहले सारेको भोजदेवसँग्रहबाट
जयसीहले सारेको सुमतिकरणबाट
जयसीहले सारेको हरिश्चन्द्रोपाख्यानबाट
जयसीहले सारेको रामाङ्कनाटिकाबाट
होलविहार धलायटोल पाटनको अभिलेख

प्राकृत शब्दकोश १४६ — १५६
मूल लेखोटको प्रतिच्छवि १६३ — १७५
नामसूची १७७ — १८९
श्लोकसूची १९० — १९२
सन्दर्भग्रन्थ सूची १९३ — १९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण

अद्वैतदर्शनद्रष्टु - र्ब्रह्मसूत्रविधायिनः ।
वेदवेदान्तनिष्णातु - र्महाभारतकारिणः ॥

द्वैपायनस्य व्यासस्याऽनुपमस्तोत्रकारिणे ।
गोम्युपनाम्ने परमाऽभिमानितनुजन्मने ॥

आर्यमर्यादया लोकसुव्यवस्थाभिकाङ्क्षिणे ।
अनुपरमसंज्ञाय भगवद्धर्मशालिने ॥

नैपालकाय प्रथमविदुषेऽद्वैतवादिने ।
विद्याद्योतितचित्ताय श्रद्धयेदं समर्पये ॥

ज्ञानमणि नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राक्कथन

त्रिभुवन विश्वविद्यालयको शिलान्यास २०१५ सालमा श्री ५ जिज्यू मुमा जेठा बड़ामहारानी कान्ति राज्यलक्ष्मी देवी शाह तथा श्री ५ जिज्यू मुमा कान्छा बडामहारानी ईश्वरी राज्यलक्ष्मी देवी शाहबाट राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवनको पावन स्मृतिमा तिथि अनुसार मौसूफको जन्मदिन आषाढ शुक्ल नवमीका दिन कीर्तिपुरमा विधिवत् गरिबक्सेको थियो । शिलान्यासको ठीक एक वर्षपछि २०१६ साल आषाढ ३० गते आषाढ शुक्ल नवमीका दिन राष्ट्रपिताको ५३ औं जन्मजयन्तीका अवसरमा पठनपाठनको कार्य प्रारम्भ भएकाले गत आषाढ शुक्ल नवमी अर्थात २०४० साल श्रावण २ गतेका दिन यस विश्वविद्यालयले चौबीसं वर्षको गौरवपूर्ण शैक्षिक गतिविधिहरूद्वारा राष्ट्रको सेवा गरी पच्चीसौं वर्षमा सगर्व प्रवेश गरेको छ । यस अवधिभित्र नेपालको उच्च शिक्षामा झुनुक्कभरि फैलिएका आफ्ना विभिन्न अध्ययन संस्थाहरू भित्रका विभिन्न क्याम्पसहरूद्वारा यस विश्वविद्यालयले राष्ट्रिय सांस्कृतिक सम्पदा र ज्ञानको ऐतिहासिक मर्यादाका संरक्षण र सम्वर्द्धन गर्दै तथा मानव मात्रका नित्य नवीन ज्ञान, विज्ञान र प्रविधिका विभिन्न महत्त्वपूर्ण उपलब्धिहरूबाट आफ्ना विद्यार्थीहरूलाई प्रशिक्षित र दीक्षित तुल्याउँदै आधुनिक राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रबुद्ध, कुशल र सुयोग्य बनाउने दिशामा प्रशंसनीय प्रगति गरेको छ । निर्धारित पाठ्यक्रम र पाठ्यपुस्तकका पठनपाठनद्वारा बौध्दिक स्तरीयता प्रदान गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञानगरिमाका चातुर्दिक भँगाला फुटाउने आफ्नो नैरन्तरिक क्रियाकलाप बाहेक आफ्ना विभिन्न अनुसन्धान केन्द्रहरूका माध्यमद्वारा अन्वेषण र शोध गराई रहस्यहरूको उद्घाटन गर्ने दिशातर्फ पनि यस विश्वविद्यालयले ठूला ठूला उपलब्धिहरू हासिल गर्दै आएको छ । अध्ययन, अध्यापन र गवेषण विश्वविद्यालयका मूलभूत कार्य हुन् र तिनको वृध्दिमा उच्चस्तरीय र समयसापेक्ष पाठ्यपुस्तकहरूको प्रकाशनले महत्त्वपूर्ण टेवा प्रदान गर्छ । हाम्रो पाठ्यक्रम विकास केन्द्रबाट अन्तर्राष्ट्रिय स्तरका ज्ञानविज्ञानसम्बन्धी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभिन्न विषयका अनेकौं पाठ्यपुस्तकहरूको प्रकाशन भई नै रहेको छ । तर मनुष्यका ज्ञानपीपासाको मीमा छैन । विश्वविद्यालय जस्तो संस्थाले निर्धारित पाठ्यपुस्तकहरूको प्रकाशनमै सीमित रहनु उचित हुँदैन । विद्वान्हरूले वर्षौंका खोज, तपस्या र अध्ययनद्वारा पत्ता लगाई आफ्ना निष्णात प्रतिभाद्वारा निर्मित नयाँ नयाँ शोधग्रन्थहरूलाई पनि प्रकाशित गर्नु श्रेयस्कर हुने हुँदा यस विश्वविद्यालयले समय समयमा अनुसन्धानात्मक गहकिला ग्रन्थहरू पनि प्रकाशमा ल्याउँदै आएको तथ्य सर्वविदितै छ ।

हाम्रो विश्वविद्यालय स्थापनाको यस पच्चीसौं वर्षलाई रजत जयन्तीका रूपमा विभिन्न शैक्षिक कार्यक्रमहरूद्वारा चिरस्मरणीय पार्ने हाम्रो उत्कण्ठाकै फलस्वरूप ज्ञान, विज्ञान र प्रविधि जस्ता विभिन्न विषयका उच्चस्तरीय अनुसन्धानात्मक ग्रन्थहरू यस वर्षभरि नै प्रकाशित गर्ने हाम्रो उद्देश्य छ र त्यसै उद्देश्य अन्तर्गत यस महत्त्वपूर्ण ग्रन्थलाई प्रकाशित गरी हामीले विज्ञ पाठकहरूका समक्षमा राखेका छौं । रजत जयन्तीको यस पुनीत वर्षलाई अविस्मरणीय पार्ने उद्देश्यले आफ्ना गहन कृतिहरू प्रकाशन गर्न दिई त्रिभुवन विश्वविद्यालयलाई सहयोग गर्ने हाम्रा प्रतिभासम्पन्न ग्रन्थकारहरूलाई त्रिभुवन विश्वविद्यालय रजत जयन्ती समारोह समितिका तर्फबाट म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

नेत्रबहादुर बस्न्यात

नेत्रबहादुर बस्न्यात

अध्यक्ष

त्रिभुवन विश्वविद्यालय रजत जयन्ती

समारोह समिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्तव्य

श्रीज्ञानमणि नेपालले जयत-रचित महीरावणवधको विवेचनात्मक अध्ययनमा आफ्नो खूबी बहुतै विद्वत्तापूर्ण किसिमबाट प्रकट गर्नुभएको छ ।

नाटक केलाई भनिन्छ, सो कुरा नेपालजीले राम्रोसँग व्याख्या गर्नु भएको छ । कुनै पनि पुराण वा आख्यायिकालाई आधार मानेर नाटक लेख्दा मूलमा जे छ त्यही नै हुनुपर्छ भन्ने छैन भन्ने कुरा पनि उहाँले राम्ररी दर्शाउनु भएको छ । नाटककार र नाटकमा भाग लिनेहरूलाई तात्कालिक समाजले कुन रूपले हेर्दथ्यो भन्ने कुरा पनि उहाँले झल्काउनुभएको छ ।

महीरावणवधका रचयिता वि. सं. १६९४ ताका पाटनका महासामन्त जयसिंहको आश्रयमा बसेका जयत थिए । त्यस बखतको चाला माला, रीति-थिति, रहनसहन आदिबारे पनि श्रीनेपालजीले प्रकाश पार्नुभएको छ । यस नाटकको विवेचना गर्दा वेद पुराण र कौटिल्य अर्थशास्त्रको अध्ययन गरी त्यस बखतमा नाटकको र नाटककारको कुन स्थान थियो । नाटकमा भाग लिनेहरूलाई समाजले कुन रूपबाट हेर्दथ्यो भन्ने कुरा पनि दर्शाउनुभएको छ ।

तिरहुँत र सेङ्झाको सभ्यता र संस्कृतिको काठमाडौं उपत्यकामा कतिको प्रभाव परेको थियो सो पनि श्रीनेपालले राम्ररी दर्शाउनुभएको छ । जयत-रचित महीरावणवध विवेचनात्मक अध्ययन नामको यो पुस्तकले नाटकमा रुचि लिने र इतिहास संस्कृतिमा शोक राख्ने व्यक्तिहरूलाई पनि ठूलो देन दिने छ भन्ने कुरामा म आश्वस्त छु । यस्तो पुस्तक प्रस्तुत गर्नु भएकोमा विद्वान् श्रीज्ञानमणि नेपाललाई नेपाल र एशियाली अनुसन्धान केन्द्र र आफ्नै तर्फबाट पनि साधुवाद नदिई रहन सक्तिन ।

माधवराज पाण्डे

८—५—२०४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तावना

हिमाल पाहाड़ तराईको विविधताले र प्रकृतिको अद्‌भुत सौन्दर्यले युक्त नेपाल देश अनगिन्ती सांस्कृतिक सम्पद्‌ले पनि परिपूर्ण छ । प्राचीनकाल देखि सभ्यता संस्कृतिको विकास हुँदै आएको यो देश पुरा–तत्त्वका वस्तु कलापूर्ण मूर्ति मन्दिरहरूले पनि भरिपूर्ण छ । यस–अतिरिक्त हस्तलिखित पुराना ग्रन्थहरूको त भण्डारै भने पनि हुन्छ । पहिलेदेखि देशविदेशबाट संग्रह गरिएका विभिन्न लिपिमा विभिन्न भाषामा लेखिएका हस्तलिखित ग्रन्थको संरक्षण पनि राम्रैसँग भइआएको छ । विश्वमा अप्राप्य भइसकेका विशेष गरेर बौद्ध साहित्यका तन्त्रका ग्रन्थहरू यहीं उपलब्ध भइरहेछन् । कति बौद्ध कृतिहरू यहींबाट विदेशमा लगेर प्रकाशमा ल्याइँदै छन् । तिनमा पहिले स्वयम्भू पुराण बुद्धचरित सौन्दरानन्द महाकाव्य प्रमुख थिए ।

यस्तै अप्राप्य भएको काश्यपसंहिता नामक आयुर्वेदको ग्रन्थ नेपालमै पाइएकोले यसको राम्रो सम्पादन विस्तृत प्रस्तावनासहित गरी पं. हेमराज पाण्डेले नेपाल ग्रन्थमालाको प्रथम पुष्प भनी सं. १९९४ प्रकाशमा ल्याए । दुर्भाग्यवश यसपछि सो ग्रन्थ मालाको दोस्रो थुँगो फुलेन । विश्वभरमै सबभन्दा पुरानो ठहरिएको वाल्मीकि रामायणको हस्तलिखित ग्रन्थ हाम्रै राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । ओरियन्टल इन्स्च्युट बडौदाबाट वाल्मीकिरामायणको संशोधित संस्करण छाप्दा यसको पनि अलिकता उपयोग गरिएको थियो । यो रामायणको पाठ राम्रोसँग अध्ययन गरी पुनः नेपाली संस्करण प्रकाश हुनु आवश्यक छ । सो पनि हामीले गर्न सकेका छैनौं । नेपालमा लेखिएका पाइएका हिमवत्खण्ड गण्डकी माहात्म्य रुद्राक्षारण्यमाहात्म्य पशुपतिपुराण आदि धार्मिक ग्रन्थ र वृत्तमाला संस्कृत पारसीकपदप्रकाश भक्तविजय काव्य आदि केही कृति योगी नरहरिनाथका प्रयासबाट पनि प्रकाशित भए । यस क्षेत्रमा सानोतिनो काम राष्ट्रिय अभिलेखालयबाट पनि भएको थियो । सो त्यसै रोकियो । धेरै वर्ष पहिले हामीले सम्पादन गरेको शक्तिवल्लभको जयरत्नाकर नाटक ईश्वर बरालको प्रबन्धले नेपाल साँस्कृतिकपरिषद्‌बाट प्रकाशित भएको थियो । सुन्दरानन्द बाडाको त्रिरत्नसौन्दर्यगाथा पनि पछि सो परिषद्‌ले प्रकाशमा ल्यायो । संशोधनमण्डलबाट रत्नदीप वृत्तशतक प्रकाशित भए । वाल्मीकि विद्यापीठमार्फत् नयराज पन्त प्रभृतिको सम्पादनमा गुह्यतितन्त्र कालचक्र प्रकाश हुँदै छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा यस्तो काम गर्नामा प्रमुख भूमिका खेल्न सक्ने संस्थाहरूमध्येमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान पनि एक हो तापनि यस संस्थाले यस दिशातर्फ प्रायः दृष्टि दिएको देखिंदैन। केही वर्ष पहिले गोविन्दप्रसाद भट्टराईलाई सम्पादन गर्नलाई रामाङ्कनाटिका नामक पुस्तक प्रकाश गरेर यस क्षेत्रमा यसले दोस्रो पाइला चालेको चाल पाइएन। सो नाटिका पनि सबै हस्तलिखित प्रति भिडाएर पाठ रुजु गरी संशोधन साथ पूर्ण पारी पुनः प्रकाश गर्नु परम आवश्यक छ। यसरी यतिकाविधि अप्रकाशित कृतिहरू हुँदा हुँदै पनि यिनको सम्पादन प्रकाशनमा नियमितता आउन सकेको छैन। विदेशबाट पनि आकलझुकल केही कृतिहरू छापिंदै छन्। तिनमा बौद्ध साहित्य तन्त्र ग्रन्थ नै विशेष अभिरुचिसाथ प्रकाश भइरहेका छन् र नाटकहरूमा जगज्जोतिर्मल्लरचित कुञ्जविहार बागचीद्वारा प्रकाशित भएको थियो। उनैको हरगौरी विवाह नाटक रामदेव झाद्वारा सम्पादित भई मिथिला रिसर्च सोसाइटीबाट प्रकाशित भएको छ। भूपतीन्द्र मल्लरचित विद्याविलाप नाटक अखिल भारतीय मैथिली साहित्यसमिति प्रयागबाट प्रकाश भएको छ।

केही वर्षदेखि हाम्रो यहाँ जर्मनहरूबाट नेपाल हस्तलिखित ग्रन्थसंरक्षण परियोजना सञ्चालित हुँदै आएको छ। यसै अन्तर्गत नेपाल अनुसन्धान केन्द्र खोलेर अप्रकाशित कृति सम्पादन प्रकाशन गर्ने उद्देश्य यसले हाम्रो सामु राखेको थियो। यसै प्रसङ्गमा सम्पादन प्रकाशन गर्ने उद्देश्यले राष्ट्रिय अभिलेखालयमा रहेका भैरवानन्द र महीरावणवध नाटकको लेखोटको प्रतिच्छवि सो केन्द्रमार्फत मैले पाएको थिएँ। पछि त्यहाँबाट सम्पादन प्रकाशनको काम चाहिं राम्रो चल्न सकेन।

यसपछि मैले आफ्नैतर्फबाट यी दुई कृतिको विशेष अध्ययन गरी सम्पादन गर्न लागें। यस्तैमा भैरवानन्द चाहिं पछिका लिपिकरले सारेका भरमा भ्रष्ट रूपको मूलमात्र श्रीसन्ननारायण द्विवेदीले प्रयागबाट प्रकाशमा ल्याए तापनि पुनः यसको विशेष पाठ बढी संशोधन गरी प्रकाश गर्नु जरुरी नै छ।

यो महीरावणवध चाहिं निकै परिश्रमसाथ पढी यसको यो रूप अहिले मैले तयार गरेको छु। मूलको संशोधन टिप्पणी नेपाली अनुवाद विस्तृत विवेचनात्मक अध्ययन समेत गरी यो कृति तयार पारेको छु। यसको विवेचनात्मक अध्ययनले यसको भित्री बाहिरी प्रतिविम्ब पाठकको सामु प्रकट हुने नै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा लेखिएको स्पष्टसंग तिथिमिति तोकिएको यो पुरानो कृति नेपालबाटै प्रकाश गर्न पाए वेश हुने थियो भन्ने अभिलाषा मेरो मनमा धेरै पहिलेदेखि नै जागेको थियो । अहिले नेपाल र एशियाली अनुसन्धान केन्द्रले यो कृति प्रकाश गर्ने अभिभारा जिइदिएर मेरो सो अभिलाषा पूरा पारिदिएकोमा मलाई अत्यन्त खुशी लागेको छ । यसरी पुस्तक प्रकाश गराइ-दिने अनुमति दिएकोमा उक्त केन्द्रका कार्यकारी निर्देशक माधवराज पाण्डेप्रति प्रथम म आफ्नोतर्फबाट आभार प्रकट गर्दछु । मूलप्रति रुजु गर्न र अरू हस्तलिखित ग्रन्थ हेर्न पनि सुविधा दिएबापत राष्ट्रिय अभिलेखालयका अध्यक्ष बलरामदास डङ्गोललाई पनि धन्यवाद दिन चाहन्छु । विभिन्न आवश्यक पुस्तकहरू हेर्न उपलब्ध गराइदिएर सहयोग गरिदिने दिनेशराज पन्त तोयराज नेपाललाई पनि धन्यवाद नदिई रहन सक्तिन ।

मेरा साथमा रही यसको केही पाण्डुलिपि साफी गरिदिएबापत दल मान दाहाललाई र अकारादिक्रमले प्राकृत शब्दकोश नामसूची श्लोकसूची बनाइदिएकोमा नानी सन्तोषमणि नेपाल शेखरमणि नेपाललाई पनि साधुवाद दिन्छु । अन्त्यमा मुद्रण कार्यमा तत्परता देखाई काम गर्ने त्रि.वि. छापाखानाका सम्बद्ध कर्मचारीको गुन सम्झनु पनि म आफ्नो कर्तव्य ठान्दछु ।

यसरी पाठकका हातमा पर्न आएको यस पुस्तकको रूप कस्तो ठहर्छ, पाठकहरू नै प्रमाण ।

ज्ञानमणि नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणवध नाटकको विवेचनात्मक अध्ययन

नाट्यको महत्ता

मानिसले अनादिकालदेखि नै मनोरञ्जनको साधनको रूपमा नृत्य गीत वाद्यलाई लिंदै आएको छ । नृत्य गीत वाद्यमा एक एकले पनि मनोविनोद दिलाउन समर्थ हुन्छ तापनि रङ्गमञ्चमा प्रायः यी तिनैको एकैसाथ प्रयोग हुने हुँदा यो तिनको एउटै नाउँ **'तौर्यत्रिक'** रहन गएको छ[1] । तौर्यत्रिकका साथमा वा छुट्टै पनि कुनै दैव वा मानुष ऐतिहासिक पात्रको अभिनय गरेर रङ्गमञ्चमा अवतरित हुनुले नाटक वा रूपकको रूप धारण गर्दछ । विशेषतः लोकमा घटेका ऐतिहासिक कथा उपाख्यान वा वर्तमान विशेष घटनाहरूलाई आधार मानी त्यसको अनुकरण गर्नु नै नाट्य हो ।

नाटक दृश्यकाव्य हो । श्रव्यकाव्यभन्दा दृश्यकाव्य लोकमा प्रचुरमात्रामा प्रियवस्तु बनेको पाइन्छ । श्रव्यकाव्य पढेर सुनेर बुझेर आन्तरिक आनन्दको अनुभूति गर्नुपर्दछ भने दृश्यकाव्य हाव भावद्वारा विलक्षण अनुकृतिको अभिनयले अनुकृतिकै भाषाले एकैसाथ दृष्टि श्रुतिमा आकर्षणको सञ्चार गराई अन्तः करणमा आनन्दोद्रेक गराउन समर्थ बन्दछ । यसैले **'काव्येषु नाटकं रम्यं'** भन्ने उक्ति साहित्यकारमा प्रचलित भएको छ ।

नाट्याचार्य भरतमुनिले नाट्यविधाको प्रशंसा गर्दै "ज्ञान सीप विद्या कला योग यी सबै कुरा नाटकमै देख्न सकिन्छ" भनेर लेखेका छन् ।

---

१) तौर्यत्रिकं नृत्यगीतवाद्यं नाट्यमिदं त्रयम्, अमर ३८२

२) न तज्ज्ञानं न तच्छिल्पं न सा विद्या न सा कला ।
न स योगो न तत् कर्म नाट्येऽस्मिन् यन्न दृश्यते ॥

भरत. नाट्यशास्त्र १।११६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तै 'संसारमा मानिसको रुचि भिन्नाभिन्नै हुन्छ, कसैलाई केही मन पर्छ कसैलाई केही, तर सबैलाई मन पर्ने चाहिँ नाटक नै हो'[1] भन्ने उक्ति महाकबि कालिदासको पनि छ । वेद द्विजले मात्र बुझिने पढिने हुँदा सबै जातका मानिसको हित गर्न ब्रह्माले सार्ववार्णिक विद्या सृष्टि गर्ने उद्देश्यले चारै वेदको सार झिकी नाट्यवेदको उत्पत्ति गरे भनिएको छ । 'देवदानवदेखि लिएर सारा लोकको अर्थात् राजादेखि रङ्कसम्मको ऋषिमुनिसमेतको चरित्र चित्रण गर्ने सबैको सुख दुःख टिपेर बोलीचालीको चालचलनको पनि यथावत् अभिनय गरी जस्ताको तस्तो देखाएर मन बहलाउन सक्ने नाटक नै हो'' भन्ने कुरा पनि भरतले लेखेका छन् ।

'नृती गात्रविक्षेपे' धातुबाट नृत्त नृत्य र 'नट नृत्तौ' वा 'नट अभिष्यन्दने' (नाठ्ये) धातुबाट नाट्य रूप बनेका छन् । कोशमा नृत्य नृत्त नाट्य अझ ताण्डवसमेत समानार्थमा दरिएका छन्[3] । कोशै हेरेर होला हाम्रा कवि जयतले पनि नाटकलाई ताण्डवको संज्ञा दिएका छन्[4] । परन्तु नाट्यशास्त्रमा सूक्ष्मदृष्टिले विचार गरी यी शब्दको परिभाषा पृथक् पृथक् गरिएको पनि पाइन्छ । अर्थात् भावाश्रित नाच नृत्य तालल्याश्रित नृत्त हुन्छ, अवस्थाको अनुकरण नाट्य कहलाउँछ[5] । ताण्डवको परिभाषा झन् पृथक् नै पाइन्छ । ताण्डवनृत्य महादेवको प्रिय थियो, उनका भक्त यही नृत्यद्वारा उनलाई रिझा-

---

१) *नाट्यं भिन्नरुचेर्जनस्य बहुधाऽप्येकं समाराधकम् ।*
कालिदास

१) *देवानामसुराणां च राज्ञामथ कुटुम्बिनाम् ।*
ब्रह्मर्षीणां च विज्ञेयं नाट्यं वृत्तान्तदर्शकम् ॥
योऽयं स्वभावो लोकस्य सुखदुःखसमन्वितः ।
सोऽङ्गाद्यभिनयोपेतो नाट्यमित्यभिधीयते ॥
भ. ना. १ । ११८-१९

३) *ताण्डवं नटनं नाट्यं लास्यं नृत्यं च नर्तने । अमर. ३८१*

४) *उपस्तम्भाय यात्राणां दिनैस्ताण्डवमष्टभिः ।*
महीरावणवध ५ ।

५) *अन्यद् भावाश्रयं नृत्यं नृत्तं तालल्याश्रयम् ।*
अवस्थानुकृतिर्नाट्यं दशधैव रसाश्रयम् ॥
धनञ्जय-दशरूपक. प्र. ९।७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उँथे भन्ने कुरा प्रसिद्ध छ । यसै मुद्रामा नृत्यनाथ महादेवको मूर्ति पनि प्रतिष्ठापित पाइन्छ । यो नृत्य महादेवकै आदेशद्वारा तण्डुद्वारा लोकमा प्रचारित भएको कुरा मानिएको छ[1] । नृत्यनाथ महादेवको पूजा आराधना मङ्गलाचरण पछि नाटकको सुरुआत गरिन्छ । संस्कृतका महाकवि कालिदासले नाटकको नान्दीमा महादेवकै स्तुति गरेका छन् । नाटक देखाउने स्थानमा रङ्गमञ्चमा पनि नृत्यनाथको पूजा गरिन्छ । मल्लकालमा नृत्यनाथको निकै प्रचार थियो[2] । नृत्यनाथको मूर्ति स्थापित भएबाटै हनूमान्ढोकादरबारमा 'नासल-चोक' प्रसिद्ध भएको छ ।

नाट्यको प्राचीनता र नाट्याचार्य

मनोरञ्जनको प्रमुख साधन मानिएको यो दृश्यकाव्यविधाको प्रचलन प्राचीनकालदेखि हुंदै आएको कुरा हाम्रो वैदिकवाङ्मयले प्रमाणित गरेको छ । संसारमा सबभन्दा पुरानो ग्रन्थ ऋग्वेद हो । त्यसमा पनि नाच गान बजानको प्रचलन भएको सूचना हामीलाई मिलेको छ । वेदमा सोमविक्रय गर्दाको अभिनय पुरुरवा–उर्वशीसंवाद यमयमीसंवाद सरमापणिसंवादहरूले नाटकीय वस्तुको संकेत गर्दछन् । यी उपाख्यान पछि गएर पुराणमा दृश्य श्रव्यकाव्यमा पनि देख्न सुन्न पाइन्छन् । पुराणमा वहुप्रचारित पुरुरवा उर्वशीकथा कालिदासले राम्रो तरीकाले विक्रमोर्वशीको कथावस्तु वनाएका छन् ।

---

१) भरत. नाट्यशास्त्र ४।१७ ।

२) महीरावणवधमा नान्दीमा विष्णुको स्तुति छ । तर शिरमा 'ॐ नमो नाट्येश्वराय' भनी नाट्येश्वर महादेवको नमस्कार चाहिं गरिएकै छ । मणिक्कको भैरवानन्दमा नृत्यनाथकै नान्दी छ । धर्मगुप्तको रामाङ्कनाटिका वा रामायण नाटकमा शुभराजको पाण्डवविजयमा पनि नृत्यनाथकै मङ्गलाचरण छ । यसपछिका पनि नेपालमा बनेका प्रायः सबै नाटकका नृत्यनाथकै नान्दी नमस्कार पाइन्छ । पछि सं. १८४९ मा बनाएको जयरत्नाकर नाटकमा पनि शक्तिवल्लभ अर्जेलले ताण्डवनृत्यका महादेवको स्तुति नान्दीमा पारेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसवाहेक ऋग्वेदको उषःसूक्तमा प्रातःकालमा पूर्वक्षितिजमा आफ्नो शरीर झलल्ल पारेर देखाउने उषा देवीसँग सबै मानिसका सामु पोसाकले झकिझकाउ भएर आफ्नो रूप देखाउने तरुनी नारीसँग गरेको पाइन्छ[1]। यजुर्वेदमा पनि नृत्त गीतको र शैलुष नटको पनि उल्लेख पाइन्छ[2]। आनन्दका लागि नाच गान बजान गर्ने कुराको सूचना मिल्दछ, तथा अरू धेरै किसिमका बाजाहरूको नामोल्लेख पनि गरिएको छ[3]। श्रौत्रसूत्रमा पनि नाच गान बजानको चर्चा परेको छ। विविध उत्सवमा नाटक देखाउने प्रचलन पनि सूत्रकालमा प्रशस्त मात्रामा थियो। पितृमेध गर्दा वीणा नगरा आदि बाजा बजाएर परिक्रमा गर्ने र रातभर नाच गान बजान गरेर नृत्य हेरेर जाग्राम बस्ने भोज भतेर लाउने कुरा पनि कात्यायनले लेखेका छन्[4]। पाणिनिले पनि आफ्नो अष्टाध्यायीसूत्रबाट यस सम्बन्धमा महत्त्वपूर्ण सूचना हामीलाई दिएका छन्। उनले शिलालीले बनाएको एक र कृशाश्वले बनाएको एक गरी दुइवटा नाट्यशास्त्रको वर्णन गरेका छन्[5]। यसबाट पाणिनिकालमा दृश्यकाव्यविधाका विषयमा धेरै नाटयग्रन्थ बनिसकेका थिए भन्ने कुरा स्पष्ट हुन्छ। नाटयशास्त्र बनाउने यी दुइ आचार्यकोसम्म प्रसङ्गवश नामग्रहण उनले गरे। यहाँ यो पनि स्मरणीय छ, यी दुवै नाट्यग्रन्थ वैदिकवाङ्मयमा गनिएका थिए।

---

१) *एषा शुभ्रा न तन्वो विदानोर्ध्वेव स्नाती दृशये नो अस्थात्।*
एषा प्रतीची दुहिता दिवो नॄन् योषेव भद्रा नि रिणीते अप्सः।
व्युर्ण्वती दाशुषे वार्याणि पुनर्ज्योतिर्युवतिः पूर्वथाऽकः॥
ऋक् ५।८०।५-६

२) *नृत्ताय सूतं गीताय शैलुषम्।* यजुः ३०।६ ।

३) *वीणावादं पाणिघ्नं तूणवध्मं*
तान्नृत्तायानन्दाय तलवम्
उही ३०।२०

४) *पूर्वरात्रमध्यरात्रपररात्रेषु च।*
विफल्यान्नमपहरेत्।
नृत्यगीतवादित्रवच्च।
का. श्रौ. सू. २१।३।९-११

५) *पाराशर्यशिलालिभ्यां भिक्षुनटसूत्रयोः। पा. सू. ४।३।११०।*
कर्मन्दकृशाश्वादीनि। पा. सू. ४।३।१११।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसपछि रामायण महाभारतकालमा दृश्यकाव्यविधाको प्रशस्त विकास भएको थियो । रामायण महाभारतको वर्णनबाट उत्सवमा चाड पर्वमा नाट्य देखाउने ओ नाच गान बजानले लोक मनोरञ्जन गराउने प्रसङ्ग जहीँ तहीँ मिल्दछ[1] । यसरी दृश्यकाव्यविधाको वैदिक कालदेखि नै प्रचलन भएको वैदिक वाङ्मयभित्रै यो परेको भएपनि साहित्यकारहरूले यसलाई महत्त्वपूर्ण स्थान दिएका भएपनि अर्थशास्त्रकार धर्मशास्त्रकारहरूले चाहिं यसलाई उति महत्त्व दिएका छैनन् । अरू पेशामा लागेकाले विशेष गरेर विद्याको क्षेत्रमा काम गर्नेले यसमा नलहसिनू भन्ने भाव उनीहरूको छ । धर्मसूत्रकार आपस्तम्बले त विद्याध्ययन गर्नेले नाच गान बजानबाट जात्राबाट परै बस्नुपर्ने आदेश दिएका छन्[2] । यसै कुरालाई गौतम मनुहरूले पनि मानेका छन्[3] । मनुले त तौर्यत्रिक निम्न जातका मनिसहरूले मात्र गर्नुपर्ने हो भनि बताएका छन् । द्विज (ताँगाधारी) ले तौर्यत्रिकको पेशा लिएमा नीच जातिसमान हुने कुरा पनि मनुले लेखेका छन्[4] । कौटल्यको पनि भावना यस्तै बुझिन्छ । दृश्य काव्यविधाले संस्कृत साहित्यको प्रमुख स्थान ओगटेको भए पनि भिन्नाभिन्नै रुचि भएका मानिसहरूको पनि मनोरञ्जनको एकमात्र सुन्दर साधन भए पनि द्रव्योपार्जनको अत्यन्त ठूलो उपाय भए पनि विद्याध्ययन गर्नेले विभिन्न काममा व्यस्त रहनेहरूले यसको सेवनमा लाग्नु नहुने कुरा धर्मशास्त्रकारले गरे । अर्थशास्त्रकार कौटल्यले यसमा प्रायः प्रतिबन्ध लाउने अर्थात् प्रयोग सीमित राख्ने कुरा लेखे । यद्यपि उनले राजधानीमा रूपाजीवा कुशीलव

---

१) *महाभारतमा एक ठाउँमा रामायण नाटकको उल्लेख परेको छ । लिच्छविकालमा चतुरङ्ग रामायणको प्रचलन (चवू अङ्क रामायण नृत्य कृत्य) भएको कुरा गोपालवंशावलीमा लेखिएको छ ।*

२) *सभासमाजांश्चागन्ता । आप. ध. सू. १।३।१२ ।*

३) *न नृत्येदथवा गायेन्न वादित्राणि वादयेत् । मनु. ४।६४*
"ननाचोस् नगाओस् बाजा पनि नबजाओस्" ।
गौ. ध. सू. २।१९ ।

४) *द्विजले 'कौशीलव्य' को काम गरे उपपातक लाग्ने कुरा पनि उनले भनेका छन् ।*
असच्छास्त्राधिगमनं कौशीलव्यस्य च क्रिया ।
मनु. ११।६५

कौशीलव्य — नृत्यगीतवादित्रसेवन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नटुवा गवैयाहरू वसाउने कुरा दुर्गनिवेश प्रकरणमा लेखेका छन्[1]। कौटल्यको समयमा अर्थात् मौर्यकालमा नाट्यकलाका साथ अरू कलाको पनि विकास भएको थियो। नृत्त गीत वाद्य संगीतको प्रदर्शन गरेर लोकमनोरञ्जन गराउने रङ्गमञ्चमा नाटक देखाउने पनि प्रशस्त प्रचलन थियो। दुर्ग राजधानी शहर-हरूमा नृत्य गीत वाद्यसंगीत चित्रकला र विविध वैशिक कलाको शिक्षा दिने व्यवस्था पनि थियो। कलामर्मज्ञ शिक्षकहरूले राज्यतर्फबाट वृत्ति पाउँथे[2]।

रङ्गमञ्चमा नाटक प्रदर्शन गरेर नाच गान बजान आदि अरू कुनै किसिमको मनोरञ्जनको साधनद्वारा उपार्जित आमदानीको यथार्थ विवरण सरकारी अधिकारीकहाँ जाहेर गर्नुपर्दथ्यो, सरकारी अनुमति वेगर सरकारको आँखा छलेर कुनै मनोरञ्जन गर्न गराउन मनाही थियो। औ मुलुकमा गाउँ

---

१) *पक्वान्नसुरामांसपण्याः रूपाजीवास्तालापचारा वैश्याश्च दक्षिणां दिशमधिवसेयुः। कौ. अ. २ अ. २२ प्र. ४ अ.।*
"पक्वान्न मदिरा मांस वेच्ने (होटेल भट्टी पसले) वेश्या नचक्र औ वैश्यहरू शहरको दक्षिणपट्टि वसुन्"।

२) *गीतवाद्यपाठ्यनृत्तनाट्याक्षरचित्रवीणावेणुमृदंगपरचित्तज्ञानगन्धमाल्यसँयूहनसम्पादनसंवाहनवैशिककलाज्ञानानि गणिका दासी रङ्गोपजीविनीश्च ग्राहयतो राजमण्डलादाजीवं कुर्यात्। गणिका-पुत्रान् रङ्गोपजीविनश्च मुख्यान् निष्पादयेयुः सर्वतालावचराणां च। कौ. अ. २।४४।२५*

"वेश्या दासी अरू रङ्गशालामा काम गरी निर्वाह गर्ने स्त्रीहरू-लाई पनि गाउने बजाउने पाठ पढ्ने नाच्ने अभिनय गर्ने राम्रा अक्षर लेख्ने तस्वीर बनाउने वीणा बाँसुरी मादल बजाउने अर्काको चित्तको भाव बुझ्ने (मनोविज्ञान) सुगन्ध वस्तु चन्दन बनाउने माला गाँथ्ने आङ मालिस गर्ने आदि कला र वैशिक (रण्डीटोलमा चाहिने दत्तकतन्त्र) चौसट्ठी कला सिकाउने विज्ञ शिक्षकलाई सरकारतर्फबाट वृत्तिको व्यवस्था गरिदिनू। वेश्यापुत्र रङ्गशालामा काम गरी निर्वाह गर्ने र तालमा नाच अभिनय गर्ने पुरुषहरूलाई पनि मुख्य बनाएर राख्नू"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घरमा पसेर जथाभावी मनोरञ्जन गराएर अर्थोपार्जन गर्न र जनता बराल्न नपाउने स्थिति पनि कौटल्यले बाधेका थिए[1]।

विशेषतः यस्ता नाट्यप्रदर्शन जस्ता मनोरञ्जनका साधन एकातिर जनताको शोषण गर्ने माध्यम हुन् भने अर्कोतिर विभिन्न पेशामा लागेका उद्यमी विद्याध्ययनमा लागेका विद्यार्थीहरूलाई बराल्ने साधन पनि हुन्। यस कारण राजनीतिज्ञ आचार्य कौटल्यले मौकावेमौकामा नट नर्तक कुशीलवहरू मुलुकमा पसेर नाच गान बजान आदि गरेर मनोरञ्जनतर्फ जनतालाई प्रवृत्त गराउन लागे भने कर्मठ व्यक्तिलाई बराल्ने र शोषण गरी जनता कङ्गाल पनि पार्ने

---

१) *गणिका भोगमायतिं पुरुषं च निवेदयेत्। एतेन नटनर्त्तकगायकवादकवाग्जीवनप्लवकसौभिकचारणस्त्रीव्यवहारिणां स्त्रियो गूढ़ाजीवाश्च व्याख्याताः। तेषां तूर्यमागन्तुकं पञ्चपणं प्रेक्षावेतनं दद्यात्। रुपाजीवा भोगद्वयगुणं मासं दद्युः। कौ. अ. २।४४।२७।*
"गणिकाले संभोग गरेको आमदानी गरेको पुरुषको पनि विवरण आफ्ना अध्यक्षलाई दिनुपर्छ। नाच्ने अभिनय गर्ने गवैया वादक कत्थक पोडीवाज चटकी भाट पहलमान स्वास्नीमान्छेको व्यवहार गर्नेहरूका स्त्रीहरूले पनि संभोगको आमदानीको पुरुषको पनि विवरण अध्यक्षलाई दिनुपर्छ।"
"विदेशबाट आएको नटनर्त्तकटोलीले नाचगानको प्रदर्शन गर्दा पाँच पण दिनू। वेश्याहरूले महीनामा दुइ पटकको आमदानी बुझाउनू"।
न च तत्रारामविहारार्थाः शालाः स्युः। नटनर्तकगायकवादकवाग्जीवनकुशीलवा वा न कर्मविघ्नं कुर्युः। कौ. अ. २।२६।२।
"मुलुकमा आराम गर्ने विहार गर्ने बगैंचा नाचघर रङ्गशाला पनि नराख्नू। नाच्ने अभिनय गर्ने गाउने बजाउने कत्थके कुसुलेहरू गाउँभित्र पसेर काममा बाधा पार्न नपाउन्"।
एतान् चोरानचोराख्यान् वणिक्कारुकुशीलवान्।
भिक्षुकान् कुहकांश्चैव वारयेल्लोकपीड़नात्॥ ४।७५।१
"बनियाँ कालीगड़ कुसुले (नाच्ने गाउने) चटकी र भिक्षुहरू चोर भनेर नकहलिए पनि चोरै हुन्। यिनले दुनियाँलाई पिरपिराउ दिन नपाउने व्यवस्था पनि गर्नू"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँदा उनले जथाभावी प्रदर्शन रोकेर यथासमयमा उत्सवमा जात्रामा पर्वमा यसको प्रयोग सीमित राखे।

यस सम्बन्धमा चाख लाग्दो कुरा अवगत हुन आउँछ। मनुहरूले यस कुरामा धार्मिकरूपले विचार गरे भने कौटल्यले आर्थिकदृष्टिले विचार गरेर नियम बाँधे। जे भए पनि कौटल्यले पनि तौर्यत्रिक आदि सीप कलाको काम लाई उच्चकोटिको दर्जामा नराखेर गणिकाध्यक्षको मातहतमा राखे। लोकमनोरञ्जनका यी कलाको काम समाजमा निम्नश्रेणीका मानिसले नै गर्दथे र यी पेशामा लागेका मानिसलाई गणिकाध्यक्षमार्फत नै शिक्षादीक्षा दिने नियम नियन्त्रणमा राख्ने व्यवस्था पनि बाधेका थिए। यिनले नै त्यस्ता पेशामा लागेका सबै स्त्री पुरुषहरूको विवरण बुझ्ने कर उठाउने आदि काम पनि गर्दथे।

मौर्यकालमा तौर्यत्रिक आदि कलाको राम्ररी विकास भएको थियो। राज्यसरकारका तर्फबाट व्यवस्थित ढङ्गले यो कलाको विकासमा ध्यान दिएको थियो। व्यवस्थित ढङ्गले नै कलाकारहरूले आफ्ना कलाको प्रदर्शन गरी लोक मनोरञ्जन पनि गराउँथे। ऐतिहासिक परम्परामा हेर्दा पनि यसै वेलादेखिका अर्थात् कौटल्यकै समय यताका मात्र नाटकहरू अहिले हाम्रो सामु छन्। मौर्यकालदेखि पछि निरन्तर नाटक नाट्यशास्त्रको प्रवाह बगिरह्यो। **भास कालिदास शूद्रक अश्वघोष**हरूका नाटक अहिले प्रसिद्ध छन्, यिनै सर्व प्राचीन पनि मानिन्छन्। कालिदासले पनि मानेका **सौमिल्ल कविपुत्र** आदि कति प्रसिद्ध कविका नाट्यकृति लुप्त भए। भरतनाट्यशास्त्रमा **'समवकार'** भनिएको **अमृतमन्थन** तथा **डिम** भनिएको **'त्रिपुरदाह'** को उल्लेख पाइन्छ[1]। त्यस्तै पतञ्जलिले उल्लेख गरेका **'कंसवध' 'बलिबन्ध'** पनि विलुप्त बने। यस-अतिरिक्त धेरै नाट्यशास्त्राचार्यहरूको नामोल्लेख भरतको नाट्यशास्त्र आदि साहित्यग्रन्थबाट प्राप्त हुन आएको छ। तिनमा **कोहल दत्तिल घुर्तिल शालिकर्ण वादरि विशाखिल हर्ष सुबन्धु तुम्बुरु नखखुट्ट अश्मकुट्ट मतङ्ग शाण्डिल्य मातृगुप्त** आदिको नाम प्रसिद्ध छ। परन्तु यिनका शास्त्र अहिले हाम्रा सामु छैनन्। पाणिनिले उल्लेख गरेका शिलाली कृशाश्वका नटसूत्र पनि अहिले नाश भए।

---

१) *अमृतमन्थन (समवकार) त्रिपुरदाह– (डिम) गायकवाड ओरियन्टल सिरिज नं. ८.१९१८ ई. मा प्रकाशित छन्। यी उनै प्राचीन हुन्, वा अन्य हुन्, विचारणीय छ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी वैदिककालदेखि अनवरत रूपले फैलदै आएको मौर्यकालसम्मको नाटक र नाट्यशास्त्रको परम्परा बुझ्न अहिले हामीसँग कुनै मूल साधन उपलब्ध छैन र भरतको भनिएको हाल उपलब्ध नाट्यशास्त्र पनि प्राचीन भरतमुनिले बनाएको मूल प्रति नभएर सो परम्पराका नाट्यशास्त्रका आधारमा पछि तयार पारिएको हो भन्ने कुरा विद्वान्हरूले मानेका छन् । यो नाट्यशास्त्रको संस्करण तयार पारिएपछि पनि शताब्दियौंसम्म नाट्यविधाका बारेमा छुट्टै कुनै शास्त्र रचिएको देखिदैन, अथवा पाइएको छैन। पछि विक्रमको दशौं शताब्दीतिरका र त्यसपछिका **सागरनन्दी धनञ्जय रामचन्द्र गुणचन्द्र शारदातनय** आदि विद्वान् नाट्यविधाका बारेमा विचार गर्ने भए । तिनका कृतिहरू पनि अहिले हामीले पढ्न पाएका छौं ।

हाल उपलब्ध भरतको नाट्यशास्त्रमा नाट्यचार्यहरूको पनिगणना गर्दा भरतकै एक शय भाइ छोराको नामोल्लेख भएको छ। माथि उल्लिखित आचार्यहरूमा धेरै तिनै भरतपुत्र मध्येमा परेका पनि देखिन्छन् । वास्तवमा यी आचार्य सबै भरतमुनिका जन्मना पुत्र नभएर विद्यावंशमा पैदा भएका पुत्र थिए भन्न सकिन्छ। यहाँनेर अर्को कुरा स्मरणीय छ, अमरकोशमा शूद्र वर्गमा नट्‌वाका नाम परेका छन् । नट्‌वाका पर्यायमा **शिलाली कृशाश्व र भरत** नाम देखिन्छन् । हामीले माथि देखेअनुसार **शिलाली कृशाश्व र भरत** नाट्याचार्य ग्रन्थकार पनि थिए । यिनका नटसूत्र नाट्यशास्त्र पढ्ने चेला पनि विद्यावंशले गुरुकै नामले पुकारिए र प्रसिद्ध भए । पछि नटकै नाममा यी नाम पनि दरिए । माथि भनेअनुसार यो पेशा तल्लो जातले गर्ने हुँदा यी नाम शूद्रवर्गमा पारिए पनि ।

रूपकका भेद

सामान्यतः नाटक र रूपकमा त्यति फरक छैन। यी एउटै वस्तुका बोधक नाम भएपनि सूक्ष्मदृष्टिले विचार गर्दा यिनमा अवश्य केही पृथक्ता पाइन्छ । अर्काका अवस्थाको नक्कल गर्नु **'नाट्य'** (**अवस्थानुकृतिर्नाट्य'**) र अर्काको रूप आफूमा आरोप गरेर रङ्गमञ्चमा उत्रनु **रूपक (रूपारोपात्तु रूपकं**) ध्वनित भएको बुझिन्छ । नाट्याचार्यका-अनुसार प्रसिद्ध देवी द्यौता राजाहरूको वेश भूषा भाषामा रङ्गमञ्चमा उत्रेर अभिनय गर्नुले नाटकको र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसमा नाच गान बजान थप्नुले रूपकको नाम पाउँछ[1]। कसैले चाहि कुनै रूप नभएको अशरीरी पात्रहरूको शरीरी रूपमा आरोप गर्नु चाहिं रूपक हो भनी **प्रवोधचन्द्रोदय** जस्तालाई रूपक र अरूलाई नाटक मानेका पनि छन्। तर शास्त्र-अनुसार सबै अभिनयमा रूपकको आरोप हुने हुँदा उपर्युक्त परिभाषा नै उपयुक्त मानिएको छ। अझ पुराना आचार्यहरूले कविले आफैले कल्पित कथानकमा कल्पित पात्रहरू भएको **'मृच्छकटिक'** **'मालतीमाधव'** जस्ता चाहिं रूपक र प्रसिद्ध ऐतिहासिक पौराणिक आख्यानको आधारमा रचिएको नाटक मानेका छन्। यस नियम-अनुसार अरूपी पात्रलाई रूपमा आरोप गरी लेखिएका **'प्रबोधचन्द्रोदय'** जस्ता पनि नाटकै ठहर्दछन्, प्रसिद्ध कथा प्रसिद्ध पात्रहरूको आधारमा रचिएका हुंदा।

सामान्यतः रूपकका दश भेद मानिएका छन्[2]। तिनमा नाटक र प्रकरण मुख्य छन् र अरू आठ साधारण रूपक हुन्। यिनका मोटामोटी लक्षण यस प्रकार छन्-

१. **नाटक-** ऐतिहासिक वा पौराणिक कथावस्तु भएको राजा वा देवता धीरोदात्त नायक रहेको पाँचदेखि दश अङ्कसम्म भएको वीररस शृङ्गाररस मुख्य भएको लक्षण अलङ्कारयुक्त नाटक कहलाउँछ। यसको उत्तम उदाहरण कालिदासको **शाकुन्तल** हो।

---

१) रूपकं द्विविधं, नाट्यरूपेण नृत्तगीतरूपेणेति। नाट्यरूपकं पूर्वराजचरितं, अथवोत्पाद्य कथानटैर्यत्प्रदर्श्यते तन्नाट्यम्। तत्र नृत्तगीतानां प्रवेशो नास्ति। यत्र नृत्तगीतादीनां समन्वयस्तन्नृत्तरूपकमित्युच्यते। यथा- ड़ोम्बीप्रभृतीनि।

२) नाट्यरूपकाणि दशैव भरतेन गृहीतानि, तेषु नाटकप्रकरणे प्रधाने।

तच्छेषाण्यष्टौ रूपकाणीति भरताभिप्रायः।
नाटकप्रकरणं भाणव्यायोगसमवकारड़िमाः।
ईहामृगाङ्कवीथ्यः प्रहसनमिति रूपकाणि दश॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. **प्रकरण-** लौकिक कथावस्तु र लौकिकै बाहुन वनियाँ नायक कुलीन वा वेश्या नायिका भएको अरू नाटकका लक्षणले युक्त रूपक प्रकरण कहलाउँछ । स्पष्ट शब्दमा प्रकरण लौकिक घटना चरित्रलाई टिपेर लेखेको अभिनययोग्य वस्तु भन्न सकिन्छ । संस्कृत साहित्यमा यसको मिल्दो उदाहरण शूद्रकको **मृच्छकटिक** र भवभूतिको **मालतीमाधव** हुन् ।

३. **भाण-** साहित्यमा यसको प्रयोग र प्रसिद्धि पनि पुरानो हो । यो एकाङ्की हुन्छ र हास्यरस प्रधान लास्याङ्गयुक्त भारतीवृत्तियुक्त पनि हुन्छ । एक विट छट्टू नायक एकलै आकाशभाषितद्वारा सवाल जवाफ गरी वीर शृङ्गार रस पैदा गर्छ । वररुचिको **उभयाभिसारिका** शूद्रकको **पद्मप्राभृतक** ईश्वरदत्तको **धूर्तविटसंवाद** श्यामिलकको **पादताडितक**[1] र रामभद्रको **शृङ्गारतिलक** वरदाचार्यको **वसन्ततिलक** शङ्करको **शारदातिलक** आदि भाण भनिन्छन् ।

४. **व्यायोग-** प्रसिद्ध कथा हुनु स्त्रीपात्र नहुनु धेरै पुरुष पात्र र प्रख्यात नायक हुनु युद्ध संघर्ष हुनु पनि व्यायोगका लक्षण हुन् । एक दिनको घटनालाई लिएर लेखिएको एकाङ्की व्यायोगको उदाहरण भासको **मध्यमव्यायोग** नै हो । यस अतिरिक्त कञ्चनाचार्यको **धनञ्जयविजय** रामचन्द्रको **निर्भयभीमव्यायोग** विश्वनाथको **सौगन्धिकाहरण** व्यायोग भनिन्छन् ।

५. **समवकार-** बाह्रवटा नायक देवदानवसम्बन्धी आख्यान वीररस वैदिक छन्द तीन अङ्क हुनु वीथ्यङ्गले युक्त हुनु यसका मुख्य लक्षण हुन् । भरतले यसको उदाहरण **'अमृतमन्थन'** दिएका छन्[2] ।

---

१) *वररुचिरीश्वरदत्तः श्यामिलकः शूद्रकश्चत्वारः ।*
एते भाणान् बभणुः का शक्तिः कालिदासस्य ॥
"वररुचि ईश्वरदत्त श्यामिलक शूद्रकहरूले भाण लेखे ।
कालिदास के सक्थे" ।

२) *योजयामृतमन्थनम् । भरत ४।२*
(मैले अमृतमन्थन बनाएको छु ।) "सो देखाऊ भनेर भने" ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्ता रूपक कमै छन् । भासको **'पंचरात्र'** पनि समवकार मानिन्छ ।

६. **डिम-** प्रसिद्ध कथानकमा आधारित रौद्ररसप्रधान यसमा देवदानव राक्षस आदि उद्धत सोह्रवटा नायक हुन्छन् । भयङ्कर संघर्ष युद्ध उपद्रव मायाजाल यसको प्रधान विषय हो । प्रवेशक विष्कम्भक नभएको यो चतुरङ्क हुन्छ । भरतले **'त्रिपुरदाह'** यसको उदाहरण दिएका छन्[1] । वेङ्कटवर्यको **'कृष्णविजय'** राम कविको **'मन्मथोन्मथन'** पछिका उदाहरण हुन् ।

७. **ईहामृग** यसको आख्यान आधी ऐतिहासिक आधी कल्पित हुन्छ । यसमा विशेष गरेर अनासक्त कुनै दिव्य स्त्रीहरणसम्बन्धी संघर्षयुक्त विषय नै प्रमुख हुन्छ । चार अङ्क तीन सन्धि यसमा हुन्छन् । प्राचीन **'वीरविजय कुसुमशेखर'** यसका उदाहरण अहिले अप्राप्त छन् । वत्सराजको **रुक्मिणीहरण** यसको नमूना हुन सक्छ ।

८. **वीथी-** यो पनि भाणजस्तै एकाङ्की हुन्छ । यसमा एकदेखि तीनसम्म पात्र हुन्छन् । यिनको कथोपकथनले यसमा चमत्कारिता प्रदर्शित हुन्छ । एउटै पात्रले पनि आकाशभाषितद्वारा वार्तालापको प्रदर्शन गरिन्छ । यसमा वीथ्यङ्ग पनि हुन्छन् । **'वकुलवीथी'** **'माधवीवीथी'** यसका उदाहरण दिइन्छन् । यसको प्रचलन अत्यन्तै अल्प छ ।

९. **अङ्क वा उत्सृष्टाङ्क-**
इतिहास पुराणमा प्रचलित कथा करुणरस वाक्युद्ध कलह विलाप मुख्य गरेर यसमा अपेक्षित छन् । भरतले एक अङ्कको हुन्छ भनेका छन् । अरू आचार्य यसलाई तीन अङ्कसम्मको मान्छन् ।

तस्मिन् समवकारे तु प्रयुक्ते देवदानवाः ।
हृष्टाः समभवन् सर्वे कर्मभावानुदर्शनात् ॥ उही ४।४
"समवकारको प्रदर्शन हुँदा देवदानवहरू आफ्नो कर्मको महिमा देखेर खुशी भए' ।

१) ततस्त्रिपुरदाहश्च डिमसंज्ञः प्रयोजित : ४।१०
,,अनि त्रिपुरदाह नामको डिमको प्रदर्शन गरियो" ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको उदाहरण **शर्मिष्ठाययाति** दिइन्छ। भास्कर कविको **उन्मत्तराघव** चाहिँ अहिले अङ्कको रूपमा रहेको देखिन्छ।

१०. **प्रहसन**- हास्यरसप्रधान भएको यो रूपकको प्रचलन प्राचीन कालदेखि बहुप्रचलित हुँदै आएको छ। शिष्ट हास्यविनोदपूर्ण व्यङ्ग्य यसमा अपेक्षित छ। वीथीका भाणका गुण पनि यसमा समाविष्ट हुन्छन्। प्रवेशक विष्कम्भक नभएको लास्याङ्गयुक्त लौकिक कल्पित कथामा लेखिएको यसमा भक्त संन्यासी पाखण्डी पुरोहित आदि नायक हुन्छन्। उत्तम मध्यम अधम गरी तीन किसिमका प्रहसन प्रचलित छन्। पल्लवनरेश महेन्द्रविक्रमको **मत्तविलास** पुरानो प्रहसन हो। शङ्खधरको **लटकमेलक** कविशेखर ज्योतिरीश्वरको **धूर्तसमागम** जगदीश्वरको **हास्यार्णव** गोपीनाथ चक्रवर्तीको **कौतुकसर्वस्व** सामराजदीक्षितको **धूर्त्तनर्त्तक** चल्तीका प्रहसन हुन्।

उपरूपकका भेद

माथि उल्लिखित दश रूपक भए। उपरूपकका भेद चाहिँ अठाह्र प्रकारका छन्। यी निम्नलिखित छन्। यिनका विशेष लक्षणबाहेक नाटकके गुण हुन्छन्[1]—

१. **नाटिका**- नाटक र प्रकरणको संयुक्त लक्षण भएको नाटिका कहलाउँछ। यसमा नायक प्रख्यात भएपनि कथानक प्रायः कल्पित हुन्छ। स्त्रीपात्रको बहुलता शृङ्गाररसको प्रधानता रहनु चार अङ्क हुनु नायिकाका नामले पुकारिनु यसका वैशिष्ट्य हुन्। हर्षले बनाएका **रत्नावली प्रियदर्शिका** यसका नमूना हुन्।

---

१) *नाटिका त्रोटकं गोष्ठी सट्टकं नाट्यरासकम्।*
प्रस्थानोल्लाप्यकाव्यानि प्रेङ्खणं रासकं तथा॥
संलापकं श्रीगदितं शिल्पकं च विलासिका।
दुर्मल्लिका प्रकरणी हल्लीशो भाणिकेति च।
अष्टादश प्राहुरुपरूपकाणि मनीषिणः।
विनाविशेषं सर्वेषां लक्ष्म नाटकवन्मतम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. **त्रोटक**- देव मनुष्य मिश्रित पात्र भएको पाँच अङ्कभन्दा कम नभएको अंकैपिछे विदूषक भएको **विक्रमोर्वशी** जस्तो त्रोटक कहलाउँछ ।

३. **गोष्ठी**- नौ दश प्राकृत पात्र भएको पाँच छवटी स्त्रीपात्र भएको **रैवतमदनिका** जस्तो एकाङ्की गोष्ठी कहिन्छ ।

४. **सट्टक**- नाटिका जस्तो भए पनि प्राकृत भाषामामात्र लेखिएको प्रवेशक विष्कम्भक नभएको चार अङ्कसम्मको र अङ्कको नाम जवनिका रहेको सट्टक हुन्छ। राजशेखरको **कर्पूरमञ्जरी** यसको नमूना हो ।

५. **नाट्यरासक**-

हास्यरस शृङ्गाररसपूर्ण ताल लययुक्त गीत धेरै भएको एकाङ्की **नर्मवती विलासवती** जस्तो हुन्छ ।

६. **प्रस्थानक**- नीच नायक दासी नायिका भएको मदिरापान विषयक २ अङ्क-सम्मको लय ताल विलास धेरै भएको **शृङ्गारतिलक** जस्तो प्रस्थानक हुन्छ ।

७. **उल्लाप्य**- उदात्त नायक संग्राम विलाप गीतहरूको बाहुल्य रहेको नायिका धेरै भएको **देवीमहोदय** जस्तो एकाङ्की उल्लाप्य भनिन्छ ।

८. **काव्य**- स्त्रीनायक भएको हास्यरसपूर्ण एकाङ्की काव्य कहिन्छ। **यादवोदय** यसको नमूना हो ।

९. **प्रेङ्खण**- सूत्रधार प्रवेशक विष्कम्भक नभएको नीच नायक युद्ध कलहपूर्ण कथा भएको **वालिवध** आदि प्रेङ्खण मानिन्छ ।

१०. **रासक**[1]- नायक मूर्ख नायिका नामी भएको पाँच पात्र धेरै भाषा भएको सूत्रधार विनाको एकाङ्की **मेनकाहित** जस्तो रासक हुन्छ ।

---

१) *कृष्ण गोप गोपिनीको रासलीला हल्लीसक नृत्य बहुप्रचारित छ । रास हल्लीसक नृत्यको परिभाषा पृथक् पृथक् पनि पाइन्छ । भावप्रकाशमा रासको परिभाषा दुइथरि दिएको छ—*

अनेकनर्त्तकीयोज्यं चित्रताललयान्वितम्
आचतुस्षष्टियुगलाद्रासकं मसृणोद्धतम् ॥

"अनेकौं नर्तकीका चित्र ताल लयले युक्त चौसठ्ठी जोडीको मसृण तथा उद्धत नृत्य रासक कहलाउँछ"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११. **संलापक**-पाखण्डी नायक संग्रामको वर्णन भएको ३।४ अङ्कको **माया-कापालिक** जस्तो संलापक कहिन्छ ।

१२. **श्रीगदित**-

नायक नायिका कथानक पनि प्रसिद्ध भएको एकाङ्की **क्रीडा-रसातल** आदि श्रीगदित गनिन्छ ।

१३. **शिल्पक**- नायक बाहुन श्मशानको वर्णन चार अङ्क भएको **कनकावती-माधव** जस्तो शिल्पक हुन्छ ।

१४. **विलासिका**-

शृङ्गाररसप्रधान एकाङ्की विलासिका भनिन्छ । कसैले यसलाई दुर्मल्लिकाकै भेद भनेका छन् ।

१५. **दुर्मल्लिका**-

कैशिकी भारती वृत्ति भएको विट विदूषकहरूको चलखेल नायक नीच भएको चतुरङ्की **बिन्दुमती** जस्तो मानिन्छ ।

१६. **प्रकरणिका**-

नाटिका जस्तै हो । नायक नायिका चाहिँ वनियाँ हुन्छन् ।

१७. **हल्लीसक**-

सातदेखि दशवटीसम्म स्त्रीपात्र भएको धेरै ताल लयले युक्त एकाङ्की हल्लीसक हुन्छ । **केलिरैवतक** यसको उदाहरण हो ।

१८. **भाणिका**-भाण जस्तै हो । स्त्रीपात्र भएको **कामदत्ता** यसको नमूना हो ।

षोड़शद्वादशाष्टौ वा यस्मिन्नृत्यन्ति नायिकाः ।
पिण्ड़ीबन्धादिविन्यासैः रासकं तदुदाहृतम् ॥

"आठ बाह्र सोह्रवटी तरुनी गोल मिलेर घुमी घुमी नाचेका छन् भने त्यो रासक नृत्य कहलाउँछ "

मण्डलेन तु यन्नृत्यं हल्लीसकमिति स्मृतम् ।
एकैकस्तस्य नेता स्याद् गोपस्त्रीणां यथा हरिः ॥

"गोलमण्ड़ल बनेर नाचिने नृत्य हल्लीसकै भनिन्छ । यसका नायक गोपिनीका नृत्यमा कृष्ण भए जस्तै मण्डलपिच्छे एक एक हुन्छन्" ।

यिनै नृत्यका आधारमा कविले प्रबन्ध (रूपक) को रूप दिएपछि नाट्याचार्यले उक्त लक्षण यी उपरूपकमा घटाइदिएका होलान् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपर्युक्त रूपक उपरूपकका परिचयका लागि प्रस्तुत गरिएका उदाहरणहरू कति प्राप्त छन्, कति अप्राप्त । कति उदाहरण शास्त्रीय परम्पराबाट पाएका प्रमाणका भरमा प्रस्तुत गरिएका हुन्[1] ।

नाटकको भाषा

नाटकको मुख्य उद्देश्य कुनै दैवी मानुषी प्रकृतिलाई प्राकृतिक ढङ्गले पात्रको भूमिकामा रङ्गमञ्चमा अवतारित गरेर अभिनयद्वारा सभा समाजको मनोविनोद गर्नु थियो । यसमा जति स्वाभाविकता आयो त्यति नै नाटकको सफलता सिद्ध हुने हुँदा पात्रमा वेश भूषा भाषामा पनि तादात्म्य स्थापित गर्नु आवश्यक थियो । माथि नै भनिसकियो, हामीले पाएकामध्ये पुराना नाटकहरू मौर्यकालदेखि यतैका मात्र पाएका छौं । वैदिककालमा रूपकको रूप कस्तो थियो, हामीसँग अहिले कुनै उदाहरण अवशिष्ट छैन । बौद्ध कालदेखि नै जनभाषाको रूप पालि प्राकृतले लिँदै आइरहेको थियो । संस्कृत भाषा अब पठित व्यक्तिलेमात्र व्यवहार गरिने र अपठित साधारण जन स्त्रीहरूका लागि लोकभाषा नै प्रचलित थिए । यस अवस्थामा बनेका नाटकहरूमा अपठित प्राकृत पात्र स्त्री चेटी चेट विदूषकहरूको मुखबाट संस्कृतभाषा निकाल्नु अप्राकृत हुने हुँदा लोकमा प्रचलित प्राकृत भाषा नै यिनका मुखबाट बोलाउनु पर्ने भयो । यसैले पात्र-अनुसार भाषाको प्रयोग नाटकहरूमा आवश्यक पर्न आयो । पुराना प्रसिद्ध रूपक उपरूपकहरूमा यसै गरी पात्र हेरी संस्कृत प्राकृत भाषाको प्रयोग हुँदै आयो । यसै-अनुसार प्रसिद्ध महाकविहरूले आफ्ना नाटक वासवदत्ता शाकुन्तल मृच्छकटिक मालतीमाधव मुद्राराक्षसहरूमा भाषाको प्रयोग गरेका पनि छन् । नाटकको समीक्षा गर्ने साहित्यिक विद्वान्ले यही आधारमा भाषाको प्रयोगमा पनि एक नियम बाँधे । यस-अनुसार विभिन्न भाषा र प्रयोगकर्ताको नियम निम्नलिखित हुन आयो -

---

१) द्रष्टव्य—भरत-नाट्यशास्त्र ।
विश्वनाथ—साहित्यदर्पण (छैटौं परिच्छेद)
रामचन्द्र मिश्र -संस्कृतसाहित्येतिहासः १४८—४२ पृ.
दशरथ ओझा—नाट्यसमीक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पठित उत्तम मध्यम जनहरूको संस्कृत,
अपठित र स्त्रीजनको सौरसेनी प्राकृत,
अपठित र स्त्रीजनको मागधी वा मराठी,
राजाका खोपीका मानिसहरूको मागधी,

राजकुमार श्रेष्ठी चेटहरूको अर्धमागधी, विदूषकको गौडी,
धूर्त छट्टुहरूको अवन्ती, शहरिया र सिपाहीहरूको वैदर्भी,
शक खश शवरहरूको शावरी, उत्तरियाहरूको बाह्लीकी,
द्रविडहरूको द्राविडी, आभीर र शिल्पीहरूको आभीरी,
पुक्कसहरूको चाण्डाली, लोहार र पिशाचजातिहरूको पैशाची[1]

नाटकहरूमा यसरी भाषाको प्रयोग गर्ने गराउने नियम साहित्याचार्यहरूको भयो। यिनले यो नियम तिनै प्राचीन महाकविका नाटकहरूलाई लक्ष्य गरेर लेखे। पछि-पछि विभिन्न प्राकृत भाषा पनि देश काल परिस्थितिले परिवर्तित हुदै जादा जनसाधारणका लागि दुर्बोध नै बन्दै आए। अब ती भाषा पनि पढ्नुपर्ने भए। त्यसका लागि कोश बने, व्याकरणका नियम बाधिए। विद्वान् कवि नाटककारहरू भरसक सबै भाषाका कोश व्याकरण पढेर बुझेर नाटकीय सिद्धान्तको अनुगम गरेर आफ्ना नाटकलाई नाटकका लक्षण अलङ्कार वीथ्यङ्ग सन्ध्यङ्ग लास्याङ्गले पुष्ट परिपूर्ण पनि पार्ने प्रयत्न गर्दथे[2]

समय वित्तै जादा अब पुरानो परम्परा कायम रहिरहन सकेन। संस्कृतबन्धभन्दा प्राकृतबन्ध नै प्रायः सर्वसाधारणले बुझ्न सजिलो र चल्तीको पनि हुंदा लोकप्रिय हुनु स्वाभाविकै थियो। लोकप्रिय हुन्छ भनेर भाषामा मात्रै लेख्नु पनि पुरानो परम्पराको विपरीत हुने र विद्वान्लाई नसुहाउँने पनि भइरहेको थियो। भाषा भन्नेवित्तिकै सबै कालमा हेयदृष्टिले हेरिने कुरा छँदै थियो। यस्तो अवस्थामा साहित्यशास्त्रका विद्वान् राजशेखरले यो पुरानो मान्यतालाई तोड़ेर प्राकृत भाषामा मात्रै नाटक लेख्ने परम्पराको सुरुआत गरे। उनले स्पष्ट शब्दमा भनिदिए,- 'भाषाका बन्धनमा मात्रै परिरहनुहुदैन,

---

१) विश्वनाथ- साहित्यदर्पण छैटौं परिच्छेद, १५८-१७६ श्लो.

२) लक्षण अलङ्कार वीथ्यङ्ग सन्ध्यङ्ग लास्याङ्ग आदि नाटकीय गुण र भारती कैशिकी सात्वती आरभटी रीतिका परिभाषा बुझ्न पनि द्रष्टव्य- उही छैटौं परिच्छेद।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषा जेसुकै होस्, काव्य रस र भावले पूर्ण हुनुपर्छ[1]' भनेर । 'संस्कृत भाषा गाह्रो छ, सो सब कोहीले बुझ्न पनि सक्तैनन्, प्राकृत भाषा सजिलो छ, सो सबैले बुझ्छन् । जस्तो लोग्ने मान्छेभन्दा स्वास्नीमान्छे कोमल सुकुमारी पनि हुन्छन् , त्यस्तै संस्कृत भाषाभन्दा प्राकृत भाषा कमलो सजिलो पनि हुन्छ[2], भनी उनले त्यसैमा कर्पूरमञ्जरी (सट्टक) लेखे ।

राजशेखरकी पत्नी अवन्तिसुन्दरी चौहान कुलको राजघरानाकी थिइन् । उनी प्राकृत भाषापटु पनि थिइन् । उनकै खुशीका लागि मनोविनोदका खातिर राजशेखरले यो नौली प्रयोगको थालनी गरेका हुन् भन्ने तर्क पनि गर्न सकिन्छ । अर्को कुरा राजशेखरको समयमा अर्थात् नवौं दशौं शताब्दीतिर अवहठ्ठले स्थान लिन लागिसकेको पनि थियो, लोकभाषाको रूपमा । जे भए पनि यो उनको प्रयोगले पुरानो शास्त्रीय नाट्य परम्परा तोड़ेकै हो तापनि सर्वात्मन। उनको सरणी प्रचलित चाहिँ भएन । पढेरै भए पनि संस्कृत प्राकृत मिश्रित नाटक लेखिदै रहे । प्राकृतका भेदमा भने सजिलो र कमलो सौरसेनी प्राकृतकै बढी उपादेयता रह्यो, प्रचार पनि यसकै थियो । त्यस वेला नाटकमा जुन सौरसेनी प्राकृत लेखिन्थ्यो, त्यो पनि पढेर कोश व्याकरण हेरेर लेखिन्थ्यो । जनभाषा चाहिँ अवहठ्ठको रूपमा आइसकेको थियो ।

अवहठ्ठ भाषामा लेख्ने पढ्ने जैनीहरू सिद्धवाणी कथ्ने सिद्धहरू अवहठ्ठ भाषाको प्रशंसा प्रचुर मात्रामा गर्न लागेका थिए । अवहठ्ठबाट खडी बोली देशी भाषाका भेद प्रचलित भइसकेपछि पनि अवहठ्ठको प्रचार छुटेन । पन्ध्रौं शताब्दीका कवि वियापति संस्कृत प्राकृतभन्दा सबै जनाले बुझिने मीठो भाषा

---

१) *उत्तिविशेसो कव्वो भासा जा होइ सा होदु ।*

कर्पूरमञ्जरी १।७ ।

२) *परुसा संक्किअ बंधा पाउद बंधो वि होई सुउमारो ।*
पुरुस महिलाणं मिहंतरं तेत्तिअमिमाणं ।

उही १।८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवहट्ठ नै हो भन्दथे'। सिद्ध जोगी चारण भाटहरूले यसको धारा पछिसम्म नै बहाइरहे।

यता तेह्रौं चौधौं शताब्दीमा मैथिली औ खडी बोलीको पूर्वरूपमा भाषा काव्य नाटक लेखिन थाले। भाषामा नाटक लेखिदा जनरुचिको अपेक्षा हुनु आवश्यक हुन्थ्यो नै। यसैले यिनमा शास्त्रीय नियम कनून लागू हुँन छाडे। यस्ता नाटक लेख्नेमा प्रसिद्ध नाटककार सोह्रौं शताब्दीका सुरुका कवि शङ्करदेव थिए। यिनका नाटकमा यी पुराना बन्धन निकै खुस्किएका छन्। उदाहरणका लागि सूत्रधारलाई नै लिन सकिन्छ। नाटकका नियम-अनुसार नान्दी (मङ्गलाचरण) पछि सूत्रधार पस्तछ। नाटकको प्रस्तावना गर्दछ र निस्कन्छ, नाट्यभित्रका दृश्यमा फेरि कहिलै पसेर देखापर्दैन। तर शङ्करदेवका भाषानाटकमा घरी-घरी बीच-बीचमा सूत्रधार आउँछ र कथासूत्र जोड्ने कथाको निर्देशन पनि दिने गरिरहन्छ। यो पद्धति पछि पछिका नाटकमा पनि प्रचलित हुँदै आइरह्यो। यहाँसम्म कि १८४९ मा हाम्रा नेपामी कवि शक्तिवल्लभले संस्कृतमै जयरत्नाकार नाटक लेखे। उनको सूत्रधार पनि नाटक नसकियुन्जेल बीच-बीचमा पात्रको रूपमा देखापरिरहन्छ र विभिन्न व्याख्या छाँट्तछ पनि। सोह्रौं शताब्दीभन्दा पहिलेदेखि चल्दै आएको यो भाषा नाटकले थालेको विकृत रीति यसरी पछिसम्म चलेर आयो।

---

१) *सक्कअ वाणी वहुअ न भावइ*
पाउअरस को मम्म न पावइ।
देसिलवअना सवजनमिट्ठा
तें तैसन जंपउ अवहट्ठा॥
विद्यापति- कीर्तिपताका ७ सू. प.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणवधको भाषा र नाट्यलक्षण

वि. सं. १३६४ मा ललितपुर नेपालमा यो नाटक लेखिएको थियो। यस वेला उत्तर भारतमा भाषानाटक लेखिन थालेका थिए। अवहठ्ठपछि मैथिली खडी वोली प्रचलित भइसकेका थिए। यस अवस्थामा नेपाल दूनमा लेखिएको कवि जयतको यो नाटकमा संस्कृत प्राकृत दुवै भाषाको प्रयोग भएको छ। अर्थात् संस्कृत नाटक लेख्ने पुरानो परम्परा-अनुसार उत्तम मध्यम पात्रबाट संस्कृत नीच पात्रबाट र स्त्रीपात्रबाट प्राकृत वोलाइएको छ। यसमा प्रयुक्त प्राकृत भाषाको अध्ययन गर्दा नाटकहरूमा बढी प्रयोग हुने सौरसेनी प्राकृतको मिश्रित रूप हो भन्ने कुरा मैले ठहराएको छु। यसको प्राकृत भाषा राजशेखरको कर्पूरमञ्जरी सट्टकको भाषासँग केही मात्रामा साम्य राख्तछ। विद्वान्‌हरूलाई विचार गर्न सजिलो परोस् भनेर प्राकृत शब्दसूची परिशिष्टमा दिएको छु।

यहाँ विचारणीय कुरा चाहिँ अलिकति के छ भने देश काल परिस्थितिको प्रभाव चाहिँ प्रशस्त परेको छ। केही लवजमा स्थानीयताको प्रभाव पनि स्पष्ट झल्केको देखिन्छ। उदाहरणको लागि एक दुइ कुरालाई लिऊँ। अवहठ्ठ प्राकृतमा पदान्तमा उकारको बढी प्रयोग रहन्छ, त्यसैबाट खडी बोलीमा यिनको बाहुल्य देखिन्छ। यसमा यसैको प्रभावले हो, **मझ्झणु तुझ्झु निचुलु पुक्करावतु** आदि उकारान्त पद पाइन्छन्।

केही वर्ष पहिलेसम्म हाम्रो भाषामा लेख्ता पढ्दा पेटफारो **ष** (मूर्धन्य **ष**) लाई आँखे **ख**को रूपमा पढ्ने प्रयोग गर्ने चलन थियो। अर्को कुरा गाग्रे **य**लाई पनि बूढो **य** भनी **य**को पेट चिरेर लेख्ने **ज्य** को उच्चारण गर्ने पनि चलन थियो। मैले अक्षरारम्भ गर्दा पढ्दा पनि **ष**लाई **ख** र यस्तै **य** लाई **ज्य** भनी बाह्रखरीमा **ज्य** अक्षर वेशी नै पढेको थिएँ। अहिले वेदमा मात्रै यसको प्रयोग पढ्ने प्रवृत्ति सीमित छ। बाह्रखरीमा चाहिँ यो चलन हराएर गयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस नाटकमा यस्तै यका स्थानमा **ज** लेखिदिएर कति ठाउँमा मलाई धेरै वेर घोरिन बाध्य बनाएको छ। खको ठाउँमा ता प्रायः षकै प्रयोग भएको छ। प्राकृतमा वृक्षको रूप **रुक्ख** भएको थियो। खलाई ष लेख्ता **रुष्ष** लेख्नुपर्ने तर यहाँ कतै **रुष** लेखिएको छ, कतै **रूख** पनि लेखिएको देखिन्छ। यो रूप वर्तमान नेपाली भाषाका रूपसँगै ठ्याम्म सादृश्य राख्तछ।

कविले संस्कृत प्राकृत दुवै भाषा पढेर जानेका थिए। उनको बोल-चालको भाषा यी दुवै थिएनन्। पाटन शहरमा बस्ने कवि जयत तात्कालिक तिरहुत राज्यमा बोलिने मैथिली भाषा (ज्योतिरीश्वरको वर्णरत्नाकरमा प्रयुक्त भाषा) अवश्य जान्दथे। संस्कृत भाषा पनि पढेकै थिए। यिनले प्रयोग गरेको यो प्राकृत भाषामा संस्कृतको पनि प्रभाव त छँदैछ, त्यस वेलाका बोलीचालीको अवहठ्ठ आदि देशी भाषाको पनि निकै प्रभाव परेको छ। संस्कृत प्रभावित केही शब्द पहिले हेरौं। **आदिष्ट्म्हि उपष्टहो गुटिआ पुष्प दंष्ट पाटिदो प्रलअ सचिओ** यी संस्कृत प्रभावित पद भए। यिनको विशुद्ध प्राकृत रूप हुन्छ- **आदिट्ठम्हि उवट्ठंभ (उवट्टंह) गुडिआ पुप्फ दट्ठ पाडिओ पलय सइव** आदि। संस्कृत शब्दको अनुगमद्वारा प्राकृतमा लेख्ने प्रयास गर्दा यी रूप प्रकट भएका देखिन्छन्।

कविलाई बोलीचालीको भाषाको उच्चारणले पनि धेरै प्रभाव पारेको छ। प्राकृतमा बीचका हलन्त व्यञ्जनको परसवर्ण भएका वा द्वित्व भएका रूपहरूको बीचको हल्वर्ण लोप भएर आदि स्वर दीर्घ हुने नियम नेपालीमा देखिएको छ। यहाँ बोलीचालीको उच्चारण प्रभावले हो वा देशीभाषाको प्रभावले हो बीचको हल् वर्ण लोप भएर पनि आदिस्वर जस्ताका तस्तै भएका रूप देखिन्छन्। जस्तो **उझाण पख मझ लखसी रखस सतु सिघं** आदि। यी रूप बोलीचालीमा सजिलो र संक्षेपीकरणले गर्दा बनेका थिए। यिनको शुद्ध प्राकृत रूप **उज्जाण पक्ख मज्झ रक्खसी रक्खस सत्तु सिग्घ** हुन्छन्। भाषा प्राकृत लेखे पनि उच्चारणको कठिनाइ वा वलियोपनालाई ग्रहण गर्न नसक्ता उपर्युक्त सरल रूप प्रयुक्त हुन आए। यिनमा देशी भाषाको प्रभाव पनि परेको नै छ। यस अतिरिक्त **पलिहिद (परिहिअ) लखसी चक्कवटि** आदि **र**मा **ल** **ण**मा **न** **त**मा **ट** आदि चाहिँ स्थानीयताको प्रभावले नै हो भन्न सकिन्छ।

यो सबै कुरा छयानविवेक गरेर विज्ञहरूलाई विचार गर्न सजिलो परोस् भनेर मैले प्राकृतको भरसक संस्कृत रूप र त्यसैबाट पैदा भएका वा मिल्ने नेपाली भाषाको वर्तमान रूप पनि देखाइ दिने प्रयास गरेको छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणवध र शास्त्रीय नाट्य लक्षणको विवेचना

सर्वप्रथम आज विद्वान् पाठकहरूका समक्ष यो कृति प्रस्तुत हुन लागिरहेको छ । कविले यो कृतिलाई नाटक भन्ने संज्ञा दिएका छन् । नाटकका कति कस्ता लक्षण हुन्छन् ती यसमा कति मिल्छन् कति मिल्दैनन् भन्ने कुरा विचार गर्न सजिलो परोस् भनेर नै माथि नाटकका भेद उपभेदका साधारण लक्षण देखाउने प्रयास पनि गदिएको हो ।

यो कृति उपर्युल्लिखित रूपकका कुनचाहिं भेद उपभेदमा पर्छ भन्ने कुरा खुलाउन हामीलाई अहिले अप्ठ्यारो परिरहेछ, किनभने यसमा प्रस्तावना विष्कम्भक प्रवेशक अङ्क केही उल्लेख गरिएका छैनन् । यसमा पात्रहरू आफ्ना आफ्ना पाठमा पस्छन् आफ्नो भूमिका निप्टयाउँदै निस्कदै गर्छन् । पात्रहरू उत्तम मध्यम अधमका रूपमा संस्कृत प्राकृत भाषाको प्रयोग गर्छन्, सुरुमा नान्दी हुन्छ, नान्दीपछि पसेको सूत्रधार सभा सभासद्को प्रशंसाद्वारा प्ररोचना प्रकट गर्छ । वस्तुविन्यास गरेर नाटकको कथाको संक्षेपमा दिग्दर्शन पनि दिन्छ । नाटक प्रसिद्ध पौराणिक रामकथाका आधारमा निर्मित छ । यति कुरा नाटकका लक्षणमा घट्ने खालकै छन् । अरू कति कुरा भने नाटककमा लक्षणमा नघट्ने खालका पनि छन् । यसमा प्रस्तावना निष्कम्भक प्रवेशक आदिको कतै नामोल्लेख छैन । यस अतिरिक्त न अङ्क समाप्तिको संकेत छ न आरम्भको नै । न त श्लोक संख्याकै उल्लेख छ, खुरु खुरु लेखेर लगेको छ । अन्त्यमा भारतवाक्यका ठाउँमा रामको मुखबाट आशीर्वचन निकालिएको छ । मुख्य कुरा नाटकमा धीरोदात्त नायक हुनु जरूरी हो । प्रस्तावनामा नायकको रूपमा रामलाई उतारेर ल्याउले प्रयास गरेको देखिन्छ, तर पछि गएर राम उपनायकका रूपमा रहन्छन्, हनूमान्को भूमिका प्रभावशाली भएर आउँछ । राम अवान्तर पात्रका भूमिकामा उभिन्छन्, पौराणिक कथामा हनूमान् दैत्य मार्नमा साधनको पात्रमा मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् । स्वयं राम दैत्यलाई मार्ने पुरुषार्थीको रूपमा प्रस्तुत हुन आएका छन् भने, नाटकले चाहिं रामलाई अशक पुरुषार्थहीनको रूपमा राखेर हनूमान्लाई जाज्वल्यमान वीर पुरुषार्थी बनाएर नायकको भूमिका निप्ट्याउनेमा उभ्याएको छ, यसको ऐतिहासिक वस्तुतथ्य पनि देख्लै छ । त्यो पछि विचार गरौंला । अहिले यो नाटकलाई निम्नानुसार समीक्षा र संयोजन गर्न सकिन्छ ।

यसमा नान्दी अष्टापदी छ । फरक अर्को के छ भने नान्दी पछि पसेको सूत्रधार आफ्ना तर्फबाट फेरि स्थानीय देवता राता मत्स्येन्द्रनाथको चतुःपदी मङ्गलाचरण गर्छ । सूत्रधार एक्लै पस्छ, उसका साथमा नटी परिपार्श्वक स्थापकहरू हुँदैनन् । एक्लै आकाशभाषितद्वारा वार्तालाप गर्दछ । यस्तो प्रस्तावना नखकुट्ट आचार्यका अनुसार आमुख भनिन्छ । आमुखपछि अङ्कको आरम्भमा आएको तीक्ष्णदंष्ट्र लङ्काबाट पाताल महीरावणकहाँ जाने आफ्नो प्रस्ताव प्रस्तुत गर्छ । इरावती विनयवती लङ्काबाट खबर लिएर समुद्र किनारामा विभीषणकहाँ नीललाई पठाउने प्रस्ताव गर्छन् । यसलाई विष्कम्भकका रूपमा लिन सकिन्छ । यो दृश्य लङ्कामा जान्छ ।

त्यसपछि दृश्य पाताल पुग्छ । पातालका राजा महीरावण आफ्ना अनुचर वीरबाहु सुबाहुसंग संवाद गर्छ । सो संवाद सकिनासाथ सानै भए पनि अङ्क समाप्ति गर्नुपर्ने हुन्छ । शास्त्रानुसार स्थान र समय फरक भएर दृश्य बदलिंदा अङ्क समाप्त गर्नुपर्ने र पहिले पहिलेका अङ्क छोटा र पछिका लामा पारी गाईको पुच्छरको थुँगो जस्तो पार्नुपर्ने पनि हुन्छ । अथवा कुनै लामा कुनै छोटा पुच्छरका रौं भए जस्तै नाटकका अङ्क पनि हुनुपर्ने हुन्छ । पाताल-बाट मर्त्यलोकको समुद्र किनारामा दृश्य आउँदा अङ्क अर्को सुरू भएको भन्नुपर्छ ।

समुद्र किनारामा राम लक्ष्मण सुग्रीव विभीषण हनूमान्हरूको संवाद हुन्छ । यो संवादको दृश्य सकिनेसाथ दोस्रो अङ्क समाप्त भएको मान्नुपर्छ । तेस्रो दृश्य अब पाताल पुगेको छ ।

पहिले मालिनी पस्छे र बगैंचामा फूल टिपेकी हुन्छे । त्यहाँ धेरै अपशकुन देखेकी हुन्छे । यसलाई प्रवेशक मानेमा त्यति फरक पर्ला जस्तो छैन । दुइ अङ्क पछि तेस्रो अङ्कको सुरूमा भविष्य कथावस्तुको विन्यास गर्ने नीच पात्र प्रयुक्त उक्ति-प्रत्युक्ति प्रवेशक कहिने हुँदा यसलाई त्यो नाउँ दिनु उचितै पर्ला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुरूमा सपरिवार महीरावणको सभामा प्रवेश हुन्छ । त्यहीं रावणप्रेषित सन्देशबाहक तीक्ष्णदंष्ट्र उपस्थित हुन्छ र लङ्काको हालखबर कहन्छ । अक्षयकुमारको वधले दुःखित रावणको हाल सुनेर महीरावण राम लक्ष्मणलाई छक्याएर ल्याई बलि दिने संकल्प गरेर हिंड्छ । यतिसम्म तेस्रो अङ्क सकिएको मान्न सकिन्छ ।

चौथो दृश्यको स्थान समुद्र किनारामा छ । विभीषणकहाँ सन्देश पुर्‍याउन खटिएको इरावतीप्रेषित नीलको उपस्थिति हुन्छ । यता इरावतीको विनयवतीको पनि संवाद हुन्छ, वेला मध्याह्न छ । यसलाई पनि पहिलो जस्तै ठान्नुपर्ला ।

राम लक्ष्मण सुग्रीव विभीषण हनूमान्को संवाद सुरु हुन्छ समुद्र किनारामा । नील पसेर इरावतीको सन्देश सुनाउँछ । यसै वेला महीरावण आएर लङ्काको वर्णन गरी राम लक्ष्मणलाई हरेपछि खोज्न हनूमान् पातालसम्म हिंड़ेको दृश्य चारौं अङ्कमा पार्न सकिन्छ ।

पाचौं दृश्य पाताल पुग्छ । राम लक्ष्मणलाई लिएर रावण पुगेको हुन्छ । खोज्दै गएका हनूमान् मालिनीको छाप्रीमा बसेर पसेको प्रसङ्ग र महीरावणले नरबलिका लागि देवीपूजाको तयारी श्मशानवर्णन देवीस्तुति हनूमान्संग युद्ध महीरावणको वध गरुडद्वारा रामको वन्धन-विमोचन आदि आदि दृश्य पाचौं अङ्कमा पार्न सकिन्छ । धेरै दृश्य भए पनि समय र स्थानको अन्तराल नपर्नें हुँदा यी दृश्य एकै अङ्कमा पार्न उचित होला । यसमा पर्न आएका नेपथ्यभित्रका हनूमान् गरूडहरुका उक्ति चूलिकाका रूपमा लिन सकिन्छ ।

छैटौं दृश्य लङ्काको किनारामा आइपुग्छ । सुग्रीव विभीषणकहाँ हनूमान् राम लक्ष्मणलाई लिएर आइपुग्छन् । छोटो संवादपछि अङ्क सकिन्छ । यसरी नाटकलाई छ अङ्कमा विभाजित गर्न सकिन्छ । स्वयं कविले अङ्क संख्या नतोकेका र श्लोकमा अङ्क पनि नदिएकाले मैले यो अनुमान लाएको हुँ ।

यो महीरावणवध नाटकमा मिल्ने नमिल्ने लक्षणको सामान्य दिग्दर्शन माथि पनि दर्शाइएको हो । मध्मकालका र आधुनिककालका संस्कृत नाटकहरू शास्त्रीय नियम कानूनको परिधिभित्रै रहेर लेखिएका धेरै कम पाइएलान् । अरू त के महान् नाटकार भवभूतिले प्रौढ पाण्डित्यद्वारा तयार पारेको प्रौढ कविता गहन पदावलीले गर्दा आफ्ना नाटकलाई श्रव्यकाव्यको विधामा चढाएका छन् । कति नाटकहरू पद्यमय काव्यरूपमा आएका छन् । पुराना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाट्यशास्त्रमा नामोल्लेख नभएको पद्यप्रायः काव्य जस्तो धेरै अङ्क भएको हनूमन्नाटक पनि लेखियो । यसलाई पछिका साहित्यिक विद्वान्ले महानाटकको संज्ञा दिए । रङ्गमञ्चमा प्रस्तुत गर्न नसकिने पाठ्य श्रव्यकाव्यका रूपमा कति नाटक लेखिए भने कति रङ्गममञ्चमा प्रदर्शित गर्दा लोकरुचि स्थानीय भावनाको अनुसरण गर्दै शास्त्रीय नियमबाट विचलित बने । यो नाटक पनि अपवाद बनेन । यस्तैमा पर्न आयो । प्रायः नाटकमा मुख्य मानिएका वीररस शृङ्गाररसमध्ये वीररस चाहिँ ल्याउने प्रयास यहाँ भएको छ भने शृङ्गाररस चाहिँ छँदै छैन भने हुन्छ । अरू त के, नायिकाकै अभाव यहाँ भएको छ । सीतालाई मञ्चमा उतारिएकै छैन । इरावतीलाई मञ्चमा उभ्याइएको भएता पनि नायिकाको रूपमा होइन । नायिकाको भूमिका खेल्ने स्त्री पात्रकै अभाव छ । यहाँका स्त्रीपात्र परिचारिका सुसारे मालिनी आदि छन् । चाख लाग्दो कुरा चाहिँ यहाँका सबै पुरुषपात्र वियोगी विरही ब्रह्मचारी मात्र छन् । राम राज्यबाट बाबुले निकालिएका सीता हरिएका सुग्रीव दाजुले राज्यबाट निकालिएका रुमा खोसिएका विभीषण दाजुसँग बिभिण्डिएर घरबार छोडी रामशरण परेका विरही । लक्ष्मण वियोगी ब्रह्मचारी छन् त हनूमान् आबालब्रह्मचारी । रावण महीरावणको स्त्रीप्रसङ्ग ल्याइएन । पुराणमा प्रस्तुत भएको रामसंग प्रेम गर्ने ऐरावणकी रखौटीको चर्चासम्म पनि छेडिएन । रामको सीतासंग भेट हुन पनि पाउँदैन । आमुखमा नटीसम्म देखापर्दिन । पुराणमा हनूमान्को छोरो मकरध्वजको प्रसङ्ग पनि छ । मकरीसंग शारीरिक सम्बन्ध रतिप्रसङ्ग नदेखाए पनि हनूमान्को स्त्रीसंगको साहचर्यसम्म देखाएको छ, त्यो पनि यसमा छैन । यसरी शृङ्गाररसलाई चाँहि ल्याउनै नचाहेको स्पष्ट छ, बरु वीभत्सरसको केही अंश छुवाएको छ । विदूषक जस्ता पात्र नराखेपछि हास्यरसको गन्ध पनि आउने भएन ।

पुरानो नियम-अनुसार युद्ध मृत्यु मञ्चमा देखाउन उचित थिएन, तर हाम्रा कविले हनूमान् महीरावणको द्वन्दयुद्ध मञ्चमै देखाएका छन् । महीरावणको मृत्यु पनि मञ्चमै हुन्छ । यो उनले लोकरुचिकै ख्याल राकेर लेखेको अनुमान हुन्छ । तर राम लक्ष्मणलाई बलि दिन लाग्दा महीरावण इष्ट संझन लाउंछ । त्यस बेला राम लक्ष्मण हनूमान्को संझना गर्दछन्, हनूमान् आइपुगेर युद्ध गर्छन्, राम लक्ष्मण मञ्चैमा छन्, तर युद्धको वृत्तान्त देख्तैनन्, यो प्रस्तुति उनको नाटक सुहांउदो भए पनि मञ्चमा प्रदर्शन गर्ने दृष्टिले मिल्दो छैन । आकाशभाषितद्वारा आफ्नो अपशकुन सुनेर राम लक्ष्मणलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोडेर महीरावण देवी स्थानतिर लागेपछि दृश्य फेरेर हनूमान् प्रवेश देखाइ-दिएको भए उचित पर्नें थियो ।

यसरी कति लक्षण नाटकमा मिल्ने कति नमिल्ने परे । केही अंश व्यायोगका लक्षणसंग पनि घट्ने खालका भए । एक अङ्कको भए व्यायोग भनिदिदा पनि त्यति फरक पर्नें थिएन । एक-आध कुरा ईहामृगका पनि पर्छन् । अनासक्त स्त्री सीतालाई रावणले हर्नु यसको लक्षण भए पनि सो कुरालाई पर्दा भित्रै घटाइदिएको छ । संवाद प्रायः श्लोकवद्ध भाषामा भए पनि यो नाटक त्यस वेलाको परिवेशमा रङ्गमञ्चमा प्रयोग गर्न लेखिएको व्यावहारिक दृश्य-काव्य भएको र रङ्गमञ्चमा प्रदर्शित पनि गरिएको हुँदा यसलाई शास्त्रीय नियमले एउटै रूपक उपरूपकका साँचामा ढाल्न कठिनै पर्दछ । अब नाटकमा रामकै महिमा गाइएको भए पनि महीरावणवधमा प्रमुख भूमिका खेल्ने रामभक्त हनूमान्का बारेमा पनि अलिकति विचार गर्नु उचित ठान्दछु ।

नाटकमा हनूमान्को भूमिका

पहिले शिवजीका गणेश र स्वामिकार्तिक पार्षद गणका रूपमा मानिन्थे, नन्दी उनका वाहनका रूपमा । पछि शैव सम्प्रदायबाट अलग्याएर गणेशको पूजा छुट्टै हुन लाग्यो । छुट्टै सम्प्रदायसमेत चल्यो । पाञ्चायनदेवतामा एक यिनी बने । तर नन्दी चाहिँ उनमा मन्दिरमा वाहनकै रूपमा रहिरहे, पुजिइरहे । त्यस्तै देवीका वाहन सिंह देवीस्थानमा स्थापित हुन्छन् । विष्णुका वाहनको रूपमा गरुड पनि अघिदेखिने देखिएका र यिनी नारायणस्थानमा विष्णुका अघि स्थापित हुँदै आएका छन । चाँगुनारायणका र हाँड़िगाउँका नारायण स्थानका गरुडमूर्ति लिच्छविकालमा स्थापित प्रसिद्ध छन् । कला संस्कृतिको दृष्टिले पनि यिनको महत्त्व अत्यन्त ठूलो छ । मल्लकालका पनि यस्ता गरुडमूर्ति निकै रोचक देखिएका छन् । विक्रमको चारौं पाचौं शता-ब्दीमा भारतमा शासन गर्ने प्रसिद्ध गुप्त राजाहरू विष्णुका भक्त परमभागवत थिए । उनीहरूको झण्डामा गरुड–मूर्ति चित्रित थियो । गरुडको छाप लागेका शासनपत्र प्रसारित हुन्थे । उनका प्रभावमा परेका र उनका सामन्त राजाले पनि **गरुडाङ्कित** झण्डा फरफराउंथे, गरुडाङ्कितै शासन पत्रको प्रचलन गर्दथे । मध्यकालमा नेपाल तराई सिम्रौनगढका राजाहरू पनि प्रशस्तिमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरुडध्वज लेख्तथे'। यसरी वैष्णवहरूले **गरुडाङ्कित** ध्वजा फरफराउँथे भने शैवहरू **वृषाङ्कित** ध्वजा फहराउंथे, अंशुवर्माले **वृषाङ्कित** मुद्रा प्रचलन गरेका र **वृषाङ्कित** अभिलेखहरू पनि प्रसारित गरेका थिए। शाक्तहरू **सिंहध्वज** फरफराउँथे। यसरी **गरुड सिंह वृष मत्स्य मकर मयूर**हरू ध्वजाङ्कित भएको कुरा प्रत्यक्ष देखिन्छ।

पछि विष्णुको दश अवतारको वर्गीकरण हुँदा सातौं अवतारमा राम राखिए। हुँदा-हुँदा राम पनि विष्णुसदृशै भएर पुजिन थाले। राम लक्ष्मण सीता सहित गरेर मूर्ति स्थापित भए। त्यहाँ हनूमान् एक ठूला भक्तको रूपमा उनका पार्श्ववर्ती बने। देवीमन्दिरमा अघाडि सिंह शिवको नन्दी विष्णुको **गरुड** जस्तै राममन्दिरमा अघाडि हनूमान्का भव्य मूर्ति स्थापित भए। मध्यकालको सुरूदेखि नै रामको भक्तिपरक सम्प्रदायमा अवान्तर रूपमा हनूमान्को महत्त्व बढेर आयो।

'हनूमान्ले वाल्मीकिको श्रव्यकाव्य रामायण जस्तै दृश्यकाव्य नाटक लेखेका थिए। त्यो अत्यन्तै राम्रो लोकप्रिय बनेको हुँदा रामायणको प्रचार कम होला महत्त्व घट्ला भनेर जाल गरी समुद्रमा बगाइयो, पछि कालान्तरमा पाएको केही पत्र जोड्दा हनूमन्नाटक भयो। दश अङ्कदेखि बढी भएकोले सो महानाटकको संज्ञा पाएर प्रख्यात भएको हो' भन्ने कथा प्रचलित छ। पछिल्लो मध्यकालमा बनेको **सत्त्वपारायण रामायण अध्यात्म-रामायण** आदि ग्रन्थले हनूमान्को छुट्टै महत्त्वलाई उठायो। हनूमान्का विद्वत्ता ब्रह्मचर्य स्वामिभक्ति वानरसेनापतित्व सीताको खोजी समुद्रलंघन सुरसा राक्षसिनीको पराजय रावणको अपमान अशोक बगैंचाको उन्मूलन अक्षयकुमारको वध लङ्कादाह पर्वतबाट संजीविनी बूटी ल्याएर लक्ष्मणको पुनरुज्जीवन आदि आदि गुण शौर्य वीर्यका कार्यले उनको छुट्टै महत्त्व बढायो। हनूमान् प्रति सीताको उपदेश रामको उपदेश **रामहृदय रामगीता वा हनूमान्गीता** नामले प्रख्यात भए। **रामहृदय हनूमान्चालीसा सङ्कटमोचनस्तोत्र बजरङ्गबाण** प्रख्यात स्तोत्र बने। तुलसीदासको सो हनूमान् स्तुति अत्यन्त मार्मिक र प्रभावशाली पनि छ। **नरपतिजयचर्यामा** हनूमान्को मूर्ति बनाउने स्थापना

---

१) द्रष्टव्य-गाङ्गेयदेवका पालामा लेखिएको वाल्मीकिरामायणको पुष्पिकावाक्य।

परिशिष्ट- ४।१२२ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने निशानमा हनूमान्‌को चित्र अङ्कित गर्ने विधि वताइएको छ। यसवाट बोक्सी भूत प्रेत पिशाच भाग्ने दुर्भिक्ष शत्रुभय हट्ने वज्र टर्ने आदि कुरा पनि लेखिएको छ। यसरी हनूमान्‌महिमा वढ्‌दै आयो। हनूमान् भूत प्रेत पिशाच राक्षसको भयवाट बचाउने लागोभागो वोक्सी डायिनी भगाउने रोग व्याध निको पार्ने शत्रुलाई परास्त पार्ने मृत्युवाट समेत बचाउने सर्वशक्तिमान् देवताका रूपमा मानिन लागे[1]। हुँदा-हुँदा रामभक्तिवाट छुट्टिएर हनूमद्भक्ति शाखाको प्रचलन हुन आयो। एकथरि नागा बावा यस पन्थका अनुयायी बने। हनूमान्‌कै जस्तो पोशाक लगौंटा कसेका आडम्भरी सीताराम हनूमान् नामाङ्कित चिह्न लिएका हनूमान्‌को जस्तो डण्डा लिएर हिड्ने हनूमान्‌को मात्रै छुट्टै मन्दिर मूर्ति स्थापना गर्ने **सिद्ध हनूमान्‌बूटी** देखाएर चमत्कार पार्ने र परेका बखत हतियार उठाएर युद्ध मैदानमा पनि उत्रने यिनको धर्म रहेको देखिएको छ। गोरखाली वीरसँग लड्न यस्तै **नागा**को दल भारतवाट झिकाएर काठमाडौंका राजा जयप्रकाशले पालेका थिए।

नेपालदूनका पछिल्ला मल्लराजाहरू पनि हनूमान्‌का भक्त थिए, सम्प्रदायी चाहँ होइनन्, तर शत्रु विजयको आकांक्षाले भूत प्रेत पिशाच भगाउने उद्देश्यले रोग व्याध हटोस् भन्ने कामनाले यिनले आफ्ना दरवारका ढोकामा भव्य हनूमान्‌को मूर्ति स्थापना गरेका थिए। प्रतापमल्लले स्थापना गरेका हनूमान्‌कै नामले दरवारको नाम **हनूमान्‌ढोका-राजदरबार** भनी अद्यावधि पुकारिदैछ। तीनै शहरका दरवारका ढोकामा हनूमान् प्रतिष्ठापित छन्[2]।

---

१ *प्रबनउँ पवनकुमार, खलवनपावक ज्ञानघन।*
ज़ासु हृदय आगार, वसहिँ राम शरचापधर॥
यो पढ्दा दोस्रो पहिलो चौथो तेस्रो चरण क्रमैले पढ्नुपर्छ।
तुलसीदासको यो सोरठीले झारफुक गर्ने चलन पनि छ।

२ *विषमसंग्रामशत्रुसँहारणरणे जयति, गृहे रक्षति।*
"हनूमान्‌ले अप्ठ्यारा संग्राममा शत्रु संहार गरेर जिताइदिन्छन्"
प्रताप मल्ल

पारावारविलंघनो दशमुखस्यानन्दविध्वंसनो
लंकादेशविदाहको रघुपतेराज्ञाकरः सर्व्वदा।
सीताहर्षप्रदायको ह्यपवने संत्रासको रक्षसां
पायाद् भूपपुरन्दरं रघुकुलोद्भूतं हनूमानयम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबभन्दा महत्त्वपूर्ण कुरा मल्ल राजाका झण्डामा पनि हनूमान्को चित्र अङ्कित थियो र **'हनूमद्ध्वज'** भन्ने उपाधि यिनका प्रशस्तिमा जोड़िएको छ।

हनूमान्का विषयमा केही कुराको उल्लेख मैले यहाँ गरें । चौधौं शताब्दीमा लेखिएको भए पनि यो नाटकको पृष्ठभूमि यही धार्मिक मान्यता दर्शाउने यही सांस्कृतिक परम्परालाई वढावा दिने खालको भएको कुरा मैले ठह्-याएको छु । हनूमान् आवालब्रह्मचारी भएबाटै यसका सबै पुरुषपात्र स्त्रीविरहित देखाइए, स्त्रीपात्र छुट्टै छन् । संगमा आएका पनि सेविका सुसारेका रूपमा मात्र ।

अर्को कुरा पनि यहाँ स्मरणीय छ । भगवान्को भक्ति गर्ने भक्त भगवान्का अत्यन्त प्रिय वन्ने भक्तको वशमा पर्ने भन्ने भावनाले पनि यसमा काम गरेको छ । दुर्वासाले अतिथि भोजन नगराई पानीमात्र पारायण गरेको अभियोगमा श्राप दिन खोज्दा भगवद्भक्त राजा अम्वरीषले विष्णुको प्रिय अस्त्र सुदर्शन चक्र ऋषिप्रति प्रहार गरे । सो अस्त्र स्वयं विष्णुले पनि शान्त गर्न नसकेको हुँदा भक्त अम्वरीषकै अनुग्रहले ऋषिले छुट्कारा पाएको कथाले पनि भगवान्भन्दा भगवद्भक्तको महत्त्व वढी दर्शाएको छ । यसै भावनालाई यस नाटकमा पनि प्रवल रूपले स्पष्ट्याउन खोजिएको छ र नै राम लक्ष्मणलाई वीर हनूमान् मृत्युको मुखवाट वचाउन समर्थ छन् भने वाहन गरूड नागपाशोका बन्धनवाट छुटाउन सफल छन् । यसरी रामको शक्तिभन्दा उनका वाहन उनका पार्षद गण एकसे एक वलवान् देखाएर भक्तको महत्त्व वढाएको छ ।

"समुद्र नाघ्ने रावणलाई दुःख दिने लङ्का ड़ढ़ाउने रामको आज्ञा मान्ने अशोक बगैंचामा सीतालाई खुशी पार्ने, राक्षसलाई तर्साउने यो हनूमान्ले रघुवंशी राजालाई रक्षा गरुन्"

(भूपतीन्द्रमल्ल)

सं. १७२९ मा काठमाड़ौं दरवारका ढ़ोकामा राजा प्रताप मल्लले सं. १७५४ मा भक्तपुरका दरवारका ढ़ोकामा भूपतीन्द्र मल्लले र पाटन दरवारमा सिद्धिनरसिंह मल्लले हनूमान्‌को मूर्ति स्थापना गरेका थिए ।

यस सम्बन्धमा द्रष्टव्य—नयराज पन्त-'हनूमान् स्थापना गर्नामा हेतु' पूर्णिमा १ वर्ष १ अङ्क २६—३० पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यात्रा उत्सव र नाट्य

वैदिककालदेखि मनोरञ्जनको प्रमुख साधनको रूपमा रहेको नाट्यकलाको प्रदर्शन विशेष पर्व उत्सवमा गरिने चलन पनि थियो । भरतले आफ्नो नाट्यशास्त्रमा नाटकप्रदर्शन गर्ने वेला **इन्द्रजात्रा**मा हो भनी लेखेका छन् । **इन्द्रजात्रा** प्राचीन कालमा अत्यन्त ठूलो उत्सव थियो । यो जात्रा शरद्ऋतु शुरू हुनुभन्दा अघिल्ला हप्तामा हुने गर्छ । इन्द्रजात्रा कुमारीपूजाका सम्बन्धमा महाभारतकालदेखिका ग्रन्थमा उल्लेख हुँदै आएको छ[1] । वर्षाकालमा नदीनाला बढेर भेल आएर बाटा-घाटा बन्द हुने हुँदा डुलफिर गर्न गाह्रो थियो । यस वेला एक देशबाट अर्को देशमा चढाइ गर्न बेपार गर्न त के आवत-जावत गर्न पनि गाह्रो हुने हुँदा स्नातक विद्यार्थी ऋषि-मुनि बेपारी-बनियाँ विजिगीषु राजा आश्रम घर किल्लामै बस्तथे । शरद्ऋतु लागेपछि सगर उघ्रेपछि बाटा-घाटा खुलेपछि यिनीहरू आ-आफ्ना काममा अर्थात् घरमा गाउँमा बेपारमा विजयाभिमानमा हिँड्दथे[2] । राजाहरू पनि विजयको लागि प्रस्थान गर्दा देवताका राजा इन्द्रको पूजा कुमारीपूजा गरी **इन्द्रध्वज** फरफराउँदै हिड्दथे । यस वेला अनेकौं उत्सव जात्रा नाच गान बजान हुन्थे । नाटकको प्रदर्शन गरिन्थ्यो । यसैकारण "देवराज इन्द्रको झण्डोत्तोलनको उत्सव भइरहेछ, यसै समयमा यो ठूलो प्रयोग (नाटक प्रदर्शन) गर्ने अवसर आइरहेछ" भनी भरतले लेखे ।

यस पर्वमा नाटक देखाउने चलन थियो । श्रीहर्षको नागानन्द नाटक **इन्द्रजात्रा**कै उत्सवमा भेला भएका सामन्त राजाहरूको मनोविनोदका लागि

---

१. नयराज पन्त—पूर्णिमा २४ पृ. ३००—३०२ पृ. द्रष्टव्य ।

२. वणिङ्मुनिनृपस्नाता निर्गम्यार्थान् प्रपेदिरे । भा. १०।२०।४९

३. महानयं प्रयोगस्य समयः समुपस्थितः ।
अयं ध्वजमहः श्रीमान् महेन्द्रस्य प्रवर्तते ॥ भ. ना. १।५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रदर्शित गर्न लेखिएको थियो[1]। पछि भारतमा हिन्दूराज्यको पतन हुँदै जादा हिन्दूहरूको विजयको अवसान हुँदा यो विजयोत्सवको पनि अवसान भयो। नेपालमा चाहिं यसको अवशेष आजसम्म रहँदै आएको छ।

हाम्रो यहाँ इन्द्रजात्रामा अहिलेसम्म पनि पुराना परम्पराका नाटक प्रदर्शित गरिदै छन्। गद्दीबैठक-अगाडि त्रैलोक्यमोहन नारायणका पेटीमा दशावतारको कथामा आधारित नाटक देखाइन्छ। यहाँ पुरानै तालको वत्तीको प्रकाशमा दृश्यको प्रदर्शन हुन्छ। अरू विभिन्न देवदेवीका नाच पनि देखाइन्छन्। अघि यहाँको भंडिनीनाच हिन्दूस्थानबाट झिकाइएका कस्वीको नाच पनि प्रदर्शित गरिन्थे। भक्कुको नाच लाखे नाच यस महोत्सवमा प्रदर्शित गरिने प्रसिद्ध दृश्य हुन्। इन्द्रको वाहन हात्तीको कृत्रिम नाच पनि **'पुलुकिस्सीप्याखं'** का नामले प्रसिद्ध छ।

यस अतिरिक्त जनसाधरणलाई मन पर्ने सबैको मङ्गल पनि गर्ने नाटक विवाहोत्सव जन्मोत्सव नवगृहप्रवेशोत्सव हुँदा अरू खुशीको कुरा सुन्दा विजयोत्सवमा पनि मन बहलाउन प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन्[2]। यसै अनुरूप चाड पर्व जात्रा मनाउन मनोविनोद खुशियाली गर्न पनि नाटक लेखिदै आए, देखाइँदै रहे[3]।

कालिदासले मालविकाग्निमित्र श्रीहर्षले रत्नावली प्रियदर्शिका वसन्तोत्सवमा खेलाउन भनी लेखेका थिए। भवभूतिले आफ्ना तीनै नाटक महादेवको जात्रामा देखाउन भनी लेखेका थिए। मुरारिले पुरीको जगन्नाथको जात्रामा देखाउन अनर्घराघव नाटक लेखेका थिए।

---

१. *इन्द्रोत्सवे....हर्षदेवेनापूर्ववस्तुरचनालंकृतं नागानन्दनाम नाटकं कृतं (नागानन्द)*

२. *प्रायेण सर्वलोकस्य नृत्तमिष्टं स्वभावतः।*
मङ्गल्यमिति कृत्वा च नृत्यमेतत् प्रकीर्तितम्॥
विवाहप्रसवावाह (वास) प्रमोदाभ्युदयादिषु।
विनोदकारणं चेति नृत्तमेतत् प्रकीर्तितम्॥
भरत ना–४।७०—७१।

३. द्रष्टव्य—महेशराज पन्त. पूर्णिमा ३६ पू. २८२—३०८ पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा पनि यस्तै जात्रा उत्सवमा नाटक देखाउने परम्परा चलेको थियो। यही महीरावणवध नाटक पनि पाटनका महापात्र जयसिंह मल्लका आज्ञाले पाटनकै पुरानो राता मच्छिन्द्रनाथको जात्रामा देखाउन भनी जयत कविले लेखेका थिए। आठ दिनसम्म यो नाटक खेलाइएको थियो। नेपालमा बनेको यो पहिलो नाटक देखिएको छ। यस-अघि एकाध संस्कृत नाटक सारिएका प्रति पाइएका छन्। नाटक खेल्ने हेर्ने काम त अवश्य हुन्थ्यो नै। लिच्छविकालमा **चतुरङ्गरामायण** नाटक देखाइएको कुरा गोपालवंशावलीमा लेखिएको छ। वि. सं. १३७७ मा यो नाटक लेख्नुभन्दा १७ वर्ष पहिले राजा अरिमल्ललाई शङ्खलङ्खुका पण्डितले बनाएको **'रत्नागत'** नाच देखाउँदा आफै उपराज रुद्रमल्लले पाठ खेलेका थिए। दास भारोले पिशाचको पाठ खेलेका थिए[1]। यसपछि जात्रा उत्सव पर्वमा नाटक लेख्ने खेल्ने देखाउने प्रचलन बढेर आयो। महीरावणवध पछि **रामाङ्कनाटिका भैरवानन्द राघवानन्द** आदि नाटक लेखिए। जयस्थिति मल्लका छोरा धर्ममल्लको व्रतबन्धमा देखाउन भनी मणिक कविले **राघवानन्द** नाटक लेखेका थिए[2]। वंशावली-अनुसार **बालरामायण** देखाइएको थियो[3]। उनैको विवाहमा देखाउन

---

१. *स ४४० जेष्ठ शुद्धि ८ श्रीजयरुद्रमलदेवस प्याखन हुल्यम्. पिशाच याङहुव दास भारो मविज्यास फाटरपं हुल्य वु शिक्षव। राजा जयारिमलस आगस नृत्यनाम रतनागत ग्रन्थकारी सङ्खलङ्खु पण्डु जुटोम्। (धनवज्र वज्राचार्यसम्पादित-गोपालवंशावली ४५प.।*

२. *अविरतं सेवमान श्री २ पशुपतिचरणाम्बुजपरागपिञ्जरितशेखरस्य श्री २ मानेश्वरीप्रसादपरिबृंहितराजश्रियो नेपालप्रभोः श्री २ जयस्थितिराजमल्लदेवस्यात्मनो हृदयानन्ददिण : (न्दिनः)..... श्री २ जयधर्ममल्लदेवस्य रघुकुलोचितव्रतबन्धमहोत्सवप्रसङ्गमुदितेन जनसमूहेन नृत्यमानमभिनवराघवानन्दनाटकं प्रवर्तते वेण्डाल—केम्ब्रिजका हस्तलिखित संस्कृतग्रन्थको सूची.......*
ए. डि. ड़ि. १६५८

३. *स ४९७ जेष्ठ शुक्लपञ्चम्यां पुष्यनक्षत्र ध्रुवयोग बुधवार श्रीधर्ममल्ल देवस वङ्कर्ण्ण दिन :।.....बालरामायन प्याखन*
(गो. वं. ५७ पत्र)

अर्का ठाउँमा बालरामायणका कवि मणिक (२९ पत्र) भनिएको छ। यसकारण राघवानन्दलाई नै बालरामायण भनेको हुनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैरवानन्द पनि उनै कविले लेखे[1]। धर्मगुप्तले सं. १४१७ मा लेखेको रामाङ्क-नाटिका पाटनमा नायक जसकीर्तिराजको नयाँ पुरप्रतिष्ठामहोत्सवमा देखाइएको थियो[2]। उनैको रामायण नाटक फर्पिङ्गका हरिशङ्करको **रथयात्रोत्सव**मा देखाइएको थियो[3]। पहिलेदेखि उत्सव चाडपर्वमा नाटक देखाउने चलन त छँदै थियो। यसरी अरिमल्लका पालादेखि अर्थात् विक्रमको चौधौं शताब्दीको अन्तिम चरणदेखि नयाँ नाटक बनाउने लेखाउने देखाउने प्रचलन पनि बढेर आयो।

अब यसपछि नाटकको कथावस्तुको आधार र त्यसमा कविले गरेको नाटकीय परिवर्तनप्रति पाठकको ध्यान आकृष्ट गर्न चाहन्छु।

---

३. *......कुमार श्रीश्रीजयधर्ममल्लदेवस्य रघुवंशोचिताचार - विवाह-महोत्सवदर्शनोत्सुकानान्नानादिग्देशागतानां सामन्तपात्राणां समाजः श्रीनाटेश्वरवरलब्धनाट्यवेदविशारदस्य राज्यवर्द्धनस्य सूनोः श्रीगुरुचरणमुद्राङ्कितमस्तकस्य माणिकनामधेयस्य कवेः कृति भैरवानन्दनाटकदर्शनाकांक्षा वर्तते।*

वीरपुस्तकालयको बृहत्सूचीपत्र ३ भा ३९ पृ.

सं ५०३ फाल्गुणशुद्धि तृतीया वृहस्पतिवार चा श्रीधर्मदेव ठाकुरस विवाह ... ... श्रीधर्म्ममलदेवस विवाहन देका भेर्वानन्द प्याखन स्वदेश प्रदेशन स्वे दशकह्लाया भरो द्विजराजजुस जोतिकस्त भास गजा मुलमीस पण्ड्या मनकु भाटों।

गोपालवंशावली। ६०-६१ पृ.

(सं. १४३९ फागुन शुदि ३ बिहीवार राति धर्ममल्लको बिहे भयो। सो विवाहमा बनाएको भैरवानन्द नाटक तीनै देश (शहर) का प्रदेशमा देखाइयो। यसका प्रबन्धक द्विजराज कस्तंभा गजा मुलमी पण्डित मणिकभाहरू थिए।)

४. *सकलपात्रकुलतिलकस्य कामिनीमोहनमदनसुन्दरस्य नायक श्रीजसकीर्तिराजस्याभिनवपुरप्रतिष्ठामहोत्सवप्रसङ्गेन नानादिग्देशागतानां पुरस्तान्नाटिका प्रस्तूयते*

रामाङ्कनाटिका ३ पृ.

५. *अत्रास्माकं हरिशङ्कररथयात्रामहोत्सवप्रसङ्गेन नानादिग्देश समागताः सभासदो वर्तन्ते। तत्र भवतः*
धर्मगुप्तस्याभि... (illegible)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाटकको कथावस्तुको आधार

रणभूमिमा लक्ष्मण मूर्छा परे। हनूमान् औषधि खोज्न हिंडे। रामले क्रुद्ध भएर वाण वर्षा गर्दा रावणको रथ सारथि ध्वस्त पारेर किरीटसमेत उडाइदिए। रावणले दरवार गएर सहायता माग्न पाताल महीरावणकहाँ दूत पठायो। रावणले पठाएको दूतले पाताल गएर ऐरावण मैरावणलाई लडाइँको सबै वेलीविस्तार लायो। यो खवर सुनेर विह्वल वनेका रावणका साथी ऐरावण मैरावण दुवै भाइ राम लक्ष्मणलाई हर्न भनेर राति लङ्कामा आए। आकाशैबाट हनूमान्को पुच्छरको घेरो देखे। वीर वानरी सेनाका वीचमा राम लक्ष्मण लडाइँका थकाइले ढुङ्गामाथि पल्टेका केही झकाएकामात्र थिए। राक्षसले ढुङ्गै सुद्धा उडाएर पाताल पुऱ्याए। राम लक्ष्मणलाई नदेखेपछि हनूमान् पैदलै पाताततिर हिंड़े। लङ्काका दक्षिण किनारामा पुगेपछि एउटी गर्भिणी कपोतीको र उसका भालेको संवाद सुने—"आज मलाई मान्छेको मासु खान मन लागिरहेछ" पोथीले भनी -"धन्दा नमान् आज दैत्यले राम लक्ष्मणलाई पातालमा ल्याएका छन्, देवीका थानमा ती दुवैको वलि हुनेछ, तिनको मासु ल्याएर तँलाई दिउँला" भालेले भन्यो। यो सुनेपछि राम लक्ष्मणको हुलिया पाइयो भनेर हनूमान् केही ढुक्क भएर गए। ढोकामा मकरध्वज बसेका थिए। उनले हनूमान्लाई कसमा हुनुभो कहाँवाट पाल्नुभो भनी सोधे 'रामको दूत हुँ, लङ्काबाट राति निदाएका वेला झुक्याएर राम लक्ष्मणलाई हरेर दैत्यले ल्याएछ। तिनको खोजीमा आएको, तिमीले थाहा पाएको छ भने मलाई वताइदेऊ' उनले भने। 'ए लङ्कामा मेरा बाबु वायुपुत्र हनुमान् हुनुहुन्छ रे उहाँलाई सञ्चै छ त' भनी मकरध्वजले सोधे। हनूमान्ले छक्क परेर भने। 'वाबु, हनूमान्की त स्वास्नी नै छैनन् भने कसरी तिमी छोरा भयौ"? मकरध्वजले भने—'अघि हधूमान्ले लङ्का खाग गरेर समुद्रमा गई पुच्छर चोबेर शीतल भए। धुवाको खार लागेर खोक्ता घाटीवाट निस्किएको खकार उनले समुद्रमा थुकिदिए। सो खकार मकरीले खाँदा पेट वोकिछन् र म जन्मिएको हुँ' मकरध्वजले भनेको सुन्दा उनले भने "त्यसो हो भने हनूमान् भनेको मै हुँ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मकरध्वजले बाबुलाई ढ़ गेर भने-"यहाँका दैत्यराजको कामाक्षादेवीको नरबलि दिएर पूजा गर्ने पहिलै संकल्प थियो, अहिले लङ्का गएर रामलक्ष्मणलाई ल्याएका छन्, भोलि पक्का तिनको बलि पूजा हुनेछ, देवीमन्दिरमै गएर राम लक्ष्मणलाई लिएर जाने काम गर्नुहोस्"। हनूमान् पनि देवीथानमा गएर सान स्वरूपले भित्र पसेर झ्याल ढोका बन्द गरेर बसे। जब दैत्यहरू पूजा सामा लिएर मन्दिरको ढोकामा आइपुगे, त्यतिखेरै भित्रबाट हनूमान्‌ले देवीक स्वरको पाराले बिस्तारै भने—"आज आँखीझ्यालबाटै पूजा गर्नू, कसैले मलाई हेर्न हुँदैन, मलाई जो हेर्छ, त्यो आँखा फुटेर अन्धो हुनेछ राम लक्ष्मणलाई चाहिं वनैका फलफूल मालाहरूले सिंगारेर धनुर्बाण भिराए नमारीकनै ढोकाका चेपबाट छिराएर भित्र मकहाँ पठाइदिनू, त्यसो गरेक खण्डमा म प्रसन्न हुनेछु।"

यो वाणी सुनेपछि देवी खुशी भइन् भनेर मख्ख परेका दैत्यले आँखी झ्यालबाटै पूजा गरे। पक्वान्नका पायसका राश लाए, पञ्चामृतका घडा चढ़ाए फलका भारी खन्याए। हनूमान्‌ले भित्र भित्रै सातसुत्तै खाइदिएर--"यो खाने कुरा एक गासै भएन, के खानु? म धेरै भोकाएको छु, अरू थप" भने।

यो सुनेर आश्चर्यचकित भएका दैत्यले आफ्ना शहरियाले हाट बजारमा राखेका सारा खाने सामान लुटाएर ल्याएर ओइराइदिए, आफ्ना दरबारमा साँचेर राखेका खाने सामान पनि ल्याउन लाएर देवीका सामन्ने राखिदिए शहरमा मीठो खाने कुरा केही बाँकी रहेन। राम लक्ष्मणलाई पनि वनका फलफूलले सिंगारेर धनुर्बाण भिराएर ढोकाका चेपबाट सरक्क भित्र छिराइदिए हनूमान्‌ले पनि राम लक्ष्मणलाई दण्डवत् प्रणाम गरेर ढोका उघारेर दैत्यला हाँक दिए। त्यतिखेरै राम लक्ष्मण ढोकाबाट बाहिर निस्केर बाणको वर्षा गरेर सेनाबेना समेत दैत्यलाई मारे। तर दैत्य दुवै जना उत्तिखेरै ब्युँतिए फेरि मारे, फेरि ब्युँतिए। यो क्रम चल्दै गयो। राम लक्ष्मण आश्चर्यचकित भए हनूमान् पनि हडबडाउँदै शहर घुम्दै गए, ऐरावणकी रखौटीसंग संजोगले भेट भयो। उनले परिचय सोधे। "म नागकन्या हुँ मलाई ऐरावणले हरेर ल्याए राखे, मैरावण चाहिं मेरो रीस गर्छन्। यी दुवै भाइसंग बस्नु भएन। रिझाउन सकिन। एक प्रेमी छन् भने, अर्को वैरी छन् यो पीरले यिनबाट छुटकारा पाउने मेरो पनि इच्छा छ। यदि रामचन्द्र मलाई राख्नुहुन्छ भने यी दुइको मरणको उपाय म बताइदिन्छु" भन्ने कुरा त्यो रखौटीले गरी। हनूमान्‌ले पनि जुक्ति ल्याएर "यदि तिमीसंग सुत्ता रामको भारले खाट भाँचिएन भने राम तिम्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पति हुनुहुनेछ' भने । "ऐरावणको सुत्ने कोठामा भमरा पालेर राखेका छन् । दैत्यले अघि यिनलाई संकटबाट बचाएका हुनाले बदलामा तिनीहरू अमृतका थोपा ल्याएर यिनलाई तत्काल बचाइदिन्छन् । ती भमरालाई मार्नेबित्तिकै यिनको मृत्यु निश्चित हुनेछ" भनी उसले भनी । यो सुन्नेबित्तिकै खुशी भएर त्यतैबाट उसैसंग दरबार पसेर हनूमान्ले भमराका गोलालाई निमोठे । त्यसपछि रामका वाणले मारिएका मैरावण ऐरावण ब्युँतिएनन् । राम पनि हनूमान्का छोरा मकरध्वजलाई ऐरावण मैरावणको राज्य पातालमा अभिषेक दिएर हिंड्ने तरखर गर्न लागेका थिए । त्यसै बेला हनूमान्ले आफ्नो कबोल पुरा पार्न रामलाई ऐरावणकी रखेलीका घर लगे । त्यहाँ पहिल्यै गुप्ति हिसाबले ढोडको खाट बनाइएको थियो । सिंगार पटार पारेर रम्निएकी नागकन्यालाई हातमा समातेर राम चित्र विचित्रको खाटमा चढे । चढ्नेसाथ हात्तीले खाएको कैथ जस्तो खाट भाँचियो । तर पनि नागकन्याले न्यहोरा गर्न छाडिन । तेस्रो जन्ममा द्वारकामा तिमी मेरी पत्नी हौली भन्ने वरदान दिएर राम लक्ष्मण र हनूमान्लाई लिएर हिंडे ।[1]

कथावस्तुमा नाटकीय परिवर्तन

आनन्द रामायणको एघारौं अध्यायमा यो कथा उल्लिखित छ । यो कथा पौराणिक धारामा बहेको छ । यस कथालाई नाटकीय रूप दिएर केही थोरै अन्तर पारी यहाँ दिइएको छ। रावण रामको खतराबाट विचलित बनेर आफ्ना भित्र पातालपति महीरावणकहाँ सहायताको माग गर्दै अर्थात् राम लक्ष्मणलाई जसरी हुन्छ मारिदिनुहोस् भनेर दूत तीक्ष्णदंष्ट्रलाई पातालतर्फ पठाउँछ ।

उता लङ्कामा विभीषणकी पत्नी पतिलाई निकालेको अक्षयकुमार र मन्त्रिपुत्र मारेको महीरावणकहाँ सहायता माग्न तीक्ष्णदंष्ट्र पठाएको कुराले पनि दुःखित चिन्तित बनेर विभीषणकहाँ यो खबर सुनाउन नीललाई पठाउँछिन् ।

१. पुराणको मूलरूप, परिशिष्ट १ । ११९-१७, पृ. द्रष्टव्य.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यता महीरावण वीरबाहु सुबाहुका साथमा आफ्नो बयान गर्दै रावण मित्र पाएकोमा आफूलाई धन्य ठान्दछ र देवताले लोकपालले सेवा गरेको तीन लोक जितेको शिवजीलाई खुशी पारेको रावणको महिमा प्रकट गर्छ ।

राम लक्ष्मण सुग्रीव विभीषण हनूमान्को संवाद हुन्छ । राम सीता हरिएकोमा शिवबाट वर पाएर दुर्ग किल्ला लङ्कामा बसेर रावणले वनको वानर मित्र भएको आफूआई गन्दै नगनेकोमा पनि चिन्तित हुन्छन् । विभीषण सुग्रीव लक्ष्मण हनूमान् वानरी सेनाको सेनापतिको र रामको महिमा गाउँछन् । राम रावण मार्ने कुरा सोच भन्छन् । मालिनी महीरावणको पातालका बगैंचामा अपशकुन देरूतछे ।

महीरावण रावणको कामकारवाहीले चिन्तित हुन्छ । उसलाई राति निद्रा पर्दैन । त्यसै वेला लङ्काबाट पठाएको दूत तीक्ष्णदंष्ट्र आइपुग्दछ । कुशल मङ्गल सोधेर भलाकुसारी भइसकेपछि रावणले सीता हरेर ल्याएको खोज्दै आउने हनूमान्ले लङ्कामा आई अशोक बगैंचा विगारेको अक्षयकुमार र मन्त्रिपुत्रलाई मारेको लङ्का शहर डढाएको सबै कुरा वेलीविस्तार लाउंछ र रावणले गरेको सहायताको माग पेश गर्छ । महीरावणले पनि मित्रको विपत्ति सुनेर चिन्ता व्यक्त गर्दै सहायताको अपील स्वीकार गर्दै आफ्नो पुरूषार्थको वयान हनूमान् वानरको निन्दा पनि गर्छ । उफ्रेर गएर समुद्रको तीरमा पुगेर राम लक्ष्मणलाई हरेर नागपाशाले बाँधेर ल्याउने प्रतिज्ञा गर्दछ र सोही सन्देश तीक्ष्णदंष्ट्रमार्फत रावणकहाँ पठाउँछ । राम लक्ष्मणलाई देवी स्थानमा लगेर नरबलि दिने संकल्प गरेर उनीहरूलाई हर्न हिड्छ ।

इरावती नील राक्षस चाँडै नआएकोमा फिक्री गर्दै उहाँ कुनै अनिष्ट घटना भएको शङ्का गर्छिन् । उता राम लक्ष्मण विभीषण सुग्रीव हनूमान् भेला भएर समुद्रको तीरमा वसेर समुद्रको वर्णन गर्छन् । यस्तैमा नील आएर तीक्ष्ण दंष्ट्रलाई रावणले महीरावणकहाँ पठाएको कुरा रानीले सुनाउन पठाएको भनी विभीषणलाई अवगत गराउँछ । सबैले यो खवर पाएर होसियार हुने अठोट गर्छन् ।

महीरावण लंकामा आइपुगेर सधैं नाच गान वजान भइरहेको सुखी समृद्ध लङ्का शहरको वर्णन गर्छ । समुद्रको किनारामा गएर पाहाडको जङ्गलको पनि बयान गर्दछ । त्यही किनारामा रहेका राम पनि लङ्काको महिमा गाउंदै हुन्छन् । त्यसै वेला लक्ष्मण चन्द्र सूर्यमा ग्रहण लागेको सपना देखेको कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामलाई सुनाउँछन् । विभीषण स्नान दानले दोष मेटिन्छ भन्ने कुरा गर्छ

महीरावण किनाराको पाहाडको फेदीमा बसेका दशरथका छोरा लक्ष्मणलाई देख्तछ । रामको सुन्दर सौम्य रूप देखेर उनको राम्रो ता गर्छ । लक्ष्मणलाई सर्वज्ञ 'सपने पंडित' को रूपमा मान्दछ । लंका ड वीर व्याकरण शास्त्रका विद्वान् हनूमान्को दाजुसंग विरोध गर्ने विभीष पनि वर्णन गर्छ र झाङभित्र छेलिएर लुकेर बस्छ ।

विभीषण एकादशीव्रत बस्न नुहाउन जान रामसंग अनुमति लिन्छ यो ठाउँ राक्षसको खेलखोर भएकोले राम लक्ष्मणको सुरक्षाको व्यवस्था र गर्नू म चाड़ै आउँछु भनी हनूमान्लाई अह्राएर जान्छन् । हनूमान् आफ्ना पुच्छरको पिजडा जस्तो बनाएर राम लक्ष्मणको सुरक्षा गरेर बस्छ एकैछिनपछि मायावी महीरावण आफ्नो रूप बदलेर विभीषणको रूप अघि सर्छ र "बाबु हनूमान् राक्षसहरू धेरै मायावी हुन्छन्, तिमीले रक्षा गरेछौ, अब तिमीले छुट्टी पायौ । म कछाड सुकाएर आउँछु" पस्तछ । हनूमान् पनि म जागा हुँदा हुँदै राक्षस पाजीको के जोर चल्थ्यो हिड्छन् । खलवल सुनेर साच्चै विभीषण आइपुग्छन् । उनलाई राक्षस ठानेर हनूमान् मुड्की उज्याउछन् । शान्त गर्न सुग्रीव अघि सर्छन् । कुन विभीषण सकली कुन चाहिं नकली भनी छुटयाउन खोज्दा त राम लक्ष्म लिएर विभीषणरूपी महीरावण अलप भइसकेको हुन्छ । राक्षसका मा ठगिएका हनूमान् विलौन्ना गर्न लाग्छन् । विभीषण पनि रामकै भजन थाल्छन् । अनि महीरावण पातालमा वीर श्मशान जगाउँदै छ भन्ने सुनेकाले हनूनान्लाई उतै पठाउँछन् । हनूमान् पाताल पुग्छन् । श वाहिरपट्टिको वगैंचा हेर्दै ढोकामा पुग्छन् । ठूलो आरावाल ढोका ड लाग्छ । हनूमान्को मुड्कीले हान्दा पनि ढोका खुल्दैन ।

हातमा फूल टिप्ने छाप्री बोकेकी मालिनी वगैंचाना पसेकी ऋतुराज वसन्तको वर्णन गर्दै फूल टिप्छे । मन्द हावा र वसन्तको फूलका वासनाले उसको मन चञ्चल बन्छ । कामवासनाले पिरोलिन्छे । महार पूजाको साइत घट्किन्छ भनेर अतालिदै भित्र पस्न खोज्छे, ढोका उ पूजाको वेला घर्कन्छ भन्ने डरले फूलको छाप्री ढोकामाथिबाटै फालि हनूमान् पनि सानो रूप लिएर छाप्रीका फूलभित्र लुकेर बसेका थिए पुगिहाल्छन् । स्वर्गपुरीको जस्तो शोभा त्यहाँ छ । झलमल्ल बत्ती ब

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शहर सधै उज्यालो रहन्छ, हाँम खेल गर्दै कर्के नजरले हेर्दै सुन्दरीहरू हिडेका छन् । सेता सुन्दर सुनका घरका गजुरका मणि झल्किरहेका छन्, हनूमान्‌लाई देखेर सबै डराउँछन् । महीरावणले ल्याएका राम लक्ष्मणको खोजी गर्दै उनी चण्डीथानमा पुग्छन्, महीरावण नरबलि दिएर देवीपूजा गर्न त्यही गएको छ भन्ने सुनेर ।

त्यसपछि आकाशमार्ग गरी डरलाग्दो शब्द गर्दै नागको रगतले चुच्चो रक्ताम्मे पारेका गरुडको बयान हुन्छ । रावणको मीत महीरावण घमण्डले फुलेको छ, राम विष्णुको अवतार हुन्, राक्षसलाई मार्न जन्मेका, म आफ्नो के बयान गरुँ सबै देखेकै छु, राम लक्ष्मणको आपद् हर्न पाताल जान्छु भन्दै गरुड हिड्छन् ।

महीरावण देवीपूजा गर्न श्मशानमा आउँछ, राम लक्ष्मणलाई नाग-पाशाले बाधेर ल्याएकोमा आफ्नो फूर्ती देखाउँदै रामको शक्ति पराक्रम विफल पारेकोमा पनि आफूलाई धन्य संझिदै ।

श्मशानको रौद्र वीभत्स दृश्य देखिन्छ । आफ्ना सुसारेको साथ पूजा सामान लिएर देवीमन्दिरमा महीरावण पुग्छ र वाराही चामुण्डा कौमारी इन्द्राणी चण्डिका कालिका आदि देवीको र भैरवको पनि स्तुति गर्छ । त्यति वेलै ढिलाएर फूलमाला लिएर आएकी मालिनी वगैंचामा भएको अपशकुन सुनाउँछे । महीरावण पत्याउंदैन, तै पनि गुरुलाई सूचनासम्म पठाउँछ । राम लक्ष्मणलाई डोऱ्याउदै आउँछ । 'रावणलाई गनेनौ अब मेरो हातबाट दण्ड पाउने भयौ । अघि सरेर देवीलाई ढोग' भन्दछ । राम 'यस्तो कुरा हामीले सिकेका छैनौ' भन्दछन् । राम लक्ष्मणभन्दा पहिले आफूलाई काट भन्छन्. लक्ष्मण दाजुका भन्दा पहिले आफूलाई मार भन्छन् । 'मर्ने वेला भयो,संझने कुरा संझिहाल, भनेर दैत्य खुशी हुँदै काट्न खोज्छ । राम लक्ष्मण हनूमान्‌को संझना गर्छन् । त्यतिखेरै 'महीरावणको छाता ध्वजा सिंहासन पनि ढल्यो' भन्ने खलबल सुनिन्छ । महीरावण कालिका देवीको स्तुति गर्छ ।

हनूमान, राक्षसलाई भाग भाग भन्दै आउँछन् । महीरावण देख्नेबित्तिकै खुशी भएर 'दैवसंयोग यो बानर आइपुगेछ नरबलि दिनुभन्दा पहिले यसैको पशुबलि चढाउँछु', भन्छ । दुवैको संवाद भएपछि ठूलो युद्ध हुन्छ, भनाभन हुन्छ । आखिर महीरावणलाई दलेर हनूमान् ढुटो पार्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नागपाशाले कसिएका राम लक्ष्मण नागका बारेमा कुरा गर्छन्, युद्धमा हनूमान्को विजयको कामना गर्छन् । पछि हनूमान् पसेर झटपट नागपाशो फुकाउन खोज्छन्, झन् कसिन्छ । राम लक्ष्मणसंग दुःख सुखका कुरा गर्छन् । अनि गरूड़ आएर पखेटाका हावाले नै नागलाई हुत्याएर फालिदिन्छन् । राम लक्ष्मण खुशी हुन्छन् । पातालवासीहरू अंजुलीका अंजुली रत्न लिएर राम लक्ष्मणको दर्शन गर्न आउँछन् । हनूमान्ले महीरावणलाई धुल्याए, गरूडले नागपाशो हटाए, भन्दै खुशी भएका राम पातालवासीलाई अभयदान दिन्छन् ।

उता विभीषण सुग्रीव चिन्तित थिए, के भो कसो भो भनेर । राम लक्ष्मण हनूमान् आइपुग्छन् । परस्परमा भलाकुसारी गरेर अङ्कमाल गर्छन् । पातालको हालखवर बताउँछन् । राम आफूले पाएको आपद् विपद्बाट मनुष्य जन्मको दोष देखाउँछन् । सुग्रीव संझाउँछन् । हनूमान् रामको पूर्ण विजयका लागि प्रयत्न गर्ने पण गर्छन् । भरतवाक्यको सट्टा रामका मुखबाट अन्तिम श्लोक मंगल कामनाका लागि निकालिन्छ । नाटक सकिन्छ ।

नाटक सुहाउँदो कथाको विन्यास र तात्कालिक स्थिति

आनन्दरामायणको कथा यो नाटकको कथामा धेरै अन्तर पाइन्छ । रामायणमा लक्ष्मण मूर्छा परेपछि रामले रावणलाई तहसनहस पारेपछि रावणले सहायताको अपील गर्न महीरावणकहाँ पाताल दूत पठाएको कुरा छ । तर नाटकमा समुद्रको किनारामा राम हुँदै रावणले सहायता माग्न पठाएको छ । नाटकमा ऐरावणको नामोल्लेख छैन । राक्षस आउँदा दुङ्गामा पल्टेर राम लक्ष्मण झकाएका छन्, त्यसै वेला झुक्याएर लगेको कथा पुराणमा छ,-विभीषणको आज्ञाबमोजिम वेहान पुच्छरको पिजडा वनाएर हनूमान्ले पहरा दिइराखेका थिए । विभीषण एकदशीको व्रत वसेका नुहाउन गए । त्यतिखेरै मौकापारी मायावी महीरावण विभीषणको रूप लिएर आयो र हनूमान् छुट्टी लिएर हिंडेपछि उसले हरेर लगेको कुरा नाटकमा छ । यो प्रसङ्ग पुराणको भन्दा नाटकको मिल्दोजुल्दो छ । नाटकमा त्यही दुलो पारेर हनूमान् पाताल झर्छन्, पुराणमा चाहिं लङ्काको दक्षिण किनाराबाट समुद्र हुँदै जान्छन् । त्यहाँ परेवाको गर्भिणी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पोथीले मान्छेको मासु खाने दोहद व्यक्त गरेको महीरावणले राम लक्ष्मणलाई मारेपछि मासु दिने कवोल भालेले गरेको मकरध्वज जन्मेको उसको हनूमान्‌संग भेटघाट भएको राम लक्ष्मणको सुराक-पत्ता लाइदिएको देवीथानमा पसेर हनूमान्‌ले देवीवाणीले दैत्यलाई झुक्याएको राम लक्ष्मण आफैं निस्केर दैत्यलाई मार्दा भ्रमराले बचाएको, भ्रमरालाई ऐरावणकी रखौटी नागकन्याले भनेको युक्तिबाट ऐरावण मैरावणलाई सिध्याएको नागकन्यालाई रामपति पाउने कपटपूर्ण आश्वासन दिएको मकरध्वजलाई पातालको अधिपति बनाएको इत्यादि पुराणको प्रसङ्ग नाटकमा छदै छैन। नाटकमा तन्त्र मन्त्रको प्रभाव फैलिएको जमानामा श्मशानमा रहेको देवीथानमा भोग दिन लागेको राम्रो वर्णन छ। सो सामयिक पनि छ। जडभरतलाई देवीवलि बनाउन खोजेको यस्तै कथा भागवतमा पनि उल्लिखित छ। नरवलि दिएर तान्त्रिकहरूले सिद्धि प्राप्त गर्ने कथा पहिलेदेखि चलेको थियो। देवीका थान पनि धेरैजसो नदीका किनाराका श्मशानघाटमा हुन्थे। वाग्मतीकिनारामा गुह्येश्वरी टुकुचाका किनारामा भद्रकाली विष्णुमतीका किनारामा विजयेश्वरी टङ्केश्वरी र शोभा भगवती छन्। शोभा भगवती त भाचाखुसीको दोभानमा छ। अघि-अघि यही भाचाखुसीमा ज्यान सजाय पाएका मान्छेलाई काट्ने चलन थियो।

पुराणको कथालाई सुहाउँदो आफ्ना जमानामा चलेको लोकभावना अनुरूप ढाली यो नाटक तर्जुमा गरिएको छ। यसमा गरिएको शहर बाहिरको बगैंचाको वर्णन, लङ्काको र पातालको वर्णन प्राकृतिक राम्रो पनि छ। राम लक्ष्मण विभीषण सुग्रीव हनूमान्‌हरूका संवाद पनि निकै रोचक छन्।

नाटकका आधारमा तात्कालिक लोकस्थिति जनजीवनको पनि अलिकता चर्चा गर्नु उचित ठान्दछु।

जात्रा उत्सव

यो नाटक नेपाल सं. ४५७ (१३६४) मा पाटनमा ह्लोलविहारमा लेखिएको हो र त्यस वेला त्यहाँका महापात्र जयसिंह मल्ल थिए। राजा चाहिँ अरिमल्ल थिए।

त्यस वेला प्रतिवर्ष विभिन्न जात्रा हुन्थे, ती मध्येमा मच्छिन्द्रको जात्रा नैपालमा नामी थियो। काठमाडौंमा मच्छिन्द्रवहालमा सेता मच्छिन्द्रनाथको मन्दिर छ। यिनको रथजात्रा जमल वर्तमान संस्कृतछात्रावास (तीनधारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाकशाला) बाट चैत्रशुक्ल अष्टमीदेलि शुरु भई काठमाडौं लगन जैसीदेवल हुँदै ३ दिन शहर घुमाएर समाप्त गरिन्छ। पूर्णिमाका दिन मन्दिरमा पुनः सो मूर्ति प्रवेश गराइन्छ। पाटनको बुङमतीमा राता मच्छिन्द्रनाथको मन्दिर छ। वैशाख शुक्ल १ देखि मच्छिन्द्रनाथलाई रथमा राखेर पाटन शहर घुमाइन्छ। लिच्छवि-कालमा पनि यो बुङमती क्षेत्र प्रसिद्ध तीर्थस्थल धार्मिकस्थल थियो। यसमा सबै किसिमको काटमार रोकिदिएर अंशुबर्माले आफ्नो एउटा अभिलेखमा यसको महत्त्व प्रकट गरिदिएका थिए[1]। राता मच्छिन्द्रनाथको यो रथजात्रा पाटनमा केही दिनसम्म चल्दथ्यो। यो जात्रा हेर्न टाढाटाढादेखिका पहाडपर्वतका ठिटाहरू ओइरिएर आउँथे। त्यस वेला शहरमा नाटक पनि देखाइन्थ्यो। बाजा बजेको आवाज शहरमा गुञ्जिरहन्थ्यो, तबला मादल वीणाहरू बजिरहन्थे। तरुनीहरूका नाच गान भइरहन्थे। शहरमा वेश्याहरू पनि थिए। राति-राति संकेत स्थानमा तिनीहरू झरझुट्ट गहना लाएर सिंगारिएर जान्थे। गाइने नचङ्गेहरू पनि थिए। शहरमा गुण्डा ठट्यौलाहरू पनि थिए।

शहर र बगैंचा

शहर वरिपरि उच्च पर्खालले घेरेको हुन्थ्यो। आराका धार जस्ता काँडे धार भएका ढोका डयाम्म हरवखत लागिरहन्थ्यो। जो कोहीको भित्र छिर्ने दम थिएन। दरवार घर मन्दिरमा सेतै चून पोतेको हुन्थ्यो। घरमा पनि मन्दिरमा जस्तै सुवर्णका गजुर लाएका हुन्थे। पुराना नेपाल तीन शहरका घरहरू पनि पेगोडा शैलीमा बनेका मन्दिर जस्तै गजुर लागेका हुन्थे। पृथ्वी-नारायण शाहले वनाएको वसन्तपुर दरवार काठमाडौंको गोरखनाथको सत्तल (काष्ठमण्डप) यसका नमूनाका रूपमा देख्न सकिन्छ। उत्सव धर्मकार्य गरेर घरमा तोरण टाङ्ने चलन पनि थियो। शहरमा धातुका ती तोरणमा घण्टा झुन्डयाएका हुन्थे। हावा चल्दा ती वजिरहन्थे। राति शहर उज्यालो पार्न सडकमा चोकमा अग्ला-अग्ला मण्डपमा ठूला अग्ला लठ्ठा गाडेर माथि शिरमा सिसाका वाकस वनाएर भित्र झलल्ल वत्ती वालिन्थे। शहरमा गायक नर्तकका साथै वैदिक विद्वान् पनि थिए। वाहुन क्षत्री वैश्यको समाजमा प्रतिष्ठा थियो। नपढेका वाहुनले वेद पाठ गर्दा सार स्वर नमिलाई अशुद्ध पढ्दथे। राजसभामा

---

१. ज्ञानमणि नेपाल-'मल्लकरको परिभाषा- कन्ट्रिब्युशन्स टु नेपलीज स्टडी, भा. ७ सं. १-२/२०१-२ तथा २१६-१७ पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि पढेका विद्वान्हरू अघिसरा थिए। तिनको मानमनितो थियो। शहर बाहिर सुन्दर बगैंचा थिए। शहरिया ठिटीहरू देवपूजाका लागि छाप्री लिएर बगैंचाबाट फूल टिपेर लैजान्थे। बगैंचामा विविध फूल फुल्दथे। यहाँ कविले बगैंचाको वर्णन गर्दा नेपाल दूनको सुहाउँदो रूप नदर्शाएर मधेशका बगैंचाका रूप देखाएका छन्। यो वर्णन उतैका कविको अनुकरणमा वा संस्कृत साहित्यको प्रभावमा गरिएको हुनुपर्छ।

जय पराजय

शहरमा शत्रुको प्रवेश भयो भने रुवावासी चल्थ्यो, भागदौड मच्चिन्थ्यो। छिटा छरिता फर्तुवाल चालमा हिंड्ने घोडामा चढेर भाग्दथे। यस्तै शत्रुको प्रवेशमा यहाँको राजा प्रजा भागेको विशद वर्णन गोपालवंशावलीमा छ। चण्डेश्वरले पनि यस्तै वर्णन गरेका छन्। राजाको विजय भयो भने वाहुनहरू वेद मन्त्र उच्चारण गर्दै मङ्गलगान गर्दथे। सच्चिवहरू धनुर्वाण भिरेर अघि-पछि रहन्थे। सेतो चमर डोलाइएको हुन्थ्यो। फूल पालुवा वर्साएर अभिवादन गरिन्थ्यो।

विजयोत्सवमा भोज हुन्थ्यो। मदिरापान पनि हुन्थ्यो। पान ताम्बूल खाने चलन पनि थियो। चपला अवलाहरू सिंगार पटार पारेका कर्के नजरले हेर्दै संगिनीसाथमा लिएर शहर घुम्दथे। बगैंचामा गएर मन वहलाउँथे।

तन्त्रको प्रभाव

तान्त्रिक सम्प्रदायको ठूलो प्रभाव थियो। त्यसमा पनि शाक्त सम्प्रदायको बीभत्स उग्ररूप प्रकट हुन्थ्यो। तन्त्र मन्त्र टुनामुनाले सबै सिद्धि प्राप्त हुन्छ भन्ने विश्वास थियो। वीरश्मशान जगाउन नदीका किनारामा गएर श्मशानमा बसेर अनेक तान्त्रिक कार्य गर्ने चलन थियो। शाक्त तान्त्रिकहरू नरबलि दिएर देवीको आराधना गरेर आफ्नो अभीष्टसिद्धि गर्ने उद्योग गर्दथे, चण्डी देवी भैरव वेताल पूतनाहरूलाई रगत मासु बोसो आदि र विविध बलि अर्घ्य पाद्यले पूजा गर्दथे। टुनामुनाद्वारा मारण उच्चाटन मोहन वशीकरण आदि कर्म गरिन्थे। श्मशानमा नदीका तीरमा देवीथान थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनविश्वास

नपढीकन सिद्धिद्वारा विद्या आउँछ भन्ने विश्वास थियो । हिजोआजसम्म पनि हाम्रा समाजमा 'सपने पण्डित' अर्थात् 'सपनामा पढेर पण्डित भएका, सपनामा सुनेर वेद कण्ठ पारेका' मान्छे भेटिन्थे । लक्ष्मणलाई यस्तै सपने पण्डितका रूपमा यहाँ वर्णन गरिएको छ ।

झण्डा भाँचिनु, छाता खस्नु, सिंहासन ढल्नु, अकालमा फूल फुल्नु, फल लाग्नु सगर डढ्नु आदि कुरा अपशकुनका द्योतक हुन् भन्ने जनविश्वास थियो । रामलाई भगवान् विष्णुको अवतार मानिन्थ्यो । पौराणिक कथामा श्रद्धा थियो । सबैमा दोष हुन्छन्, सबै दैवका भरमा चलेका हुँदा सुख दुःखका भागी वनेका हुन् भन्ने निश्चय थियो ।

लोकमा रोग व्याध महामारी चोरीचकारी झैझडा भइरहन्थे । असल राज्यशासनमा असल राजा भए यस्ता उपद्रव पनि नहुने कुरामा विश्वास थियो । असल सपना देखे असल फल मिल्ने, खराप सपना देखे खराप मिल्ने भन्ने विश्वास जनतामा थियो । सूर्य चन्द्रमा ग्रहण लागेको सपना देखेका खण्डमा नराम्रो फल मिल्ने कुरामा विश्वास थियो । स्नान दानबाट स्वप्नाध्यायको फल सुल्टो हुने कुरा मान्दथे ।

लोकस्थिति

बाहुनहरू वेद पढ्दथे, शास्त्र पढ्दथे । शास्त्रार्थ पनि हुन्थे । क्षेत्रीहरू विद्या पढ्दथे । दान यज्ञ गर्दथे । शिकार खेल्ने चलन थियो । जङ्गलमा गएर शिकार ल्याउँथे । चालमा हिंड्ने असल-असल घोडा पालिन्थे । क्षेत्री कातर हुनुहुन्न भन्ने धारणा थियो र युद्धमा मर्दा स्वर्ग जाइन्छ भन्ने पनि । भेष बदलेर अर्काका देशमा जाने शत्रुको छिद्र पैल्याउने शत्रुलाई हरेर ल्याउने कार्य पनि गरिन्थे । अतिथिसत्कार गर्ने चलन थियो । अतिथिको सेवा सत्कार नगरे अतिथिलाई विमुख पारे प्रत्यवाय लाग्छ भन्ने धारणा थियो ।

सखारै देवताको पूजा गर्ने चलन थियो । केटीहरू विहान छाप्री लिएर फूल टिप्न फूलवारीमा जान्थे । एकादशी व्रत लिने चलन थियो । व्रत लिने दिन विहान चाँडै स्नान गर्दथे । लोग्ने मान्छे पनि कछाड लाएर नुहाउँथे ।

मान्छे काट्ने चलन थियो । श्मशानमा लगेर काट्ने वेलामा इष्ट देवता सम्झन लाइन्थ्यो र उसलाई मन लागेको कुरा भन्न पनि लगाइन्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक पृष्ठभूमि

जागरणशून्य युग

हाम्रो इतिहासमा लिच्छविकाल अत्यन्त उज्ज्वल थियो । त्यस वेला लेखिएका शिलालेख स्तम्भलेखहरू नेपालमा संस्कृत भाषाको लेखपढ राम्रो तरीकाले चलेको थियो भन्ने कुरा व्यक्त गर्छन् । त्यस वेलाका गद्य पद्यसंग जोडा लाग्ने खालको संस्कृत भाषाका लेख पाउन त पृथ्वीनारायणको एकीकरण पछि नै पर्खन पर्ने हुन्छ ।

हुन त लिच्छविकालमा शिलालेखबाहेक ताँवापत्र ग्रन्थहरू पनि लेखिएका थिए भन्ने संकेत पाइएको छ । तर आजसम्म कुनै ताँवापत्र कुनै पुस्तक पात्रा पनि फेला परेका छैनन् । अंशुवर्माले व्याकरण शास्त्र बनाए भने उल्लेख छ । तर पुस्तक पाइएको छैन । पशुपतिको जयदेवको प्रशस्ति जस्तो प्रौढ़ संस्कृत पद्य श्लोक बनाउन सक्ने बुद्धकीर्ति जस्ता कवि पछि पाउन दुर्लभ भयो । मध्यकालमा सुमतितन्त्र जस्ता ज्योतिषका तन्त्रका धर्मका किताब त बने, साह्रै भ्रष्ट संस्कृतमा । तिनको पनि समय स्पष्ट किटिएको पाइँदैन । बुद्धकीर्ति पछि जयत धर्मगुप्त मणिकसम्मका बीचमा नेपाली विद्वान्हरूले लेखपढ गरे हुन्, कति पुस्तकहरूका प्रतिलिपि उतारेका प्रमाण चाहिँ पाइन्छन् पनि । कति कति नेपाली विद्वान्हरू भोटतर्फ पनि गए, कति भारतीय विद्वान् नेपालको बाटो भोट भारत ओहोर-दोहोर गरे । तिनको नालीबेली केलाउन सकिएको छैन । तर नेपालमा कुनै पनि तिनका कृति नपाइनुले त्यस वेलाको युगको जागरणशून्यता विद्याभ्यासमा आएको शिथिलता नै प्रतिध्वनित हुन्छ । यति लामो कालको अन्तरालपछि यसवेला (१३६४) मा आएर एक्कासी संस्कृत प्राकृतमा लेखिएको यो नाटक पाइयो । यो पाइनाले हामीलाई धेरै जिज्ञासा पैदा गरेको छ । यसैले त्यस वेलाको राजनीतिक शैक्षिक स्थिति केलाएर हेर्न मन लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विक्रमको नयौं शताब्दीको शुरुदेखि नै नेपालमा राजनीतिक गतिविधिको चाल ढ़िलो हुँदै आयो। जयदेवजस्ता कवि राजा अनुपरमजस्ता विद्वान् बुद्धकीर्ति जस्ता कवि पाउन पनि दुर्लभ भयो। सिद्ध तपसी अनुवादक कलाकारका रूपमा ख्याति पाएका नेपाली खोज्न पनि तिब्बत चीन चाहार्नु पर्ने हुन्छ। यसबाट नेपालमा शैक्षिक गतिविधिको पनि ह्रास भएको स्पष्ट छ।

सिञ्जाको गतिविधि

नवौं शताब्दीको सुरुदेखि नै उता काश्मीरमा भने राजनीतिक जागर्तिको लहर चलेको थियो। कर्कोटवंशी राजा मुक्तापीड ललितादित्यले विजय-अभियान चलाएर आफ्नो राज्यसीमा महाकाली नदीसम्म ल्याएका थिए[1]। यिनका उत्तराधिकारी जयापीडले झन् विजयाभियान बढाएर नेपाली राजा अरमुडिसंग भिड्दा कालीगण्डकीको ढुङ्गे किल्लामा कैद पनि भोग्नु परेको थियो[2]। यस वेला काश्मीरमा विद्याको पनि उन्नति थियो। काश्मीरको शक्ति कम भएपछि कर्णाली प्रदेशमा पालवंशी चल्लवंशी राजाहरूको उदय भयो। पाल राजाहरूका त्यस्ता अभिलेखहरू पाइएका छैनन्। चल्लपछि मल्ल बनेका सिञ्जाप्रदेशका राजाहरूका प्रशस्त अभिलेख फेला पर्दछन्। मनुले लिच्छवि मल्ल झल्ल खश द्रविड़हरूलाई व्रात्य क्षत्रीमा परिगणन गरेका छन्[3]। अरू लिच्छवि मल्ल खशहरूको ऐतिहासिक अस्तित्व प्रशस्त प्राप्त छ। तर झल्लको उल्लेख इतिहासमा पाइँदैन। चल्लको रूपमा आएका यी राजाहरूले पछि आफूलाई प्रसिद्ध मल्लवंशमा परिणत गरे पनि मूल रूपमा यिनै झल्ल हुन कि भन्ने अनुमान हुन्छ।

चल्लवंशी नागराजले कर्णालीप्रदेशको सेञ्जा नगरमा आफ्नो राजधानी कायम गरेका थिए[4]।

---

१) *जयचन्द्र विद्यालंकार—इतिहासप्रवेश, १७६-७७ पृ.।*

२) *कल्हण—राजतरङ्गिणी ४।५४५।*

३) *मनु १०।२२।*

४) *परिशिष्ट ३। १२० पृ. द्रष्टव्य।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नागराजका खनाति क्राचल्ल वि. सं. १२६४ मा गद्दीमा बसेका थिए। क्राचल्ल शैव बौद्ध दुवै धर्ममा उत्तिकै श्रद्धा राख्तथे। यिनले आफ्नो राज्यक्षेत्र निकै ठूलो रूपमा विस्तार गरेका थिए। कुमाउको वालेश्वरमन्दिरमा आमाको संझना गर्दै महादेवको पूजा गरी अभिलेख पनि राखेका थिए। उनका छोरा अशोक चल्ल निकै प्रसिद्ध राजा भए। यिनी बौद्ध धर्मको पनि पक्षपाती थिए। यिनले बुद्धगयामा विहार बनाउन लाएका थिए। यिनका वि. सं. १३१२ र १३३५ का दुई अभिलेख उहाँ पाइएका छन्[1]। यिनका छोरा जितारिमल्ल भए।

जितारिमल्ल खश देशका चक्रवर्ती राजा थिए। यिनले लगातार नेपालदून जिती धेरैपल्ट कर असुल गरेका थिए[2]। जितारिपछि उनका छोरा आदित्य मल्ल र भतिजा (आनन्दमल्लका छोरा) रिपु मल्लले आफ्नो विजयाभियानमा नेपालदून पसेर विजय गर्दै सिर्तौ उघाएका थिए। यिनले "पशुपतिको जात्रा सिघ्राको बेपार" गरेका धेरै प्रमाण पाइएका छन्[3]। जितारिका पनाति प्रतापमल्लमा आएर यो वंश टुङ्गियो। सिञ्जाका सिंहासनमा गेलाका पालवंशी राजा पुण्यमल्लका नामले प्रतिष्ठापित भए[4]। यिनका पालामा पनि नेपालदून सेञ्जाको अधीनता स्वीकार गर्न बाध्य बनेको थियो। पुण्यमल्ल पछि सेञ्जाको राजसिंहासनमा बसेका पृथ्वी मल्लका वि. सं. १३९५ देखि १४१५ सम्मका अभिलेख प्राप्त छन्। पृथ्वी मल्लको वि. सं. १४१४ को अभिविज्ञयसिंहकृत दुल्लुको स्तम्भलेख यस समयको इतिहास शिक्षा समाज बुझ्न महत्त्वपूर्ण मानिन्छ[5]।

सिम्रौनगढ़को गतिविधि

उता पश्चिममा सेञ्जा राज्यको चकचकी चलेकै ताका यता नेपाल-दूनको सिधै दक्षिण तराई बारा जिल्लाको सिम्रौनगढमा कर्णाटवंशी राजाको

---

१. द्रष्टव्य—धनवज्र वज्राचार्य—कर्णालीप्रदेश एकविटो अध्ययन (कर्णाली प्रदेशको ऐ, रूपरेखा) ११ पृ.
२. द्रष्टव्य—परिशिष्ट २। १. २. ३. ४. / ११६ पृ.
३. उही २ / ५. ६. ७. ८. ९. / ११७ पृ.
४. उही ३ /
५. उही ३ /

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रभुत्व जमेको थियो। यो राज्य वि. सं. ११५४ मा कर्णाटवंशी सेनापति नान्यदेवले प्रतिष्ठापित गरेका थिए। शुरुदेखि नै यी राजाहरूले पनि नेपाल-दूनमा आँखा गाड़ेका थिए र वारंवार आक्रमण गरिरहन्थे। दूनवासीहरू शक्तिमा राजनीतिमा विद्यामा यी दुवै राज्यभन्दा कमजोड परेका थिए। कला संस्कृतिले सभ्यताले भने आफूहरूलाई यी दुवै राज्यका प्रजाभन्दा उच्च ठान्थे। यसैले खशदेशका राजा प्रजालाई खशिया भने जस्तै सिम्रौनगढका राजा प्रजालाई 'डोय' भनेर ओल्चेर सम्बोधन गर्दथे। तराईको सो राज्यमा तल्लो जात डोयको वसोवास बहुसंख्यक हुनाले खशानका खश राजा भने जस्तै डोय प्रजा डोय राजा भनेर दूनमा प्रचलित भएको थियो[1]।

लिच्छविकालपछि नेपालदूनमा राजनीतिजागरण कमजोड बनेको कुरा माथि उल्लेख गरियो। तन्त्रमार्गका घोर बीभत्स वामाचार कौलाचारको प्रचार प्रसार बढेर आयो। बौद्धभिक्षुका अखडा विहार मठहरू वज्रयानको प्रभावबाट गृहस्थीमा परिणत हुँदै आए। सिद्धिको तान्त्रिक योगको प्रभावले आक्रान्त जनमानस असाध्य अन्धबिश्वासमा परिणत भयो, उसले ऐहिक जीवनका सत्य आदर्शलाई बिर्सिदियो, ऐहिक जीवनको सार पारलौकिक जीवन सपार्ने ध्येयमा केन्द्रित भयो। भुक्तिबाट मुक्ति पाउने आदर्श चरितार्थ गर्न प्रयत्न हुन लाग्यो।

राजनीति सञ्चालन सुचारुरूपले नचलेपछि अरू अरू क्षेत्रमा पनि कमजोरी आउने नै भयो। केन्द्रमा कुनै त्यस्तो शक्तिशाली शक्तिस्रोत जमेन। राज्यलाई एउटा राजाको व्यक्तिगत सम्पत्तिको रूपमा संझिन लागियो। यसले गर्दा राजकुमारहरू बाड़ेर राज्यको उपभोग गर्न लागे। अथवा तीन चार जना पनि मिलेर शासन चलाउन थाले। यसरी केन्द्र कमज़ोर भएपछि स्थानीय महापात्रहरू महासामन्तहरू शक्तिशाली बन्न सुरु गरे। यसरी राजनीतिको पतन सुरू भयो।

---

१) ...... डोंय ड़ो .... नागर प्रभृति मन्दजातीयतें वास.
ज्योतिरीश्वर-वर्णरत्नाकर १९ पृ.

तेह्रौतेको विजय अभियान ताका डोयहरू यहाँ आएर वसोवास पनि गर्न लागेका थिए। चाँगुभेकमा यिनको आवादी डुय्याँ खाल (डुमाखाल) ले संझाउँछ। अन्त पनि डुय्याँ डुयिँनीहरूको आवादी पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैनिक जीवनका लागि पनि दूनवासी दुनियाँलाई त्यति परिश्रमको दरकार पर्दैनथ्यो। यहाँको उब्जाउ ऊर्वरा भूमिबाट थोरै परिश्रमले पनि गुजरा चल्न सक्थ्यो। शहरिया जीवनमा शिल्पको कलाकौशलको अभिवृध्दि भइ नै रह्यो, भारतसंगको भोटसंगको व्यापारले पनि दूनवासी प्रजाको समृद्धिलाई कायमै राखेको थियो। यस अतिरिक्त भोटसंगको व्यापारले व्यापारीमार्गमा रहेका पूर्व पश्चिमका कतिपय सानातिना शहरको समृद्धि पनि बढ्दै आयो। यति हुँदा-हुँदै पनि लडाइँ भिडाइँमा शुरुयाइँमा यिनीहरू पश्चिमा र दक्षिणाहरूका आगे झुक्तथे नै; यिनलाई उच्छिन्न सक्तैनथे। वीरताका साथै विद्याको क्षेत्रमा पनि नेपालका पश्चिम र दक्षिणका यी दुइ राज्यले थोरै समयमा ठूलो प्रगति गरे। तान्त्रिक मान्त्रिक धामी झाक्रीहरूको पनि यी राज्यमा प्रभाव नभएको त होइन। तरःहिन्दू राज्यका नाताले भारतीय मैदानबाट मुसलमान र मुस्लीमधर्मको प्रहारबाट बच्न आएका धार्मिक विद्वान् जन र तरवारिया वीर सिपाहीहरू यी राज्यमा आश्रित हुन लागेकाले पनि शौर्यवीर्यमा हिन्दूधर्मको प्रचार प्रसा-रमा यी राज्यको ठूलो भूमिका रह्यो। समस्त पाहाडी प्रदेशमा आयुधजीवी खश जातिले शौर्यवीर्यको प्रभाव फैलाए भने यी दुवै राज्यका आश्रयमा आएका विद्वान्हरूले धेरै ग्रन्थहरूको रचना गरेर विद्याको प्रचार प्रसारमा जोड दिए। तर यिनले हिन्दूधर्मको विशुद्ध सात्त्विक पक्षलाई अँगालेर ऐहिक-जीवन दर्शनलाई सुधार्नु भन्दा बाहिरी आचार आडम्बर पूजा आजा आदिमा विशेष जोड दिने र आध्यात्मिकतापट्टि ढल्केर धार्मिक कट्टरपनलाई बढी प्रश्रय दिएका थिए तापनि यस समयमा रचित ज्योतिष धर्मशास्त्र राजनीति-शास्त्रका ग्रन्थले समस्त नेपाललाई एउटा नौलो आलोकको ढोका चाहिँ उघारिदिएको थियो।

विक्रमको बाह्रौं शताब्दीको उत्तरार्धमा सिम्रौनगढमा कर्णाटवंशको राज्य स्थापना भएको थियो। यस राज्यमा भारतका ठूला-ठूला विद्वान्हरूले आश्रय पाए। ठूलठूला पुस्तकालय प्रतिष्ठापित भए। शासनकार्यमा विद्वान्ले पनि भाग लिए। मन्त्रिमण्डलमा विद्वान् ब्राह्मणहरूले स्थान पाए। नान्यदेवका छोरा **गाङ्गदेव**को शासनकाल वि. सं. १२११ मा नेपालवासी **आनन्द**का लागि **गोपति**ले वाल्मीकिरामायण सारेर ल्याइदिएका थिए। सो पुस्तक अद्यावधि हाम्रो राष्ट्रिय अभिलेखालयमा सर्वप्राचीन प्रतिको रूपमा सुरक्षित छ[1]। यस्तै अरू पनि धेरै ग्रन्थको प्रसार उतबाट धेरै पछिसम्म रहिरह्यो।

---

१) द्रष्टव्य—परिशिष्ट ४।१२१-२२ पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस राज्यमा लगातार विद्वान्को परम्परा चलिआएको भएता पनि अहिले प्रासङ्गिक केही प्रसिद्ध ग्रन्थ र ग्रन्थकारको मात्र चर्चा गर्नु उचित ठान्दछु । सिम्रौनगढ राज्यमा राजा **हरसिंहदेव**का सान्धिविग्रहिक (घा कटक गर्ने) महामन्त्री विद्वान् वीर **चण्डेश्वर**को नाउँ महिमा सर्वोपरि छ । शास्त्र-रचना गर्नामा धर्मकार्य गर्नामा मात्रै होइन, शस्त्र हातमा लिन र स्वयं राज्य सञ्चालन गर्न पनि यिनी अघिसरा थिए । धर्मशास्त्र राजनीतिशास्त्र कर्मकाण्डका समेत उनले रचेका अनेकौं ग्रन्थले संस्कृत वाङ्मयको भण्डार भरिएको छ । विद्वान् चण्डेश्वर (सं. १३५७-१४०७) ले बनाएका ग्रन्थहरूमा **व्यवहार रत्नाकर विवादरत्नाकर कृत्यरत्नाकर दानरत्नाकर शुद्धिरत्नाकर गृहस्थरत्नाकर पूजारत्नाकर** गरी सात रत्नाकर[1] र **दासविमोक्षविधि स्वामिपालविवादतरङ्ग कृत्यचिन्तामणि** आदि प्रसिद्ध छन् । एकैसाथ शस्त्र पनि शास्त्र पनि लिन सक्ने सान्धिविग्रहिक महामन्त्री चण्डेश्वरको कर्मभूमि नेपाल तराई तिरहुतप्रदेशमै **विद्यापति जयदेव** जस्ता प्रसिद्ध ठूला विद्वान् कवि पैदा भए । अध्यात्मवादी राजर्षि जनकले शासित सो पुण्य प्रदेश पछिल्लो युगमा पनि विद्वान् ब्राह्मणहरूद्वारा नै प्रशासित हुन आयो[2] ।

चण्डेश्वरको यो मन्त्रिपद कुलक्रमागत थियो । यिनका जिवा **देवादित्य** पनि यही सान्धिविग्रहिक पदमा थिए । बाबु **वीरेश्वर** पनि यसै पदमा आसीन थिए । **चण्डेश्वर**ले बाबु बाजेबाट आएको यो पदको प्रतिष्ठालाई झन् अघि बढाए[3] ।

एक जमनामा राजा **हरसिंहदेव**का महामन्त्री **चण्डेश्वर** ठक्कुरको राजनीति प्रभुत्वमात्र नेपालमा छाएको होइन, उनको विद्याको प्रभावले पनि नेपाल ऋणी भएको थियो । तेह्रौंतमा लेखिएका राजनीतिशास्त्रले धर्मशास्त्रले संस्कृतसाहित्यले पनि नेपाल प्रभावित थियो ।

चण्डेश्वरको नेतृत्वमा आएको तेह्रौते सैन्यले नेपालदून विजय गरेको थियो । यिनले आक्रमण गर्दा यहाँका सारा प्रजा भागेका र वनदुर्ग हुँदो पसेर बसेका थिए भन्ने वर्णन गरेका छन्[4] । वंशावलीमा वर्णित सं

---

१) *विवादरत्नाकर १८७८ ई. ६७१ पृ. । तल परिशिष्ट ५।१०२ पृ. द्रष्टव्य ।*
२) *परिशिष्ट ११।१३६ पृ. ।*
३) *परिशिष्ट ८।१२६ पृ. द्रष्टव्य ।*
४) *परिशिष्ट ८ को १६ श्लोक ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३६७-६८ को तेह्रोतिको आक्रमणसँग यो वर्णनले मेल खान्छ । यिनले यहाँ सिर्तो पनि उघाएका थिए[1] र सं. १३७१ मा वाग्मतीको तीरमा तुलादान पनि गरेका थिए[2] । यिनले यहाँ कर उठाएको वाग्मतीतीरमा तुलादान गरेको नेपालदून विजय गरेको बयान वारंवार गरेका छन् । यसैले वंशावलीमा वर्णित विजय यिनैका नेतृत्वमा भएको भन्ने सूचित हुन्छ । तुलादान चाहिँ आर्यघाटमा आएर गरे वा तराईमै बाग्मतीतीरमा गरे भन्ने खुल्दैन तापनि **पशुपति**को पूजा यिनले आफ्नै हातले छोएर गरे[3] भनेकोले तुलादान पनि पशुपतिक्षेत्रमै गरेको अनुमान चाहिं हुन्छ । आजसम्म **पशुपतिनाथ**लाई पुजारी भट्टबाहेक कसैले छुन र छोएर पूजा गर्न पनि पाउँदैनन् । यो चलन त्यस बेला पनि थियो । परन्तु विजयी विद्वान्, धर्मात्मा **चण्ड़ेश्वर**ले काशीका **विश्वनाथ**लाई जस्तै आफ्नै हातले छोएर पूजा गरे, कसैले रोक्न सकेन ।

दुर्भाग्यवश सं. १३८१ मा **गयासुद्दिन तुगलक**को भयङ्कर मार पर्दा सिम्रौनगढ राज्य ध्वस्त भयो । सं. १३८२ माघमा सिन्धुली जिल्लाभित्र पर्ने तीनपाटनको किल्लामा हरसिंहको निधन भयो । उनका परिवारले नेपालदूनमा शरण पाए[4] । पूर्वी तराई र केही पाहाडी प्रदेशको शासन भार **चण्डेश्वर**के मातहतमा रह्यो । पछि पछि पनि दोलखातिर यिनी आफ्नो अधिकार फैलाउने चेष्टा पनि गर्दै थिए[5] ।

चण्ड़ेश्वरजस्तै **हरसिंहदेव**का राजसभामा अर्का विद्वान्, कविशेखर **ज्योतिरीश्वर** थिए । यिनले रचना गरेको **धूर्तसमागम** नामको प्रहसन प्रसिद्ध छ[6] । मैथिली भाषामा लेखिएको यिनको अर्को ग्रन्थ **वर्णरत्नाकर** मध्यकालको लोकस्थिति बुझ्न अत्यन्त उपयोगी छ । यसबाहेक कामशास्त्र सम्बन्धी **पञ्चशा-**

---

१) परिशिष्ट ५ को ४.५।१२३ पृ. ।

२) परिशिष्ट ६।१३२पृ. परि. १०।१३४ पृ. ।

३) परिशिष्ट ८ को १५ श्लोक ।

४) परिशिष्ट ६।१२६ पृ. ।

५) स. ४५२ मार्गशिर शुदि १५ चन्दनएस्वरन राजगा काया दिन । (गो. वं. ४७ प) ।)

"ने. सं. ४५२ (सं. १३८८ मार्गशुक्ल पूर्णिमाका दिन चण्डेश्वरले राजगाउँ कब्जा गरे" ।

६) परिशिष्ट ७।१३७ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यक रङ्गशेखर पनि यिनले बनाएका थिए । ज्योतिरीश्वरका बाबु बाजे **रामेश्वर धीरेश्वर** पनि प्रसिद्ध विद्वान् थिए ।

सिञ्जा र तेह्रौंतसँगको सांस्कृतिक सम्बन्ध

हाम्रा कवि जयतको नाटकको वर्णन प्रसङ्गमा नाटकीय अन्तर-ध्ययनले तिरहुत (तराई) को प्रभाव झल्किन आएको अनुभव हुन आउँछ। त्यसपछि विद्वान् मणिकले बनाएको प्रसिद्ध नाटक भैरवानन्दको बारेमा त तेह्रौतका विद्वान्ले बनाएको नाटकका आधारमा तयार पारिएको हो[1] भनी गोपालवंशावलीमा स्पष्ट उल्लेख गरिएको छ । पाटन यम्वद्धनुं विहार बस्ने मणिक भाको नाटक खेलाउँदा उनका सहोदर भाई ओझा जीव भारोले संक्रिय भाग लिएका थिए । राता मच्छिन्द्रनाथको रथजात्रामा आएका जात्रूहरूको मनोरञ्जन गर्न महीरावणवध नाटक जयतले लेखेका थिए र ८

---

१) ५०३ पोस वदि १२ प्याखन लेतया भैरवानन्द नियप्यन्हु स्येङाव सेला गाव्व दिशी कोन्हु शिद्धिफया श्रीकोथोछेस । थ्व ग्रन्थ न्याया डोभासन चोङ्ग्व सोस्यं, एक ग्रन्थ देका पाण्ड्या यम्वद्दनुम्विहार मनकु भारोस सउदर उझा जीवा भारोसमुज्र्जस गजुहि टास्यं, वीर नेत चुलास खास्यं श्रीश्री धर्म्म-देव ठाकुरस प्रसादरपा, थ्व ठाकुरस विवाहयातन्देका विवाह चेतला थोव तिराख बृहस्पतिवार चा ।

(गो. वं. ६२ प.)

"ने. सं. ५०३ (सं. १४३९) पौषवदि ११ का दिन भैरवानन्द नाटकको आरम्भ भयो । चौध दिनसम्म अभ्यास गरी माघवदि दशमीका दिन कोथोछेंमा सिद्धि थापियो । पहिले तेह्रौते भाजु (ड़ोभा) ले बनाएको ग्रन्थ हेरी यम्बद्धनुं विहारमा बस्ने मणिक भाजुले यो ग्रन्थ भैरवानन्द नाटक बनाएका हुन् । मणिकका सहोदर भाइ ओझा जीव भारोको शिरमा गजुर हाली ... ... नाच नचाइयो । यो नाच देखाउने काममा श्रीधर्ममल्लबाट निगाह भएको थियो । उनै ठाकुरको विवाहका लागि यो नाटक बनाएको थियो । विवाह चाहिँ फागुनशुदि तृतीया विहीवार राति भएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनसम्म खेलाइएको पनि थियो भने **भैरवानन्द** स्थिति मल्लका छोरा धर्म मल्लको विवाहोत्सवमा देखाउनका लागि लेखिएको थियो । सो नाटक तीन शहरमा एक महीनासम्म देखाइएको थियो । ऐतिहासिक दृष्टिले विचार गर्दा लिच्छविकालदेखि जात्रा उत्सव नाटक देखाउने प्रथा चलिआएको भए पनि यस्ता किसिमका संस्कृत प्राकृत मिश्रित शास्त्रीय नाटक बनाउने देखाउने परम्पराको प्रवाह चाहिं **हरसिंह**को राज्य नष्ट भएपछि त्यहाँबाट दून पसेका राजपरिवार र विद्वत्समूहको प्रभाव फैलिएपछि मात्र बढेको स्पष्ट छ ।

यस सम्बन्धमा अर्को कुरा पनि स्मरणीय छ । कर्णाटवंशी राजाहरूको चकचकी चलेकै वेला उता कर्णालीप्रदेशमा सिञ्जा राज्यको प्रभाव नेपालव्यापी भएको थियो । त्यहाँ पनि विद्वान्को आदर सत्कार थियो । टाढा-टाढादेखिका ज्योतिषी विद्वान्हरू पनि त्यहाँ जम्मा हुन्थे । राजा **क्राचल्ल** स्त्रयं पनि शस्त्रमा जस्तै शास्त्रमा पनि निपुण थिए । उनका आश्रयमा **नन्दपुत्र नारायण भट्ट** आदि विद्वान् थिए । न्याय ज्योतिष तन्त्रमन्त्र काव्य कर्मकाण्डमा **नारायण भट्ट** पारङ्गत थिए भन्ने कुरा क्राचल्लको बालेश्वर अभिलेखबाट प्रकट हुन्छ ।[1] **अशोकचल्ल**को राजसभामा काश्मीरी पण्डित भिक्षु **गुणपर्था** प्रशिद्ध थिए । उनका राजगुरु **पं. मूशल** पात्र **शङ्करदेव त्रैलोक्यब्रह्म ईश्वरदेव रञ्जनदेव दामोदर भट्ट पद्म भट्ट** आदि पनि राजसभामा प्रतिष्ठित थिए ।[2] राजा रिपु मल्ल स्वयं पनि पठित थिए, किताप सार्थे, लेख्थे ।[3] पुण्यमल्लले पनि धर्मशास्त्र अर्थशास्त्र (राजनीति) मा दखल जमाएको कुरा दावी गरेका छन् । उनका आश्रयमा **जयाकर** पण्डित **विद्याकर** पण्डित **गोह्लण** जोशी आदि थिए ।[4] **गोह्लण**ले पृथ्वीमल्ललाई पढाएका पनि थिए । राजगुरुका नाताले पृथ्वीमल्लबाट ठूलो सत्कारसाथ विर्ता पाएका थिए[5] । पृथ्वीमल्लका आश्रयमा अर्का विद्वान् **अभिविजयसिंह** थिए । दुल्लुको सं. १४१४ को प्रसिद्ध कीर्तिस्तम्भको अभिलेख यिनैको रचना हो । यिनले **'बालसरस्वती सुमति'** भन्ने सार्थक पदवी पाएका थिए[6] ।

---

१) *राहुल–'गढ़वाल' ११४-१६ पृ.*
२) *कर्णाली प्रदेश २१ पृ. ।*
३) *इतिहास–प्रकाश २।१।८० पृ. ।*
४) *संधिपत्रसंग्रह ७६१–६२ पृ. ।*
५) *उही ७६४ पृ. ।*
६) *परिशिष्ट ३।१२० पृ. ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशेष गरेर सिञ्जा (जुम्ला) राज्यमा ज्योतिष विद्याको प्रचार प्रचुर मात्रामा थियो। **गोह्रण** जोशी **देवराज** जोशी **जगद्ब्रह्म** जोशीहरू ज्योतिषी नै थिए। यो परम्परा पछिसम्म नै रह्यो। सोह्रौं शताब्दीमा त्यहाँ **बिमलाकर**का छोरा **वसन्त 'दैवज्ञशिरोमणि'** थिए। उनका छोरा **बलभद्र**ले जुम्लाको उत्तमपुरमा बसेर **बालबोधिनी** नामको भास्वतीको प्रसिद्ध टीका बनाएका थिए। सो टीका नेपाल भारत सर्वत्र अत्यन्त प्रचारमा छ[1]। त्यसै ताकाको **खण्डखाद्यक**को नेपाली भाषाको अनुवाद पनि उतैतिर बनेको अनुमान हुन्छ।

सिम्रौनगढका र सिञ्जाका राजाहरूको नेपालदूनमा वारंवार भएका प्रवेश र विजयको इतिहास हामीले देख्यौं। गृहकलहले कमजोड भएका अवस्थामा वेमेलले एक पक्षले अर्को पक्षको दर्पदलन गर्न गुहार माग्दै कहिले सिञ्जाको शरण पर्ने कहिले तेह्रौंतको शरणमा जाने पनि गरिन्थ्यो। कहिले स्वयं उठेर कहिले गुहार दिन भनेर सिजाली र तेह्रौंतेहरू नेपालदूनमा पसेर विजय हासील गर्दै सित्तों उघाएर द्रव्य आर्जेर पशुपतिनाथ सिम्भू चैत्य मच्छिन्द्रनाथ आदि देवदेवताको दर्शन पनि गरेर जाने गर्दथे। करीब अढाइ तीन शय वर्षको इतिहास यो त्रिशक्तिसंघर्षको थियो। यसरी राजनीतिसंघर्ष चले पनि एकले अर्कालाई ओल्चेर बोल्ने ऐपेर **खशिया डोय (डुय्यौं)** भने पनि लडाईं भिड़ाईं गरिरहे पनि यहाँनेर एक घतलाग्दो रोचक कुरा हाम्रो सामु देखा पर्न आउँछ। यिनमा विद्यामा कलामा संस्कृतिमा सामाजिक क्षेत्रमा चाहिं सुमधुर सम्बन्ध गाँसिरहेकै थियो। परस्परको आदान प्रदान चलिरहेकै थियो। यसको एक उदाहरणमा हामीले तेह्रौंते बाजे (भाजु) ले बनाएको नाटक **ऐरेर मणिक**ले **भैरवानन्द** बनाएको देख्यौं। त्यस्तै उदाहरण सिजाबाट पनि हामी पाउँछौं। सं. १४१४ मा **अभिविजयसिंह**, पृथ्वीमल्लको अभिलेखमा आफूलाई **बालसरस्वती सुमति**[2] भन्दछन्, ठीक यसैवेला अर्थात यसको चार वर्षपछि सं. १३१७ मा रामाङ्कनाटिका लेख्ने राजगुरु **रामदास**का छोरा **धर्मगुप्त**ले सोही उपाधि लिएको देखिन्छ। कतै **बालसरस्वती** कतै **बालवागीश्वर**को उपाधिले यी विभूषित छन्[3]। यो सादृश्य आकस्मिक भन्न सकिदैन। यो उपाधि यहाँ ज्यादै लोकप्रिय भएको हुँदा नै पछि भक्तपुरका

---

१) महेशराज दिनेशराज पन्त— पूर्णिमा २९ पू ३१-५६ पृ.।

२) परिशिष्ट ३।११० पृ.।

३) परिशिष्ट १९।१४४. पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा जितामित्र मल्लले आफूलाई **सुमति** भन्ने पदले सुशोभित पारेका थिए। उता तराईकी देवी **ड़ोयमाजु तलेजु** नेपालदूनमा ल्याएर भव्य मन्दिर बनाई प्रतिष्ठापित गरिए। यी देवीहरू आजसम्म धेरै भक्तिभावसंग पुजिदै छन्।

यस-अतिरिक्त यहाँका राजा प्रजाको सिम्रौनगढ राज्यसंग अरू सम्बन्ध पनि गाँसिएको हामी पाउँछौं। विशेषतः यिनको वैवाहिक सम्बन्ध पनि राम्रै चलेको थियो । **आदित्यदेव**की पत्नी **शक्तिदेव**की आमा **रुद्रम्मादेवी** तेह्रौतकै कर्णाटवंशजा थिइन्[1]। ४० वर्षभन्दा बढी समयसम्म नेपालको इतिहासमा मुख्य भूमिका खेल्न सक्ने प्रसिद्ध महारानी **देवलदेवी** पनि तेह्रौतकै थिइन्। स्थितिमल्लकी पत्नी **राजल्लदेवी** त सिम्रौनगढकै राजकुमार **जगत्सिंह**की **नायकदेवी**तर्फकी छोरी नै भइन्, दूनको पछिल्लो मल्लवंशकी जननी। यसरी पूर्वमध्यकालमा प्रतिष्ठापित उक्त दुवै राज्यको सांस्कृतिक गतिविधिको विद्याको प्रत्यक्ष प्रभाव यहाँ देखिन्छ। सं. १३९४ मा लेखिएको महीरावणवध र त्यसपछि लगातार लेखिंदै आएका **रामाङ्कनाटिका भैरवानन्द राघवानन्द मदालसा जातिस्मरण** नाटकहरू तथा **मणिककोश मानवन्यायधर्मशास्त्र** आदि ग्रन्थहरूले पनि यही कुरा प्रकट गर्छन्

---

१) *सं. गो. वं. (केशरवंशावली) १४ पत्र।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कवि-परिचय

नाटकका सम्बन्धमा यति कुरा बुझेपछि अब नाटककार कविका बारेमा पनि बुझ्नु आवश्यक हुन्छ । नाटकका रचयिता कवि जयत देखिन्छन् । नाटकको आरम्भमा सूत्रधारको मुखबाट कविपरिचय निकालिएको छ, त्यसमा जयतको विशेषण **'कविकमलभास्कर'** मात्र लेखिएको छ । अन्त्यमा आफ्नातर्फबाट परिचय दिंदा पनि उनले यही विशेषण लाएका छन् । यहाँचाहिं **पण्डित** पद विशेष छ । कविरूपी कमल फुलाउन सूर्यजस्ता अर्थात् अरू कवि-हरू उनका उपदेशबाट नै कविता गर्न समर्थ भएका थिए भन्ने यसको भाव हुन्छ । यसबाट उस समयमा उनी आफूलाई श्रेष्ठ कवि पण्डित पनि भएको दावी गर्दथे । हुन पनि यसबेला नेपालमा संस्कृतमा गद्य पद्य लेख्ने विद्वान् बिरलै थिए । संस्कृतमा पाइएका एकाध शिलालेख भ्रष्ट संस्कृतका छन् । यत्तिको नाटक लेख्नु त्यस बेलाको ठूलै उपलब्धि मान्नुपर्छ ।

यस अतिरिक्त जयतका अरू कुनै कृति फेला परेका छैनन् । यिनी स. १३६४ मा पाटनमा बस्थे । पाटनको होल नामको उत्तर बिहारका महापात्र **जयसिंह** मल्ललाई खुशी पार्न यो नाटक लेखेका थिए । यसबाट उनी पाटनको महापात्र **जयसिंहका** सभापण्डित थिए भन्ने बुझिन्छ । यसदेखि बढी यिनको परिचय पाउन पनि सकिएको छैन ।

पछि भक्तपुरमा जयस्थिति मल्लका मन्त्री **जयत** देखिन्छन् । यिनै मन्त्री जयतका लागि (**मन्त्रीन्द्रजयतस्यार्थं**) विद्वान् **मणिकले मानवन्यायधर्मशास्त्रको** नेवारी ग्रन्थ तयार पारेका थिए । **जयत** मुल्मी पछि जयस्थिति मल्लका महामात्यका रूपमा देखा परेका छन् । सूर्यविक्रम ज्ञवालीले उनै नाटककार कवि **जयत** पछि गएर मन्त्री बनेका हुन् भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठोकेर लेखेका छन्[1]। परन्तु यो कुरा ऐतिहासिक दृष्टिले विचार गर्दा मिल्दो जुल्दो छैन। यस सम्बन्धमा ती नमिल्दा कुरा निम्नलिखित छन् -

१. जयत यो शब्द जयपतिको छोटकरी प्राकृत रूप भएको बुझिन्छ। मध्यकालमा यो नाम अत्यन्तै लोकप्रिय थियो। जयत १३९४ मा कविका रूपमा प्रसिद्ध देखिन्छन्। जयस्थिति मल्लका मन्त्री जयत पहिले मुलमी पछि गएर महामात्य (महाथ)का रूपमा प्रसिद्ध हुन आएका छन्। करीब पचास वर्ष पछिका प्रख्यात मन्त्रीका रूपमा आएका जयत उनै कवि जयत भन्न मिल्ला वा नमिल्ला विचरणीय छ।

२. कवि जयतको बारेमा नाटकमा सूत्रधारको मुखबाट परिचय गराउँदा **कवि-कमल--भास्कर** (कविरूपी कमल फुलाउन सूर्यजस्ता) भनिएको छ। पुछारमा पुष्पिका जस्तो वाक्यमा पनि ठीक यही विशेषण लाइएको छ। त्यहाँ खालि कविका ठाउँमा **पण्डित** पद बढी छ। यसरी जयत कवि र पण्डितका उपाधिले विभूषित देखिन्छन्। त्यस बेलाको जमा-नामा पण्डित र कवि भनिने यिनी ब्राह्मण कुलका हुनु धेरै सम्भव छ।

३. त्यस बेला पत्यन्त नामधारी बाहुन पण्डित राजपुरोहित धेरै देखिन्छन्। पाटन मङ्गलबजारको नैऋत्य थम्बु टोलमा बस्ने **जयपति सोमशर्मा** नामक ब्राह्मणले ने. सं. ४८१ (१३१८) मा स्मृतिसमुच्चय नामको किताप लेखाएका थिए[2]। पशुपतिनाथनेरको **जयसिंहरामवर्द्धन मदनरामवर्द्धनका** पालाको एक अभिलेखमा पत्यन्त नाम भएका धेरै राजपुरोहितको पुस्तावली पाइन्छ[3]। **लक्ष्मीपति श्रीपति गणपति रहस्पति रणपति** र **जयत**

---

१) *"यो नाटकका निर्माणका समयमा जयत अरि मल्लका राज्यमा कुनै उच्च पदाधिकारी थिये। पछि ने. सं. फागुन ५०० आ. १३८० ई. मा इनी स्थिति मल्ल भादगाउँका सामन्त हुँदा उनका मन्त्री भयेका थिये। इनका पिताको नाम चन्दन वर्मा थियो। जयतका विषयमा यो कुरा इनका आज्ञाले लेखियेको मानव-न्यायशास्त्र नामक अर्को ग्रन्थका विवरणबाट चाल पाइन्छ"।*
नेपाल उपत्यकाको मध्यकालीन इतिहास २२५ पृ.

२) *हरप्रसाद शास्त्री-वीरलाइब्रेरीका हस्तलिखित ग्रन्थको वर्णनात्मक सूचीपत्र. १ भा. ६८ पृ.।*

३) *संस्कृत-सन्देश. १ वर्ष १०-११-१२ संयुक्ताङ्क ४६-४८ पृ.।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि देखिन्छन् । तर यी जयत धेरै पछिका हुँदा हाम्रा कवि जयतसंग साम्य राख्न गाह्रो छ । हाडिगाउँ (**विजयरथपट्टन-वृजिकरथ्या**) मा उमामहेश्वर स्थापना गरी लेखेको अभिलेखमा एक जयपति शर्माको वर्णन छ[1] । यी पनि **ने.** सं. ५३४ (१४७१) का हुँदा हाम्रा कविसंग यिनको सम्बन्ध बाँध्न सकिंदैन ।

४. जयत **महाथ (महामात्य)** संग एकात्मकता स्थापित गर्न खोजेकोले अब ती मन्त्रीका बारेमा केही विचार गरौं । गोपालवंशावलीमा जयत मुलमीका बारेमा धेरै ठाउँमा उल्लेख गरिएको छ । सर्वप्रथम जयतको उल्लेख लडाईंमा जाने भारदारको वर्णन गर्दा ने. सं. ४७० (१४०६) मा आउँछ[2] । पाटनका **बालसरस्वती धर्मगुप्तले ने.** सं. ४८० (१४१७) मा राम ङ्कनाटिका बनाएका थिए[3] । सं. १४२४ मा जयस्थितिमल्ललाई यो नाटक देखाइयो । यसको प्रबन्ध जयत मुलमीले गरेका थिए[4] । सं. १४२७ मा जयस्थिति मल्ललाई ठूलो स्वागत गरी पाटनमा प्रवेश गराइयो । त्यहाँको प्रबन्ध पनि यिनै जयतले गरेका थिए[5] । विस्तारै आफ्नो शक्ति बढाउँदै लगेर जयस्थिति मल्लका अत्यन्त प्रियपात्र बनेका जयत मुलमी पदबाट बढुवा हुंदै गएर महामात्य बने[6] । जयत स्थिति मल्लका साह्रै निकटका मन्त्री महामात्य (**महाथ**) भएका हुंदा यिनैका सल्लाहाले स्थिति मल्लले स्थिति बन्दोबस्त बाँधेका थिए । त्यो कामका लागि धेरै पण्डित विद्वान्को सहयोग लिइएको थियो । यिनमा मुख्य **मणिक** थिए । यिनले त जयतलाई बुझ्न सजिलो होस् भनेर **नारदस्मृति**को नेवारीमा अनुवाद गरिदिए[7] । मन्त्रीका छोरा पढाउन भनी **अमरकोशको** अर्थ पनि नेवारी भाषामा लेखिदिए[8] ।

---

१) मेडिवल नेपाल ३. ५१ पृ.
२) गोपालवंशावली ५२ पत्र ।
३) बेण्ड़ाल—केम्ब्रिज़मा रहेका हस्तलिखित संस्कृत बौद्ध ग्रन्थको सूचीपत्र १८८३ ई. एडीडी. १४०६ । १६० पृ. ।
४) गो. वंशा. ५४ प. ।
५) उही ५६ पत्र ।
६) उही ५९ पत्र ।
७) हरप्रसाद—सूची १ भा. ४३-४४ पृ.
८) द्रष्टव्य बेण्ड़ाल-सूचीपत्र ए. डो. डी. १६९८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. जयतको पुरा नाम जयत मुलमी थियो । यिनी आफूलाई क्षत्री पनि भन्थे र वर्मा लेख्थे । वर्मा क्षत्रियको नामान्तमा लाग्ने पद हो भन्ने कुरा प्रसिद्ध छ । कतै कतै यिनलाई **जयत ब्रम्म** भनिएको पनि छ । त्यो पनि वर्मन्कै अपभ्रंश रूप हो, ब्राह्मणको होइन । ब्राह्मणको प्राकृत रूप **बम्भन** वा **बंहन** हुन्छ । यिनका बाबुको नाम **चन्दन वर्मा** थियो । जयतलाई मन्त्री मन्त्रीन्द्र अमात्य महामात्य (**महाथ**) आदि लेखिएको र मन्त्रणा गर्नामा देवगुरु बृहस्पतिलाई पनि लमक लाउने धेरै दान दातव्य दिने आफ्ना स्वामी जयस्थिति मल्लको कार्य गर्नमा हनूमान् जस्ता पनि भनिएको छ[1]

६. १३९४ मा पाटनका महापात्र **जयशीह** मल्ललाई रिझाउन नाटक बनाउने कवि पं. जयतसंग सं. १४०७ देखि लडाइँ भिडाइँमा संलग्न हुँदै गएर मुलमी उपाधिले कहलिएका स्थिति मल्लका प्रियपात्र बन्दै गएर पछि बढेर १४३७,३८ मा महामात्य (**महाथ**) पदमा प्रसिद्ध भइसकेका जयतसंग एकात्मकता स्थापित गर्नु संभव र मिल्दोजुल्दो पनि देखिदैन ।

७. नामसादृश्यले यसमा तादात्म्य स्थापना गर्ने हो भने यस्ता नाम भएका व्यक्ति त्यस बेला अरू पनि देखिन्छन् । बाहुनमा जयपति शर्मा जयत शर्माहरूको उल्लेख माथि गरियो । यस अतिरिक्त पाटनको १४४८ को अभिलेखमा दानपति मध्येमा एक **जगतराज**[2] र १४५१ को बनेपाको अभिलेखमा यजमानहरूमा **जगतराज** देखिन्छन्[3] । नालाको १४६३ को अभिलेख मा **शक्तिसिंहरामहरू**का पालामा **जगत** मुलमीको प्रतिष्ठा भएको देखिन्छ[4] । यसै सालको फर्पिङ्गको अभिलेखमा **शङ्खेश्वरी**को मन्दिर जीर्णोद्धार र लक्षहोम गर्ने यजमानहरूमा एक भाइ **जगतसिंह** छन्[5] । १४६९ को ज्योतिर्मल्लको अभिलेखमा जयलक्ष्मीका छोरा **जगतराज** छन् । उनकी पत्नी जयतलक्ष्मी छन्[6] । यसरी लोकप्रिय भएको यो नाम त्यस बेला सर्वव्यापी थियो । यिनमा सामञ्जस्य जोड्न प्रत्यक्ष प्रमाण नभई अनुमानका भरले हुँदैन ।

---

१) हरप्र. सूची १ भा. ४४ पृ.
२) रेग्मी—मेड़िवल नेपाल ३. ३२ पृ.
३) उही ३५ पृ. ।
४) उही ४१ पृ.
५) उही ४२ पृ.
६) उही ४९-५० पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. अन्त्यमा मन्त्री जयत र कवि जयतको एकता सिद्ध गर्नै समयले पनि दिंदैन। लेखाइमा पनि कुनै सम्बद्ध सूत्र फेला पर्दैन। अर्को मुख्य कुरा मन्त्रीन्द्र जयतका लागि **मणिकले मानवधर्मशास्त्र** नेवारीमा लेखे। उनका छोरा पढाउन अमरकोशको टीका पनि नेवारीमै लेखे। कवि जयत नै मुलमी महाथ जयत भए उनका लागि नेवारी भाषाको प्रयोगको दरकारै पर्ने थिएन। उनी संस्कृतमा पनि प्राकृतमा पनि लेखपढ गर्न सक्तथे। संस्कृतका प्राकृतका विद्वान्‌का लागि **नारदस्मृति** बुझ्न नेवारीमा लेख्नुपर्ने दरकार के? यसको स्पष्ट अर्थ मन्त्री जयत नेवारवर्गका थिए। संस्कृत प्राकृत नबुझ्ने हुँदा उनलाई स्थानीय नेवारी भाषाको आवश्यक पर्न आयो र विद्वान् मणिकले **धर्मशास्त्र**को नेवारी अनुवाद गरे।

ऐतिहासिक विमर्श

कवि जयत सिम्रौनगढको हरसिंहदेवको राज्यमा पढेर अथवा मधेश तराईतिरै बढेर पछि नेपालदून आएका थिए भन्ने संकेत यो नाटकको भित्री अध्ययनले हामीलाई दिन्छ। एक त त्यसबेला यस कोटिका कवि यहाँ देखिएनन्, दोस्रो यिनको नाटकको भित्री बोली धेरजसो मधेशकै प्रतिनिधित्व गर्छ। कतै कल्पवृक्षका फूल फुल्छन् भने कतै आँपका मुजुराले वसन्तको शोभा बढाइरहेछन्। वसन्तको वहारमा कोइलीको कुहुकुहुले कामिनीको मनलाई कामवासनाका काँढाले कोटयाइरहेको हुन्छ। भतभती पोल्ने ग्रीष्मका घामले उखरमाउलो गर्मीले मुटु छेड्ला जस्तो हुन्छ, भने मध्याह्नमा ननुहाई सुखै पाइँदैन। के पुरुष, के स्त्री, मध्याह्नमा ननुहाइ छाड्दैनन्। विहेको रक्षावन्धन नेपालमा साधा बाँद्धछन्। मधेशमा रक्षावन्धनमा धेरै सजिसजाउ हुन्छ। ऋषितर्पणीको रक्षावन्धन अहिले पनि उहाँ निकै सिंगारिएको विशेष किसिमको हुन्छ। कविको कौतुक अनेक रत्नाङ्कित थियो। हावाको वढी महत्त्व मानिएको छ, गर्मी प्रदेशमा नै हावाको बढी महत्त्व हुन्छ। यस बाहेक हात्तीका गण्डस्थल कन्याउँदा बोक्रा खुइलिएका श्रीखण्ड चन्दनका बोट, छाल उछालिएको समुद्रको तीर, सुखुमेलको खेती, आदिको वर्णन पनि यहाँ परेको छ। यो चाहिं कविले निर्दिष्ट स्थानको वर्णनको प्रसंगमा पारेका हुन् भन्न पनि सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरसिंहदेवका समकालिक कविशेखर **ज्योतिरीश्वर**ले बनाएको **वर्णरत्नाकर**का केही उक्तिले यो नाटकमा साम्य राख्तछन्, शहरको वर्णनमा बाजा बजिरहने नाचगान भइरहने कुरा कविशेखरले पनि लेखे, जयतले पनि लेखे । उपसिद्धि प्राकृतसिद्धि महासिद्धि आठ आठ हुन्छन् भनी **कविशेखरले** लेखेका छन् । महीरावणकी एक सेविका यी सबै सिद्धि पाएकी छ भन्ने कुरा कविले देखाएका छन् ।

मध्याह्नमा तरुनीहरू जलक्रीडा गर्छन् भनी कविशेखरले लेखे, जयतले मध्याह्नमा संगिनीसाथ युवतिहरूले पौडी खेलेको देखाए । वसन्त ऋतुको वर्णन पनि दुवैको समान छ । श्मशान र श्मशानमा रहेका भैरव देवीहरूको डरलाग्दो विस्तृत वर्णन कविशेखरले गरेका छन्, यसैबाट हाम्रा कविले अलिक संक्षिप्त रूपमा त्यो वर्णन आफ्ना नाटकमा पारेका छन् ।

यी यस्ता सम्पूर्ण नाटकको भित्री अध्ययनले उनलाई मधेश तराई तेह्नौत प्रभावित कवि हुन् कि भन्न हामीलाई मन लाग्छ । ऐतिहासिक पृष्ठ-भूमिले पनि हामीलाई यही कुरा भनाउन लाउँछ । यहाँ भन्दा बढेर यकीन गरेर भन्ने हामीसंग अहिले अरू प्रमाण छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक-परिचय

तात्कालिक अवस्था

महापात्र जयसिंहका आश्रयमा रहेर जयतले यो नाटक लेखेका थिए भन्ने कुरा माथि पनि भनियो। जयसिंह पाटनका उत्तर विहारका रुप्त कुटुम्बका परिवारमा जन्मेका होल विहारका प्रधानाङ्ग थिए। यिनले आफूलाई **मल्ल** पनि लेखेका छन्। यिनलाई खुशी पार्न जयत कविले यो नाटक रचना गरेका थिए। वि. सं. १३६४ श्रावण कृष्ण १२ शनिवारका दिन स्वयं यिनै महापात्र **जयसिंह मल्लले** स्वहस्ताक्षरले नाटक सारिसकेका थिए। पुस्तक आफ्नै लागि उनले लेखेका थिए। यिनका अक्षर राम्रा थिए। तर संस्कृत चाहिँ राम्रो जान्दैनथे। तसर्थ म शास्त्रकर्ता पनि होइन, विचारक पनि होइन, जस्तो देखें त्यस्तै लेखें भनी लिपिकरले बोल्ने भाषा पनि बोलेका छन्। तर कनीकुथी संस्कृत बुझ्दथे, पढ्दथे पनि। बालक मूर्ख विदेशीलाई पुस्तक दिदै ननिनू, पानी तेल चोरहरूबाट पनि बचाउनू भन्ने उनको उक्ति साह्रै घतलाग्दो छ। आज पनि पुस्तकसंग्रहीले अनुसन्धाताले यिनै कुरामा सचेत हुनु परेको छ। विशेषतः विदेशीबाट र तस्करबाट पुस्तकको सुरक्षा आवश्यक भएको छ। यी जयसिंह वर्मा जाँगरिला थिए। महापात्रको पदमा रहेर पनि पढ्ने लेख्ने काम गर्दथे। यिनले लेखेका अरू पुस्तक पनि पाइन्छन्।

यिनले आफैले भागेका राजालाई थामेको कुरा सगर्व लेखेका छन्। **भग्नराजस्थापनाचार** (चार्य) (भागेका राजाको स्थापना गर्ने) **शरणागतवज्रपिञ्जर** (शरण पर्न आउनेका लागि वज्रको पिंजडा जस्ता) भन्ने विशेषण यिनका लागेका छन्। यो कुरा बुझ्न त्यस बेलाको राजनीतिक स्थिति अलिकति बुझ्नु आवश्यक छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विक्रमको चौथों शतकमा धेरै लामो समयसम्म सिंहासनमा सुहाउँने राजा **अनन्त मल्ल** थिए। यिनको समयका सं. १३३४ देखि १३६४ सम्मका अभिलेख पाइन्छन्। तर यिनी राजकाजमा त्यति सक्रिय थिएनन्। उपराज वा युवराजको वेशी शक्ति हुन्थ्यो। यिनका पालामा शक्तिका लागि **भीम-देवका** छोरा **आदित्यदेव** र **आनन्ददेवमा** सङ्घर्ष चल्यो। आदित्यदेवले भाइलाई पलाञ्चोकमा थुनामा राखेर राजकाज चलाएका थिए। सं १३४६ मा ४४ वर्षको उमेरमा आदित्यदेवको मृत्यु भयो। यसपछि आनन्ददेव कैदबाट उम्किन खोजे। तर आदित्यदेवकी रानी **विरम्मादेवी** छोरा **शक्ति-देव** पनि शक्तिशाली थिए। शक्तिदेव पलाञ्चोकमा गई काकालाई फेरि कैदमा हालन समर्थ भए। सं. १३६४ मा अनन्त मल्ल सारा श्रीसम्पत्ति पशु-पतिलाई चढाएर जोगी बने। एक वर्षपछि यिनको मृत्यु भयो। गद्दीमा आनन्ददेव बसे। शक्तिदेवले मावली खलक तेह्रौंतेको सहायता मागे र उनी-हरूद्वारा उपत्यकामा उत्पात मच्चाए। यहाँबाट धन सम्पत्ति सोहोर-साहार पारेर तेह्रौंतेहरू तराईतिर लागे। शक्तिसिंहले तात्कालिक रीस फेरे पनि उनको यहाँ केही जोर चलेन। **तुङ्ग मल्लका** छोरा **रुद्र मल्ल** वलेले उपराजको ताजमा विराजमान भए। त्यस वेला नेपालदूनमा यिनी ठूला शक्तिशाली भएर निस्के। छेउछाउका किल्ला कब्जा गरेर महापात्रलाई तह लाए। यहाँ-सम्म कि केही वर्षमै अर्थात् सं. १३७६ चैत्रमा मूल राजगद्दीमा पनि आफ्नै नाताका मान्छे अरि मल्ललाई राख्न समर्थ भए। यी रुद्र मल्लको इशारामा नाच्तथे। यस वेला दुवै राजा उपराज मल्ल वंशका भए। यिनका पालामा **गयासुद्दीन तुगलकले** सं. १३८१ मा सिम्रौनगढ़मा आक्रमण गरी सो राज्य नष्ट भ्रष्ट पारिदिए। **हरसिंहदेव** भागेर पूर्वतर्फको पाहाडको घाँच **तीनपाटनमा** गई बसे। सं. १३८२ माघमा **हरसिंहदेवको** त्यहीं मृत्यु भयो। उनका परिवार भाइ भारदारले नेपालदूनमा प्रवेश पाए।

सं. १३८३ आषाढमा रुद्र मल्लको मृत्यु भयो। उनका छोरा थिएनन्। छोरी **नायकदेवी** गद्दीको हकदार भइन्। उनका लागि काशीबाट डोला खोजेर वर ल्याइयो। **हरिश्चन्द्रसंग** **नायकदेवीको** र **कामाक्षादेवीको** उनैका भाइ **गोपालचन्द्रसँग** सं १३८७ मा विहे भयो। परन्तु शक्तिका लागि दरवारमा सङ्घर्ष चलेकोले ५ वर्ष पछि नै १३९२ मा हरिश्चन्द्रदेवको विषद्वारा निधन गराइयो। आफ्ना दाजुको मृत्युपछि भाउज्यूको हकवाला भएर गोपालचन्द्र अघि सरे। शत्रुलाई दमन गरेर भाउज्यू साथ लिएर केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन राजकाज चलाए पनि। तर तेह्रौंतेको शरणार्थी दल शक्तिशाली भएर निस्कियो। यता धेरै भारदारहरू पनि उसको पक्षमा हुँदा रानीलाई र राजसत्तालाई हात लाउन अघि सर्‍यो। गोपालचन्द्र भक्तपुरमा टिक्न नसकी सं. १३६४ को जेष्ठ औंसीमा पाटनपट्टि भागे। पाटनमा यस बेला हाम्रा नाटकका लेखक जयसिंह मल्ल महापात्र थिए। जेष्ठ औंसीको भोलिपल्ट पाटनमा राता मच्छिन्द्रनाथको जात्रा थियो। सबै महापात्र भाइभारदार भेला भएका थिए। सबैको सल्लाहले जयसिंहले गोपालचन्द्रलाई शरण दिए। पाटनको सहायताबाट बचेर यसपछि चार वर्षसम्म यिनले राजकाज चलाए। सं. १३६७ मा धोका दिएर जोगराम मुलमीका सहयोगमा रहेका गोपालचन्द्र काटिए। यसपछि निःशङ्क भएर सिम्रौनगढका राजकुमार **जगत्सिंहले** अधिकार हात लाए। **नायकदेवी**लाई पनि हात पारे। यसपछि सात वर्षजति रानीको पोइ बनेर यिनले शासन चलाए। परन्तु ल्याइते रानीका पति कर्णाटवंशज राजकुमारको यो चकचकी चलेको देख्न नसक्ने भक्तपुरेको अर्को दलले पछि उनलाई पनि थुनेर अधिकार खोस्यो। नायकदेवीपट्टि **जगत्सिंह कुँवर**तर्फबाट सं. १४०४ मा एक छोरी जन्मिन्। छोरी जन्मेका दश दिनमै नायकदेवीको पनि मृत्यु भयो। छोरीको नाम थियो राजल्लदेवी। यिनैका पति भएर पछि जयस्थिति मल्लको उदय भयो।

यता मूल गद्दीमा अरिमल्ल विराजमान थिए। सं. १४०१ आश्विनमा यिनको मृत्यु भयो। अनि केही वर्ष राजगद्दी खालि नै रह्यो। पछि सं. १४०४ मा दुवै राजकुलको सल्लाहले आनन्ददेवका मठ्या छोरा राजदेव राजा बनाइए।

उपर्युक्त संक्षिप्त राजनैतिक स्थितिको सिंहावलोकन गर्दा राज परिवारमा उथलपुथल हुँदा पनि पाटनका सात परिवारका (सप्तकुटुम्बज) महापात्रहरू आफ्नो अस्तित्व र अधिकार जमाएर बसेका थिए। भक्तपुरबाट भागेर आएका गोपालचन्द्रलाई शरण दिएकाले **'शरणागतवज्रपिञ्जर'** भन्ने जयसिंहको विशेषण सार्थक छ। यिनैका सहायताले गोपालचन्द्र यसपछि ४ वर्ष बचेका हुँदा **'भग्नराजस्थापनाचार्य'** भन्नु पनि यिनको उचितै ठहर्छ। **गोपालचन्द्र** सं. १३६४ जेठमा भागेर पाटन जयसिंहकहाँ आएको बेला बुङ्मतीको राता मच्छिन्द्रनाथको जात्रामा यो नाटक देखाइएको पनि थियो। त्यस पछि १३६४ श्रावणमा जयसिंहले यो नाटकको किताप सारेका पनि थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब जयसिंहका बारेमा फैलिएको भ्रम निवारण सहित केही स्पष्टीकरण प्रस्तुत गर्दछु । जयसिंहको प्राकृत रूप **जयसीह** हो । यस वेलाका **अपभ्रंशपाठावली** हेर्दा यो कुरा स्पष्ट हुन्छ । उनले आफूलाई सबै ठाउँमा जयसीह मल्ल नै लेखेका छन् ।

यिनी पाटनका उत्तर विहारका शक्तिशाली महापात्र थिए । तर यिनको राजकाजमा भन्दा साँस्कृतिक गतिविधिमा बढ्ता रुचि भएको देखिन्छ । यिनी ज्योतिषी पनि थिए भन्ने बुझिन्छ । यिनले **महीरावणवध** बाहेक ने. सं. ४७० भाद्रकृष्ण ३ शुक्रवारमा **खण्डखाद्यक** ने. सं. ४६६ माघकृष्ण ५ सोमवारका दिन **हरिश्चन्द्रोपाख्यान** लेखेका थिए भनी लुशियानो पेटेकले लेखेका छन्[1] । यी बाहेक **भोजदेवसंग्रह** वा **अब्दप्रबोध** पनि यिनले लेखेको कुरा डिल्लीरमण रेग्मीले थपेका छन्[2] । यसरी चारवटा पुस्तक मात्र यिनले सारेका थिए भन्ने कुरा जानकारीमा आएको थियो । हाल मैले अनुसन्धान गर्दा उनले सारेका सात पुस्तक पाएको छु । ने. सं. ४७१ श्रावण शुदि चतुर्थीयुक्त पञ्चमी तिथि बिहीवारका दिन यिनले **बृहज्जातक-टीका** सारिसकेका थिए । केशरपुस्तकालयको १९६ सं. को **सुमतिकरण**को किताप पनि यिनकै हस्ताक्षरको हो । सोही पुस्तकालयमा रहेको ८६ सं. को **रामाङ्कनाटिका** पनि यिनको पुस्तक हो भनिएको छ । सो नाटिका ने. सं. ४८० (सं. १४१७) मा **रामदास**का छोरा **धर्मगुप्त**ले बनाएर आफैले लेखेका पनि थिए । यिनै **जयसिंह**ले सारेका प्रतिबाट पछि १४३२ मार्ग वदि ८ आइतवारमा **टुकुजु**ले लेखेका थिए[3] ।

त्यसमा यो पुस्तक उनै सतभैरा खलकका उत्तर विहारका महापात्र जयसिंह मल्ल वर्माको हो भनिएको छ । अन्त्यमा लेखकले लेख्ने श्लोक हेर्दा पनि जयसिंहको हो भन्ने कुरा बुझिन्छ । **सुमतिकरण**को अन्त्यको ब्रह्मा विष्णु महेश्वरको सम्झना यसमा पनि उस्तै छ । यसबाट **रामाङ्कनाटिका** पनि यिनले लेखेको र सोही प्रतिबाट टुकुजुले सारेको बुझिन्छ । यिनका हस्ताक्षरका अरू पुस्तक पनि पाइने सम्भावना नभएको होइन । प्राप्त यी

---

१) पेटेक—मिडिवल हिस्ट्री अफ् नेपाल १९५८ ई. १०६ पृ. ।

२) रेग्मी—मिडिवल नेपाल १ भा. १९६५ ई. २९६–९७ पृ. ।

३) जयसीहले सारेका सबै पुस्तकका अन्त्यका पुष्पिका वाक्यको उध्दरण परिशिष्टमा दिएको छु ।
द्रष्टव्य—परिशिष्ट, १३–१९ । १३७-४५ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तकमा दुइ पुस्तक नाटकका एक आख्यान र चार पुस्तक ज्योतिष विषयका छन् । यसबाट साहित्यमा रुचि राख्ने यी महापात्र ज्योतिषी पनि थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

पाटनमा त्यस वेला मानिगलदेखि दक्षिणको विहार र उत्तरको होल विहार प्रख्यात थिए । ती विहारमा सतभैयाका खलकका तीन भाइ प्रमुख महापात्रहरूको प्रभुत्व चल्दथ्यो[1] । उत्तर विहारका प्रधान महापात्र जयसिंह-मल्लले आफ्ना पुरुषार्थले भागेर आएका राजालाई शरण दिए र फेरि राज्य-सत्तामा फिर्ता गराए, पाटनमा आँखा लाउने लुब्ध राजालाई तह लाएर डटेर बसेका पनि हुँदा उनले '**भग्नराजस्थापनाचार्य**' '**लुब्धराजगजाङ्कुश**' '**शरणागतवज्रपिञ्जर**' (भागेका राजालाई स्थापना गर्ने, लोभी राजालाई आङ्कुशे लाउने, शरण पर्नेको रक्षा गर्ने,) भन्ने सार्थक विशेषण लाएका थिए । पछि गएर यी विशेषण उपाधिसरह अरू महापात्रहरूले पनि लाउन लागे । उत्तर विहारका हुन् दक्षिण विहारका हुन् शक्तिशाली महापात्रले यो विरुदावली धारण गरेको देखिन्छ । (ने सं. ५४७ (सं. १४८४) ज्योतिर्मल्लका पालाका दक्षिण विहारका महापात्र राजसिंह मल्लले पनि यो उपाधि लाएको देखिन्छ । ने. सं. ६३५ (१५७२) मा यक्षमल्लका छोराहरूका शासनकालमा पनि पाटनका महापात्रको प्रशस्तिमा उपर्युक्त उपाधि प्रयुक्त भएको देखिन्छ । अरू त के धेरै पछिका थैकुली महापात्र **विष्णुसिंह उद्धवसिंहहरूले** पनि यी उपाधि धारण गरेके थिए ।

यसरी चौधौं शताब्दीमामा नेपालमा राजव्यसन परेको वेलामा पनि राजकाजमा प्रमुख भूमिका खेल्दै आएका पाटनका महापात्रहरू सम्पूर्ण रूपले राजाको अधीनमा आएनन् । स्थितिमल्ल ज्योतिर्मल्ल यक्षमल्लले पनि यिनको सत्तालाई समाप्त पारेर उखेल्न सकेनन् । पछि यक्षमल्लका छोराहरूले राज्य टुक्र्याएपछि पाटन एक स्वतन्त्र राज्यकै रूपमा आयो । यसका शासक महापात्रका रूपबाट विकसित बनेर नृपति पदमा पुगेका थिए । काठमाडौंका राजा शिवसिंहले पाटन राज्य जितेर आफ्नो अधिकार कायम गरे पनि उनका छोरा नातिले यो राज्य काठमाडौंबाट छुटाएर अलग्गै

---

१) *त्रिभिः प्रधानैः पात्रैश्च पालितो ललितापुरः*
श्रीमान् मणिकुमारश्च भाति सप्तकुटुम्बकैः
ने. सं. ५६७ यक्षमल्लका पालाको अभिलेखबाट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शासन चलाए । पछि राज्यव्यमन परेर राजाहरू कमजोड भएपछि यहाँका प्रधान काजीहरूको शक्ति बढ्यो । यिनीहरू राजा फेर्ने राजा थाप्ने शक्तिमा आए । पहिलेका महापात्रहरूले लिएका भागेका राजालाई प्रतिष्ठापन गर्ने लुब्ध राजालाई आङ्कुशे लाउने शरण पर्नेको रक्षा गर्ने आदि विशेषण यी पाटनका प्रधानहरूले फेरि सार्थक पारे । यस किसिमले मन्त्री भारदारले राजालाई प्रजालाई दवाउने परम्परा पाटनमा प्राचीनकालदेखि नै वस्तै आएको देखिन्छ । यस्तै काठमाडौंका राजाले मन्त्री भारदार र दुनियाँदारलाई पनि काबूमा राखी शासन गर्ने र भादगाउँका राजाले प्रजाको सल्लाहले साहचर्यले मेलले शासन चलाउने परम्परा रहेको कुरा **पृथ्वीनारायण**ले अनुभव गरेको एक किसिमले सही नै थियो ।

जयसीह मल्लको चर्चा गर्दा उनी राजकाजी मात्र नभएर विद्याव्यासङ्गी पनि भएको कुरा उनले गारेका कितावबाट देखाइयो । उनले गारेको **रामाङ्कनाटिका**को चर्चा ढुकुजुले गरे । सो नाटिका उदीयमान राजा जयस्थिति मल्ललाई देखाएको कुरा पनि गोपालवंशावलीमा उल्लिखित छ । सं. १४३४ जेठमा जयस्थिति मल्लका छोरा धर्ममल्लको व्रतवन्ध हुँदा देखाउन भनी **मणिक** कविद्वारा **राघवानन्द** नामक नाटक बनाइएको र खेलाइएको पनि थियो । यसै वेला स्थितिमल्लले भारदारको पजनी गरेको **महाथ जोधापति मुलमी**हरूको अदलावदली भएको र बालरामायण नाटक देखाएको कुरा पनि गोपालवंशावलीमा लेखिएको छ । **बालरामायण** भनेको उही मणिकको **राघवानन्द** नाटक हो भन्ने कुरा बुझिन्छ[1] ।

सं. १४१७ मा बनेको **रामाङ्कनाटिका**को पनि **चतुरङ्करामायणक** नामले प्रसिद्धि थियो । यो वारंवार रङ्गमञ्चमा देखाइन्थ्यो । यसका धेरै संस्करण हुँदै रहे । **रामायण नाटक** नामले अर्को संस्करण देखिन्छ, सो संस्करण **सोलङ्कीकुल**का फर्पिङ्गका शासक **सूर्यसिंह** राउतहरूको अनुमतिले त्यहीको **हरिशंकर**को रथजात्रामा देखाउन तयार पारिएको थियो[2] ।

ने. सं. ५०१ (१४३७) मा पाटनका नायक **जसकीर्तिराज** (राम) को नयाँ दुर्ग (**क्वाठ**) प्रवेश गर्ने (घरपैंचो) को उत्सवमा पनि यो देखाइएको

---

१) द्रष्टव्य माथि ३२ पृ. ।
२) द्रष्टव्य माथि ३३ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थियो । रामाङ्कनाटिकाको प्रति महापात्र जयसिंहका पालामा गोभाजु **अमर चन्द्र** द्यौभाजु **अभय** दुइ जनाले सारेका थिए[1] ।

पाटनका महापात्रहरूको विहावारी सम्बन्ध पनि तात्कालिक राजपरिवारसंग हुने गर्दथ्यो । ललितपुरका सतभैया खलक पात्रका पदवीले सम्वोधित हुन्थे । ह्लोलविहारका महापात्र जयसीह मल्ल वर्मा भएकै वेला सं. १४१७ मा यहींका पात्रवंशी **रणज्योति**को एक अभिलेख प्राप्त भएको छ[2] । यसमा यिनलाई ह्लोलविहारका प्रधानाङ्ग भने पनि पात्र मात्र भनेकोले यी जयसीह मल्लकै परिवार भित्रका एक सदस्य भएको बुझिन्छ ।

यिनै जयसिंहका वारेमा चाहिं इतिहासमा धेरै भ्रम फैलिएको हुँदा प्रसङ्गवश त्यसतर्फ पनि अलिकति विचार गर्नुपरेको छ । महीरावणवध लेख्ने जयशीहले रामाङ्कनाटिका पनि लेखेका थिए भन्ने कुरा माथि लेखियो । सो नाटकको १४३७ मा तयार पारिएको संस्करणमा महापात्र जयसिंहको पनि वर्णन गरिएको छ । यी दुईमा सामञ्जस्य त संभव छैन जयसीह ह्लोल नामक उत्तर विहारका महापात्र थिए, यी जयसिंह दक्षिण विहारका महापात्र । तर यहाँनेर आश्चर्यको कुरा चाहिँ डिल्लीरमण रेग्मीले यी जयसिंहलाई पाटनलाई छुट्टै शासन गर्ने आफूलाई राजासह्ह मान्ने महापात्र कुलका **विष्णुसिंह** का मूल पुरुष प्रपितामह मानेका छन्[3] । जयसिंहका छोरा **कीर्तिसिंह** कीर्तिसिंहका छोरा **कुसुमसिंह** कुसुमसिंहका छोरा **विष्णुसिंह** भन्नै कुरा ता इतिहासमा प्रसिद्धै छ । तर रामाङ्कनाटिकामा उल्लिखित यिनै महापात्र जयसिंह विष्णुसिंहका पुर्खा मान्नु चाहिं अत्यन्त नमिल्दो कुरा हो । यसै कुरालाई सखेडा मानी रामाङ्कनाटिकाका सम्पादकले पनि यिनै जयसिंहलाई विष्णुसिंहका पुर्खा भन्ने कुरा आफ्नो उदाहारमा व्यक्त गरेको पाइन्छ[4] । रेग्मीले लेखेकै कुरा मानेको भए पनि जयसिंहको इतिहास आजसम्म कसैले भेटाएका

---

१) यसैबाट सारेको आधुनिक प्रतिको आधारबाट गोविन्दप्रसाद भट्टराईको सम्पादनमा ने. रा. प्रज्ञाप्रतिष्ठानबाट यो प्रकाशित भएको हो ।

२) तल परिशिष्ट २० द्रष्टव्य ।

३) डिल्लीरमण रेग्मी—मेडिवल नेपाल १– भा. ४४६ पृ. ।

४) गोविन्दप्रसाद भट्टराई—रामाङ्कनाटिका 'उदाहार' राजकीय प्रज्ञाप्रतिष्ठान १२ पृ. । यहाँ सूर्यविक्रम ज्ञवालीले पनि यिनै जयसिंहलाई विष्णुसिंहका पुर्खा मानेको कुरा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेनछन्, यस्तो स्पष्ट उल्लेख छदाछदै पनि यिनको इतिहास आजसम्म अन्धकारमै थियो भनी यो कुरालाई नयाँ खोजीको विषय बनाएको छ। अरू उपोद्घात लेख्नेले त नायक **जसकीर्तिराज**लाई र महापात्र **जयसिंह**लाई सुद्धा एकै व्यक्ति बनाउने चेष्टा गरेको देखिन्छ[1]।

तर यो पनि नमिल्दो कल्पनामात्र देखिन्छ। जसकीर्तिराज र जयसिंह एकै व्यक्ति होइनन् भन्ने कुरा सो नाटकको प्रस्तावना र अन्त्यका वाक्य पढ्ने वित्तिकै थाहा हुन्छ, एक नायक थिए, अर्का दक्षिण विहारका महापात्र। अझ यिनी पात्रवंशका श्रेष्ठ पनि मल्लवंशी पनि थिए। यही प्रमाणले विष्णुसिंहका पुर्खा यी थिएनन् भन्न सकिन्छ। पाटनका शासक विष्णुसिंहको वंश मल्ल थिएन। भए त्यस्तो प्रतिष्ठित राजथर यिनले छोड्ने कुरै थिएन। बरु वैश्यकुलकी कन्यासंग विवाह गरेको कुरा गौरवसंग लेखेका थिए। विष्णुसिंहले आफ्नी आमालाई वैश्य कुलकी गहना जस्ती (**विशां वंशे भूषा**) भनी वर्णन गरेका छन्। अर्को कुरा ने. सं. ५०१ (१४३७) पौषमा जयसिंह मल्ल पूर्ण समर्थवान् शासकका रूपमा पाटनको दक्षिण विहारमा विद्यमान थिए। **कुसुमसिंह**हरू पछि यक्ष मल्लका छोराका पालामा देखिन आउँछन्।

कुसुमसिंहका जिवा **जयसिंह** चाहिं पाटन **वंथुनिह्म**का पात्र **ऐंकुली वर्मा**का छोरा थिए। ने. सं. ५३५ (१४७२) मा **ऐंकुली वर्मा**ले पत्नी **मदनलक्ष्मी** बालक छोरा **जयसिंह** सहित भएर शिवरात्रिमा शिवपूजा गरी गूठीसमेत राखेका थिए। ने. सं. ५४७ (१४८४) मा **ऐंकुली** वर्माकी पत्नीले पूर्णिमा व्रत गरेकी थिइन्[2]। **वंथुनिम्ह**का **ऐंकुली** वर्मा पहिले साधारण पात्र थिए। यिनका वंशजको पाटनमा राजप्रतिष्ठा भएको देखिए पनि कीर्तिसिंहका पालादेखि कीर्ति फैलिएको अभिलेखमा लेखे पनि यक्ष मल्लको सेखपछि यिनको बढी प्रतिष्ठा भएको थियो। सं. १६०५ भाद्रमा तीन राज्यको मेल भई धर्मपत्र हुँदा काठमाडौं भादगाउँका राजाहरू **ठाकुर** भनिएका र पाटनका विष्णुसिंह **भारो** भनिएका छन्[3]। सं. १५६३ वैशाखमा यिनी

---

१) *चूडानाथ भट्टराय— रामाङ्कनाटिका उपोद्घात-क. ख पृ।*
२) *रामजी तेवारीसमेत—अभिलेख संग्रह १० भा. ३-४ पृ.।*
३) *रेग्मी—मेडिवल नेपाल ३ भा. १०८ पृ.।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिगलका दक्षिण ज्येष्ठ विहारका प्रधान महापात्र भनिएका छन्[1]। यसरी महापात्रकै रूपबाट राजाको शक्ति प्रतिष्ठा प्राप्त गरी नृपति भूपति कहलिएका पाटनका यी शासकहरूको इतिहास प्रथम इतिहाससंशोधनको रूपमा सर्वप्रथम हामीले प्रकाशमा ल्याएका थियौं[2]।

उपर्युक्त प्रमाणबाट पन्ध्रौं शताब्दीको चौथो चरणमामात्र जयसिंहको प्रतिष्ठा भएको देखिन्छ। यस कारण रामाङ्कनाटिकामा वर्णित महापात्र जयसिंह मानिगलका दक्षिण विहारका मल्लवंशका थिए। विष्णुसिंहका पुर्खा जयसिंह वथुनिह्नमा वस्ने यैंकुलीवंशका पाटन ज्येष्ठविहारका महापात्र थिए। यिनमा समञ्जस्य स्थापना गर्न मिल्दै मिल्दैन। नामसादृश्य परे पनि व्यक्ति अलग थिए। रेग्मीले भने जस्तै रामाङ्कनाटिकाको मिति सच्याउनु पनि उचित ठहर्दैन। नामसादृश्यले व्यक्तिमा एकात्मकता स्थापित गर्ने प्रयास गर्ने हो भने इतिहासमा अन्योल पर्न जान्छ। जयत जस्तै जयसिं पनि त्यस जमानामा धेरै भेटिन्छन्।

---

१) उही २ भा. २६२ पृ.।
२) द्रष्टव्य—संस्कृत-सन्देश १ वर्ष ६ अङ्क।

टिप्पणी–

अन्त्यमा अर्को कुरा पनि स्मरणीय छ। ने. सं. ८८१ (वि. सं. १८१७) मा पाटन दरवारमा जयप्रकाश मल्लले एक ताँवापत्र राखेका थिए। (त्रिरत्नसौन्दर्य गाथा-परिशिष्ट 'ग' २६५ पृ.) त्यसमा पशुपतिनाथलाई अघि ने. सं. ५४६ (वि. सं. १४८६) वैशाख शुदि १० मा जयसिंहले बुल्हु गाउँ (चापागाउँनेर) गूठी राखेको र सो गूठी जग्गाको साविक्क बन्दोवस्त जयप्रकाशले थामिदिएको कुरा परेको छ। समयले यिनै यैंकुलीधर्मा र मदनलक्ष्मीका छोरा जयसिंह ग्रामदाता देखिन्छन्। तर ताँवापत्रमा यिनलाई मल्ल देव पनि लेखिएको छ। ३३१ वर्ष पुरानो कुराको यथार्थता भुलेर ग्रामदाता जयसिंह मल्ल राजा नै होलान् भन्ने सम्झी जयप्रकाशले त्यसो लेखाएको हुन सक्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तक-परिचय

नेपालमा रचित नाटकहरूमा आजसम्म पाइएकामा यो पहिलो पर्न आएको र यथार्थ लेखन मिति तोकिएको नेपाली शासकलाई खुशी पार्न नेपाली विद्वान्ले नेपालमा बसेर नेपाली परम्पराकै जात्रामा देखाउन लेखिएको हुँदा यसको झन् , महत्त्व बढेको सम्बन्धमा केही विवेचना पनि गरिइसकियो । राता मत्स्येन्द्रनाथको जात्रा हेर्न आएका जात्रुवर्गलाई देखाउन लेखिएको यो नाटक रङ्गमञ्चमा प्रदर्शित पनि गरिएको थियो । पछि पछि रङ्गमञ्चमा नयाँ नयाँ नाटककारका नाटक अवतरित हुँदै आएपछि यो नाटक त्यसै थन्किरह्यो । आज प्रकाशमा आउन लागेकोले यसको आकार प्रकार र लेखाइका वारेमा पनि अब अन्त्यमा अलिकति दृष्टि दिनु परेको छ ।

पहिलेको वीरपुस्तकालय (दरवारलाइब्रेरी) हाल राष्ट्रिय अभिलेखालयमा यो पुस्तकको मूलप्रति सुरक्षित छ । तृतीय लगतको ३६२ संख्याको पुस्तकको माइक्रो फिल्म सं. १५ हो । केही पत्र दोहोऱ्याएर लेखिएका छन् । शिरको पत्र र पुछारको पत्रक' एकापट्टि खालि छ । यी बाहेक जम्मा २७ पत्रमा लेख लेखिएको छ । यी ताडपत्रहरूको लमाइ ३२.५ से. मी. र चौडाइ ४.८ से. मी. छ । सुरुको पत्रमा लं. १२^{३} चौ. १$\frac{७}{४}$ लेखिएको छ । सायद यो नापो भारततर्फबाट माइक्रो फिल्म गर्दा वा सूचीपत्र छाप्दा लेखिएको हो । बीचमा सं. महारावणवधो नाम (ना) टक[1] लेखिएको छ र 'श्री ३ चन्द्र शमशेर १६७०' लेखिएको बुट्टे छाप छ । पुछारको पत्रमा पनि सोही छाप छ । चन्द्र शमशेरको पालामा वीरपुस्तकालयको बुझबुझारथ हुँदा यो छाप लागेको हो । यस्तो अरू पत्रमा पनि पाइन्छ । बुद्धिसागर पराजुलीको अध्यक्षतामा तयार भएर छापिएको वीर पुस्तकालयको हस्तलिखित ग्रन्थको 'बृहत्सूचीपत्र' को नाटक ग्रन्थ विषयक तेस्रो भागको ४३-४४ पृष्ठमा यो नाटकको अलिकति परिचय दिइएको छ ।

१) *'महीराघववध नाटक' भनी सूर्यविक्रम ज्ञवालीले पनि (ने. उ. म. इ. ९२४ र ३३० पृ. मा) लेखेको छ । सो अशुद्ध हो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिपि;– अघिल्लो मल्लकालको अर्थात् अहिले भन्दा साढे छसय वर्ष पहिलेको भुंजिमोल नामको नेवारी लिपिमा यो पुस्तक लेखिएको छ । लिपि अत्यन्त सुन्दर छ । साना वाक्ला गोल मिलेका अक्षर छन् । एक पृष्ठमा कतै कतै ५ हार छन्, कतै ६ हार छन् । ३२ अक्षरका १ श्लोकका हिसावले यसको ग्रन्थसंख्या ५०० हुन्छ । पत्रमा दायाँपट्टि अक्षराङ्क र बायाँपट्टि अङ्कमा पत्र-संख्या दिइएका छन् ।

यो पुस्तक सार्दा लिपिकर जयसिंह मल्लले चाहिने नचाहिने ठाउँमा अर्ध विराम पूर्णविराम प्रशस्त राखेका छन् । मैले पनि भरिसक तिनलाई उचित स्थानमा मात्र राख्ने कोशिश गरेको छु । अक्षर छुटे छुटेका ठाउँमा थप्नुपर्‍यो भने सानो चिह्न दिएर शिरमा थपिएको छ । जुन पंक्तिको थप हो सोही पंक्तिको संख्या दिइएको हुन्छ । अक्षर केर्नु मेट्नु पर्‍यो भने अक्षरका टाउकामा ससाना धर्सा दिएका हुन्छन् । त्यस्ता ससाना धर्सा खुट्ट्याउन फोटो कपीबाट साध्य नभएर मूलप्रति हेर्न आवश्यक पर्छ ।

भूजिमोल लिपि अनुरूप डिकोमा वैलक्ष्यण्य पाइन्छ । एक अक्षरमा एउटै डिको मानो चुच्चो उठाएर कोणाकार पारिएको छ । उस बेलाको लेख्ने चलन अनुसार हरप नछुट्ट्याई सरासर लेखिएको भए पनि पाठकको सुविधा र सुबोधका लागि मैले आजभोलि प्रकाशित नाटकको अनुरूप हरप छुट्ट्याउनु दसरा मसरा पारेर लेखेको भए पनि डिको मिलाएर दिनु आवश्यक हुँदा सोही अनुसार दिएको छु ।

यो नाटकका रचनाकार संस्कृतमा कलम चलेका भए पनि शुद्धसंग प्राञ्जल रचना गर्न सक्ने विद्वान् नभएबाट रचनामा ठाउँ ठाउँमा अशुद्धि परेका छन् । त्यसमा प्रतिलिपिकर संस्कृतका अल्पज्ञ भएबाट झन् अशुद्धि थपेका छन् । लिपिकर संस्कृतका अनभिज्ञ थिए भन्ने कुरा पुस्तिका लेखेका ठाउँमा 'प्वस्तिका' लेखेबाटै पाठक स्वयं अनुमान गर्न सक्छन् । पुस्तकको प्रति पनि एउटै मात्र फेला परेको हुनाले पाठ खुट्ट्याउन संशोधन गर्न पनि मैले ज्यादै समय र परिश्रम खर्च गर्नुपरेको छ ।

यस-अतिरिक्त यस पुस्तकको मूल लेखोटप्रतिको प्रतिच्छवि पनि साथै प्रकाशित गरिएको हुनाले आकार प्रकार लिपिका बारेमा पाठकहरूलाई प्रत्यक्ष जानकारी हुने नै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणवध नाटक

मूल टिप्पणी पाठान्तर नेपाली अनुवाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐनमो नाट्येश्वराय ॥

स्वेच्छाविभ्रमजृम्भमाणमहिमा गम्भीरभीमप्रभो
लक्ष्मीमुग्धमुखेन्दुपानपटिमा भ्राजच्चकोरापर[1] : ।
विश्वव्यापिविशुद्धकीर्तिकुमुदा मालामलाडम्बर[2] :
सानन्दं भगवान् त्रिलोकशरणं नारायणः पातु वः ॥ (१)

अपिच

स्फूत्कुर्द्धोगिकुलाश्रु[3] मिश्रजलधेः पातालमूलालयाद्
गर्जद्द्घ्राणकठोरघोरकुलिश[4] प्रोत्तुङ्गदंष्ट्रांकुरैः ।

टिप्पणी—

अस्मिन् ग्रन्थे ग्रन्थकर्तुर्लेखकस्य च दोषेण बह्व्यो ऽशुद्धयो दरीदृश्यन्ते । मात्राबिन्द्वक्षरादीनि कुत्रचित् त्रुटितानि कुत्रचिदधिकानि सन्ति । यत्र तत्र छन्दोऽनुरोधेन शब्दवैषम्यदोषाश्च वर्तन्ते तेषु तेषु च स्थलेषु पाठकानां सुबोधाय सुपठनाय च यथाशक्ति मया संस्कृताः पाठा एव मूले स्थापिताः ग्रन्थस्था अशुद्धियुता पाठाश्च टिप्पण्यां प्रदर्शिता : सन्ति प्रायोऽशुद्धिप्रदर्शनपूर्वकम् ।

१) चकोरापरः, चकोर एवाऽपरश्चकोराऽपरः, वीरैकवदत्र समासः । अथवा भ्राजच्चकोरोऽपर इत्यपि भवितुमर्हति । चक्रवाकमिथुनं रात्रौ वियुज्य नद्याः पारावारीणं भूत्वा चन्द्रज्योत्स्नां विलोक यद् रात्रिं गमयतीति कविसम्प्रदायः । अत्र कविना चक्रवाकधर्मश्चकोरेऽप्यारोपित : । चक्रवाकचकोरयोरभेदकल्पनादपीत्थं भवति । परं 'कोकश्चक्रश्चक्रवाको रथाङ्गाह्वयनामक' स्तथा तित्तिरि : कुक्कुभो लावो जीवञ्जीवश्चकोरक इत्यमरकोषादुभयोर्भिन्नता सुस्पष्टा । (२) मालाम्मलाडम्बर इति मूलग्रन्थे पाठ : ३) कुलाश्र इति मूले । कुलास्र इति वा भवितुमर्हति रोदनं चास्र मश्र चेत्यमर : । (४) घोरकठोरघोणकुलिश इति मूलपाठः । 'घोणा नासा च नासिकेति घोणापदस्य लिङ्गविकृतेर्मयोपरितनः पाठ : कृतः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भज्जद्भूमितलं धृतं करुणया फोलेन लीलान्वितं
स्थित्यर्थं भुवनत्रयस्य शिरसा वन्दे मधूनां[1] रिपुम् ।(२)
नान्द्यन्ते सूत्रधारः ।।

श्रीवुग्मेशमहं नमामि सततं वन्हि तथा वासवं
नीरेशञ्च नमामि नम्रशिरसा प्रेताधिनाथं तथा ।
नैरृत्येशमथो नमामि पवनं (यक्षाधिराजं तथा)[2]
(पादद्वन्द्वमहं भवस्य शुभदं सर्व्वात्मना स्तौम्यहम् ।। (३)

---

(१) मधूना । (२) पद्यमिदं मूलपुस्तके च्युतसंस्कृतिदोषबहुलम् यथा-

श्रीबुग्मेशमहं नमे शतमखं वैश्वानरं पावनं
पाथेशञ्च नमामि नम्रशिरसा प्रेताधिनाथन्नमे ।
नैऋत्येशमतो वरञ्च पवनं (यक्षाधिराजं नमे)
(पादद्वन्द्व)महं भवस्य सुभदं सर्व्वात्मना स्तोम्यहम् ॥

'णम प्रह्वत्वे शब्दे'चेति नम् धातोः परस्मैपदित्वान्नमे रूपंन भवति । नमामीत्येव । 'पाथेश' पदमपि नसिध्यति । यथा पाथसः सान्तत्वात् । कवन्धमुदकं पाथ इत्यमरः । जलेशो वरुण :। तेन नीरेशपदं प्रयुक्तम् । मूलताडपत्रपुस्तके मूषकमक्षणेन त्रुटितत्वादक्षराणि विलुप्तानि तत्र पाठा मया कोष्ठान्तरिताः कृताः ।

नेपाली भाषामा उल्था
नृत्यनाथ महादेवलाई नमस्कार छ ।

आफूखुशीका विलासले महिमा बढेका, गाढा कडा तेज भएका, लठ्ठ परेकी लक्ष्मीको मुखचन्द्र हेरिरहने चखेवा चरा जस्ता संसारमा फैलिएको कीर्तिरूपी स्वच्छ कमलका मालाले सुहाएका, तीनै लोकको शरण लिने नारायण भगवान्ले तपाईंहरूको आनन्दसंग पालना गरुन् ।

अरू पनि

वराहावतार भगवान् विष्णुले फूँ फूँ गर्ने सर्पगणका आँसु मिसिएको समुद्रको जलमा डुबेकी पृथ्वीलाई घुँक्घुँक् गर्ने कडा नाकका पोराले उधिन्दै डरलाग्दा वज्रजस्ता कठोर लामा दाह्राका टुप्पाले पातालको फेदबाट तीनै लोकको उपकारको लागि हेलैसंग उठाए । मधु दैत्यका वैरी ती विष्णु भगवान्लाई शिर निहुराएर ढोग्दछु ।

[नान्दी (मङ्गलाचरण) पछि सूत्रधारको रङ्गमञ्चमा प्रवेश हुन्छ ।]

सूत्रधार—बुग्मतीका राता मच्छेन्द्रनाथलाई नमस्कार गर्दछु । अनि पवित्र गर्ने इन्द्र अग्नि वरूण देवतालाई नमस्कार गर्दछु । शिर निहुराएर यमराजलाई पनि ढोग्दछु । निरृति वायु कुवेरलाई पनि ढोग्दछु । अनिपछि सबै तरहले शिवजीका दुबै पाउमा पर्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथे कथं[1] भारद्वयसंभृतपावनीयमूर्तेः[2] सकलजनापवर्गप्रतिष्ठापन-प्रतिज्ञा......हारभावनाप्रतिशरणस्य[3] भगवतः श्रीबुग्मेश्वरस्या प्रतिहतप्रतिशरद्यात्रोत्सवप्रसंगेनाग्रातानां[4] प्रमुदितद्विजराजपुत्रादीनां समाजः। इहहि—

श्रीमत्पात्रपवित्रसूर्यनिवहाः[5] सत्कीर्तिभोजार्णवा[6]
एते शास्त्रविशारदा द्विजगणास्तत्त्वार्थ[7]गाढ़ाशयाः।
एते साधुजनाः प्रदानसुमुखाः शीलाम्बरालंकृता
विद्वद्वर्गवराः श्रुतादिपटवो भान्ति ध्रुवं स्वस्ति ते[8] ॥ (४)

आकाशे कर्णं दत्वा

किमादिशन्ति सन्तः। सकलसिमन्तिनीकर्णावतंस-सकलार्थिमुखकमलकुड्मलप्रबोधभास्कर-विविधविद्याविवेकसागरावगाहन-पण्डित-प्रत्यर्थिपार्थिवमत्तकुंजरदमनांकुशोत्तरविहार[9]महापात्रपद्म :[10]

---

१) तुला स्त्रियां पलशतं भारः स्याद् विंशतिस्तुला इत्यमरः। (२)-मूर्तिः। (३)-सरणस्य। (४)-प्रतिशरत् यात्रोत्सव प्रसंगेनायात्राणां प्रमुदितद्विजराज-पुत्रादीनाम्। (५) अत्र समासोऽसमीचीनः प्रतिभाति। पवित्रसूर्यवंशप्रभवा महापात्रा इत्यर्थः। श्रीमत्पात्रेषु ये पवित्रास्ते सूर्यादय इत्यर्थ इतोवगम्यते। (६) भोजपदमत्र मानार्थे। आर्यमिश्रा यथा। अर्णवशब्दोऽपि महत्ताबोधकः। (७) 'शत्वार्थ'-इतिमूले। सत्त्वार्थ इति वा स्यात्। (८) ते सर्वे भान्ति, स्वस्ति, भवन्त्वित्यर्थः।
९-'दमनाकुश उत्तर विहार' मूले(१०)। -वर्येरिति समुचितपाठः।

राता मच्छेन्द्रनाथको पवित्र गराउने यो मूर्ति दुइभार (सुन) ले बनाएको छ। सारा लोकलाई मोक्ष दिलाउने कबोल गरेका......शरण दिने तिनै भगवान् मच्छेन्द्रनाथको बुङमतीको प्रतिवर्ष नटुटीकन चल्दै आएको जात्राको रमिता हेर्न भनी रमाएर आएका धेरै बाहुनका छोराहरू मेला भइसकेछन्। यहाँ ता—राम्रो कीर्ति फैलिएका सूर्यवंशी श्रीमान् महापात्रहरू हुनुहुन्छ। तत्त्व बुझेर गहिरो विचार लिएका शास्त्रमा पारङ्गत भएका यी ब्राह्मणहरू हुनुहुन्छ। दान धर्म गर्नाले हँसिलो मुख पारेका शीलस्वभावले सिंगारिएका यी सज्जनहरू पनि उपस्थित हुनुहुन्छ! वेद पढ्न सिपालु भएका यी ठूला विद्वान्हरू पनि सुहाउनुभएको छ। यहाँहरू सबैको कल्याण होस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समा[1]दिष्टोसीति सभासंरञ्जनार्थम् ।

स्मरणमभिनीय

अस्ति च कवेः कविकमलभास्करस्य जयतस्य कृतिरभिनवमहीरावणवधं नाम नाटकं प्रर्वार्तितव्यम्[2] ।

उपस्तम्भाय पात्राणां दिनैस्ताण्डवमष्टभिः ।
यदिह दूषणं हन्त[3] क्षन्तव्यं धीधनैःक्षमैः ॥ (५)

अलमतिविस्तरेण ।

तथाहि

शृंगारादिरसेषु गीतिपठने वर्याः समुत्कर्षिण
एते सभ्यजना गुणार्णवरता मेधाविनो निस्मदाः
नाट्य[4] वीररसान्वितं समधिकं प्रीत्यास्पदं किन्तु त[5]
दे[6]तत्सर्वमितीह वाञ्छितफलं प्राप्तं मया पुण्यतः[7] ॥ (६)

सुविहितानि रङ्गमङ्गलानि ।
यतः,

१) 'समादिष्टोसीति सभासभासंरंजनार्थम्' पाठोऽयं मूले । 'सभासत्संरञ्जनार्थमिति वा भवितुमर्हति (२) कृतिरभिणवमहीरावणवधो नाम नाटकः प्रवर्त्तयितव्य इति मूले । नाटकस्य नपुंसकलिङ्गित्वान्मूलपाठोऽशुद्धः । (३) 'हन्तः' इति विसर्गोऽत्राधिकः ।
(४) नात्यम् । (५) तत् (६) एतत् (७) पुन्यतः । मूलपुस्तक एवं स्थितम् ।

(आकाशतिर कान थापेर)

सज्जनहरूले के भन्नुभएको रे ? "स्वास्नीमान्छेका कानको गहना जस्ता श्रेष्ठ, सारा मगन्तेका मुखरूपी कमल फुलाउन सूर्यजस्ता, धेरै थरि विद्या र ज्ञानका समुद्रमा डुबुल्की मार्न सिपालु भएका, शत्रु राजारूपी मत्ता हात्ती तह लगाउन आङ्कुशे जस्ता भएका, उत्तर विहारका महापात्रहरूले यी सभासद्हरूको मनोरञ्जनका लागि तिमी खटाइएका छौ" ए यसो भन्नुभएको ?

(संझेको भाउ पारेर)

ए हो त—कविरूपी कमल फुलाउन सूर्यजस्तै भएका कवि जयतको नयाँ रचना महीरावणवध नामको नाटक छ । त्यही नाटक देखाउनुपर्‍यो । किनभने—CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पौलस्त्येन भुजावलेपवलिना सीता[1] हृता मायया
तद्वैरानलजृम्भण[2]प्रचकितो मित्रं महीरावणम्[3] ।
सोऽवष्टम्भमयाचत[4] प्रतिदिनं प्रस्थाप्य[5] भृत्यं निजं
स्वी(कतु "दिशि तस्य वीर्यम)[6] तुलं सापत्रपः[7] साहसी ॥ (७)
अपि च
मित्रं मोदयितुं निजं भुजवलं प्रख्यापयिष्यन्[8] भुवि
गत्वा मर्त्यभुवं[9] सरित्पतिपथा तीक्ष्णासि[10] (धेनुं वहन्)।

(१) मूलग्रन्थे 'शीता' (२) जृम्भन । (३) 'मित्रे महीरावणे' दृश्यते । परमत्र याच्धातोर्द्विकर्मकत्वात्–अकथितं च १।४।५१ इति सूत्रेण द्वितीयायां मित्रं महीरावणमिति कर्तव्यम् । (४) सोवष्टम्भ मयाचतेत्यत्र अवाच्चलम्बनाविदूर्ययोः ८।३।६८ इति मूर्धन्यषकाराट्टुत्वम् । (५) प्रस्थापयित्वेति मूले । तच्चिन्त्यम् । प्रोपसर्गपूर्वात् स्थाधातोर्णिचि प्रस्थापोत्यस्मात् क्त्वाप्रत्यये तस्य 'समासेऽनञ्पूर्वे क्त्वो ल्यप् १।४।५१ इति ल्यपि 'प्रस्थाप्य' रूपं सिध्यति, न तु प्रस्थापयित्वेति । (६) कोष्ठान्तरितः पाठो मम । अत्र मूषकभक्षणेन पत्रं खण्डितम् । (७) लज्जा साऽपत्रपाऽन्यत इत्यमरः । अपत्रपया सहितःसापत्रपः । (८) लोकेषु विख्यापितुमिति मूले तदपि चिन्त्यम् । विपूर्वात् ख्याधातोर्णिचि विख्यापोत्यस्मात्तु सुनीड़ागमे च विख्यापयितुमिति भवति नतु विख्यापितुम् । तेन मयोपरितनः पाठः स्थापित : । (९) मर्त्यभुवं । (१०) 'तीक्ष्णाशि' मूल एतावदेव दृश्यते ।

आठ दिनसम्म जात्रा चालू राख्न ताण्डवनृत्य देखाउँछु । यसमा केही गलती भयो भने समर्थवान्, बुद्धिमान्, सज्जनहरूले क्षमा गर्नुहोला । भो अब धेरै कुरा गरेर । किनकि—

शृङ्गार आदि नवरसका गीत गाउनमा पात्रहरू जोडदार छन् । दर्शक सभासद्हरू पनि गुणग्राही छन् । बुद्धिमान् पनि छन् । शान्त साधु पनि छन् । नाटक वीररसले भरिएको छ । यसमा सबै दर्शकहरूको बढी रूचि नहुनुपर्ने कुरै छैन । यी सबै कुरा भनेजस्तै हुनु मेरै पुण्यको प्रभाव हो ।

रङ्गभूमि (नाचघर) राम्रैसंग सजाइएको छ । किनभने—

बीस हातका बलको घमण्डले फुलेको रावणले छलेर सीता हरेर लग्यो । सो वैरभाव (रीस) को आगो सल्कनाले डराएको उसले दिनैपिच्छे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(रामं लक्ष्मणम) ग्रहीत फणिवता पाशेन निर्यन्त्रितं
धातुः[1] क्रीडितमेतदेव भ्‌वने नीतौ भुवं स्वां ततः ॥ (८)

सर्वतो दृष्ट्वा

नेपथ्ये ॥

खग्गं भुए पलिहिदो[2] भयतालणाय
साहल्ल[3] विक्कमवलो भुअणेक्कमल्लो ।
कव्वादजाहि भुवणं पगदोम्हि णाम
लंकेसलाऽनुचलणो वल तिक्खदट्ठो[4] ॥ (९) (क)

श्रुत्वा

सूत्रधार[5]:—अग्रे[6] कथं लंकानगर्यां तीक्ष्णदंष्ट्र[7]प्रवेशः । तदहमप्यनन्तरकरणीयाय सज्जीभवामि[8] ।

निष्क्रान्तः ॥

मूलपुस्तकस्थाः पाठाः । (१) धीतः । (२) पलिहिद । (३) साहल्ल=साहसः । वलिनो ये सहेसेण साहसास्ते सहस्रिणः इत्यमरः । (४) 'तिखदठ्ठो' । (५) सूत्र॥ (६) अए । (७) । तोक्षणदष्ट । (८) सज्जोभवाम । मूलस्य पाठा एवम् ॥

प्राकृतको संस्कृत रूप ।

(क) खड्गं भुजे परिदधद् भयतारणाय
साहसविक्रमवलो भुवनैकमल्लः।
क्रव्यादजो हि भुवनं प्रगतोऽस्मि नाम
लङ्केश्वरानुचरणो वरतीक्ष्णदंष्ट्रः ॥

आफ्नो मानिस पठाई खुरून्दार गरेर मित्र महीरावणसंग सहायता माग्यो । सर्म मानी मानीकन भए पनि साहसी रावणले दुनियाँमा महीराबणको सुप्याइँ स्वीकार गर्‍यो ।

अरू पनि—

मीतलाई खुशी पार्न दुनियाँमा आफ्ना बाहुवलको चकचकी फैलाउन पनि तीखो धार भएको तरवार भिरेको महीरावणले समुद्रकै बाटोबाट सोझै पृथ्वीमा गएर नागपाशोमा पारेर राम लक्ष्मणलाई ल्यायो ।

त्यसपछि दुवै भाइ राम लक्ष्मणलाई आफ्ना धाम (वैकुण्ठमा भगवान्‌ले) लैजानुभयो । भगवान्‌ले संसारमा आएर खेला देखाएको लेखा यति नै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति खड्गहस्तस्तीक्ष्णदंष्ट्रः ॥

परिक्रम्य तदेव पठति ॥

अहह ॥

णिच्चं काम विआउलो दश मुहो हंकाल कालाउलो

सग्गेसोपि अधंसिदो दिश णिशं उन्मग्गगो दुग्गगो ।

आणीदा वणलाइआ गहणदो लामाङ्गणा लोहदो

लंका कट्ठदशा गदा बहुतलम् अस्या कधंदेवदो ॥ (११)

अहवा किं अव्वावार चिन्तिदेण॥ (क)

(क) *नित्यं कामव्याकुलो दशमुखोऽहंकारकालाकुलो*
स्वर्गेशोपिच ध्वंसितो दिश्यनिशमुन्मार्गगो दुर्गगः ।
आनीता वनराजिकागहनतो रामाङ्गना लोभतो
लंका कष्टदशां गता बहुतरमस्याः कथं दैवतम् ॥
अथवा किमव्यापारचिन्तितेन ।

सवैतिर हेरेर ।

पर्दाभित्रवाट ।

डर त्रास हटाउन भनेर हातमा तरवार लिएको छु । हजार सैन्यवाला-संग जुध्न सक्ने पराक्रम भएको, संसारमा एक मात्र पहलमान, लंकाधिपतिको सेवक तीक्ष्णदंष्ट्र नाम गरेको राक्षस म आइपुगेको छु ।

(सुनेर ।)

सूत्रधार-ओहो किन लंका शहरमा तीक्ष्णदंष्ट्र आइपुगेछन् । लौ भइगो, म पनि पछिको कार्य गर्न तयार भएर वस्छु ।

(निस्कियो ।)

(त्यसपछि हातमा तरवार लिएको तीक्ष्णदंष्ट्र पस्तछ ।)

(घुमेर फेरि त्यसै भन्छ ।)

तीक्ष्णदंष्ट्र-दशमुखे महाराज रावण सधैं कामवासनाखे आकुल छन् । अहंकारले फुलेका उनले स्वर्गका राजा इन्द्रलाई पनि भगाए । लङ्काको दुर्गम किल्लामा वसेर यस्तै कुकर्ममा सधैं लागेका छन् । (परस्त्रीमा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिष्ठम्हि लंकेसलचलणेण । तिहुवणेकचक्कवट्टिणा वीलतीख्खदट्ट मम वयणदो भूमीसग्गं गदुअ अप्पडिहदमित्तं महीरावणं विणावेही कण्ठमालिङ्गिअ महालाअ दशकन्धलो कुशल अदि भणि दञ्ज। लाम लखवणहदअस्स अहावसाणं साधेदु । एदेण मम उवट्टहो होदि । (क)

इति निष्क्रान्तः ॥

ततः प्रविशतीरावती[1] विनयवती च।

परिक्रम्य ॥

इरावती[2]—सहि विणअवदि ॥ (ख)

विनयवती—अज्जउत्तिणि समादेसेहि ॥ (ग)

---

(१) प्रविशति एरावती । (२) एरावती ।

(क) आदिष्टोऽस्मि लङ्केश्वरचरणेन त्रिभुवनैकचक्रवर्तिना—'वीर तीक्ष्णदंष्ट्र, मम वचनतो भूमिस्वर्गं गत्वाऽप्रतिहतमित्रं महीरावणं विज्ञापय कण्ठमालिङ्ग्य । महाराजो दशकन्धरः कुशल्यस्ति । भणितञ्च, रामलक्ष्मणहतकयोः कथावसानं साधयतु, एतेन ममोपस्तम्भो भवतीति

(ख) इरावती—सखि विनयवति ।

(ग) विनवती--आर्यपुत्रि समादिश ।

लोभिएर रानीवनबाट रामकी रानी सीता हरेर लङ्कामा ल्याए । अब लङ्का ठूलो कष्ट दशामा पऱ्यो । अब यसलाई दैवले बचाउला वा नबचाउला ।

अथवा, भो अब, धेरै नचाहिंदो कुराको चिन्ता लिएर के गर्नु ? ।

तीन लोकका चक्रवर्ती महाराज लङ्कानाथले अह्राउनुभएको छ—"वीर तीक्ष्णदंष्ट्र मेरा हुकुमले पाताल लोकमा गएर मेरा अभिन्न मित्र महीरावणसंग विन्ती गर कि महाराज रावण कुशलै हुनुहुन्छ अङ्कमाल गरेर उहाँ भन्नुहुन्छ जसरी भए पनि ती मोरा राम लक्ष्मणलाई सिध्याइदिनुहोस्, यसो गरिदिएको खण्डमा मेरो उपकार हुनेछ" भनेर ।

(यति भनेर निस्कियो ।)

(त्यसपछि इरावती र विनयवती पस्तछन् ।)

(घुमेर ।)

इरावती—सगिनी विनवती ।

विनयती—आज्ञा होस् मालिकिनी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इरावती[1]—दहवअणो देवरओ सो वि विहि विलासिदेण सत्तु
अणो बंतह जणो वि दूरे गरुवा कप्पेस्से चिन्ता मे (क)

विनयवती—अज्जउत्तिणि । मासुव वीर जणो दे भत्ता
भीति......उज्जललच्छी देवदा पसादेण ॥ (ख)

इरावती[2]— सहि दे वअणम् भोदु । अवरं अ । णिव्विण्ण म्हि दश कन्धरस्स वेवसाग्रेण मारुदिणा (......) कुमार वध मत्ति उत्तवधामर्णिद सोगाउलो लंकेसरहदओ किम्वि भणिअ मित्र महिरावग सआसं पट्ठावेदि तिखदट्टम् ॥ (ग)

---

(१) एरा ॥ (२) एरावतो ॥

(क) दशवदनो देवराजः । तस्यापि विधिविलसितेन शत्रुगणः । बान्धव जनमपि दूरोकुरुते । काप्यस्य चिन्ता मे ॥

(ख) आर्य्यपुत्रि, माशोच । वोरजनस्ते भर्त्ता भीतिकारणं नास्ति ......उज्ज्वललक्ष्मीर्देवताप्रसादेन।

(ग) सखि ते वचनं भवतु । अपरञ्च । मारुतिना कृतेन अक्षय कुमारवधेन मन्त्रि पुत्र वधेन चामर्षशोकाकुलो लङ्केश्वरहतकः किमपि भणित्वा मित्र महीरावणसकाशं प्रस्थापयति तीक्ष्ण दंष्ट्रम् ।

इरावती— रावण देवताका पनि अधिपति हुन् । दैवले गर्दा उनलाई पनि शत्रु लागे । उनले आफ्ना भाइलाई पनि टाढा पारिरहेछन् । यसले मलाई साह्है पीर परिरहेछ ।

विनयती—चिन्ता नलिनुहोस् मालिकिनी । यहाँका पति पराक्रमी वीरले सहित हुनुहुन्छ । डराउने (प्रयोजन पनि छैन) देवताका प्रसादले उहाँको ऐश्वर्य लक्ष्मी पूर्ण हुनेछ ।

इरावती—संगिनी तिम्रो बोली पुगोस् । अर्को कुरा महाराज रावणको काम कारवाहीले साह्है दिक्क छु कि अक्षयकुमार र मन्त्रिपुत्रलाई हनुमान्ले मारिदिएका हुनाले रीस र शोकले आकुल भएका रावणले केही कुरा भनेर मित्र महीरावणकहाँ तीक्ष्णदंष्ट्रलाई पठाएछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनयवती—सुदं मए सो वितिखदंठो गदो ॥ (क)
इरावती[1]—सहि, एद्दं उत्तं सुणिअ हिअअं मे पज्ज्याउल अदि। कदाअि साभिणो सेवावआसो अणदी भविस्सदि। समादिट्ठं अज्ज उत्तेण ॥ (ख)
विनयवती—अज्ज उत्तिणि किं आदिट्ठासि ॥ (ग)
इरावती— सहि भणिादह्मि सामिणा कदा इ अच्चाहिद कधा विसेसोत्ति। तदा अह्माणां कण्णं साअरे गोचरे हित्ति ॥ (घ)
विनयवती - अज्जउत्तिनि अएद्दं उत्तन्तं णिवेदुणाअ देवस्य विभीषणास्य गोचरे उपट्ठावेहि णालम् ॥ (ङ)
इरावती[1] - सहि सुट्ठु भणिदं ॥ (च)

ते निष्क्रान्ते उभे[2] ॥

---

(१) मूलपुस्तके 'एरावतो' वर्तते।
(२) मूले 'एरावतो'। अत्रापि वर्तते 'उभौ'। परं पुंस्येवोसौ स्त्रिया-सुभ इत्येव भवति।

(क) श्रुतं मया सोऽपि तोक्ष्णदंष्ट्रो गत इति।
(ख) सखि, एतमुदन्तं श्रुत्वा हृदयं मे पर्याकुलमस्ति। कदापि स्वामिनः सेवावकासोऽपनतो भविष्यति। समादिष्टमार्यपुत्रेण।
(ग) आर्यपुत्रि, किमादिष्टासि?
(घ) सखि, भणितास्मि स्वामिना—कदाप्यत्याहितकथाविशेषोऽस्ति, तदाऽस्माकं कर्ण (सागर) गोचरो भवत्विति।
(ङ) आर्यपुत्रि एतमुदन्तं निवेदयितुं देवस्य विभीषणस्य गोचरे उपस्थापय नीलम्।
(च) सखि, सुष्ठु भणितम्।

विनयवती—ती तीक्ष्णदंष्ट्र गए भनेर मैले पनि सुनेकी थिएँ।
इरावती—सँगिनी, यो खबर सुन्दा मेरो चित्त ज्यादै व्याकुल बनेको छ, केही जानी मालिकको सेवा गर्ने मौका खुस्कने पो हो कि भनेर। मालिकले पनि अह्राइराख्नु भएको छ।
विनयवती—मालिकिनी, के अह्राउनुभएको छ।
इरावती—सँगिनी, 'कुनै बेला केही डर लाग्दा कुरा परे भने ती कुरा तुरुन्त मेरा कानमा पार्नु' भनेर मालिकले अह्राउनुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति महीरावणः सपरिवारः ॥

महीरावणः- वीरवाहो ॥

वीरवाहुः - महाराज आदेसेदु ॥ (ग)

महीरावणः - वीर सुवाहो ॥

सुवाहुः - देव समादेसेहि ॥ (घ)

महीरावणः - श्रूयताम्

नीलत्पट्पदपक्षशाद्वललसद्वक्त्रारविन्दद्युतिः
शुंभ[1]त्खड्गलताविनोदपटिम[2]व्यापारपाणिक्रमः ।
वामे घोरफणीन्द्रभोगचटुल[3]: पाशो महानागत
स्त्रैलोक्याधिपतिर्वशी दितिसुतः पातालरक्षागुरुः ॥ (११)

अपिच ॥

---

१) शुम्भ श भार्थ इति धातोः शतृचि शुम्भत् ।(२)'पटिमा' मूलपाठः। पटोर्भाव इति 'पृथ्वादिभ्य इमनिज्वा ५।१।१२२ इति सुत्रेणेमनिचि पटिमन् भवति । पटिम्नो व्यापार इति समासे 'पटिमव्यापार' इत्येव भवति (३) चटुलश्चञ्चलः । चटुशब्दात् सिध्मादिभ्यश्च ५।१।६७ इति मत्वर्थे लच्प्रत्यये चटुलः, यथा त्रासातिमात्रचटुलैः स्मरतः सुनेत्रैः प्रौढप्रियानयनविभ्रमचेष्टितानि ।

(ग) आदिशतु महाराज ॥
(घ) देव समादिश ।

विनयवती—मालिकिनी, उसो भए यो खवर मालिकको कानमा पार्न नीललाई पठाउनुहोस्न ।

इरावती— सँगिनी ठीक भन्यौ ।

(ती दुइवटी इरावती र विनवती निस्किए ।)

(त्यसपछि आफ्ना परिवारलाई लिएर महीरावण पस्तछ ।)

महीरावण—ए वीरवाहु

वीरवाहु— आज्ञा होस्, महाराज ।

महीरावण—वीर सुवाहु ।

सुवाहु— मर्जी होस्, मालिक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुत्वा मित्रकथां महोदयमयीमारात्[1]मनो जृम्भते
वीर्यं यच्च महाद्भुतं त्रिभुवने तेनार्जितं दुर्लभम् ।
जातो वन्द्यपुलस्त्यवंशधवले[2] स्वाराधितः शंकरो
योऽसौ विंशतिबाहुको दशमुखो[3] मित्रेण[4] धन्या वयम् ॥(१२)

---

१) महोदयमयामिति मूलपाठः । तच्चिन्त्यम् । यथा महोदयात् मयट् च ४।३।८२इति मयट्प्रत्यये 'महोदयमय' अस्मात् स्त्रियां टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरपः ४। १। १४ इति सूत्रेण ङीपि 'महोदयमयी' भवति नतु महोदयमया ।
आरात् दूरात् । आराद्दूरसमीपयोरित्यमरः । यरोऽनुनासिकेऽनुनासिको वा ८।४।४५ इति सूत्रेण विभाषयाऽनुनासिके 'आरात्मन' आरान्मन उभयथाऽपि संभवति ।

२) पुलस्त्यस्य महर्षेर्धवले वंशे जात इति । अत्र नृसोमवद्बाहुलकात् समासे 'वन्द्यपुलस्त्यवंशधवले' इति भवेत् ।

३) बाहोर्विंशतिको मुखं दशतयामिति मूलग्रन्थस्थपाठः सर्वथाऽशुद्धः । 'विंशतिबाहुर्दशमुख' इति वक्तव्ये छन्दोनुरोधात्तथा कृतम् । तेनोपर्युक्तः पाठो मम ।

४) मित्रेण तेनेत्यध्याहार्यम् ।

महीरावण—सुन-

मेरो मुख भ्रमराका पखेटाको रङसंग मिल्दोजुल्दो हरिया चौरको वर्ण जस्तो छ । मेरो दायाँ हात धारिलो चम्किलो तरवार चलाउनमा सिपालु छ भने बायाँ हातले डरलाग्दो सर्पको जीउ सगबगाइरहेको ठूलो लामो पचहत्ते नागपाशो लिएको छ । पातालको पालना गर्ने ठूलो आभभारा लिएको तीनत्रिलोकको अधिपति भएर पनि आफ्ना इन्द्रिय वश पार्न सक्ने दितिपुत्र दैत्यराज [म हुं]

अरू पनि सुन—

टाढ़ैबाट मित्रको ठूलो उदय भएको कुरा सुन्दा मेरो मन खुशीले गद्गद् छ । उहाँले तीन लोकमा कसैले पाउन नसकेको वल पराक्रम पाइरहनुभएको छ । पुलस्त्य ऋषिको सफा बंशमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(वीरबाहुः - ……) तधा विधं विक्कमेक्कधनं साहसिअं मित्तं
पाइअ ण महराओ धण्णो द्यो होदि ॥ (क)
महीरावणः - साध्वभिहितं यद् भवता ॥
सुबाहुः - तधावि (महाराओ वि) मित्त … … … र दादिसण
संकावआसो हिअए समावेसिअ तस्स पडिहा अदि ॥ (ख)
महीरावणः - आ(:) किमाह भवान् पश्य ॥

इन्द्रादित्यतनूनपाद्यमरुद्यक्षाधिराजादयो
दिक्पालाः करुणास्पदम् प्रतिदिनं मित्रस्य रक्षाकराः ।
येनालेखि सुराङ्गनास्तनतटे पत्रांकुरः कुंकुमैः
सोऽयं रावण एव मित्रपदभाङ् मे मानसं गाहते ॥(१३)

---

१) श्लोकोऽयं मया संस्कृतः । मूलग्रन्थेत्वेवं पठितः—
इन्द्रादित्यतनूनपात्पितृपतिर्यक्षाधिराजो मरुत्
दिक्पालाः करुणास्पदं प्रतिदिनं मित्रस्य पाता सदा ।
येनालेखि सुराङ्गणास्तनतटे पत्रांकुरं कुंकुमै
सोयं रावण एव मित्रपदवीम् मे मानसं गाहते ॥

आदित्यो देवः । आदित्या ऋभवोऽस्वप्ना अमर्त्या अमृतान्धस इत्यमरः । इन्द्रदेव इत्यर्थे इन्द्रादित्यपदं कविना प्रयुक्तं प्रतिभाति । अत्र समासोऽप्यसमीचीन : । विशेषणविशेष्ययोर्लिङ्गविपर्ययश्च यथा - दिक्पाला इत्यस्य विशेषणं पातेत्येकवचनम् । 'पातार' इति भवितुमर्हते । 'प्रतिदिनं सदा' पदद्वयं समानार्थवाचि । मित्रपदवीङ्गतो रावणो मे मानसं गाहते प्रविशतीत्यर्थः ।

(क) तथाविधं विक्रमैकधनं साहसिकं मित्रं प्राप्य महाराजो धन्योऽद्य भवति ।

(ख) तथापि (महाराजोऽपि) … … अतिशयेन शंकावकाशं हृदये समावेश्य तमेव प्रतिभावयति ।

जन्मेर शिवजीलाई राम्रैसंग रिझाइरहनुभएको छ । जसका वीशवटा हात दशवटा मुख छन् । त्यस्ता वीर मित्र पाएर हामी धन्य छौं ।

विरबाहुः- ज्यादै ठूलो पराक्रम भएका त्यस्ता साहसी मित्र पाएर हाल महाराज धन्य हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भद्र देमपरम थार्थसनार्यमाचरितं मिलेण ॥ समुचितस
भामण्डपमलंकर्तुमिच्छामि ॥

उभौ - जं देव समादिशति (क)

निष्क्रान्ता ॥

---

१) भद्र इदमपरमयथार्थं नार्यमाचरितमिति मूलपाठः ।

(क) यद् देवः समादिशति ।

महीरावण- यो कुरा तैंले ठीकै भनिस् ।

सुबाहुः- तै पनि महाराज ... ... (मित्रको विषयमा) ज्यादै मनमा शङ्का लिएर चिन्तित हुनुहुन्छ ।

महीरावण- ए के भनिस् तैंले ? हेर्,--

इन्द्र अग्नि यमराज वायु कुबेर आदि दिक्पालहरू पनि वरा विचरा पालेपहरा जस्ता बनेर मेरा मित्र महाराज रावणको प्रतिदिन रक्षा गरिरहेका छन्, जो अप्सराहरूका स्तनको वरिपरि कुंकुमले पत्रांकुर लेखिदिन्थे । त्यस्ता ती प्रिय मित्र रावणको संझना मेरा मनमा झलझली आइरहेछ ।

बाबु, यो अर्को कुरा चाहिं साँच्चै नसुहाउने नराम्रो पनि गर्नुभएको छ मित्रले । अब म ठीकसंग सजाइएको सभामण्डपमै जान चाहन्छु ।

दुवै- महाराजको जस्तो मर्जी हुन्छ ।

(सबै निरिकए)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति रामो लक्ष्मणः सुग्रीवो विभीषणो हनूमांश्च[1] ॥

परिक्रम्य ॥

रामः - सखे लंकेश्वर ।

विभीषण[2]: - रघुनन्दन समाज्ञापय ॥

रामः - मित्र किष्किन्धेश्वर ॥

सुग्रीवः- राघवेन्द्र समाज्ञापय ॥

रामः– वत्स लक्ष्मण ॥

लक्ष्मण[3] :- आर्य समादेशय ॥

रामः- वीराऽञ्जनेय[4] ॥

हनूमान्- प्रभो किमाज्ञावचनम् ॥

राम[5]:– पश्य ॥

सा बाला जनकाधिराजतनया नीताच्छलेन क्षणाद्
रक्षोराजवराधिपत्यरभसा कामाकुलेनामुना
वन्मिन्नश्च वनेचरं हयकवचं तत्सर्वदा चञ्चलम्[6]
दवं चाद्य कथं विधास्यति क्षणं चेतो मम भ्राम्यति ॥ (१४)

---

१) ततः प्रविशति राम लक्ष्मण सुग्रीव । विभीषण । हनूमाना इति मूले । हनुरस्यास्तीति मतुपि संज्ञायां शरादीनां च ६।३।१२० इति सूत्रेण दीर्घे हनूमान् भवति ।

२) विभीषण इति मूलपाठः ।

३) लक्ष्मण । (४) वीर आञ्जनेय । (५) अत्र रामपदं त्रुटितं प्रतिभाति । अन्यथाऽधस्तनपदद्वयं हनूमद्वदनोद्गतं भवेत् । तन्न संभवति । (६) चापल्यभानाविलमिति मूले । चपलस्य भाव इति गुणवचनब्राह्मणादिभ्यः कर्मणि च ५।१।१२४ इति सूत्रेण ष्यपि चापल्यम् । तत्र पुनर्भावप्रयोगोऽनर्थकः ।

(त्यसपछि राम लक्ष्मण सुग्रीव विभीषण हनूमान् पनि पस्तछन्)

राम- साथी लंकापति

विभीषण- आज्ञा होस् रघुनाथ ।

राम- साथी किष्किन्धापति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपि च ॥

वीरास्ते दशकन्धर प्रभृतयो लब्ध[1]प्रसादाः शिवा[2]-
ल्लङ्काराज्यमतीव दुर्गविषमं पाथोधिरक्षावृतम् ।
बालं काननवासिनं[3] व्रतधरं नाजीगणस्तोऽपि माम्
मन्ये साहसमात्रमेव खलु मे त्वं वत्स किं पश्यसि[4] ॥(१५)

विभीषण- रघुपते पश्य ॥

दुर्व्वारवानरबलं[5] प्रचलत् पृथिव्यां
कल्पान्तकालकलितं[6] (भस्मावहद्यत् ।
किं द)ण्डनीतिपरिमण्डितपण्डितेन
तोर्णस्त्वया प्रचुर वाङ्मयवारिधिश्च[7] ॥ (१६)

---

१) लब्द । (२) शिवात् । (३) वासितं । (४) सौमित्रि किं पश्यसि । एते मूल ग्रन्थस्थाः पाठाः । खलु पादपूरणे सुमित्राया अपत्यं बाह्वादिभ्यश्च इञ् ४।१।५५। इतीञि सौमित्रिः तत्सवुद्धौ हे सौमित्रे इति साधु । नतु सौमित्रि । (५) वल । (६) कलित । (७) तोर्णो भवान् प्रचुरवाङ्मय वारिधेभ्य । इति मूलपाठः ।

सुग्रीव- आज्ञा होस् रघुनाथ ।

राम- बाबु, लक्ष्मण ।

लक्ष्मण- दाज्यू, मर्जी होस् ।

राम-- वीर हनूमान् ।

हनूमान्-- प्रभु कसो हुकूम हुन्छ ?

राम-- हेर, कामवासनाले आकुल भएको राक्षसले राज्यको हालीमुहाली पाएँ भन्ने धाक बलले आँखा झिम्क्याउन नपाएँदैमा सीता हरेर लग्यो । मेरा मित्र पनि जङ्गली ढाल तरवार पनि नभएका चञ्चल स्वभावका पनि छन् । भाग्यले साथ देला वा नदेला एकछिन त मेरो चित्त दोधारमा परेर दोलायमान भइरहेछ ।

अर्कोकुरा-- यी रावण आदि राक्षस वीरहरु शिवजीबाट वर पाएका हुनाले जोंधाहा भएका छन् । समुद्रको खाईले घेरेको हुनाले त्यो लङ्का राज्य ज्यादै वेजोड किल्लाभित्र छ । वन पसेको व्रत बसेको सानो उमेरको मलाई राजा रावण गन्दै गन्दैन । त्यस कारण यो मेरो साहस त्यसै खेर जाने पो हो कि कसो हो ? बाबु लक्ष्मण तिमी कसो ठान्छौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुग्रीवः-- राजपुत्र अवधारय ॥

न मे फलं किं कपिवाहिनी[1] (गणा
न्महामतेर्जाम्ब[2]) वतो न मन्त्रिणः ।
न सूर्यपुत्राच्च[3] न वायुनन्दनात्
किमत्र विज्ञाय भवान् समाकुलः ॥ (१७)

लक्ष्मणः-- आर्य

लङ्केश्वरेण चरितं भुवनेष्वनार्य[4]
काले किमस्ति जगतां खलु दुर्गलाभैः ।
निश्चीयते च सुहृदामुपयोग एव[5]--
मुत्प्रेक्ष्य[6] किं स्वयमिह प्रभुणा प्रयुक्तः ॥(१८)

---

१) कपिवाहिणी । (२) कोष्ठबद्धः पाठो मया निर्धारितः । (३) सूर्य-पुत्रेण । एकत्र तृतीयान्तप्रयोगोऽन्यत्र पञ्चम्यन्तप्रयोगो नशोभनः (४) भुवनेष्वणार्यं । (५) सुहृदामुपयुज्यमाने । (६) उत्प्रेक्ष । इति मूलपाठाः ।

विभीषण— रघुनाथ हेर्नुहोस् । रोकिनसक्नु वानरको यो फौज हिड्दा कल्पा-न्तमा हुने प्रलयको भय पैदा गर्छ । राजनीति पार गरिसक्नुभएको तपाईंले ठूलो विद्यासागर पनि तरिसक्नुभएकै छ (यो जलसागर तर्न के गाह्रो छ) ।

सुग्रीव-- राजकुमार विचार गर्नुहोस् । यति ठूलो मेरो वानर फौज छ । बुद्धिमान् मन्त्री जाम्ववान् सूर्यपुत्र वायुपुत्रहरू छन् । के यिनले ताकेको काम फत्य गर्न सक्तैनन् र ? के बुझेर तपाईं यस्तो आकुल बन्नुभएको ?

लक्ष्मण— दाज्यू,

लङ्काका राजा रावणले दुनियाँमा नराम्रो काम गरे, हो । तर संसारका दुर्गम किल्ला लिएर के फाइदा छ र । मौकामा मित्रहरूलाई काममा लाएर परीक्षा गर्न स्वयं प्रभुले रावणलाई त्यस्तो काम गर्न लाउनु-भएको त होइन ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]-- प्रभो ॥

श्लाधा मित्रकुलेऽवलिप्तबलिभुक्पीतार्जुनीक्षीरके[2]
जन्मावर्त्ततरंगिते कलुषिते संसारपाथोनिधौ[3]
स्यादेवं रघुनाथ नो परिचये शंकास्पदं[4] जायते
देव त्वन्तु विचक्षण क्षितितले ख्यातप्रभावोदयः[5]॥(१९)

रामः-- वीर हनूमन् ॥

प्रभोः समाराधनकर्मतत्परो
महोद्यमस्त्वं वरवीरविक्रमः ।
अतीव वत्सो मम वल्लभः सदा
सखा च लब्धः कपिराजवल्लभः ॥ (२०)

---

१) हनुरिति मूले ।

२) 'श्लाधा मित्र कुलेऽर्जुना वलिभुजैः पीतावलेपादश्रुते' मूलपाठः । अस्य च्युतसंस्कृतित्वादुपरितनः पाठो मम । अर्जुन्यघ्न्या रोहिणी स्यादुत्तमा गोषु नैचिकीत्यमरः । अर्जुनी गौः । वलिभुग् वायसा अपीत्यमरः । हलन्तः । सत्त्वायसगणैः पीतार्जुनीपीयूषे संसारसागरे इत्यन्वयः ।

'जस्तै यज्ञविषे हवी कुकुरले हर्नान् उसै चालले ।
राम् लक्ष्मण् नहुदा हरिस् तं बुझिते मर्लास् यसै कालले'॥४०॥
(भानु. रामायण)

यथा श्वानो यज्ञोचितं हविर्हरन्ति तथैव रावणेन त्वयाहं हृतेति सीतोक्तिरध्यात्मरामायणे । इममेव भावं मनसिकृत्य कविना तथोक्तम् ।

३) जलनिधिर्यादः पतिरपां पतिरित्यमरः । पतिरपांपतिरित्यमरः । संसारसागरे ।

४) संकास्पदं मूले । शङ्काया आस्पदं यथास्यात्तथा शङ्कास्पदम् ।

५) हे रघुनाथ वलिभुग्भिरवलेपेन पीतार्जुनीपीयूषेऽस्मिन् जन्ममरणादिदुःखावर्त्ततरङ्गिते संसारसागरे तवैवं सुग्रीवलक्ष्मणोक्तरीत्या मित्रमण्डल्यां श्लाघा भवेत् । तव परिचये जाते शङ्कावसरो नास्ति । हे भगवन् त्वन्तु विश्वस्मिन् विदितप्रभावोऽसीति भावः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभीषणः--

> कोदण्डशिक्षागुरुरेव नाथ-
> स्तथानुजः शान्तजवेन तुल्य[1]ः ।
> किष्किन्धिकाराड्[2] बलवान् प्रसिद्धोऽ
> स्तस्त्वहं[3] हि भक्तिप्रवणो महात्मन्[4] ॥ (२१)

सुग्रीवः--

> किं मे फलं वानरवाहिनीनां
> समस्तपृथ्वीधरकम्पिनीनाम् ।
> किं मे शरीरस्य विनश्वरस्य[5]
> प्राणव्ययेन त्वयि भक्तिरेव ॥ (२२)

---

१) *वीरव्रतसमान इति मूलपाठः । अत्र छन्दोभङ्गान्मया तथा कृतः । वीरव्रतो भीष्म : । शन्तनुपुत्रः ।*

२) *'किष्किन्धराजो' मूलपाठः छन्दोनुरोधेनाकारस्याप्यकारः पठितः ।*

३) *घहमिति मूले ।*

४) *महात्मन ।*

५) *शरीरेण विनश्वरेणेति मूलपाठः । अत्रापि षष्ठीप्रयोग उपरि, तृतीयाप्रयोगोऽन्यत्र तेनोभयत्र मया षष्ठ्यन्तप्रयोगः कृतः ।*

हनूमान्-- हे प्रभु काक कुकुरले कैली गाईको दूध पिए । अर्थात् रावणले सीता लग्यो ! जन्म मरणादि दुःखका भुवरीले छाल उठेको यो धमिलो संसाररूपी समुद्रमा तपाईको मित्रमण्डलीमा यस्तो प्रशंसा हुन्छ । तपाईलाई चिनेपछि शङ्का गर्ने ठाउँ पनि छैन । सबै कुरा बुझेका हे भगवान् यो संसारमा तपाईको प्रभाव प्रख्यातै छ ।

राम -- हे वीर हनूमान्—सधैं मालिकलाई रिझाउन तत्पर रहने ठूलो पराक्रम भएका तिमी ठूला वीर उद्यमी छौ । मेरा पनि ज्यादै प्यारा हितैषी पनि छौ । मैले पनि वानरराज सुग्रीव जस्तो प्यारो साथी पाएको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मणः--

रक्षोबलं कतिपयं खरदूषणाद्य[1]
युद्धे लघा विनिहतं विपिने स्मरामि ।
आर्यस्तु पश्यतितरां मम कौतुकञ्च[2]
शीघ्रं मृणालनवबाहुजसौकुमार्यम्[3] ॥ (२३)

रामः--

यद्धत्स सत्यमिह मानुषमात्रकेण
यद्दूषणत्रिशिरसोः खरराक्षसाद्योः[4] ।
दर्पेण किं निधनसाधनसाहसेन
प्रालम्भने कुरु मतिं दशकण्ठशत्रोः[5] ॥ (२४)

---

१) खरदूसनाद्यम्
२) स्म सकौतुकश्चेति भवितुमर्हति ।
३) नवश्चासौ बाहुजो नवबाहुजः, । मूर्धाभिषिक्तो राजन्यो बाहुजः क्षत्रियो विराड़ित्यमरः । युवक्षत्रिय इत्यर्थः तस्य सौकुमार्यं मृणालवत् ।
४) खररक्षसादेरिति मूले रक्ष आदेरिति भाव्यम् ।
५) दशकण्ठ एव शत्रुर्दशकण्ठशत्रुस्तस्य दशकण्ठशत्रोरत्र मयूरव्यंसकादिवत् समासः ।

विभीषण-- स्वयं प्रभु धनुर्बाण चलाउन सिकाउने गुरु हुनुहुन्छ । त्यस्तै भाइ लक्ष्मण भीष्मपितामह जस्तै छन् । किष्किन्धाका राजा सुग्रीव वलियामा प्रसिद्ध छन्! हे प्रभु म चाहिं यहाँकै भक्तिमा तल्लीन छु ।

सुग्रीव-- सम्पूर्ण पृथ्वीमण्डलका पहाड थर्काउने मेरो यो वानर फौजको के काम ? त्यस्तै नाशवान् यो ज्यानको के काम ? त्यसैले त म यो ज्यानको माया मारेर भएपनि प्रभुकै भक्ति गर्दछु ।

लक्ष्मण-- दण्डकारण्यमा खरदूषण आदि कयौं राक्षसको फौजलाई हेलैसंग मारेको संझिरहेछु । दाजुले पनि मेरो चौचौसँग कमल जस्तो कोमल भरखरका क्षत्री कुमारको सुकुमारपन र छरितोपनलाई पनि देख्नु भएकै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]–

शाखामृगस्य मम साहसिकस्य काले
संसप्तक[2]ध्वनिभयानकबाहुयुद्धे[3]।
दारापहारपरुषीकृत (चेतसं तं)
(सोत्क)ण्ठसाशु[4] पतितं भुवि पश्यसि त्वम् ॥ (२५)

आर्य रघुनन्दन सेतुबंधाय सागरवेलातटाव[5]लोकन कुतूहलसुखमनुभवाम ॥

रामः-- वीर आञ्जनेय ... ... ममापि कुतूहलं विद्यते, सर्वे गच्छाम ॥

इति निष्क्रान्ताः

---

१) हनुरित्येव मूले ।
२) सांसप्तक इतिमूले संसप्तकास्तु समयात् संग्रामादनिवर्तिनइत्यमरः
३) युद्धे मूले ।
४) 'कण्ठसासु' मूलपाठः; कोष्ठस्थो मम ।
५) अब्ध्यम्बुविकृतौ वेला कालमर्यादयोरपीत्यमरः । वेला १ समुद्रको जलको वृद्धि (ज्वार), काल, मर्यादा तीर ४ को नाम । (कुलचन्द्रको टीका)। कूलं रोधश्च तीरं च प्रतीरं च तटं त्रिष्वित्यमरः ।

राम-- हो बाबु, साँच्चै लौकिक मान्छेले मात्रै खर दूषण त्रिशिरा आदि गरेका ठूला राक्षसहरूलाई मार्न सक्ने आँट गर्नु ठूलो कुरा हो । तर अब ती राक्षस मार्न सकेको साहसको घमण्डले मात्रै हुंदैन । दशटाउके वैरीलाई मार्नैने जुक्ति बुद्धि ख्याऊ।

हनूमान्-- वखतमा आँट गर्न सक्ने म वानरसँग कस्तै पर्दा पनि पीठ नफर्काई जोदाहा भएर गर्जना गर्दै गरेको डर लाग्दो बाहुजुद्धमा परस्त्री हर्नाले कठोर हृदय भएको त्यो रावणलाई भूईंमा ढङ्ग ढलेको चाख मानी मानी चाडै देख्न पाउनुहुनेछ । ख्यागित रघुनाथ, पुल हाल्नको लागि समुद्रको किनार हेरौं र समुद्रको छाल हेर्ने चौचो पनि मेटेर आनन्दको अनुभव गरौ ?

राम-- वीर हनूमान् ··· ··· मलाई पनि हेर्ने चौचौने छ । सबै जाऔं त ।

(सबै निस्किए)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति मालिनी कलावतीनाम्नी[1] ॥

परिक्रम्य ॥

कलावती[2]– अइ कधं तिहुवनेक चक्कवट्टि महाराय महीरावण देव वाहु वलय पताप सम्बलिदो वि भूमीसग्गो अन्नधा दीसदि। अकाले वाउ वहदि। दिअ दाहो वत्तदि। अकाल प्रलअकाल पुक्करावत्तुको महाघोरान्धकारो दिने २ दीसदि। अकाल फल पुप्फं विअसदि। एदस्से ववसायेण अमङ्गलम् वुत्तम्। अहवा किं अव्वापारिद चच्चिदेण। कदाइ तत्थ भवदो महाराअ महीरावणदेवस्स कण्ण साअरे निपदिस्सदि। ता उज्झाणं जेव गमिस्सम्। सअल राज्जकाज्ज वावा मत्ती नियोजेन्दु। (क)

निष्क्रान्ता ॥

---

१) 'कलावतीनामा' मूलपाठः। अत उपधालोपिनोऽन्यतरस्याम् ४।१।२८ इति स्त्रियां ङीप्युपधालोपे कलावतीनाम्नी भवति नतु कलावतीनामेति।

२) अत्र कलावती पदं नास्ति मूले।

क) अपि कथं त्रिभुवनैकचक्रवर्त्ति–महाराज–महीरावणदेव-बाहुवलय प्रतापसंवलितोऽपि भूमिस्वर्गोऽन्यथा दृश्यते,— यथाऽकाले वायुर्वहति। दिग्दाहो वर्तते। अकालप्रलयकालपुष्करावर्त्तको

कलावती- ए हो, कस्तो त्रिलोकका चक्रवर्ती महाराज महीरावणका बाहुबलले रक्षा गरिएको यो पातालपुरीमा पनि विपरीत कुरा देखिन लागेका छन्। बेमौकामा हुरी बतास चल्दछ। सगर डढेको छ। अकालमै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाघोरान्धकारो दिनेदिने दृश्यते । अकालफलपुष्पं विकसति । एतस्य व्यवसायेनाऽमङ्गलं संवृत्तम् । अथवा किमपवारितचर्चितेन । कदाचित्तत्रभवतो महाराजमहीरावणदेवस्य कर्णसागरे निपतिष्यति । तदुद्यानमेव गमिष्यामि । सकलराज्यकार्येषु पापा मन्त्रिणो नियुज्येरन् ।

प्रलयकालको जस्तो डम्म कुहिरो लागेर दिउसै डरलाग्दो अन्धकारले छोपेको छ । असमयमै फूल फुल्दैछन् । पक्कैपनि महाराजकै कामकारवाहीले यो अमङ्गल कुरा हुंदैछ । अथवा कसैले नसुन्ने गरी एकान्तमाकुरा गरें भनेर के गर्नु ? दैव संयोग यो कुरा उहाँ महाराज महीरावण देवको कानमा पऱ्यो भने ? त्यस कारण पहिले बगैचामै जान्छु । सबै राजकाजका कुरा बुझ्न भनेर दुष्ट मन्त्रीहरू खटिएका होलान्

(निस्किई)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः पुनः[1] प्रविशति सिंहासनासीनो[2] महीरावणः परिवारश्च ॥

महीरावणः-- चक्षुषी निमील्य[3] ॥

चिन्ता निशाचरपतेश्चरितेन चित्रा
निद्राविभङ्गनयने च कषायिते[4] मे ।
माहेश्वरेण धनुषा भुजचापलेन[5]
किं वा प्रशान्तमधुनाऽद्भुतपण्डितः सः ॥

नेपथ्ये ॥

जअदु महाराओ जअदु ॥ (क)

महीरावणः-- भद्र वीरबाहो कोऽभ्यागाति निरूपय ॥

वीरबाहुः-- जं देवो आणवेदि ॥ (ख)

तथा करोति ॥

देव लङ्काणअरीदो तिक्खदट्ठो समाअदो ॥ (ग)

---

१) अत्रमूले विसर्गो नास्ति ।

२) अत्रापि समस्तपदमस्ति ।

३) मूले 'महीरावण' इतो पश्चाद् वर्तते ।

४) नयनेन कषायितमिति मूले ।

५) 'माहेश्वरेण भुजकन्दलचापलेन' मूलपाठः । परं कन्दरपदं--दरी तु कन्दरो वा स्त्री देवाखातविले गुहेति गुहावोधकम् । अत्र तु कन्धरा पठनीया भवति । ग्रीवायां-शिरोधिः कन्धरेत्यपीत्यमरः । कन्धरा पठनेन छन्दोऽपि भज्यते, विशेष्याभावो जायते । तेन मयोपरितनः पाठः स्थापितः ।

क) जयतु महाराजो जयतु ।

ख) यद् देव आज्ञापयति ।

ग) देव लङ्कानगरीततीक्ष्णदंष्ट्रः समागतः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणः-- भद्र सुवाहो यथोचितं प्रवेशय ॥

सुबाहुः-- देवादेसं सव्वं समाचरेमि ॥ (क)

निष्क्रम्य तेन सह प्रविशति

देव एस्सो वीलतिखदट्टो गोचरीभूदो ॥ (ख)

तीक्ष्णदंष्ट्रः[1] - जयदु २ महारावो जयदु ॥ (ग)

महीरावणः-- वीर तीक्ष्णदंष्ट्र स्वागतम् ॥ प्रियसख्यु[2]र्दशकन्धरस्याप्रतिहतप्रतापस्य तावत् कुशलम् ।

तीक्ष्णदंष्ट्रः-- देव भुअअपडिहद पतावो दशदो शरीर मित्तेण कुशलम् च्चिअ ॥ णाह मित्तं किं पि विणावेदि ॥ (घ)

---

१) 'तिखदट्ट' मूलपाठः ।

२) अत्र 'प्रियसखे' पाठो मूले । तच्चिन्त्यम् । सखिशब्दस्य षष्ठ्येकवचने सख्युरिति भवति । सखिशब्दस्य सम्बुद्धौ रूपमिदं भवति । तेन तीक्ष्णदंष्ट्रे सख्यारोपो भवेत्, तथा कविभावो न । तीक्ष्णदंष्ट्रस्तु दूतो रावण एव सखा ।

क) देवादेशं सर्व्वं समाचरामि ।

ख) देव एष वीरस्तीक्ष्णदंष्ट्रो गोचरीभूतः ।

ग) जयतु जयतु महाराजो जयतु ।

घ) देव भूर्यप्रतिहतप्रतापस्य दशद्वयशिरसो मित्रस्य कुशलञ्चैव, नाथ मित्रं किमपि विनिवेदयति ।

(त्यसपछि परिवारले सहित भएको सिंहासनमा बसेको महीरावणको प्रवेश हुन्छ)

महीरावण-- (आँखा चिम्लेर) राक्षसराज रावणको कामकारवाहीले गर्दा मलाई विचित्रको चिन्ता परिरहेछ । रातभर नीद नपरेर आँखा पनि विझाइराखेका छन् । उहाँका हातमा सधैं रहिरहने शिवजीबाट पाएको त्यो धनु पनि सेलायो कि क्या हो ? उहाँ प्रकाण्ड विद्वान् पनि हुनुहुन्छ ।

(पर्दाभित्र)

जय होस् महाराजको जय होस्

महीरावण-- बाबु वीरबाहु, को आएको छ ? हेर त ।

वीरबाहु-- जो हुकुम महाराज ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणः– भद्र तर्हि श्रोतुमवहितोऽस्मि ॥

तीक्ष्णदंष्ट्रः– तुरूअअ वट्टुसभुदो भुअवलावलेवेण अम्हसोमिणा दशकन्धलेण लामङ्गणा अवहरिअ असोअ वणे वहु लख्खसीजलेहिं सुलखिदा वेदा ॥ (क)

वीरबाहुः-- तिखदट्ट सुदं देवेण लामङ्गणाहलणम् ॥ (ख)

महीरावणः-- भद्र ततस्ततः

तीक्ष्णदंष्ट्रः– तदोऽणुपदाणुसलणेण हणुमक्कड एण महासाअर-सुलंघिअ खणमुप्युच्छअमाणे सअला लङ्काणअरी दट्टा महाराअेण पलायितं ॥ (ग)

क) तुरीयबटूभूतेन भुजावलेपेनाऽस्मत्स्वामिना दशकन्धरेणापहृता रामाङ्गनाऽशोकवने बहुराक्षरीजनैः सुरक्षितैषा ।

ख) तीक्ष्णदंष्ट्र श्रुतं देवेन रामाङ्गनाहरणम् ।

ग) तत ऽनुपदानुसरणेन हनूमता मर्कटेन महासागरमुल्लंघ्य क्षणम-प्युच्छ्रयमाणेन सकला लङ्कानगरी दग्धा । महाराजेन पलायितम् ।

(बाहिर गएर हेरेर आउँछ)

महाराज लङ्काबाट तीक्ष्णदंष्ट्र आएका रहेछन् ।

महीरावण-- बाबु सुबाहु सम्मानपूर्वक भित्र लिएर आइज त ।

सुबाहु-- महाराजको मर्जीमुताबिक गर्दछु ।

(निस्केर तीक्ष्णदंष्ट्रलाई लिएर भित्र आउँछ)

महाराज यहाँ वीर तीक्ष्णदंष्ट्र हाजिर हुनुहुन्छ ।

तीक्ष्णदंष्ट्र-- जय होस् महाराजको जय होस् ।

महीरावण-- तीक्ष्णदंष्ट्र स्वागत छ । अखण्ड प्रताप भएका मेरा प्रिय मित्र महाराज रावणलाई त कुशलै छ ।

तीक्ष्णदंष्ट्र-- महाराज, ठूलो अखण्ड प्रताप भएका दशवदन महाराजलाई त कुशल जस्तो छ । स्वामित, मित्रलाई केही बिन्ती चढाउनु भएको छ ।

महीरावण-- बाबु त्यसो भए, भनिहाल, सुन्न तयार छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणः-- अहो लङ्कानगर्या दशाविवर्त्तः, अहह ।

वीरबाहुः[1]-- तदो २ (क)

तीक्ष्णदंष्ट्रः[2]-- तदो देण असोअुज्जाणं गदुअ महामहुच्च रुष बलोपादिदो तदो तिहुवणेकवीलो अखकुमारो जणआनुमदो मन्तिपुत्तसहाओ उपकन्दो भणिदं अ ॥ अलले कविलमक्कडअ सिलासामल तिखणिं मुक्ताणवरत वाणपहारमणासादिअ सामा (?) पलाअ ॥ (ख)

महीरावणः-- भद्र ततस्ततः ॥

तीक्ष्णदंष्ट्रः[3]-- तदो २ उद्दण्ड बाहुदण्ड पहरणो कोवोपरतुकोडकवोलो मिउडिभङ्गभीमो मारुदिओ परिकन्दो । भणिदं अवि हसिअ । अरेरे परदारावहारउत्तो किं तव कुमार पण

---

१) 'वीर' मूले एतावत् ।

२) 'तीक्ष्ण' मूलपाठः ।

३) 'तीक्ष्ण:' पाठ एप मूले ।

क) ततस्ततः ।

ख) ततस्तेनाऽशोकोद्यानं गत्वा महोच्चवृक्षाः बलात् पातिताः । ततस्त्रिभुवनैकवीरोऽक्षयकुमारो जनकानुमतो मन्त्रिपुत्रसहाय उपस्कन्नः । भणितं च अरेरे कपिलमर्कटक शिलाश्यामलतीक्ष्णं मुक्त्वाऽनवरतवाणप्रहारमनासाद्य शीघ्रं पलायस्व ।

तीक्ष्णदंष्ट्र-- हाम्रा मालिक दशमुखे महाराज रावणले धेरै हातका बलको घुजुकले गर्दा संन्यासीको भेष लिएर छल गरी रामकी पत्नी सीतालाई हरेर लगी धेरै राक्षसिनीको घेरामा पारेर अशोकवनमा राख्नुभएको छ ।

वीरबाहु-- तीक्ष्णदंष्ट्र, महाराजले रामकी पत्नी सीता हरेको कुरा सुनिशक्नु भएको छ ।

महीरावण-- बाबु, अनि त्यसपछि—

तीक्ष्णदंष्ट्र-- त्यसपछि सीताको पाइलो पैल्याउँदै हिंडेको हनूमान् वानर महासागर तरेर आएर एक छिन उफ्रिएको थियो, सम्पूर्ण लङ्का शहर भस्म पारेर उसले डढाइ दियो । महाराज पनि भाग्नुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक्केण सअल रक्खसवलं चालेहि । खणेण कुठार चीरिद रुक्खखण्ड विअ चीरिदो कुमारो मन्तिउत्तोअ ॥(क)

महीरावणः– अलमपरश्रु तेन ॥

उत्थाय ॥ अहह इति पतितः ॥ पुनरुत्थाय ॥

अहो मनुष्यपोतस्य भुजबलावलेपशालिता ॥

तन्न मर्षयामि ॥ अहो तिरश्चां भुजशाखाकण्डू[1]रहो कुमारस्य यशोऽवशेषः[2] । अहो विरोधानल संचितत्व[3] महो नु मिह्ले च विपत्प्रवेशः ॥

---

१) भुजशाखकण्डू ।
२) यशोवशेकः ।
३) संचितत्वं मूलपाठा एते ।

क) ततस्तत उद्दण्ड़बाहुदण्डप्रहरणः कोपोपरक्त क्रोड़कपोलो भ्रु कुटि-भङ्गभी मो मारुतिरुपरि परिष्कण्णः । भणितं च विहस्य, अरेरे परदारापहारकपुत्र किं त्वया कुमारेणैकेन । सकलराक्षसवलं चालय । क्षणेन कुठारचिरितवृक्षखण्ड़ इव चिरितः कुमारो मन्त्रिपुत्रश्च ।

महीरावण-- ओहो लङ्काशहरलाई दशा लागेको । जा है ।

वीरबाहु-- अनि अनि—

तीक्ष्णदंष्ट्र-- अनि त्यसपछि त्यो वानर अशोकको वगैंचामा गयो र ठूला ठूला रुखहरू ढाल्यो । अनि त्रिभुवनमा वीर गनिएका अक्षयकुमार बाबुको हुकुमबाट मन्त्रीका छोरा साथमा लिएर लड्न जाइलाग्नु भयो र भन्नु भयो पनि "अरे ए कैले वानर ढुङ्गाजस्तो कालो गदा फालेर फटाफट निस्किएका मेरा बाणको चोट नखाई चाँड़ै भागी जा ।"

महीरावण-- बाबु अनि त्यसपछि के भो हँ ?

तीक्ष्णदंष्ट्र-- उज्याएको बाहुदण्ड नै हिर्काउने डण्ठा भएको रीसले छाती र गाला राता राता पारेको आखीभौं टेढिनाले डरलाग्दो देखिएको हनुमान उफ्रिएर माथिबाट झम्टिएर आयो र खिल्ली उडाउँदै हँसेर भन्यो पनि— "अरे ए परस्त्री हर्नेका छोरा, तँ एक्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीक्ष्णदंष्ट्र:[1]-- अवरं च भणिदं मित्रेण । (क)

महीरावण:-- भद्र किमाह तत्र भवान्, सादरमवहितोऽस्मि ॥

तीक्ष्णदंष्ट्र:[1]-- एद्दं भणिदं । खत्तिअ कुमालो लाम लखणौ वावादइदव्वौ । एद्देण मम उपठ्ठहो होदि ॥ (ख)

महीरावण:- आः मनुष्यपोतस्य निजभुजपरिघ[2]परामर्षकारिता । तन्नमर्षयामि ॥ भद्र पश्य ॥

---

१) उभयत्र विसर्गस्त्रुटितो मूले ।

२) 'परिघा' मूलपाठः । परं परिघः पुंस्येव—परिघः परिघातिन इत्यमरः ।

क) अपरञ्च भणितं मित्रेण ।

ख) एतद् भणितम्—क्षत्रियकुमारौ रामलक्ष्मणौ व्यापादयितव्यौ । एतेन ममोपस्तम्भो भवतीति ।

केटो के आइलाग्छस् ? सम्पूर्ण राक्षसको पल्टन अघिला ।" अनि एकै छिनमा हनूमान्‌ले बन्चराले मुढो चिरेझैं अक्षय-कुमारलाई र मन्त्रीका छोरालाई पनि चिरेर माऱ्यो ।

महीरावण-- भो, भो, अरू सुन्न परेन । (उठेर च्च च्च उफ् ! जाहै भन्दै घोप्टो परेर ढल्यो र फेरि उठेर) ओ हो मान्छेका छाउराको त्यत्रो बाहुवल । यस्तो कुरा म सहन सक्तिन । ए मोरा वानरका हात चिलाएका । वराकठै कुमारको कीर्तिकथामात्रै बाँकी रह्यो । अहो विरोधको आगो सल्कियो । एहो मित्रसाई विपत्‌ले छोप्यो ।

तीक्ष्णदंष्ट्र-- अर्को कुरा पनि मित्रले भन्नु भएको छ ।

महीरावण- बाबु उहाँ मित्रले के भन्नुभएको छ ? म आदरपूर्वक सुन्न लागेको छु ।

तीक्ष्णदंष्ट्र-- यो भन्नु भएको छ कि— 'ती छेत्री केटा रामलक्ष्मण भन्नेलाई जसरी हुन्छ मारिदिनुपऱ्यो । मित्रले यति काम गरिदिनुभयो भने मेरो धेरै ठूलो उपकार हुनेछ ।'

महीरावण-- ए मान्छेका छाउराको बाहुबलको त्यतो घमण्ड । त्यस्तो कुरा म सहन सक्तिन । हेर बाबु—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिपुरमणकृतान्तं[1] नैकमायाविशालं
कनकगिरिमहाङ्गं[2] बाहुतुर्भिरामम् ।
बलिभुवनरसाढ्यं[3] पूर्व्वदेवं[4] प्रसिद्धं
त्रिभुवनतलङ्कानाथमित्रं नवेत्सि ॥ (२७)

आः कपिकुलपांशुल[5] । अथवा ॥
अल्पेऽपि कीटे मृगशावकाख्ये
ह्यसंस्तुते[6] मे तदलं क्रुधा च ।
वधात् मृगस्यैव[7] हरेः स्तुतिस्तु[8]
वाच्यस्य तावद्धि नवावतारः ॥ (२८)

---

१) 'रिपुरमण' मूलपाठः । रिपुरमणीकृतान्तं वा भवितुमर्हति ।
२) महाङ्गमिति पाठः । कनकगिरिः सुवर्णपर्वतः सुमेरुः ।
३) बलिभुवनं पातालं यथा—अधोभुवनपातालं बलिसद्म रसातलमित्यमरः । रशेति मूले । रसा धरा, रसा विश्वंभरा धरेत्यमरः ।
४) पूर्व्वदेवो दैत्यः, पूर्वदेवाः सुरद्विष इत्यमरः ।
५) पांशुरस्यास्तीति सिध्मादिभ्यश्च ५।२।९७ इति मत्वर्थे लच्प्रत्यये पांशुलः, पापः ।
६) असंस्तुत इति मूले । अत्र छन्दोभङ्गाद् ह्यसंस्तुत इति पठनीयम् ।
७) यरोऽनुनासिकेऽनुनासिको वा ८।४।४५ इति विकल्पेनाऽनुनासिके वधात् मृगस्य ।
८) हरे स्तुतिर्त्वामिति मूले । हरेर्विसर्गस्त्रुटितः । स्तुतिपदाद् भावार्थे पुनः प्रत्ययसंयजनमसाङ्गतम् । तेन 'स्तुतिस्तु' कृतम् ॥

शत्रुकालागि यमराजै हुं । अनेकौं मायाजाल फैलाउनामा सिपालु छु । सुमेरु पहाड जस्तो ठूलो जीऊ छ । चार हातले राम्रो सुहाएको छु । पाताल लोकको मालिक हुँ । तीनै लोकले मानिएका लङ्काधिपतिका मित्र प्रसिद्ध दैत्यराज मलाई चिनेका छैनौ ।

ए वानर कुलका कसिङ्गर भेगो । जङ्गलको पशुको छाउरो सानो नचिनेको जावो कीरामा केको र्वाँक गर्नु ? मृग मार्‍यो भनेर सिंहको बढाइँ प्रशंसा गर्न त बदनामको नयाँ रूप हुन आउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रुतं समुत्पत्य समुद्रवेलां
क्रुधाऽभिमानात् परिभर्त्स्य वाग्भिः ।
भुजङ्गपाशेन दृढं सुबद्ध्वा[1]
हराम्यहं तौ रघुनाथपुत्रौ ॥ (२९)
प्रतिज्ञां कृत्वा ॥

भद्र तीक्ष्णदंष्ट्र गच्छ त्वं सादरं तत्रभवन्तं महाराजं विज्ञापय । निजशरीरविनाशाशंकी[2] यथाज्ञाप्तमाचरामीति मद्वचनात्[3] कुशलञ्च ॥

तीक्ष्णदंष्ट्रः-- जं देवो आनवेदि, (क)

निष्क्रान्तः ॥

महीरावणः-- भद्र बलिपञ्चोपहारादीनि सज्जीक्रियताम् । वयमपि रामलक्ष्मणापहरणाय गच्छाम ॥

उभौ:[4]-- जं देवो आदेसदि ॥ (ख)

सर्वे निष्क्रान्ताः ॥

---

१) 'भू' पदमत्राधिकं मूले । २) संकी । ३) 'अस्मद्वचनात्' मूले । ४) 'परिवार उभौ' मूले वर्तते ।

क) यद् देव आज्ञापयति । (ख) यद् देव आदिशति ।

अब तुरन्तै समुद्रको पल्लो किनारामा पुग्छु अनि दशरथका छोरा राम लक्ष्मणलाई रिसाएर हप्काउंछु र नागपाशाले टनक्क बाँधेर हरेर ल्याउँछु । (यस्तो प्रतिज्ञा गरेर)

बाबु तीक्ष्णदंष्ट्र, जाउ तिमी पनि । उहाँ महाराजलाई आदरपूर्वक विन्ती चढाऊ । 'आफ्नो ज्यानको बाजी लाएर भएपनि महाराजले भनिपठाउनु भएको काम पुरा गरिछाड्नेछु' भनेर, औ मेरो तर्फबाट कुशलमङ्गल पनि सोधिदिए ।

तीक्ष्णदंष्ट्र-- महाराज जो हुकुम । (निस्कियो ।)

महीरावण-- बाबु, बलि पञ्चोपचार पूजाको सामान पनि ठीक गरी राखे । हामी पनि रामलक्ष्मणलाई हरण गर्न जान्छौं ।

वीरबाहु सुबाहु दुवै-- महाराज जो हुकुम ।

(सबै निस्किए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत: प्रविशति नीलः ॥

परिक्रम्य ॥

नीलः[1]-- अहो ठेर मक्कडअस्स परक्कमातिसओ । जेन खणं उप्पुच्छअमाणे(ण ... सअ) ला लङ्काणयरी दद्दा । असोरु ज्झाणे कुमालो पाडिदो । आणत्तम्हि सामिणीओ एरावदीए सआसं देव विभीसणस्स वाच्चि(अ भात पुत्त वध वि) लविदे । (क)

निष्क्रान्तः ॥

१) अत्र मूले 'नील' पदं नास्ति ।

क) अहो स्थविरमर्कटस्य पराक्रमातिशयः । येन क्षणमप्युच्छ्रयमाणेन ... ...सकला लङ्कानगरी दग्धा । अशोकोद्याने कुमारः पातितः । आज्ञप्ताऽस्मि स्वामिन्येरावत्या सकाशं देवविभीषणस्य वाचितं (भ्रातुः पुत्रवधवि) लपितं च (भणेति) ।

(त्यसपछि नील पस्तछ ।)

(घुमेर)

नीलः– ए हो बूढो वानरको कति ठूलो पराक्रम । त्यो एकैछिन उफ्रथ्यो । सबै लङ्का शहर डढायो । अशोकका वनमा अक्षयकुमारलाई पसान्यो । इरावती मालिकिनीले अह्राउनुभएको छ, 'यो खबर विभीषण मालिककहाँ पुऱ्याएर दाजुलाई पुत्रशोक परेको खबर पनिवता' भनेर ।

(निस्कियो ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशतीरावती विनयवती च ।

इरावती[1]— पिअ सहि विणयवदि अज्जउत्तसआसं पठा विदो णीलो ण अज्ज विणिवत्तओ । तत्थ अमङ्गलं भविस्सदि । अच्चाहिदं अ ॥ (क)

विनयवती[2]— भट्टिणि महावक्कादरा अत्थि अणा भोम्दि । भा क्किन्नि अमङ्गलत्ति । अच्चाहिदत्ति भणीअदि ॥ (ख)

---

१) पदमेतन्नास्ति मूले ।
२) 'सखी' पदमत्राधिकं मूले ।

क) प्रियसखि विनयवति, आर्यपुत्रसकाशं प्रस्थापितो नीलो नाद्यापि विनिवर्त्तते । तत्राऽमङ्गलं भविष्यत्यत्याहितञ्च ।
ख) भट्टिनि, महापक्कातराः स्त्रीजना भवन्ति । भोः किन्निमित्तम मङ्गलमिति, अत्याहितमिति भण्यते ।

(त्यसपछि इरावती र विनयवती पस्छन्)

इरावती— प्यारी सँगिनी विनयवती, स्वामितकहाँ पठाएको नील अहिलेसम्म पनि फर्केर आएन । त्यहाँ पक्कै केही अशकुन हुनुपर्छ वा कुनै डरलाग्दो कुरा पऱ्यो ?

विनयवती— मालिकिनी, स्वास्नी मान्छेको जात ज्यादै कातर हुन्छ । होइन, किन त्यस्तो अशकुन भयो, डरलाग्दो कुरा भयो भनेर भन्नुभएको ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इरावती[1]-- सहि संतावा वं तत्थ भवदो रामभद्दस्य वीरपक्ख मज्झगद-
स्स किं सन्देहेण ॥ (ग)

विनयवती[2]-- अज्जउत्तिणि किं एत्थ थिदेण मज्झणुवेला आसण्णा
सहस्स किं तावविस्थरित सहस्स किरणो ता ण्हाणाय
गमिस्सं ॥ (क)

इरावती[3]-- सहि गमिस्सं ॥ (ख)

इति निष्क्रान्ते[4] ॥

---

१) एरावतीति मूले ।
२) विनयवती ।
३) एरावती ।
४) निष्क्रान्तः ।

क) सखि, संतपाव आवाम् । तत्रभवतो रामभद्रस्य वीरपक्षमध्यग-
तस्य, किं सन्देहेन ।
ख) आर्यपुत्रि किमत्र स्थितेन ? मध्याह्नवेलाऽसन्ना, सह्यते किं ताप
विस्तारितसहस्त्रकिरणः, तत् स्नानाय गमिष्यामः ।
ग) सखि गमिष्यामः ।

इरावती-- सँगिनी पीर त पर्नु सम्म परिरहेछ, वीरहरूका वीचमा वस्नुभएको
उहाँ रामचन्द्रज्यूलाई केही होला कि भनेर, तर शङ्का लिएर
के गर्नु ?

विनयवती-- मालिकिनी अव यहाँ किन बसिरहनु ? मध्यान्ह हुन लाग्यो ।
चर्केका घामले पोलिरहेछ । अव यहाँ गर्मी किन सहिरहनु ?
त्यसकारण नुहाउन जाऊँ ।

इरावती-- सँगिनी, हो जाऊँ ।

(दुइटै निस्किए)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति रामो लक्ष्मणो विभीषणः सुग्रीवो हनूमांश्च[1] ॥

विभीषणः– रघुपते पश्य ॥ सागरस्य माहात्म्यम् ॥ यतः ॥

त्वदर्घदानं[2] किरतीव निर्म्मलै
र्म्महार्घरत्नैर्नु तरंगपाणिभिः ।
महातिथित्वाच्छरितां पतिर्ध्रुवं
न कोऽपि यायादतिथौ पराङ्मुखः ॥ (३०)

रामः– यतः ॥

या कीर्तिः सगरस्य राजशशिनः[3] प्राची स्थिरक्षोः किल
रत्नानामपि चालयः खलु भवंस्तेजस्विता[4] सर्व्वदा ।
चञ्चन्मुग्धतरङ्गिणीर्[5]वै रवधूर्हेलाकरीः[6] कर्षति
लोके लोभकरं च दूषणहरं वित्तं प्रसिद्धं भवेत् ॥ (३१)

---

१) ततः प्रविसति रामलक्ष्मण विभीषण सुग्रीव हनूमान् ।

२) दाणं एते मूलपाठा असंस्कृताः ।

३) राजश्रेष्ठस्य यष्टुमिच्छोः प्राची पूर्वाऽर्थात् प्राचीना कीर्तिः ।

४) तेजंस्वितेति मूले । खलु वहंस्तेजस्वितामिति पाठः साधुः ।

५) नदी सरित्, तरङ्गिणी शैवालिनीत्यमरः ।

६) हेलाकरा मूले । हेला लीलेत्यमी हावाः क्रियाः शृङ्गारभावजा इत्यमरः । हेलां करोतीति कृञो हेतुताच्छील्यानुलोम्येषु ३।२।२॥ इति टप्रत्यये हेलाकरः, स्त्रियां टिड्ढाणञिति ङीपि द्वितीयाबहुवचने हेलाकरीः ।

(त्यसपछि राम लक्ष्मण, विभीषण, सुग्रीव र हनूमान् पनि पस्छन् ।)

विभीषण-- हेर्नहोस् रघुनाथ समुद्रको महिमा कस्तो छ ? ठूला अतिथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मणः-- आर्य ॥

एषोऽर्णवः कथमहो प्लवगेन[1] तीर्ण
उत्प्लुत्य वा हनुमता[2]ऽभिजवेन हन्त ।
अन्यो हि कोऽपि भुवने क्षम एव वारिभ
रद्यापि (मे मनसि) संशय एष रूढः[3] ॥ (३२)

सुग्रीवः-- कवित्वमेवेह कुमार नो मत–
महं समुल्लंघयितुं महोदधिम्[4] ।
अलं ममाज्ञाचरणे महोद्यमो[5]
ममापि (निर्णीतबलाव) लेपः ॥ (३३)

---

१) *कपौ च प्लवग इत्यमरः ।*
२) *हनुशव्दात् मतुपि शरादीनां च ६।३।११० दीर्घे हनूमान् । तेन हनूमतेति पठनीयम् । तथाकृते छन्दोभङ्गात् 'तीर्णो वोत्प्लुत्य वायुतनयेन जवेन हन्त वा पठनीयम् हन्त : सविसर्गः पाठो मूले ।*
३) *वारिभ अद्यापि ··· ··· संशय मंतवोऽस्ति मूलग्रन्थे पाठः ।*
४) *समून्तं वयितुं महोदधिः ।*
५) *महोद्यमौ मूले ।*

पाल्नुभयो भनेर यी समुद्र अमोल रत्न लिएका छालरूपी हातले तपाईंको सत्कार गरिरहेका छन् जस्तो लाग्छ । अतिथिलाई विमुख पार्न कोही पनि चाहँदैन ।

राम-- अश्वमेघ यज्ञ गर्न खोज्ने महाराज सगरको यो पुरानो कीर्ति हो । यो रत्नको घर हो । सधैं उज्यालो तेजिलो छ । शृङ्गारका इशारा गर्न चञ्चले अनुरागिनी यी राम्रा नदीरूपी हरुनीहरूलाइ पनि आफूतिर खिच्न सक्तछ । दुनियाँमा लोभ बढाउने पनि दोष मेटाउने पनि साँच्चै धनै रहेछ ।

लक्ष्मण— दाजु, यो समुद्र उफ्रेर हिड्ने ती हनूमान् वानरले कसरी तरे हुन् । उफ्रेर तरे वा पौड़ेर । संसारमा यो समुद्र तर्न अरू को सक्ला ? यो कुराले आजसम्म मेरो मनमा शङ्का नै बढाइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]--

वेलापर्व्वतसन्निधौ प्रविलसद्रिङ्गत्तरङ्गैश्चलै[2]
र्गुम्फद्वानरवाहिनीविगणनां कुर्व्वन् जलानां निधिः[3]।
तेजस्वी गुणरत्नराशिरमणो वीरो महासत्त्ववान्[4]
वेलां लंघयितुं न जातु मनसा रामो यथापीच्छति[5] (३४)

---

१) हनुः ।

२) प्रविलसद्रखावलीचञ्चलैः ।

३) निधेः ।

४) महासत्ववान् ।

५) यीच्छति । एते मूलपाठाः । जलनिधिः प्रविलसन्तो रिङ्गन्तश्च ये तरङ्गास्तैश्चञ्चलैः समुद्रतटपर्वतास्थितानां वानरवाहिनीनां गणनां कुर्वन्निव प्रतिभाति । यथा रामो वेलां मयार्दा लंघयितुं कदापि मनसापि नेच्छति, तथैव जलनिधिर्वेलां तटं लंघयितुं नेच्छति । तेजस्वी प्रतापवान् ।समुद्रपक्षे वड़वानलन् । महासत्त्ववान्, समुद्रपक्षे नानाविधजलजन्तुयुतः ।

सुग्रीव-- यो खालि कविको काव्यकल्पना मात्रै हो भन्ने कुरा म मान्दिन । म पनि यो महासमुद्र नाघ्न सक्तछु । मेरो हुकुम तामेल गर्न तत्पर रहने पराक्रमी हनूमान्को बलको तुजुक मैले पनि राम्रै बुझेको छु ।

हनूमान्-- यो समुद्र पलपल गर्दै हल्लिरहेका चहकिला छालले किनारका पहाडमा वसेका तपाईका वानरी फौजको गिन्ती गर्न लागेकोंजस्तो छ ? आफ्ना गर्भमा वडवानल र अनेकौं रत्नराशि लिएको धेरै जलजन्तुले भरिएको शक्तिशाली भएपनि किनारा नाघेर बढ्दैन । त्यस्तै गुणैगुणले गर्दा राम्रा भएका वीर पराक्रमी शक्तिशाली भएपनि राम आफ्नो मर्यादा तोड्न मनले पनि चाहनुहुन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपथ्ये[1] ॥

जयदु २ लंकेसलो जयदु ॥ (क)

हनूमाम्[2]-- उत्थाय ॥

लंकाधिपनाथ लङ्कानगर्या नीलनामधेयो[3]

राक्षसो द्रुततरमापतति[4] ॥

विभीषणः-- भवतु, प्रविशतु[5] ॥

प्रविश्य ॥

नीलः-- जयदु २ लङ्केसलो । णाध इदो भोहि । (ख)

विभीषणः उत्थायोपसर्पति ।

विभीषणः-- किं देव्या अत्याहित[6]मस्ति ॥

---

१) नैपथ्ये ।
२) हनूः ।
३) नीलराक्षस ।
४) द्रुततरमाततति ।
५) भवन्तु, प्रविसद्दु । एते मूलग्रन्थस्था: पाठा: ।
६) अत्याहितं महाभीति: कर्म जीवानपेक्षि चेत्यमर: ।

क) जयतु जयतु लङ्केश्वरो जयतु ।
ख) जयतु जयतु लङ्केश्वर । नाथ, इतो भव ।

(पर्दा भित्र)

जय होस् लङ्काधिपति महाराजकी जय होस् ।

हनूमान्-- (उठेर) लङ्काधिपति महाराज लङ्का शहरबाट नील नाउँ गरेका राक्षस दौड़ेर आएका छन् ।

विभीषण-- ठीक छ, मित्र आउन् ।

(पसेर)

नील-- जय होस् लङ्काधिपति जय होस् ।
स्वामित, अलिक यता (एकान्तमा) पाल्नुहोस्न ।

(विभीषण उठेर अलिक उसका छेउमैं आउँछन् ।)

विभीषण-- ए किन ? रानीसाहेबलाई केही आपत्ता परेन ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीलः-- देव अत्थि एव्वेव किंपि । अक्ख कुमाल वधामर्सिदो दशकन्धलो पाआल णाध्र महीरावण सआसं पठावेदि तिखदट्ठम् । राम लक्ष्मणो वीलमाचलिदुम् । ता अच्चाहिदेण होदव्वम् । एदं उदान्तं सुणिअ देवी ओ ऐरावदीओ सिघं तुम्हु गोचरिदुं पठाविदो म्हि ॥ (क)

विभीषणः-- भद्र नीलाऽस्मद्वचनाद् देवी समाश्वासयितव्या ॥

नीलो निष्क्रान्तः ॥

क) देवाऽस्त्यप्येव किमपि । अक्षयकुमारवधामर्षेण दशकन्धरः पातालनाथमहीरावणसकाशं प्रस्थापयति तीक्ष्णदंष्ट्रम् रामलक्ष्मणयोर्वीरमाचरितुम् । तदत्याहितेन भवितव्यम् । एतमुदन्तं श्रुत्वा देव्यैरावत्या शीघ्रं त्वामति गोचरयितुं प्रस्थापितोऽस्मि ।

नील-- हो, सरकार, यस्तै केही कुरा पऱ्यो । अक्षयकुमारको मृत्युले क्रुद्ध भएका रावणले पातालका अधिपति महीरावणकहाँ 'रामलक्ष्मण वीरलाई ढुना गरी मार्नु भनेर तीक्ष्णदंष्ट्रलाई पठाइरहेछन् । त्यस-कारण केही विघ्न परिहाल्ला कि भनेर रानीसाहेब इरावतीले यो कुरा सुन्नेसाथ तुरुन्त मलाई पाउनु भएको-यो खवर यहाँका कानमा पारिहाल भनेर ।

विभीषण-- बाबु, मैले भनेको भनेर रानीसाहेब इरावतीलाई राम्रो सम्झाइ-बुझाई गरिराखे ।

(हओस् भनेर नील निस्कियो ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभीषणः-- दशकन्धरराजोप्युपस्तम्भयाचनाय[1] मित्रे महीरावणे प्रस्थापयति तीक्ष्णदंष्ट्रम्[2] ॥ तदवहितेन भवितव्य-मितीरावत्या प्रस्थापितो[3] नीलः ॥

रामः - आ अलं शंकया[4] । अथवा छिद्रेष्वनर्थावकाशो भवति[5]

लक्ष्मणः-- आर्य यथोचितेन भवितव्यम् ।

हनूमान्[6]-- अहो सर्व्वजनप्रसिद्धलङ्काभयामर्षित्वम् ।

पटीक्षेपः ॥

---

१) दशकन्धराजोपि उपस्तम्भ मूले ।

२) तीक्ष्णदष्ठम् मूले ।

३) तदवहितेन भवितव्यमिति । एरावत्या प्रस्थापित एतावन्मूले ।

४) शकास्पदेनेति मूलपाठः । शंकास्पदेन तर्केणेति वा भवितव्यम् ।

५) छिद्रेष्यनर्थावकाशमावहतीति मूलपाठः । छिद्रेष्वनर्था बहुली भवन्तीति भावः ।

६) हनुरित्येव मूले ।

विभीषण-- महाराज रावणले आडअड़ेसो खोज्न भनेर मित्र महीरावणकहाँ तीक्ष्णदंष्ट्रलाई पठाएका रहेछन् । त्यसकारण होशियार भएर बस्नू भनेर रानी इरावतीले नीललाई पठाएकी रहिछन् ।

राम-- आ शंका गर्नु पर्दैन । अथवा, हुनता छिद्र परेका ठाउँमा धेरै अनर्थ कुरा आइलाग्दछन् ।

लक्ष्मण-- दाज्यू, होमियार भएरै बस्नुपर्छ ।

हनूमान्-- ओहो यो सबै दुनियाँमा बेजोड कहलिएको लङ्कापुरी पनि डरले थरथर काँपेको छ ।

(पर्दा खस्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति[1] महीरावणः ॥

परिक्रम्य ॥

महीरावणः— अये[2] सततविततूर्यमृदङ्गपणवतूणव[3] — शंखवीणा[4] वादनतत्परनगरनिगमराजधानी—जनपदराष्ट्र[5] जनविचरितं[6]

---

१) प्रविसति ।
२) अए ।
३) तुनव मूले ।
४) तूर्यमृदङ्गपणवतूणवशंखवीणाप्रभृतयो वाद्यभेदाः । तूर्यते वाद्यते, तूर यत्, वाद्यभेदे, होमावसाने कृततूर्यनादः । तुलादानविधौ— तत्र भुक्त्वा पुनः क्रिञ्चित् तूर्यघोषैः प्रहर्षितः, सतूर्यमेनां स्नपयाम्बभूवुः (कुमारसं.) मृदङ्गा मुरजा भेदास्त्वङ्क्या लिङ्-ग्योर्ध्वकास्त्रय इत्यमरः । पणवः तम्बुरा इति भाषायाम् । तूणाकारे वाद्यभेदे तूणवः । सैषा वाग् वनस्पतिषु वदति या दुन्दुभौ या तूणवे या वीणायाम्, तै. सं. ६।१।४।१ वीणावादं कोशाय तूणवध्ममवरस्पराय, यजु: ३०।१९ तूणवं वाद्यभेदं धमति तथाभूतं वेददी. (वाचस्पत्य) ।
५) राष्ट्रजनग्रहणेनैव सर्वग्रहणे सत्यपि विशेषग्रहणं सुस्पष्टार्थम् । निगमो पणिक्पथः । जनपदेन राजधानीनगरबाह्याः प्रदेशा ग़म्याः ।
६) 'विचरिता' मूले ।

त्यसपछि महीरावण पस्तछ ।

(घुमेर)

महीरावण-- ए सधैँ छरपष्ट भइरहेका तूर्य मृदङ्ग पणव तूणव शङ्ख वीणा आदि गरेका वाजा बजाउन लागेका शहर बजार राजधानी गाउँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्तुतिवेदमङ्गलगीतिका--भरतभट्टभण्ड[1]--विलसितमनोहर
मनेक--विदग्ध--नागरिका — हास्यलास्यप्रमुखनृत्यमानं[2]
प्रशान्तमरकरोगतस्करडिम्बडमरकलहविरहितं[3] मही
मण्डलमिदं मम लोचनानन्दमातनोति ॥

अहो लङ्कापुरीशोभा ॥ यतः ॥

पुरोवरं वारिदमण्डलोच्छ्रयं[4]
सुतप्तकार्त्तस्वर[5]-भास्वरामलम् ।

---

१) 'भरथ' मूले । भरतास्तु कुशीलवाः इत्यमरः । भट्टः स्तुतिपाठ वृत्तिमर्ति, (भाट) वैश्यायां शूद्रवीर्येण पुमानेको बभूव ह । स भट्टो वावदूकश्च सर्वेषां स्तुतिपाठकः । भण्ड अश्लीलभाषी 'भाँड़' इति भाषायाम् ।

२) नगरे भवा, अण् + ङीप् । पुनः स्वार्थे कप्रत्यये उपधाह्रस्वे टापि च नागरिका । विदग्धा नगरवधूः । तासां हास्यलास्यप्रमुखैर्विभ्रमैर्नितरां सुशोभितं वा नृत्यमानमिव प्रतिभातीति भावः ।

३) अत्र पदे बहुव्रीहौ विरहितपदं व्यर्थम्, तत्पुरुषे च प्रशान्तपदमथवा पदद्वयं कर्तव्यम्, ड़िम्बे ड़मरविप्लवौ इत्यमरकोशाड् डिम्बड़मरपदे समानार्थे । अथवा ड़िम्भ इति पठनीयम् । तथा बालपीडेत्यर्थावगमः स्यात् ।

४) वारिदमण्ड़लोत्स्रयमिति मूले । नगाद्यारोह उच्छ्राय उत्सेधश्चोच्छ्रयश्च स इत्यमरः ।

५) रुक्मं कार्त्तस्वरं जाम्बूनदमष्टापदोऽस्त्रियामित्यमरः ।

राष्ट्रकै जनहरूको चहल पहल भएको, स्तोत्र मन्त्र (ऋचा) पढ्ने मङ्गलगान गाउने गाइने स्तुतिपाठ गर्नें भाट भाँडहरूका विलासले राम्रो भएको अनेकौं चतुरा नारीहरुका हाँसो नाच गान वजान आदि हाव भावले नाच्न लागेको जस्तो, महामारी रोग हटेको चोर डाका नभएको, अशान्ति विद्रोह कलह झैझगडा केही नभएको यो पृथ्वीमण्डलले मेरा आँखालाई आनन्द दिइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेकरत्नाङ्कितकौतुकोत्सवं[1]
विडम्बयद्[2] देवपुरं विभाति हि ॥ (३५)

किमत्राऽप्रस्तुतवर्ण्णनया । सागरवेलावलोकनकुतूहलमनुभवाम ।

वेलापर्व्वतमनुविचरन् ॥

अमी शुकाः[3] स्वागतमाहुरादराद्
द्विरेफमालाकुलपुष्पवृष्टिभिः ।
महार्घ्यदानं किरतीव पादपो
मनोऽनुकूलं वहतीव मारुतः ॥ (३६)

अन्यतो गत्वा

---

१) *कुतुकस्य भावः इति स्वार्थेऽणि कौतुकम्, मङ्गलार्थं हस्तसूत्रम्। तद्बन्धनोत्सवो नाम विवाहो बोध्यः। वैवाहिकैः कौतुकसंविधानैः, कुमारसं.। अथ तस्य विवाहकौतुकं ललितं बिभ्रत एव पार्थिवः, रघुवंश।*

२) *'व्यडम्बयद्' मूले। अनुकुर्वत्, देवपुरमनुकुर्वद् विभाति।*

३) *सुका मूले।*

ओहो लङ्कापुरीको शोभा कति राम्रो छ— मेघमण्डल जस्तो ऊचो पोलेको सुनको पोला जस्तो झलझल झल्कने अनेकौं रत्न जड़ेको मङ्गलसूत्र लाउने विवाहको उत्सव भइरहेको यो शहर स्वर्गलोकलाई माथ गरेर सुहाइरहेछ ।

अब यहाँ वेप्रासङ्गिक कुरा के गरिरहनु ? समुद्रको किनारा हेर्नें रहर मेटौं ।

(समुद्रका किनाराको पहाडमा घुम्दै)

यी शुगाहरू आदरपूर्वक 'स्वागत' भनिरहेका छन् । यी रूखहरू पनि भमराका ताँती झुण्डिदा खसेका फूलले नै पूजा सत्कार गरिरहेका हुन् कि ? हावा पनि मन बहलाउने गरी बहँदो छ ।

(अर्कोतिर गएर)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अये[1] कथमत्र तरवोऽपि परार्थमावहन्ति[2] ॥ यतः ॥

जनाशागम्या[3]स्ताः परिणतफलाः कल्पलतिका
गजानां निर्ग[4]ण्डस्थलनिकषणश्चन्दनतरुः ।
परिक्रीडन्तेऽस्मिन् मुदितमनसः किन्नरगणा[5]
अहो एलागन्धी[6] प्रभवति मुदे मे परिमलः ॥ (३७)

अन्यतो गत्वा समुद्रं दृष्ट्वा ॥

अयं साक्षी[7] सिंधु[8]र्म्मकरमकरीप्रेमकलहे
तरङ्गाभङ्गीभिस्तुलयति चलं नाम जगताम्[9] ।

---

१) 'अए' ।
२) परार्थमावहति ।
३) जनाशा गम्याः ।
४) गजानां गण्डस्थल ।
५) मुदितमलसः किन्नरगणाः ।
६) अहोरेलाक्षी । एते उपर्युल्लिखिताः पाठा मूलेऽसंस्कृतत्वात्त्यक्ताः, अस्मिन् श्लोके मूलपाठाच्छन्दोऽपि भज्यते । तेन मया कतिचनाक्षराणि स्थापितानि । निर्निश्चयेन गण्ड़स्थलनिकषणः । परिक्रीड़त्यस्मिन्मुदितमलसः किन्नरगण इत्यपि पठितुं शक्यते गणस्य बहुवचननिरर्थकत्वात् । अलसः किन्नरगणोऽस्मिन् परिक्रोड़तीत्यर्थः । अहो एलेत्यत्र ओत् १।१।१५ इत्योदन्तनिपातस्य प्रगृह्यसंज्ञायाः प्रकृतिभावात् सन्ध्यभावः
७) 'साखी' ति मूलपाठः ।
८) उदन्वानुदधिः सिन्धुः सरस्वान् सागरोऽर्णव इत्यमरः ।
९) अयं सागरः मकरमकर्योः प्रेमकलहे जाते साक्षी वर्तते । तथा

एहो कस्तो यहाँ त रूखहरू पनि परोपकारमैं लागेका छन् । लटरम्मैं फल पाकेका कल्पवृक्षहरू मानिसको अभिलाषा भरिपूर्ण पार्छन्, चन्दनका रूखहरू हात्तीका गण्डस्थल सधै कन्याउने साधन बनेका छन् । हाँसखेल गर्नें किन्नरगण यहीं खेलिरहेका छन् । अलैंचीको गन्ध मिसिएको मगमगाउँदो वास्नाले मेरो मन वहलाइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अयं पन्था यातः प्रमद्वनिताभि[1]र्निशि निशि
यतो दृश्यन्ते च त्रुटितपतिता हारलतिकाः[2] ॥ (३८)

अलं प्रस्तुतवर्ण्णनया, सेतुबन्धनोद्यतयोः सागरदर्शनकुतूहलयोः[3] क्षत्रियकुमारयो रामलक्ष्मणयोर्मृगयां करोमि । अत्रैव[4] भवितव्यम् ।

तरङ्गाणां भङ्गीभिर्जगतश्चाञ्चल्यं तुलयति । अत्र मूले तरङ्गाभङ्गैरातुलयति' पाठो वर्तते । भङ्गस्तरङ्ग ऊर्मिर्वेति भङ्गतरङ्गौ समानार्थकौ । तेन भङ्ग्यर्थेऽत्राभङ्गपदं प्रयुक्तम् । आसमन्ताद् भङ्गय आभङ्गयस्ताभिस्तुलयतीत्यर्थः । स्त्रीलिङ्गाद् भङ्गिशब्दाद् 'बह्वादिभ्यश्च ४।१।४५ इति सूत्रे कृदिकारादक्तिन' इति ङीषि भङ्गि भङ्गीति रूपद्वयं भवति ।

१) *प्रमदवनिताभिरभिसारिकाभिः ।*
२) *त्रुटितपतिताम् हारलतिकाम् ।*
३) *सेतुवन्धनसुद्यतयोः शागरदर्शनकुतूहलयोः ।*
४) *'अत्रेव' पाठा मूले ।*

(अलिक परं गएर समुद्रलाई हेरेर ।)

मकर र मकरीका प्रेमलीलामा पर्न गएको झगडामा यो समुद्र साक्षी छ । आफ्ना चञ्चल तरङ्गका हाउभाउले यो संसार चञ्चल छ भन्ने कुराको संकेत गरिरहेछ। वैँश भरिएका तरुनीहरू पनि राति--राति यही बाटोबाट हिड्दा रहेछन् । यिनका छिनेर खसेका हारका माला यतैहुंदो छरिएका देखिन्छन् ।

अब यो प्रसङ्ग छाडिदिऊँ । सनुद्रमा पुल हाल्न कसिएका समुद्रको शोभा हेर्ने लहड लिएका तिनै क्षत्री केटा रामलक्ष्मणको शिकार गर्न जान्छु । तिनीहरू यतैतिर हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति रामो लक्ष्मणो विभीषणो हनूमांश्च[1] ॥

विभीषणः-- रघुनन्दन पश्य दशकन्धरस्य पुरो वरशोभाम् ॥

रामः[2]-- दृष्ट्वा निर्वर्णयति[3] ॥

रत्नांकुरो जलनिधेरयमाविरासी-
ल्लंकेति लोकमहिता कनकाचले[4]यम् ।
अत्युच्चकैर्जलदमण्डलमुद्वहन्ती
नित्येन्दुना धवलिता[5] त्रिदशै श्च[6] वन्द्या ॥ (३९)

---

१) ततः प्रविशति राम लक्ष्मण विभीषण हनूमान् ॥ इति मूले ।

२) अत्र विसर्गो नास्ति ।

३) वर्णयतीत्यर्थः । निर्रिति निश्चयेन वर्णयति ।

४) कनकापुरीयं मूलपाठः । कनकं सुवर्णम् । तस्य नपुंसकलिङ्गित्वा त्कनकपुरी भवति न तु कनकापुरी । तेन कनकाऽचला कनकभूमि रिति प्रयोगः शोभनः ।

५) लङ्काया अत्युच्चत्वाज्जलदमण्ड़लं परितः पतति । तेनेन्दुः सर्वदा चकास्तीत्यभिप्रायः ।

६) 'त्रिदिवेश्चे' ति मूले । त्रिदिव इति स्वर्गनाम । स्वरव्ययं स्वर्ग नाकत्रिदिवत्रिदशालयाः इत्यमरः । त्रिदशा विबुधा सुराः त्रिदिवेशा दिवौकस इति चामरात् त्रिदशैश्च वन्द्याऽथवा त्रिदशेशवन्द्या त्रिदिवेशवन्द्यापि भवितुमर्हति ।

(त्यसपछि राम लक्ष्मण विभीषण हनूमान् पनि पस्छन् ।)

विभीषण— राघव हेर्नुहोस् रावणको शहर लङ्काको राम्रो शोभा ।

राम-- (हेरेर वर्णन गर्छन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मणः--

निशावसानसंवेशे[1] दृष्टावार्य[2] मया खलु
सिंहिकातनया[3] क्रान्तौ चन्द्रसूर्यौ निरन्तरौ ॥ (४०)

रामः-- वत्स ॥

दीर्घाध्वश्रमसन्तापा[4] ग्रीष्मकालकृताश्च ते[5]।
हृदयेऽरुन्तुदं शल्यं गाढमावेशयन्ति[6] मे ॥ (४१)

विभीषणः-- महात्मन्नलं शंकया[7], स्नानादिना शुद्ध्यते[8]।

---

१) संवेशः स्वापः। स्यान्निद्रा शयनं स्वापः स्वप्नः संवेश इत्यमरः।
२) दृष्टारार्येति मूलपाठः।
३) सिंहिकातनयः सैंहिकेयो राहुः।
४) सन्तापो।
५) कृतानि च।
६) गाढमावेशतीव मे। इति मूलपाठः। लिङ्गवचनक्रियापद-वैषम्येनेदं पद्यमसंस्कृतम्।
७) महात्मनलं संकया।
८) शुद्ध्यति मूले।

यों लङ्का समुद्रबाट पलाएको रत्नको टुसा हो। सुवर्णभूमि हो भनेर दुनियाँमा यो मानिएको छ। यो ज्यादै अग्लो छ। यसका वरिपरि वादलका घेरा तलै रहने हुँदा लागिरहेका जूनका सेता टहकले यो सधैं झलमल्ल छ। द्यौताले पनि यो मानिएको छ।

लक्ष्मण-- उज्यालो हुने वेलामा दाजु, आज मैले सपनामा चन्द्र सूर्यमा खग्रास ग्रहण लागेको देखेँ।

राम-- बाबु लक्ष्मण, लामो बाटाको थकाइले गर्मी यामको बाप धपेडीले पनि तीखो सुइरोले घ्वाच्च घोचे जस्तो भएर मेरो मुटु चस्स दुखी रहेछ।

विभीषण-- महात्माजी शङ्का नगर्नुहोस्। स्नान दान गर्नाले दोष मेटिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति महीरावणः ॥

दृष्ट्वा ॥

अये[1] पंक्तिरथसुतौ क्षत्रियकुमारौ रामलक्ष्मणाविति विश्रुतौ[2] वेलाचलोपत्यकामलंकुर्वाणौ ॥

रामं निर्वर्ण्य

इह हि ॥

प्रसन्नोदारात्मा सुललितवपुर्लक्षणधरः
शरत्तारानाथच्छविवहमुखो[3] धीरललितः ।
सुरेशैरन्यै[4]र्वाऽप्रतिहतगतिश्चारुविनयो
मुदा युक्तो[5] रामस्तपनकुलजो राजविजयी ॥ (४२)

---

१) अए ।

२) विश्रुतो मूले ।

३) शरत्तारानाथः पूर्णचन्द्रः । तच्छविसदृशमुखः

४) सुरेशैरंन्ये वेति मूलपाठः ।

५) 'अयं मोदे' मूलपाठोऽशुद्धः । मोद इति मुद्धातोरुत्तमपुरुषैकवचनं तदत्र न सङ्गतम् । मोदते इत्यर्थः ।

(त्यसपछि महीरावणको प्रवेश हुन्छ ।)

(हेरेर ।)

ए दशरथका छोरा राम लक्ष्मण नामका दुइटा क्षत्री केटा समुद्रको किनाराको पहाडको फेदीमा बसेका रहेछन् !

(रामतिर हेरेर ।)

यी ता—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अयमसौ लक्ष्मणः ॥

शयनादेव[1] यस्य स्यादृषेः सर्व्वज्ञताऽत्मनः ।
पितामहमहं मन्ये महीमण्डलमध्यगम् ॥ (४३)

अये मारुतिरप्यत्रैव[2], यस्य गुणक्लेशकीर्त्तनं न कोऽपि शक्नोति ।

यतः ॥

जंघालेन[3] हनूमता जलनिधिं दुर्लंघ्यमुल्लंघ्य च
लङ्का देवपुरीनिभा तनुरुहै[4]र्दग्ध्वा सुविध्वंसिता ।
गत्वाऽशोकवनं कुमारमतुलं निःशंकमाघातयद्
भानोर्व्याकरणं[5] स्फुटं सुपठितं सोयं समुज्जृम्भते ॥ (४४)

---

१) स जनादेवेति मूलपाठः । शसयोर्यजयोरभेदेनाऽत्र दुरूहोऽर्थः । शयनात् स्वप्नादेव स लक्ष्मणः सर्वज्ञः सञ्जात इत्यर्थः । सपने पण्डित इति भाषायाम् । स्वापेऽनेन विद्या ज्ञाता; स्वप्नेऽमुकः श्रुतिधरः सम्पन्न इत्यद्य यावज्जनोक्तिः श्रूयते ।

२) अए मारुतिरप्यत्रेवेति मूले ।

३) जङ्घालोऽतिजवः ।

४) निजभुभिर्दग्ध्वेति मूलपाठः । अत्र निजभूपदं रोमसु पुच्छे वा प्रयुक्तम् । परं तस्य दीर्घत्वाच्छन्दोभङ्गः सुस्पष्टः । तेन मया तनुरुहपदं स्थापितम् ।

५) भानौ व्याकरणमिति मूले । पञ्चम्यन्तप्रयोगोऽत्र साधुः । भानोः सूर्याद् व्याकरणं पठितवान् ।

प्रसन्न उदार आत्मा भएका सुन्दर शरीरका लच्छिनले पनि युक्त भएका शरद् ऋतुका चन्द्रमाको जस्तो उज्यालो अनुहार लाएका धैर्यशाली सूर्यवंशमा जन्मेका राम्रा राम द्यौता मनुष्य कसैले पनि जित्न नसकिने छन् र राम्ररी तालीम पाएर अनुशासनमा रहेका हुंदा सबै राजालाई जितेर खुशी छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अये भ्रातुर्व्विवादभूमिर्वि[1]भीषणोऽत्र ।
आत्मगतम् ॥
कथमनयोः[2] प्रलंभाय प्रकारान्तरमस्ति ॥
प्रकाशम् ॥
अथवाऽत्रैव लताजालान्तरितः[3] पश्यामि, किमद्य विधास्यन्तीति[4]
तथा तिष्ठति ।

---

१) अत्र रेफस्त्रुटितः ।
२) अत्र विसर्गोऽपि नास्ति ।
३) अथवात्रेव लताजालान्तरमिति मूले ।
४) व्यवस्यतीति मूले ।

यी तिनै लक्ष्मण हुन् । जो सपनामै सबै कुरा सुनेर जानेर ॠषि जस्तै सर्वज्ञ (सपने पण्डित) भएका हुन् । यिनलाई त म मर्त्यलोकमा ओर्लेका स्वयं पितामह ब्रह्मा नै हुन् भन्ने ठान्दछु । ए हनूमान् पनि यही रहेछन् यिनको गुण वर्णन गर्न कोही पनि सक्तैन ।
खूप कुद्न सक्ने यी हनूमान्ले तर्न गाह्रो समुद्र उफ्रेर तरे । स्वर्गपुरीजस्तो लङ्कापुरी पुच्छरमा सल्किएको आगोले डढाएर ध्वस्त पारे । अशोकको वगैंचामा गएर अक्षयकुमारलाई पनि निर्धक्कसँग मारे । यिनले सूर्यसँग राम्ररी व्याकरणशास्त्र पढेका हुन् । यी हनूमान्को खूप ठूलो वढिवढाउ भएको छ ।
ए, यी दाजुसँग झगडा परेका विभीषण पनि यहीं रहेछन् ।
(मनमनै) यी दुई भाइलाई छक्याउने अर्को के उपाय होला ? ।
(सुन्ने गरी) अथवा यही लहराको जाल भित्र पसेर वस्छु र हेर्दछु, के गर्दा रहेछन् ?
(त्यसै गरी छेलिएर बसेर हेर्दछ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभीषणः-- रघुवंशजन्मन्नद्यैकादशीव्रतोपवासाचरणाय[1]
स्नानमाचरामि ॥

रामः- लंकेश्वर यथोचितमाचरत्वत्रभवान्[2] ।

लक्ष्मणः- आर्य सत्वरमागन्तव्यम् ॥

विभीषणः- वीरमारुते[3] मायाविनां राक्षसादीनां[4] प्रतिभर स्थानमिदम् । तेषां क्षिद्रावकाशो[5] न यथा भवति तथा समाराधयि-तव्यौ[6] राजपुत्रौ ॥ अहमपि स्नात्वा शीघ्रमागच्छामि ॥

हनूमान्[7]- आर्य लङ्केश्वर तथाऽस्तु ॥

इत्यभिधाय लंकेश्वरो[8] गतः ।

---

१) 'रघुवंशजन्मन्नद्य एकादशीव्रतोपवासमाचरणाये' ति मूलपाठः ।

२) लङ्केश्वर यथोचितमाचरंत्वत्र भवन्तः इति मूले । अत्र मानार्थे बहुवचनप्रयोगस्तूचित एव । तथासति सम्बुद्धावपि लङ्केश्वरा इति कर्तव्यम् ।

३) वीरमारुति मूलपाठः । परं सम्बुद्धौ 'मारुते' ।

४) मायाविनो रक्षसादीनामिति मूलपाठः ।

५) 'क्षुद्रावकाश' मूले पाठः । अथवा 'क्षुद्राणामवकाशो' भवितु-मर्हति ।

६) 'समाचरितव्यो' मूलपाठः ।

७) हनुमान् मूले ।

८) लङ्केश्वरौ मूलपाठः ।

विभीषण-- रघुवंशी महाराज, आज एकादशी व्रत निलाहार बस्नको लागि म नुहाउन जान्छु है ।

राम-- लङ्कानाथ, आवश्यक कर्म यहाँले गर्नुभए हुन्छ ।

लक्ष्मण- दाइ, यहाँले चाँड़ै आउनुपर्छ नि ।

विभीषण-- वीर हनूमान्, यो ठाउँ इन्द्रजाली राक्षसहरूको खेलखोर हो, यिनको भय हुन्छ । त्यसकारण तिनलाई छिद्र फेला पार्न दिनु-हुदैन । जसरी हुन्छ राम लक्ष्मणको राम्रो हेरविचार राखे । म पनि चाँड़ै नुहाएर आउँछु ।

हनूमान्-- लङ्कापति महाराज, हओस्, त्यस्तै गर्दछु ।

(यति भनी लङ्कानाथ विभीषण नुहाउन गए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]-- यथाज्ञप्तमाचरामि । अतो लाङ्गूलेन वज्रपिञ्ज[2]रमाकोट्य दाशरथिमनुचरामि ॥

तथा करोति ।

ततो लताजालान्तरितो महीरावणः

महीरावणः[3]– अये लब्धावकाशः । अतो न यावद्विभीषणः समागच्छति तावत्तद्वेशमास्थाय हनूमन्तं[4] वञ्चयित्वा रामलक्ष्मणा[5]-वपहरामि ।

ततस्तद्वेशेनागत्य

परिक्रम्य ॥

---

१) हनुरित्येव मूले ।
२) वज्रपञ्जरमिति मूले ।
३) अत्र महीरावणपदं मूले नास्ति । महीरावणः--(लताजालान्तरितः पश्यन्) वा पठनीयम् ।
४) हनुवन्तं मूले ।
५) अत्रापि नकारप्रयोगो मूले ।

हनूमान्-- अब अह्राएबमोजिम गर्दछु । पुच्छरको वज्रपिञ्चर (नखुस्कने बलियो पुच्छरको पिंजडा) बनाएर राम लक्ष्मणको पहरा गर्दछु ।

महीरावण-- (लहराका झाँगभित्रबाट त्यस्तो देखेर) ए लौ लौ मौका पऱ्यो । अब विभीषण नआइपुग्दै उनैको भेष लिएर गएर हनूमान्लाई झुक्याएँछु र राम लक्ष्मणलाई हरेर लान्छु । (विभीषणको रूपमा महीरावण आउँछ)

(घुमेर)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्व मे वपुर्व्बालतमालशाद्वलं
छविः क्व चेयं वरकुंकुमारुणा[1] ।
लुलाय[2]शीर्षाञ्चितपट्टकं क्व च
फणीन्द्रपाशासिलता क्व रागदा ॥ (४५)

अयमेवावसरो भद्रः समीपोपसर्पणाय[3] ॥

उपसृत्य ॥

भद्र परितुष्टोऽस्मि तव सेवया । मायाविनो राक्षसाः । कदाचित तेषां[4] कपटावकाशोऽपि स्यात्, स्नानशाटिकामातपे ददामि, क्षणं त्वमपि स्वच्छन्दमाचर[5] ।

हनूमान्- आर्य आः[6] शक्तिरस्ति जातु यातुधानानां मय्यपि जागरिते[7] ।

---

१) वरकुंकमारुणमिति मूले । शोभा कान्तिद्युतिच्छविरित्यमरकोषाच्छविः स्त्रियाम् । तेन वरकुंकुमारुणाऽपि स्त्रियाम् ।
२) लुलायो महिषो वाहद्विषत् कासरसैरिभा इत्यमरः ।
३) समीपमुपसर्पणायेति मूलपाठोऽशुद्धः ।
४) 'मायाविनो राक्षसा' इति मूलपाठः । विसर्गोऽपि नास्ति । सन्तीत्यत्राध्याहार्यम् । अतो मया 'तेषा' मिति पदं स्थापयित्वा वाक्यद्वयं कृतम् ।
५) 'स्वच्छ' मूल एतावत् । अत्राक्षरं त्रुटितं प्रतिभाति । क्रियापदे च विसर्गोऽधिको मूले,विचर इति भावः ।
६) अत्र विसर्गो नास्ति । अथवा 'का' पठनीयम् ।
७) 'जातुधानाम् मामपि जागरित' इति मूलपाठोऽसंस्कृतः ।

भरखर पाउलिएको तमालकोजस्तो नीलो मेरो जीऊ खोइ कहाँ गो ? राम्रो कुंकुमको जस्तो रातो यो ज्योति हुन आएको छ । महिषासुरको टाउकामा गुतेको पगरी खोइ कता गो ? नागपासोमा नै भिरेको डरलाग्दो तरवार खोइ ? ।

अब यही मौका हो नजीक जाने । (नजीक गएर)

बाबु तिम्रो सेवाले वहुत खुशी भएको छु । राक्षसहरू धेरै मायाजाली छन् । तिमी नभएको भए तिनको चलखेल हुने पनि थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपथ्ये कल[1]कल

हनूमान्[2]-- कर्णन्दत्वा ।
कस्यायं कलकल
ततः प्रविशति विभीषणः ।
परिक्रम्योपसर्पति

हनूमान्[2]-- कस्त्वम्भोः ।
हस्तमुद्यम्य ।
आः[3] पाप कोऽमत्र ते व्यामोहः, हन्मि मायाविनं पाप-
निशाचरम् ॥

विभीषणः-- हनूमन् किं विस्मृतोऽसि । स्नात्वा प्रथमागमनमस्माकम् ।

हनूमान्[4]-- आ तलप्रहारमर्हसि ॥

---

१) कल २ मूले ।
२) 'हनुः' मूलपाठः ।
३) अत्र मूले विसर्गो नास्ति । आ प्रगृह्यः स्मृतौ वाक्येऽप्यास्तु स्यात् कोपपीड़योरित्यमरः । क्रोपे सविसर्ग एव साधुः ।
४) हनुरित्येव मूले ।

म नुहाएको चीसो कछाड घाममा सुकाएर आउँछु, तिमो पनि एकैछिन आफूखुशी आराम गर्दै गर है त ।

हनूमान्-- स्वामित, ए के जोर चल्थ्यो, यी मुला राक्षसहरूको म जागा हुँदाहुँदै ।

(पर्दाभित्र खलबल हुन्छ ।)

हनूमान्-- (कान थापेर) ए केको खलबल हो यो ?

(विभीषणको प्रवेश हुन्छ ।)

(घुमेर नजीक आउँछन् ।)

हनूमान्-- ए, को होस् तँ ?

(मुड्की उज्याएर ।)

ए पापी, क्या हो यस्तो तेरो चाल ? म मारिदिन्छु, यस्ता इन्द्रजाली पापी राक्षसलाई ।

विभीषण-- ए हनूमान्, विर्स्यौ कि क्या हो तिमीले मलाई । भरखर नुहाएर पहिले मै त आउँदैछु ।

हनूमान्-- ए, अब मेरा चभएडा भेट्ने भइस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति सुग्रीवः ॥

सुग्रीवः[1]-- नखलु नखलु परस्परविवादास्देन भवितव्यम् ।

विभीषणः-- आयुष्मान् सुग्रीवः परामर्षतु ॥

सुग्रीवः-- महात्मन् विभीषण समाश्वसिहि २ ॥
भद्र मारुते[2] किमाह भवान् ॥

हनूमान्[3]- आर्य वानराधिपते प्रथमतरमागताय[4] विभीषणाय रामभद्रं लक्ष्मणं च समर्पितवानहम् ॥

सुग्रीवः-- महात्मन् श्रुतं त्वया ॥

विभीषणः-- प्रथमागमनमस्माकम् समजनि ॥

---

१) सुग्रीवपदमत्र नो मूले ।

२) 'मारुति' मूले ।

३) हनुरित्येव मूले ।

४) प्रथमतरमागतेपीति मूले ।

(त्यसपछि सुग्रीव पस्छन् ।)

सुग्रीव-- होइन होइन, आपसमा झगडा गर्नुहुदैन ।

विभीषण-- यहाँ नानी सुग्रीवले विचार गर्नुपर्‍यो ।

सुग्रीव-- महात्मा विभीषण, शान्त हुनुहोस्, शान्त हुनुहोस् ।
बाबु हनूमान्, के भन्यौ तिमीले ।

हनूमान्-- वानरराज महाराज, पहिलै पाल्नुहुने विभीषणलाई नै मैले राम लक्ष्मणलाई जिम्मा लगाइसकें हैं ।

सुग्रीव-- महात्माजी, सुन्नु भो यहाँले हनूमान्का कुरा ?

विभीषण-- पहिलै आएको त म नै हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुग्रीवः-- आर्य लोचनगोचराद् व्यक्तिर्भविष्यति ॥ तदागम्यताम् ॥

तथा कुरुतः ।

विभीषणः-- तथा तौ रघुनन्दनावदृष्ट्वा

हनूमन् क क्षत्रियकुमारौ ।

हनूमान्-- तथा तावदृष्ट्वा ॥

आर्य्य सर्व्वथा वञ्चितोऽस्मि केनापि राक्षसाधमेन[1] ॥

विभीषण- वीर पवनतनय केनापि[2] मायाविना[3] विप्रलब्धोसि ॥

हनूमान्[4]- नूनं भवद्रूपमायागतः कोपि राक्षसः, त्वदभिगमनाभिजातप्रत्ययः समर्पितवानहम् । स चात्रैव[5] तावादायांर्तहितः, किमहं करोमि मन्दभाग्यः ॥

लज्जाविनम्रवदनस्तिष्ठति[6] ॥

---

१) राक्षषाधमेन ।
२) केणापि ।
३) मायाविणा ।
४) हमु: ।
५) चात्रेव ।
६) लज्याविनम्रवदनतिष्ठति । एते मूले लिखिता अशुद्धाः पाठाः ।

सुग्रीव-- सज्जन, त्यसोभए प्रत्यक्ष आँखाले नहेरी सबै कुरा खुल्ने भएन । यता पाल्नुहोस्त । (दुवै जना त्यसै गर्छन् ।)

विभीषण-- (त्यसरी हेर्दा राम लक्ष्मण दुवै भाइलाई नदेखेर ।)

ए हनूमान् खोइ त राजकुमारहरु कहाँ हुनुहुन्छ ।

हनूमान्-- (त्यस्तै राम लक्ष्मण दुवैलाई नदेखेर)

ओहो, मालिक, कुनै पापी अधम राक्षसले पक्कै झुक्याएछ ।

विभीषण-- वीर हनूमान्, ला कुनै इन्द्रजाली राक्षसद्वारा ठगिएछौ ।

हनूमान्-- दुरुस्त यहाँकै अनुहार भएको जाली राक्षस आएछ । मैले यहाँ नै पाल्नुभएछ भनी ठानेर राम लक्ष्मणलाई जिम्मा लाइहालेँ । राम लक्ष्मणलाई भरखरै लिएर गएको त्यो यहींनेर दवियो । हरे, अव के गरौं म अभागी ।

(लाजले घोप्टो मुन्टो लाएर उभिन्छन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुग्रीवः-- महानुभाव क्व गतोऽसि साम्प्रतं
विहाय मां प्रीतिविशेषभाजनम् ।
विराधितो वासि मयाऽतिचापलात्
प्रसीद वक्तुं नरदेवदेव हे[1] ॥ (४६)

विभीषणः-- विहाय मित्रं वनवासि दीनकम्
त्वदाशया जीवितबिन्दुधारि[2] च ।
क्व ते महाप्रेमसरित्पति[3]र्जने
क्व ते प्रतिज्ञा दशकन्धरे गता ॥ (४७)

अपिच ॥
संसारिणां विशदचन्द्ररविप्रकाशः[4]
सूर्यान्वयार्णवमहाद्भुतपद्मरागः[5] ।
देहीह मां प्रतिवचः पतितोऽस्मि दुःखे
क्षन्तुं प्रसीद चपलं त्वमनाथनाथ ॥ (४८)

---

१) 'प्रसन्नवक्त्रं नरदेव दर्शय' वा साधुः पाठः ।
२) धारिणमिति मूले । परं मित्रस्य विशेषणं 'वनवासिवद् बिन्दुधारि भवति नतु धारिणम् । इदृशं मित्रं त्यक्त्वा क्व गत इत्यर्थः ।
३) प्रेमसरित्पतिः प्रेमसागर इत्यर्थः मूले शरित्पतिः पाठः । 'दशकन्धरे प्रतिज्ञा' दशवदनस्य वधार्थं कृता प्रतिज्ञा क्व गतेत्यर्थः ।
४) 'विशदचन्द्ररवीप्रकाशो' इति पाठो मूले । अथवा विशदचण्ड़र-विप्रकाशो भवितुमर्हति ।
५) 'सूर्याण्वयार्णवमहाद्भुतपद्मरागो' इति पाठो मूले ।

सुग्रीव-- ममाथि विशेष प्रेम राख्ने हे नाथ, मलाई छाड़ेर अहिले कहाँ जानुभो । चाञ्चल्यले गर्दा मैले केही विराएँ कि ? हे राजराज खुशी भएर उज्यालो मुख देखाउनुहोस्न, अथवा खुशीले बोल्नुहोस्न।

विभीषण- तपाईंकै आधारले प्राणको त्यान्द्रो अड्किएको, वनवास लागेको यो दुःखी मित्रलाई (छाड़ेर कहाँ जानुभयो ?) जनताप्रति त्यत्रो प्रेमसागर कहाँ गो ? रावणलाई मार्ने प्रतिज्ञा पनि खोइ कहाँ गो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इति निलप्य बहुविधम् ॥

सुग्रीवः-- महात्मन् क इदानीमुपायः[1] ॥

विभीषणः-- भद्र प्रभंजनजन्मन्[2] महीरावणो वीरमा[3]चरिष्यतीति श्रुतिः । तत्[4] पातालमन्विष्यताम् ॥

हनूमान्[5]-- निशाचराणामधमेन पापिना
सुवञ्चिते दैवविपर्ययेण हि ।
बलेन किं शास्त्रविशारदेन[6] च
त्रपाकृपाविष्टमनश्च मे चलम् ॥ (४९)

---

१) 'महात्मन किमिदानीमुपाय' पाठो मूले ।

२) 'जन्मन' मूले पाठः ।

३) वीरव्रतमाचरिष्यतीति पठनीयम् । वीरव्रतं नाम नरबल्यादिना यौगिककर्म । 'श्मशान जगाउनु', 'टुनामुना गर्नु' इति भाषायाम् । वीरपरिभाषा च महीरावणप्रसङ्गेऽग्रे द्रष्टव्या ।

४) तत पाठो मूले ।

५) हनुरित्येव मूले ।

६) शास्त्रविलोकनेनेति वा साधु ।

अर्को कुरा—

संसारमा अँध्यारामा परेका मानिसको लागि चन्द्र-सूर्य जस्तो उज्यालो पारिदिने तपाईं हुनुहुन्छ । सूर्यवंशरूपी सागरमा अचम्मको पद्मराग मणि नै तपाईं हुनुहुन्छ । मैले बोलाउँदा बोल्नुहोस्न । म दुःखमा परेको छु । अनाथको रक्षा गर्ने हे स्वामित, ममा क्षमा राखेर खुशी हुनुहोस् ।

(यसरी धेरै विलौना गरे)

सुग्रीव-- महात्मा अब के उपाय गरौं त ?

विभीषण-- वायुपुत्र हनूमान् बाबु, महीरावण वीरव्रत (टुनामुना) गर्दछ रे भन्ने सुनिन्छ । त्यसकारण पातालतिर खोज्न जानुपर्‍यो ।

हनूमान्-- दैवले ठगेको हुनाले नै पापी अधम राक्षसले पनि ठग्न सकेको हो । अब बल गरेर के लाग्यो, शास्त्रमा सिपालु भएर पनि के गर्नु ? लाजले र मायाले पनि मेरो मन हडबडाइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पातालसंकीर्त्तनाज्ज्ञातप्रसादो हनमानाह[1] ॥

स्वामिन्नेवमस्तु ॥

अस्मत्पाणितले छद्म[2] केन वा चरितं खलु ।
तल[3]प्रहारमार्गेण गच्छाम्येष बलेर्भुवम्[4] ॥ (५०)

हनूमान् निष्क्रान्तः ॥[5]

---

१) 'पातालसंकीर्त्तनात् जातप्रसादो हनुमानाह' मूलपाठः । हनुरस्यास्तीति मतुपि संज्ञायां शरादीनां च ६।३।१२० इति दीर्घे हनूमान् भवति नतु हनुमान् ।
२) छद्मं मूले । शब्दोयं नान्तः । तेन 'छद्म' इत्येव भवति नतु छद्मम् छद्म कैतवम् ।
३) तलं स्वरूपाधरयोः खड्गमुष्टिचपेटयोरिति विश्व. ।
४) वलिर्भुवम् मूले ।
५) 'हनु निस्क्रान्तः' इति मूले ।

(पातालको नाम सुन्ने वित्तिकै खुशी भएका हनूमान्‌ले भने ।)

स्वामित, अब पातालमै खोज्न जान्छु ।

मेरो हत्केलामा आएर कसले छल गरेर गयो ! लात्तले हानेर पारेको प्वालबाट बलि राजाको मुलुक (पाताल) तिर पस्तछु ।

(यति भनी हनूमान् निस्किए)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनः प्रविशति हनूमान्[1] ।।

हनूमान्[2]-- पातालपुरगमनाय समादिष्टोऽस्मि ।
अस्मत्पाणितल इत्यादि पुनः पठति ।
अलं विलम्बितेन, पातालपुरगमनाय प्रयतिष्ये
निष्क्रान्तः[3] ।

---

१) मूले 'हनुः' ।
२) नास्ति पदमिदं मूले ।
३) मूले 'निस्क्रान्तः, ।

(हनूमान् फेरि पस्छन्)

हनूमान्-- पातालपुरी जान भनेर खटिएको छु ।
'मेरो हत्केलामा आएर कसले छल गरेर गयो' भन्ने कुरा फेरि गर्दछन् ।
भो अब, ढिलो गर्दिन । पातालपुरी जान नै कोशिश गर्छु ।
(यति भनी हनूमान् निस्किए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपथ्ये महीरावणः पठति ॥

भोः[1] २ त्रिभुवनस्थिता[2] वीराभिमानिनो मानधनाः शृण्वन्तु भवन्तः क्षत्रियकुमारौ रामलक्ष्मणौ संरक्षन्तु[3], यदि शक्तिरस्ति भवताम् ।

प्रविश्य सह[4] रामलक्ष्मणाभ्याम् ॥

पुनस्तदेव पठति ॥

महीरावणः- आगच्छतं रे आगच्छतम्[5] ॥

रामः— नन्वागतप्रायावावाम्

निष्क्रान्ताः[6] ॥

---

१) विसर्गो नास्ति मूले ।
२) अत्राकारो मूले ।
३) संरक्षताम् मूले ।
४) मूले 'सह' नास्ति ।
५) आगच्छत्य रे आगच्छथ ।
६) निस्क्रान्तः ।

(पर्दाभित्र महीरावणले भनेको सुनिन्छ ।)

ए लौ, त्रिभुवनमा वीर हुं भन्ने घमण्ड लिएका साहसीहरू हो सुन, तिमीहरू कसैको तागत पुग्छ भने राम लक्ष्मण नामका छेत्री केटाहरूको रक्षा गर्न आओ ।

(राम लक्ष्मणलाई लिएर महीरावण पस्छ ।)

फेरि त्यसै भन्दछ ।

महीरावण-- आओ केटा हो आओ ।

राम-- होइन, हामी आइरहेकै छौं त ।

(सबै निस्किए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्-- पाताले प्रविश्य[1] ॥ उद्याने ।
विविधकुसुममन्दारपारिजातसन्तानजात्यादिसुरभि-
सुगन्धिवनानि मनोरमाणि[2]

इह हि ॥

कपोलयुग्मैर्हसतीव लोहितैः[3]
सुपारिजातद्रुमपंक्तिसन्ततिः ।
विचित्रपुष्पोज्ज्वलगन्धवासिता
भातीव रम्या वनराजिका खलु ॥ (७१)

---

१) अत्रापि 'हनुः । पातालेप्रवेशः' मूले ।
२) सुगन्धी वनानि मनोरमानि मूलपाठः । परं वाक्यमिदं चिन्त्यम् । मन्दारपारिजातसन्तानशब्दाः समानार्थकाः, यथा—पञ्चैते देवतरवो मन्दारपारिजातकः सन्तानः कल्पवृक्षश्चेत्यमरः । तथा सुरभिसुगन्धिशब्दावपि समानार्थौ 'सुरभिर्घ्राणतर्पण, इष्ट-गन्धः सुगन्धिः स्यादित्यमरः । अतो द्विरुक्तिदोषमापास्यात्र 'आश्चर्यमत्रोद्याने पारिजातजात्यादि विविधकुसुमसुगन्धि-वनानि मनोरमाणी'त्येव पठनीयम् ।
३) कपोलौ द्वावेव तावद् युग्मशब्दस्य बहुवचनप्रयोगो बह्वीनां स्त्रीणां कपोलोपलक्षणार्थम् ।

हनूमान्-- (पातालमा पसेर)
ओहो यो बगैँचामा त कल्पवृक्ष जाति आदि फूलको वासना मगमग राम्रो चलेको रहेछ । यहाँ ता फूल फुलेका कल्पवृक्षका दुइतिरका लहर हाँसेका सुन्दरीहरूका राता-राता दुइटा गालाका पंक्ति जस्तो देखिन्छ । चित्र विचित्रका फूलको चर्को वासनाले यो वनको पंक्ति राम्ररी सुहाएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समुच्चितसुफलप्राशनं[1] कृत्वा करपत्रद्वारमनुसरामि ॥

तथा कुरुते[2] ॥

क्रकचद्वारमुपसर्पति ॥ ततोऽपि द्वारं[3] पिहितम् ।
अये कथं मय्यागतेपि द्वारं पिहितम्[4] ॥ अहो निपुणाः[5] पातालनिवासिनो[6] जनाः । कथं स्वयमागतेऽतिथौ सत्कारमपास्य द्वारं पिहितवन्तः[7] । कोयं नूतनो न्यायः भवतूद्घाटयामि ॥

तथा करोति ॥

अये कथं मत्पाणिघातेनापि नोद्घाटयते[8] । यतः ॥

---

१) मूले 'प्रसनं' ।
२) मूले कुरुतः ।
३) मूले द्वारपदं नास्ति ।
४) पिहि तवान् ।
५) 'निपुन' ।
६) 'निवाशिनो' ।
७) पिहितम् ।
८) नोद्घटते । एते मूलपाठाः ।

अब मीठा मीठा फल अघाउँजी खाएर करौंते डोकातिर जान्छु ।

(त्यसै गर्छन् ।)

(करौंते ढोकानेरै पुग्छन्, ढोका ढ्याम्म लाग्छ ।)

ए के हो, म आइपुग्नासाथ ढोका ढ्याम्म बन्द हुन्छ । साच्चै पातालबासीहरू धेरै बाठा रहेछन् । आफै आइपुगेको अतिथिको सेवा सत्कार गर्नु त परै जाओस्, ढोका पो थुन्दा रहेछन् । कस्तो नयाँ चालचलन हो यिनीहरूको । भैगो आफै उघाछुँ ।

(उघार्न बल गर्छन् ।)

ए हो कस्तो मेरा हातको धक्काले हान्दा पनि यो ढोका उघ्रदैन । मेरा यी लवटा कस्ता हुन् भने—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लङ्कादाहे तमदलभयाद्विद्रुता यातुधाना[1]
लङ्कानाथः स चकितमनाः सप्लुताश्वेन[2] यातः ।
रम्येशोके तरुरिव हतो मन्त्रिपुत्रः कुमारः
सीता[3]राद्धा कथमिह गतो मन्दतां पाणिघातः ॥(५२)

अये कथं तपस्विनी करण्डहस्ता समापतिता मालिनी[4] ।
अस्याः करण्डके प्रविश्य गच्छामि ॥ एकत्र तिष्ठामि

---

१) मूलपाठः—जातुधाना ।
२) सप्लुतास्वेन ।
प्लुतं तुरङ्गमगतौ इति विश्व. ।
३) शीता ।
४) मालिनी नास्ति मूले ।

अघि लङ्कापुरी डढाउँदा यिनै मेरा लवटाका चभन्डा पाउने डरले सबै राक्षसहरू भाग रे भाग भएका थिए । लङ्काका राजा रावणले पनि डराएर फत्र्वाल छाड्ने घोडा चढेर कुलेलम ठोकेका थिए । यही लवटाका थप्पड खाँदा राम्रो अशोकका वगैंचामा मन्त्रीका छोरा र अक्षयकुमार पनि रूख ढल्दा झैं ढलेका थिए । सीतालाई खुशी पार्ने यो मेरो हातको धक्का आज किन हो यसरी कमजोड भएर क्राम नलाग्ने भयो ?
ए कसरी आइ पो पुगिछ यो विचरी मालिनी हातमा फूलको छाप्री लिएर । लौ अब यसैका छाप्रीभित्र पसेर शहर पस्छु । एकातिर छेउ लागेर वस्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततो यथानिर्दिष्टा करण्डहस्ता प्रविशति मालिनी ॥

मालिनी-- परिक्रम्य ॥

अइ अविकल कोकिल कुबह्मण तुदि वित्थरो अणवरत महुपाणमतु महुअर गन्धव्व गीदो णमिद कुसुमचाव वार मअरध्वअ सचिओ अहिणव रोमञ्चिदचूतरूख विअओ विसद चन्दकर किसलअ वीइद चामरो चन्दणतरु कुसुममअरन्द अद्य पूजिद सुहगो सिसिर णिझर सलिल सम्वलिद मलअमारुद पटलानुयादो वसन्त राअ विजओ रतुदि ॥ (क)

क) अयि अविकलकोकिलकुब्राह्मणस्तुतिविस्तरोऽनवरतमधुपानमत्तमधुकरगन्धर्वगीतो नमितकुसुमचापवालमकरध्वजसचिवोऽभिनवरोमाञ्चितचूतवृक्षविजयो विशदचन्द्रकरकिसलयवीजितचामरश्चन्दनतरुकुसुममकरन्दमद्यपूजितसुभगः शिशिर निर्झरसलिलसंवलितमलयमारुतपटलानुयातो वसन्तराज विजयोऽस्ति ।

(अनि भनेजस्तै हातमा छाप्री वोकेकी मालिनी पस्छे ।)

मालिनी-- (घुमेर)

ए हो, नविसाइकन बासेको कोइलीको कुहूकुहूं आवाज लण्ठू बाहुनले वेद पढे जस्तो सुनिन्छ । हरवखत फूलको रस पिएर मातेका भ्रमराका भूँ भूँ आवाज चाहिं गन्धर्वले गीत गाए जस्तो छ । फूलको काँड नै धनुमा ताँदो चढाएका, पठ्ठा कामदेव नै सचिव (जुद्धमा सहायक) भएका, भरखरका मुजुरा पलाएको आँपका रूख नै विजयपताका फरफ़राएका स्वच्छ चन्द्रमाका किरण लागेका, हल्लिएका पालुवा पात रूपी चँवरले हम्किएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ता ममावि मणोमादो वित्थारिदो । मणसिज खदो विअ मे हिअअम् ॥
महीअर महुरासाओ कोकिल वधुआ लासिदो दिदीसदि ।
अइ मधुमासो गुणिओ रोमञ्चिद चूत मञ्जरओ ॥ (८३)

ता कुसुमावचअं करिअ गमिस्सम्, तत्थ भवदो महीरावण देवस्स इट्ठ देवदा राहणाअ उत्त वेला अतिक्कमिस्सदि ॥(क)

तथा कुरुते¹ ॥

---

१) मूलपाठः 'तथा कुरुत' ।

तन्ममापि मनउन्मादो विस्तारितः । मनसिजक्षतमपि च मे हृदयम् ।
महीधरमधुरामायाः कोकिलवध्वा हासितो दृश्यते ।
अयि मधुमासो गुणिको रोमाञ्चितचूतमञ्जरीकः ॥
क) *तत्कुसुमावचयं कृत्वा गमिष्यामि । तत्र भवतो महीरावणदेवस्येष्टदेवताराधनाय युक्तवेलाऽतिक्रमिष्यति ।*

चन्दन वृक्षका फूलका रस रुपी मद्यले राम्ररी पुजिएका, शिशिर ऋतुका छहराका चीसा पानीका कण मिसिएको मलयाचलको दक्षिणी हावाको लहर पछि लाएका ऋतुराज वसन्तको विजयोत्सव भइरहेछ । यता मैले पनि मन थाम्न सकिन आँटिन । काम वासनाको काँढो मेरो पनि छातीमा बिझ्यो ।

राम्री पहाडी ठिटीले गाए जस्तो कोइलीका पोथीले वासेको सुनिन्छ । ए वसन्त ऋतु गुनिलो छ । आँपको मुजुरा पलाएको देख्ता यसका रौं ठाडा भए जस्तो लाग्छ ।
लौ अब फूल टिपिसकेर गइहाल्छु । उहाँ महाराज महीरावणदेवको इष्टदेवको पूजा आराधना गर्ने वेला भिड्किएला ।

(त्यसै गर्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]-- विधाय कायं तृणवल्लघुं च[2]
प्रविश्य पुष्पस्य करण्डकन्तु ।
द्रुतम्पतिष्यामि च रामपार्श्वं
क्षणेन यास्याम्यतितीव्रगत्या[3] (५४)
अलमत्र विक्रमाचरणेन सखिविकलत्वात्[4] ॥

मालिनी-- क्रकचद्वारं प्रवेष्टुमिच्छति[5] ॥ क्रकचद्वारं पिधीयते[6] ॥

---

१) मूले हनुः ।

२) 'लघुत्वं' मूले । कायं लघुं कृत्वेति भावः । कायस्य लघुत्वं विधाय वा भवति न तु मूलस्थपाठः ।

३) 'द्रुतम्पतिष्ये रघुराजपुत्रं क्षणं प्रयामि प्रसभं समीपम्' मूलस्य एष पाठो न समीचीनः । पत्लृ पतने धातोः परस्मैपदित्वात् पतिष्य इति रूपम् साधु पतिष्याम्यत्र लृट् प्रयोगः, तेन यास्यामि भविष्यत्काल एव शोभनः पतनानन्तरमेव रामपार्श्वगमन भवति ।

४) मूलस्य 'सखाय' विकलत्वादिति पाठोऽशुद्धत्वात्त्यक्तः । सखि शब्दस्य भावे सख्यं भवति ।

५) 'प्रवेष्टुमिच्छु' मूलपाठः ।

६) 'पिदधति' मूलपाठः । अत्र पिधानकर्तुरदर्शनाद् भाववाची प्रयोग एव साधुः ।

हनूमान्- अब स्यौला जस्तो हलुको जीउ पारेर यही फूलको छापीभित्र पस्छु र तुरुन्तै झरिहाल्छु । दौड़ेर जाँदा एकैछिनमा रामचन्द्रको नगीचमा पुगिहाल्छु पनि । अहिले यहाँ फुर्ती देखाउने मौका छैन । मद्दत पनि केही छैन ।

मालिनी-- करौंते ढोकाभित्र पस्न खोज्दछे । ढोका गर्लाम्म आफैं लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मालिनी[1] -- अए कधं निच्चङ् गदेवि अज्ज खु गमणा वआसं णक-
रेदि अम्हाणं करवाट यन्त्रद्वारो । कदा इ इट्ठ देवदारा-
हणा खु वेला आसण्णा महीराअणस्स. ता को उवा-
वोत्थि । अहवा कुसुमकरण्डअं अग्गदो खिविस्सम् ।
अग्ग हत्थो मे वाधदि । (क)
तथा करोति । द्वारात्प्रविष्ट[2]करण्ड़कम् ॥
निष्क्रान्ता ॥

---

१) अत्र पुनर्मालिनी ग्रहणमनर्थकम् ।
२) मूले द्वारे प्रविष्ट ।

क) अये कथं नित्यङ्गताया अपि खल्वद्य गमनावकाशं न करोति मम करवाटयन्त्रद्वारम् । कदापीष्टदेवताराधनाय खलु वेलाऽऽसन्ना महीरावणस्य । तत्क उपायोऽस्ति । अथवा कुसुमकरण्ड़कमग्रतः क्षेप्स्यामि । अग्रहस्तो मे वाधते ।

मालिनी-- ए किन हो, दिनैपिछे हिडिरहेकी मलाई पनि आज आरावाल ढोकाले बाटो छेक्छ । महाराज महीरावणको इष्टदेवताको पूजा गर्ने वेला भइसक्यो ! अब के गरौ ? उपाय के होला ? भै गो ढोका माथिबाट उता यो छाप्री खसाइदिन्छु । ऐय्या, मेरो यो दाहिने हात कस्तरी दुख्यो ।
हात तन्काएर छाप्री खसाइदिदा हात दुखेको भान पार्छे ।
ढोकाभित्र छाप्री खस्यो ।
(यति गरी मालिनी निस्की)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]-- पातालं प्रविष्टो[2]ऽस्मि ॥
अहो महीरावणहतकस्य पुरवरस्य लीलायितम् ॥
रत्नावलीबहुलदीपशिखावलीभि-
र्वी[3]थ्यादिमण्डपवरं[4] सततञ्चकास्ति ।
दिव्याङ्गना[5]ललितहासविलोकितेन
विस्पर्द्धया कृतमिदं[6] सुहृदाम्पुरस्य ॥ (५५)
इह हि ॥

---

१) मूले हनुः ।
२) 'पाताल प्रविष्ट' मूले । पातालं प्रविश्य वा भवितुमर्हति ।
३) अत्र मूले रेफो न ।
४) मण्डपोऽस्त्री जनाश्रय इत्यमरः ।
५) मूले 'दिव्वाङ्गणा' ।
६) मूले कृतमिव । छन्दोभङ्गस्त्वस्मिन् पाठेस्ति, परमर्थोदयमेवोचितः । महीरावणस्य सुहृद् दशकण्ठः । तस्य पुरस्य लङ्काया विस्पर्द्धयेवेदं पुरं कृतम् । । अथवा कृतमिवासुहृदाम्पुरस्येति पठनीयम् । मानार्थे बहुवचनम् । महीरावणस्यासुहृदः शत्रवो देवाः, तेषां पुरं स्वर्गः । तस्य विस्पर्द्धया कृतमिदं पुरमित्यर्थः ।

हनूमान्-- वल्ल पातालमा आइपुगेँ । एहो यो मोरो महीरावणको शहरको ढाँचा शोभा बडो विचित्रको रहेछ । जगमगाउँदा रत्नैरत्नका लहरै बलेका बत्तीका ज्वालाले शहरका सडकहु दोका मण्डप सधैं झलमल्ल उज्याला भइरहेछन् । दिव्य सुन्दरीले मस्केर हाँसेको कर्के नजरले हेरेको देख्ता त यो शहर लङ्काको वा स्वर्गकै सेखी झार्न बनाएको हो कि जस्तो छ ।
यहाँ अरू—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुवर्णप्रासादाः स्फटिकविशदैः स्पृ[1]ष्टवलयाः
सुरत्नस्तम्भै[2]स्तैर्विशदमणिभिः कूटकलशाः[3] ।
सुरेशानां शिल्पी भवति मतिमान् यस्य घटना-
महं[4]मन्ये नाकं ननु[5] विहसितं कान्तिनिवहैः ॥ (५६)

सर्व्वतो दृष्ट्वा ॥

केचिल्लपन्ति विलपन्ति हसन्ति केचि-
दार्त्तं रुदन्ति विचरन्ति भयं वहन्ति ।
चित्रीयतेऽनुवदति द्रवति[6] द्रवन्ति
मद्दर्शनात् स्खलितधैर्यबला जनास्ते ॥ (५७)

---

१) मूले 'पृष्ट' ।
२) 'सुरत्नस्तम्भावल्यो' मूले ।
३) मूले 'कूटकलसम्' । कलशस्तु त्रिषु द्वयोः घटःकुटनिपावस्त्रीत्यमरः । स्फटिकविशदैः सुरत्नस्तम्भैः सुवर्णप्रासादा विशदमणिभिः कूटकलशाः प्रकाशन्त इत्यर्थः ।
४) घटना अहमिति मूले ।
५) मूले 'नन' ।
६) 'चित्रीयते अनुवदति द्रवति' इत्येकवचनप्रयोगाश्छन्दोनुरोधेन । तत्र वद अव्यक्ते शब्दे इति धातोः परस्मैपदित्वादनुवदतीति रूपं साधु । अनुवदते तु वद सन्देशवचन इति चुरादौ बोध्यम् ।

यी सुनका दरवारहरू राम्रा रत्न जडेका स्फटिकका थामले सुहाएका छन् । अरला गजुरहरू पनि सफा मणिले उज्याला छन् । द्यौताका कर्मी विश्वकर्मा सिपालु नै हुन् । यिनको सीपबाट बनेको यो शहर उज्यालो प्रकाशले हाँसेको स्वर्ग नै हो भनेजस्तो लाग्छ ।

(सबैतिर हेरेर)

कोही कराउँदै छन्, कोही विलौना गर्छन्, कोहो हाँसेका छन, कोही माया लाग्दो गरी रुदैछन् त कोही भाग्दैछन्, कोही डरले काँप्तैछन् त कोही टक्क तस्वीर भएर उभिइरहेछन्, कोही हो हो भनेर सही थाप्छन् भने कोही गलिरहेछन्, कोही हपारिरहेछन् । मलाई देख्नेवित्तिकै यसरी यी सबैको धैर्य वल टुटिरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनः सर्व्वतो दृष्ट्वा ॥

कथय[1] कथय सत्यं कुत्र साधो द्रुतन्नो
दशवदनसुमित्रो दर्पशाली विनोदी ।
रघुपतिसुतरामो लक्ष्मणेनानुयातः
क्व नु पवनसुतोऽहं वात्रिकं वक्तुकामः ॥ (५८)

अये कथन्न कोप्याचष्टे ॥ नूनमस्मिं[2]श्चण्डिकासदने दुरात्मना महीरावण[3] हतकेन भवितव्यम् ॥ श्रुतञ्च मया रामलक्ष्मणप्रलम्भनाया[4]ऽसुराधिराजः प्रवर्त्तत इति ॥-न्तः ॥

सख्युः प्रशान्तिकामेन पशुयागमवाप्सुना ।
तेन मायाविना मन्ये चण्डिकासदनं गतम् ॥ (५९)

खगेन्द्र इवाप्रतिहतगतिर्गच्छामि ॥

निष्क्रान्तः ॥

---

१) कथय २ इति मूले ।
२) मूले नूनमस्मिन्नितिसन्धिविरहितः पाठः ।
३) महीरावन मूले ।
४) प्रलम्भनाय असुराधिराज इति मूले ।

(फेरि सबैतिर आँखा लगाएर ।)

भन्नुहोस् सज्जन हो चाडै भन्नुहोस्, दशटाउकेको मीत लहडी घमण्डी महीरावण कहाँ छ ? दशरथ महाराजका छोरा राम लक्ष्मण पनि कहाँ हुनुहुन्छ ? वायुपुत्र हनूमान् म हुँ, उहाँहरूलाई केही खबर भनौं भनेर आइपुगेको छु ।

ए यहाँ ता कोही पनि बोल्दैनन् । पक्का यही देवीस्थानमा दुष्ट मोरो महीरावण हुनुपर्छ । राम लक्ष्मणलाई झुक्याउन दैत्यराज महीरावण लागेकोछ भन्ने कुरा सुनिन्छ ।

हो, साच्चै मीतको शान्ति स्वस्ति होस् भन्ने इच्छाले पशुयज्ञ गर्न खोज्ने त्यो महीरावण देवीथानमै गएको हुनुपर्छ भन्ने ठान्दछु । गरुड झैं कतै नरोकिइकन जान्छु ।

(निस्किए)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति गरुडः ॥

परिक्रम्य ॥

गरुडः-- स्फूर्ज्जज्ज्वालौघमूर्ति--प्रलयभयभरग्रास[1]संमोहकर्ता
इन्दोः संस्पृश्य विश्वं[2] दिवि परिकलयन् मण्डलं चण्डरश्मेः ।
कर्कोटस्फोटरक्तस्रुत[3] बहुलललच्चर्चितत्रोटि[4]कोटि
र्वेल[5]त्पक्षानिलोग्रत्रिदशतरु[6]र्वरस्ताक्ष्र्यराजश्चकास्ति ॥ (६०)

---

१) ग्रासस्तु कवलः पुमानित्यमरः ।
२) इन्दोर्विश्वम्, चन्द्रमण्डलम् ।
३) स्रुतिरिति मूले । स्यन्नं रीणं स्रुतं स्रुतमित्यमरः ।
४) चञ्चुस्त्रोटिरुभे स्त्रियौ इत्यमरः ।
५) वेल्ट चलने धातोर्वेलत्, वेलयदिति भाव्यम् ।
६) त्रिदशतरुः कल्पवृक्षः ।

(त्यसपछि गरुडको प्रवेश हुन्छ)
(घुमेर)

गरुड-- बलेको आगाको ज्वाला जस्तो रूपले प्रलयको भय ल्याउने झम्टाइले होस डगाउने, चन्द्रमण्डलमा पसेर सूर्यमण्डल घुम्ने कर्कोटक नागलाई फोर्दा आएको रगतको सिर्काले चुच्चाको टुप्पो रक्ताम्मे पारेका पक्षिराज गरुड पखेटाका हावाले कल्पवृक्ष हल्लाउँदै आइपुगे (को छु) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपि च ॥

दर्पिष्ठो[1] दशकन्धरस्य च सखा ख्यातो महीरावणो
रामः सोऽपि दिवाकरान्वयभवः[2] कृष्णावतारो[3] ध्रुवम् ।
हन्तुं मानधन[4] क्षपाचरपतिं यो रावणं जायते
मोहान्धः स्वविनाशसाधनमयं वीरव्रतं[5] त्वाचरेत् ॥ (६१)

---

१) दर्पिष्ठो दर्पशालो ।

२) सूर्यप्रभवः ।

३) विष्णुर्नारायणः कृष्ण इत्यमरकोषाद् विष्णुकृष्णयोरभेदः ।

४) मानधनो रावणः । यथाह कौटल्यः- मानाद् रावणः परदारान-प्रयच्छन्निति ।

५) अयं मोहान्धो जड़मतिः महीरावणः परविनाशायाऽभिचारकर्मणि प्रवृत्तः स्वविनाशायतिभूतं वीरव्रतं नरबल्यादिना यौगिककर्मा-ऽचरति । वीरव्रतं 'श्मशान जगाउनु' भाषा । यथोत्पत्तितन्त्रे वीरपरिभाषा-वीराचारविशिष्टः,यथा-

कुलाचाररतो वीरः कुलसङ्गी सदा भवेत् ।
संविदासेवनं कुर्यात् सोमपानं महेश्वरि ।
सर्वथा कुरुते देवि वीरश्चोद्धतमानसः ।
दिव्यस्तु देवताप्रायश्चन्दनागुरुलेपनैः ।

अरू पनि--

दशवदन रावणको साथी महीरावण घमण्डीको राजा छ भन्ने कुरा जानेको हो । ऊ रामचन्द्र पनि सूर्यवंशी राजाका सन्तान भएर साक्षात् भगवान् विष्णुकै अवतार भएका भन्ने कुरा पनि पक्कै हो । सो अवतार घमण्डी राक्षसको राजा रावणलाई मार्न नै भएको हो । अज्ञानले बुद्धि तुरिएको यो महीरावण चाहिं नजानेर पछि आफ्नै नाशको कारण हुने श्मशान जगाउने टुना-मुनाको काम गर्न लागिरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अलमत्र स्वगुणोद्‌भावनास्वभावाविष्करणप्रेक्षावता प्रचुरतरजल्पितेन त्रिभुवनोदारवृत्तान्तःकरणेन साक्षात्कृतमद्यास्ति। पातालेषु तत्र भवतो रामलक्ष्मणयोर्विपत्प्रतिकारहेतवे तत्रैव गच्छामि ॥

इति निष्क्रान्तः ॥

रक्तचन्दनगन्धैश्च सुदिग्धो नात्रसंशयः ।
भस्माङ्गधूसरो वीर उन्मत्तवद्विचेष्टितः ।
सुरापाणरतो नित्यं बलिपूजापरायणः ।
नरश्छागश्च महिषो मेषः सूकर एव च ।
शशकः शल्लकी गोधा खड्गी कूर्मो दश स्मृताः ।
वानरश्च खरश्चैव गवाश्वादिविहङ्गमाः ।
इत्यादिभिर्बलेर्दानैः पूजयेत् स्वेष्टदेवताम् ।
सिद्धमन्त्रो भवेद् वीरो न वीरो मद्यपानतः ॥

(शब्दकल्पद्रुम)

भो अब यहाँ आफ्ना गुण बखानेर आफ्ना पराक्रमी कार्य देखाउन जान्ने भएर धेरै बोलेर । तीन लोक चौध भुवनको हालखबर जाने बुझेको हुंदा सबै ऐना जस्तो देखेकै छु । पाताल लोकमा उहाँ भगवान् राम लक्ष्मणहरूको आपत्ति हटाउनका लागि पहिले उहीं नै जान्छु !

(यति भनी गरुड निस्किए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति महीरावणः सपरिवारः[1] ॥

महीरावणः- अहो सिद्धिदायिनि ॥

सिद्धिदायिनी[2]-- अज्ज महाराय आदेसेहि ॥ (क)

महीरावणः- वरदायिनि ॥

वरदायिनी- अज्ज णाध समादेशेहि ॥ (ख)

महीरावणः-- पश्य ॥

गत्वा तीरभुवं सुलीलज[3]वनैर्माया तदा स्वीकृता
नीतौ दाशरथी फणीन्द्रतरलैः[4] पाशैः सुनियन्त्रितौ ।
मित्राज्ञाचरणेन जातपुलकं सानन्दनेत्राम्बु[5] च
गम्भीरेण मया त्रिलोकगुरुणा सम्प्राप्त एवोत्सवः ॥(६२)

---

१) 'महीरावण परिवाराभ्यां सह' मूलपाठः ।

२) सिद्धिदायिनि मूले ।

३) ययुरश्वोऽश्वमेधीयो जवनस्तु जवाधिक इत्यमरः । सुष्ठु लीला येसां ते सुलीलाः जवना अश्वास्तैरित्यर्थः ।

४) मूलपाठः— 'तरलापाशेन' । तरलं चञ्चलं अस्य तरलारूपम-साधु । तेन छन्दोनुरोधेन मया तृतीयाबहुवचनान्तरूपं कृतम् । नागरूपैः पाशैः सुबद्धावित्यर्थः ।

५) अत्र भये क्रियाविशेषणे ।

क) आर्य महाराज समादिश ।

ख) आर्य नाथ समादिश ।

(त्यसपछि महीरावण परिवार सहित पस्छ ।)

महीरावण-- ए सिद्धिदायिनी ।

सिद्धिदायिनी-- हजूर, आज्ञा होस् महाराज ।

महीरावण-- ए वरदायिनी ।

वरदायिनी-- हजूर, आज्ञा होस् स्वामित ।

महीरावण-- हेर । वायुपंखी घोडामा चढेर समुद्रको पारी किनारामा पुगेर मायाजाल फैलाएँ । सलवलाउदा नागका पाशोमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपि च ॥

नागेन्द्रविक्रमधरा[1] खलु ताडकाख्याऽ
प्यैकेन[2] तीक्ष्णविशिखेन[3] हता च यस्य ।
रामस्य[4] रौद्रपरशुः कृतकुण्ठशक्ति-
र्गाण्डीव[5] भङ्गमकरोत् स मयाऽद्य लब्धः ॥ (६३)

कीर्त्यास्पदानि[6] विततानि मनोहराणि
चाद्यैव[7] मे सकलसाहसमेव सिद्धम् ।
मित्रेषु भक्तिपरता दृढ़ता च कार्ये
शौर्योत्तमं सुचिरचिन्तितमेव सिद्धम्[7] ॥ (६४)

---

१) नागेन्द्रो हस्ती । तस्य विक्रमधरा ।
२) मूलपाठः- एकेन । छन्दोभङ्गादपिपदं स्थापितम् ।
३) तीक्ष्णबाणेन ।
४) रामस्य परशुरामस्य ।
५) गाण्ड़ीवधनुः सीतास्वयंवरे पणरूपेण स्थापितः शिवधनुरिति ।
६) कीर्तिस्थानानि ।
७) मूले चाधेव ।
८) सौर्योत्तमः सुचिरचिन्तित एव सिद्ध इति मूले पुंलिङ्गी पाठः । परं शौर्यस्य नपुंसकलिङ्गित्वात् सोऽसिद्धः । पुरुषोत्तमवत् शौर्योत्तमपदं बोध्यम् ।

पारेर राम लक्ष्मणलाई बाँधेर ल्याएँ । मीतले भनेको काम गर्नाले मेरो जीउ फुर्तिलो भइरहेछ । मनमा आनन्द हुँदा आँखामा हर्षका आंशु आइरहेछन् । तीन लोकको ठूलो वीर मैले आज एउटा राम्रो उत्सव मनाउन पाइरहेछु ।

अरू पनि—

मत्ता हात्तीको बल भएकी ताडका राक्षसिनी जसको एउटै तीखो वाणले छेडिएर मरी । जसले परशुरामको डर लाग्दो लाग्ने वञ्चराका धारलाई पनि कुड्याइदिए । जसले सीता स्वयंवरमा राखेको महादेवको धनु तीन टुक पारेका थिए । त्यस्ता राम आज मेरो फेला परेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरदायिनी[1]- अज्ज किं एत्थ विलम्बिदेन चण्डिआ घरं जेव गमिस्सम्[2] । (क)

सिद्धिदायिनी[3]- अज्ज सोहण भणादि वरदाइआ । ता गच्छीअदु ॥ (ख)

महीरावणः- भद्रे साधूपदिष्टं सज्जीकृतानि वल्युपहारादीनि ॥

निष्क्रान्ताः[4] ॥

---

१) वरदा. ।
२) समिस्यम् ।
३) सिद्धि ।
४) निस्क्रान्तः । एते मूलपाठाः ।

क) आर्य किमत्र विलम्बितेन, चण्ड़िकागृहमेव यावद् गमिष्यामः ।
ख) आर्य शोभनं भणति वरदायिनो । तद् गच्छाम ।

आजदेखि मेरो राम्रो कीर्ति जहीं तहीं फिजियो । आज ठूलो साहसिलो काम सिद्ध भयो । मित्रमा पनि भक्ति गरेको देखियो । काममा दृढ भएर लागेको पनि देखियो । धेरै काल अघिदेखि मनमा चिताएको ठूलो शुन्याइँको काम आजै पूरा भयो ।

वरदायिनो-- मालिक अब यहाँ किन ढिलो गर्नु ? पहिले देवीस्थानमै जाऔं ।

सिद्धिदायिनो-- वरदायिनोले ठोंक भनिन् महाराज । त्यसकारण सवारी होस्न ।

महीरावण-- राम्रो भनिस् नानी, वलिदिने पूजा सामान तयार पारेका होलान् ।

(यति भनी सबै निस्किए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पटीक्षेपेण पुनः[1] प्रविश्य ॥

विकृतशवशतपिशितप्राशनशीलरुधिरसीधु[2]मत्तपिशाच-पिशाचाङ्गनाकिलकिलरसिता[3]शिवशिवारावो[4]लूकहुं-कारनिनादभीषणनरकरंका[5] क्रान्तमिदं श्मशानमनु-प्राप्ता वयम् ॥

---

१) पटोक्षेपेन पुन मूले
२) मैरेयमासवः सीधुरित्यमरः । रुधिरमेवासवस्तेन मत्ता इति यावत् ।
३) रसितम् गर्जितम् ।
४) आरवारावसंरावविरावा इत्यमरः ।
५) करंकः अस्थिमयं शिरः । 'करङ्को मस्तके शस्यनारिकेलफ-लास्थिनि' इति विश्व. ।

(पर्दा खसाएर फेरि पसेर ।)

अनेकौं कुहे सड़ेका मुर्दाको मासु खान लागेका रगत पिएर मात्तिएका पिशाच्च पिशाचिनीको कोलाहल मच्चिएको अशकुन जगाउने श्याल श्यालिनीको हुँय्या हुँय्या चलेको लाटकोसेराको हुँ हुँ सुनिएको मान्छेका डरलाग्दा कंका-लले भरिएको श्मशानमा हामी आइपुग्यौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रंकाः[1] कौणप[2]भूतभैरवमहा[3]वेतालयक्षादयः
क्षेत्रे भूतलवासिनः किलकिल[4] प्रायान्तु देवांशिनः ।
मेदोमांसयकृत्त्वगस्त्रबलिभिरर्घ्यैश्च दिव्यैर्न्नवै[5]-
श्चण्डीराधनतत्परोऽहमधुना सख्युः प्रशान्त्याशया ॥

वरदायिनी[6]-- अंजण गुटिआ पादुअ सिद्धि उचाटण मारणमन्त[7]
तिहुवण गीदं सअलं जाणदि लोओ मम गुणअणम् (क)

---

१) रङ्का बुभुक्षिताः कृपणाः ।
२) राक्षसः कौणपः क्रव्यात् क्रव्यादोऽस्रप आशर इत्यमरः ।
३) 'कोणपभूतपूतनचल' दिति मूलपाठः । परं पूतनायाः स्त्रीत्वादत्र छन्दोभङ्गाद्भैरवपदं तत्स्थाने मया प्रयुक्तम् ।
४) किलकिलेति अनुकरणवाची शब्दः ।
५) मेदोमांसवसाप्रवाहरुधिरैर्बल्यादिदिव्यैर्न्नवैरिति मूलपाठः । अत्र मेदस्तु वपा वसेत्यमरकोषान्मेदोवसाशब्दौ समानार्थौ तेन यकृत्त्वगर्घ्यपदानि प्रयुक्तानि । कालखण्डयकृती तु समे इमे इत्यमरः । अस्रं रुधिरम् ।
६) 'वरदा' मूले ।
७) सिद्धिविषये नायकवर्णनाप्रसङ्गे वर्णरत्नाकरे ज्योतिरीश्वरेण कविशेखरेणेत्थं वर्णितम्--"अञ्जन गुटिका पादुका रस

क) अञ्जनगुटिकापाद्य सिद्ध्युच्चाटनमारणवन्तम्
त्रिभुवनगीतं सकलं जानाति लोको मम गुणगणम् ॥

देवताको अंश लिएर पृथ्वीतलमा रहेका क्षेत्र क्षेत्रमा बसेका मासु खान इच्छा राखेका राक्षस भूत प्रेत भैरव वेताल यक्ष आदि जो जो भोकाएका छन्, ती सबै खलबलाउदै आऊन् । मेरा मित्र रावणको शान्ति स्वस्तिको कामना राखेर मासु बोसो रगत छाला कर्जीमर्जी समेत भएको नयाँ किसिमको बलि र दिव्य पूजासामानले म अहिले देवीको पूजा गर्न लागेको छु ।

वरदायिनी-- अञ्जन गुटिका पादुका आदि उपसिद्धि र उच्चाटन मारण आदि प्राकृतसिद्धिले युक्त भएको तीनै लोकमा नाउँ चलेको मेरो गुणको महत्त्वलाई दुनियाँले जानेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धिदायिनी[1]- विण्णवेमि अज्जं ॥
थम्भण मोहणकट्ठेण रिद्धिविभव परिपुट्ठा मे देहा।
भअवदि गोरि पसाओ देगहु धण्णा फणवइ घरे॥ (६५) (क)

महीरावणः-- भद्रे ऽलं[2] प्रविस्तरेण, श्रीचण्डिकाराधनाय दिक्[3]पूजाप्रवर्त्तनायार्घ्यभाजनमुपनय।

उभे[4]- जं देवो आनवेदि॥ (ख)

परस खहु (खड्ग) वेताल यक्षिणी आठहु ये उपसिद्धि तेँ समन्चित। स्तम्भन मोहन वशीकरण उच्चाटन मारन विद्वेषकरण प्रक्षोभण आकर्षण आठओ ये प्राकृत सिद्धि ताक कुशल। अणिमा महिमा गरिमा लघिमा उसिद्ध वसिद्ध (ईशित्व वशित्व) प्राकाम्य कामावशायिता आठओ जे महासिद्धि तक पारग"।

१) मूले-'सिद्धिदा'।
२) मूले 'भद्रे अलं।
३) मूले दिग्।
४) उभे मूले पुंसि तूभौ, स्त्रियामुभ एव।

क) विज्ञापयाम्यार्यम्।
स्तम्भनमोहनकष्टेन ऋद्धिविभवपरिपुष्टो मे देहः।
भगवतीगौरीप्रसादस्तेन हि धन्या फणिपतिगृहे॥
ख) यद् देव आज्ञापयति।

सिद्धिदायिनी-- मालिकलाई विन्ती चढाउँछु --
स्तम्भन गर्नें, मोहनी लाउने आदि कष्ट साध्य प्राकृतसिद्धिका विधिले पाएको ऐश्वर्यले हृष्ट पुष्ट भएको मेरो जीउ छ, यो भगवती देवीको नै निगाह हो। त्यसकारण यो पाताललोकमा म धन्य छु।

महीरावण-- कल्याणी भो धेरै अलमल नगर। श्रीदेवीको आराधनाका लागि पहिले दिक्पालको पूजा गर्नका लागि पञ्चपालो ल्याऊ।

दुवैवटी महाराज जो हुकुम।
(पूजाको समान दिन्छन्।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गृहीत्वा ॥

महीरावणः-- असुररुधिरवजिमांसमेदोशने[1] घोरदंष्ट्रे
नमो[2] देवि वाराहिके[3]।

अपरस्मिन् गत्वा ॥

अखिलदनुजरुधिर[4]पानाकुले मेघवर्णाम्बरे
नौमि[5] चामुण्डिके ।(६६)

अन्यत्र ॥

बहुलदितिजमुण्डमालाधरे क्रोधवेगारुणे
नौमि[5] कौमारिके ।

अन्यत्र ॥

---

१) 'मेदासिने मूलपाठः । एतत्पदमसिद्धम्, मेदसः सान्तत्वात् । तालव्याच्चाश्नातेः ।

२) मूले-नमे ।

३) वराहशक्तिरूपिणो देवो वाराही । ततः स्वार्थे कः । केऽणः ७/४/१३ इति ह्रस्वे टापि च वाराहिका । सम्बुद्धौ वाराहिके ।

४) मूले रुधिरपदं नास्ति ।

५) त्वामित्यर्थः ।

(पञ्चपालो समातेर ।)

महीरावण-- दैत्यका रगत मासु बोसोको बलि खाने डरलाग्दा दाह्रा भएकी हे वाराही देवी तिमीलाई नमस्कार छ ।

(अर्कोतर्फ गएर ।)

धेरै दैत्यको रगत पिउन पल्केकी नीलो वस्त्र पहिरेकी हे चामुण्डे देवी तिमीलाई नमस्कार गर्दछु ।

(अर्कोतिर गएर ।)

धेरै दैत्यका मुण्डमाला लाएकी रीसको वेगले रातो वर्ण भएकी हे कौमारी देवी तिमीलाई नमस्कार छ ।

(फेरि अन्ततिर गएर)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रलयजलदनासिके श्रीदे[1]मोक्षदे देवि वन्दे सदेन्द्राणिके[2]। (६७)

चण्डिकाम्प्रति

देवि भगवति भवकलिकलुषप्रशमनाप्रतिहतशक्तिशालिनि[3]
कालरात्रिके प्रणतोऽस्मि ॥ दिव्यं पुष्पं प्रतीच्छ ॥

सजलजलद[4]नीलवर्णाभनीलाम्बराडम्बरे
क्रोधसंरागताम्रानने[5] ॥
क्षतजसततभोगहुँकारजिह्वाविशाले
सदा साधिके कालिके ते नमः[6] ॥ (६८)

---

१) मूले 'श्रीददे'।

२) 'वन्दामि चेन्द्राणिके' मूलपाठः। वदि अभिवादनस्तुत्योरिति धातोरात्मनेपदित्वाद् वन्दामिरूपमसिद्धम्।

३) 'शक्तिशालिके' मूलपाठः

४) मूले घनद।

५) क्रोधसंरागतारुणे। अत्र संरागपदाद् भावे तल्करणं व्यर्थम्। सुस्पष्टार्थं ताम्राननपदं स्थापितम्।

६) त्वान्नमे इति मूलपाठः। नम्धातोः परस्मैपदित्वादसाधुः।

प्रलयकालको मेघले जस्तो ठूलो आवाज नाकबाट निकाल्ने धन ऐश्वर्य र मोक्ष दिने इन्द्राणी देवींलाई पनि ढोगदछु।

(चण्डिका देवीतिर गएर।)

संसारमा कलियुगको पाप पखाल्न वेजोड शक्ति भएकी हे भगवती कालरात्रि देवी तिम्रो शरणमा परेको छु। यो दिव्य पुष्प चढाउंछु। ग्रहण गर।

वर्षाकालका मेघको जस्तो नीलो रङ्गको लुगा पहिरेकी, रीसका झोकले लाललाल मुख लाएकी, सधै रगतको भोग खाने हुंकार गर्दै लामो जिभ्रो निकालेकी सधै योगसाधनमा लागेकी हे देवी तिमीलाई नमस्कार छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनरपरतः[1] ॥

असुररुधिरपानक[2] लंपटं भागदं मोक्षदं
रुण्डमालाकुलं भीषणं नादिनम्
सुरनरपिशितलोलुपं व्याघ्रचर्माम्बरं
पिङ्गनेत्रं साट्टहासाकुलम् ॥ (६९)

प्रवहुलबलिभोगिनं रोषणं तीक्ष्णदंष्ट्राधरं
कालकल्पान्तश[3]ङ्काहरम् ।
स्फु[4]रदुरुफणाभीमफुत्कारकृन्नागयज्ञोपवीतं
विशालं नौमि[5] भैरवम् ॥ (७०)

---

१) 'पुन अपरत' पाठो मूले रेफविसर्गविरहितः।
२) पानकालंपटं मूले ।
३) मूले सङ्काहरम् ।
४) मूले- फुरदुरुफण. ।
५) मूले- नमे । नमामि भवति नतु नम इति पूर्वमुक्तम् । तेन मया नौमिपदं प्रयुक्तम् ।

(फेरि अर्कोतिर फर्केर)

दैत्यको रगत पिउनामा लम्पट भएका मान्छेको मासु खान पल्केका मुण्डको माला लाएका डरलाग्दा अट्टहास गरेर गर्जना गर्ने बाघको छाला ओडेका पहेला आँखा भएका मुक्ति र भुक्ति दिन सक्ने धेरै धेरै भोग वलि खाने तीखा तीखा दाह्रा भएका रिसाहा कल्पान्तको शंका ल्याउने ठूला फणा फिजाएका डरलाग्दा फुँ फुँ गर्ने सर्पका जनै लाएका महाभैरवलाई पनि ढोग्दछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भद्रे भवतीभ्यां द्वारमाक्रम्य स्थीयताम् यथा न केषाञ्चिदवकाशो भवति । वयमपि राम-लक्ष्मणानयनाय गच्छामः[1] ॥

उभे[2]-- जं देवो आनवेदि ॥ (क)

तथा तिष्ठतः[3] ॥

महीरावणः-- कथमद्यापि नाभिमुखीभूता कलावती कुसुमदामहस्ता ॥

(प्रविश्य[4] ॥)

कलावती-- जयदु २ महाराओ ॥ (ख)

महीरावणः-- किमिति भवती चिरयति ॥

---

१) मूले 'गच्छाम' । अत्रादरार्थे बदुवचनम्

२) मूले 'उभौ' । पुंस्युभौ स्त्रियामुभे एव ।

३) मूले-'तथा तिष्ठति' । अत्र द्वारमाक्रम्य स्थिते द्वे स्तः । तेन द्विवचनं कर्तव्यम्

४) प्रविश्यपदं मूले नास्ति । महीरावणः कलावतीप्रतीक्षां करोति । तदा सा प्रविश्य महाराजाय स्वस्तीति कथयति ।

क) यद् देव आज्ञापयति ।

ख) जयतु जयतु महाराजः ।

नानी हो, तिमीहरू दुवैवटी ढोका छेकेर बस है । कसैलाई पनि भित्र पस्न नदिए । म पनि राम लक्ष्मणलाई लिन जाँदैछु ।

दुवैवटी— महाराज जो हुकुम ।

(त्यसै गरी ढोका छेकेर बस्छन्)

महीरावण- किन हो यतिखेर पनि फूलमाला लिएर कलावती आइपुगिनन् ।

(पसेर)

कलावती- जय होस् महाराजकी जय होस् ।

महीरावण- किन तिमी ढिलाएकी ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलावती-- अज्ज महाराअ अवधारेदु ॥ (क)

महीरावणः-- तदुच्यताम् ॥

कलावती-- अज्ज खु अविलम्विदं उज्जाणं गदुअ कुसुमावचयं करेदुं आरब्धो ॥ तदो निचुलु उज्जाणओ अकाल कुसुमं विअसदि फलं अ फलदि । दिअदाहो वत्तदि । अण्णाण अकल्याणं दीसदि । ता अमङ्गलावआसो देवेहिं जाणिदव्वो । (ख)

महीरावणः-- आ[1] ममापि भयावकाशः । गच्छ कलावती गुरुं निवेद्य तथापि ।

---

१) आ प्रगृह्य: स्मृतो वाक्ये ऽप्यास्तु स्यात् कपपोडयोरित्यमर: स्मरणे वाक्यारम्भे च सकाररहितः कोपपोडयोः सान्तः ।

क) अद्य महाराजो ऽवधारयतु ।
ख) अद्य खल्वविलम्बितमुद्यानं गत्वा कुसुमावचयं कर्तुमारब्धा । तदा निचुलोद्यानेऽकालकुसुमं विकसति फलं च फलति । दिग्दाहो वर्तते । अन्यानि चाकल्याणानि दृश्यन्ते । तदमङ्गलावकाशो देवैर्ज्ञातव्यः ।

कलावती- अहिले सुन्नुहोस् महाराज ।

महीरावण- भन ।

कलावती- आज म चाँडै गएर बगैचामा फूल टिप्न लागेकी थिएँ । त्यहाँ बेतको झाँगमा बेमौकाला फूल फुलेको फल पनि पाकिराखेको देखें । सगर पनि डढेको छ । यस्ता यस्ता अरू पनि धेरै अशकुन देखिन्छन् । त्यस कारण केही नराम्रो घटना हुने संकेत महाराजले पनि थाहा पाउनुपर्‍यो ।

महीरावण- आँ, मलाई पनि केही भय आइपर्ला कतै । तैपनि कलावती तिमी जाऊ र गुरुलाई यो सबै कुरा सुनाऊ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलावती-- अज्ज णअरमज्झे उत्खात धवलच्छत्ता पतितधअं अमङ्गल भविस्सदि। (ग)

महीरावणः-- आ किमाह भवतो, प्रस्तावविकलमिदं वाक्यं तूर्ष्णींभव।
अहमपि रामलक्ष्मणानयनाय गच्छामि॥
निष्क्रम्य पुनः प्रविश्य रामलक्ष्मणाभ्यां सह[1]

महीरावणः- लोकत्रयेऽपि महितो दशकन्धरो यो
मोहात्त्वया न गणितो मम मित्रराजः[2]।
औचित्यदण्डनविधिं वितरे[3] प्रभूतं
किं विस्मयेन तव बाहुजकातरस्य[4]॥

---

१) मूले 'सह' नास्ति।
२) मूले-'मित्रराजं।
३) वितरे, वितरामि ददामीत्यर्थः।
४) 'तव बाहुजकातरेण' मूलपाठः। अत्र विस्मयस्य विशेषणं कृतम्। परं कातरक्षत्रियस्य तव विस्ययेन किमिति क्वेराशयः। बाहुजः क्षत्रियो विराड़ित्यमरः। बाहुजेषु कातरो बाहुजकातरः पुरुषोत्तमवत् समासः।

क) अद्य नगरमध्ये उत्खातधवलच्छत्रं पतितध्वजममङ्गलं भविष्यति।

कलावती- आज शहरको माझमा सेतो छाता उखेलिएको झण्डा खसेको हुनाले अनिष्ट हुनेछ।

महीरावण- ओ फेरि के भन्छ्यौ तिमी? कामको आँट गर्न नसक्ने लाछी-का कुरा हुन् यी। चूप लाग, म पनि राम लक्ष्मणलाई लिन जान्छु। (निस्किएर फेरि राम लक्ष्मणलाई लिएर पस्छ।)

महीरावण- हे राम नजान्दाखेरि तिमीले तीनै लोकमा साराले मानिएका मेरा मीत रावणलाई गनेनौ। अब त्यसको फल उचित दण्ड निकै ठूलो पाउने भयो। क्षत्री भएर पनि कमजोर भयौ, के गर्छौ, विस्मात मानेर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवास्य किं विनयेन[1] । यथोचितमाचरामि ।
अरेरे[2] क्षत्रिय बटुकाऽग्रे सृत्य[3] भगवतीम्प्रणम ॥

रामः– साधक न कदाचिदेवं शिक्षितावावाम्[4] ॥

लक्ष्मणः– मा स्म[5]जानीमहे शोकमार्यस्य भ्रातु[6]रन्तिमम् ।
खड्गधारापथं माषे[7] प्रापय प्रथमन्तु माम् ॥ (७१)

रामः– असुराधिराज श्रृणु प्रथमतः ॥
वत्सशोकसहो नास्मि मृत्युर्ममाग्रतो वरम् ।
कर्तृकर्म्मणि सन्देहे आवयोः प्रहर द्रुतम् ॥ (७२)

---

१) किम्विनयेन ।
२) अररे ।
३) बटुक अग्रे सृत्य ।
४) साधक न कदाचित् एवं शिखितावावाम् ।
५) मात्म । उपर्युक्ता पाठा मूले ।
६) भ्रतुरिति मूले । भर्तुर्वा भवितव्यम् ।
७) मारिष । आर्य इत्यर्थः

भै गो, अब यिनलाई के फ़काइरहनु ! आफूले आंटेको काम गरिहाल्छु । ओ क्षत्री केटा हो, अलि अघि सरेर देवी भगवतीलाई ढोग त ।

राम- साधक, खोइ हामीले त यस्तो कहिलै सिकेका छैनौं, अर्थात् अर्कासंग निहुरन जानेका छैनौं ।

लक्ष्मण- हे साधक आदरणीय दाजुको मृत्यु शोक ममा परेको छैन, मो नपरोस् भन्नाखातिर यो तरबारको धार पहिले मेरै गर्धनमा पार त ।

राम- दैत्यराज सुन त पहिले मेरो कुरा–
म पनि मेरो प्रिय भाइको मरणको शोक खप्न सक्तिन । त्यस कारण पहिले मलाई नै मारे वेश हुने थियो । अब कसलाई पहिले हान्ने भन्ने कुरामा दोधार पऱ्यो भने हानी दुवै भाइलाई एकैचोटि सिद्ध्याइदेऊ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महीरावणः-[1] आत्मगतम् ।।

अहा[2]अनयो राजकुमारयोरद्यापि प्रगल्भाऽविकलवाक्यता॥

(प्रकाशम्[3])

अरेरे क्षत्रियबटुक शीघ्रं स्मृतिं कुरु ।।

लक्ष्मणः- आर्य २ किम्मरणभयेन, वीरमारुतिं स्मराम ॥

महीरावणः- हर्षातिशयं नाटयति[4] ॥

नेपथ्ये ॥

देव शशिप्रभं छत्रं प्रधानं ध्वजमुच्छ्रितम् ।

सिंहासनञ्च यद्दिव्यं पतितं तद्रसातले ।। (७३

महीरावणः- आ मूर्ख[5] क एवमाह ॥

---

१) अत्र विसर्गस्त्रुटितः ।

२) अहोनयोरिति मूले । अत्र 'ओत् १।१।१५ इति प्रगृह्यसंज्ञायां सन्धेरभावः ।

३) एतत् पदं मूले नास्ति ।

४) मूले 'नाटयन्' वर्तते ।

५) मूले 'मूर्ष' ।

महीरावण- (मनननै) ओहो यी दुवै राजकुमारको यतिखेरसम्म पनि बोली कस्तो ढिटो नदवेको पनि ।

(सुन्ने गरी)

ए ए छेत्री केटा हो, संझने भन्ने कुरा छ भने चाड़ो संझिहाल, भनिहाल ।

लक्ष्मण- दाजु ए दाजु । मनैं डर किन मान्नु ? वीर हनूमान्लाई नै सम्झौन ।

महीरावण- (खूब खुशी भएको जस्तो भाउ गर्छ ।)

(पर्दाभित्र ।)

महाराज जून जस्तो टल्कने सेतो छाता फरफराएको राष्ट्रिय झण्डा दिव्य सिंहासन पनि रसातलमा खसे ।

महीरावण- ए लण्ठू, को यस्तो कुरा गर्छ हँ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालिकामुपसृत्य ॥

देहज्योतिः क्षयजलदवत् कालिकायाश्चकास्ति
नानातीक्ष्णप्रहरणधरा बाहवः षोडशैते ।
दंष्ट्राकोटिप्रकटहसितां रावरौद्रोग्रमूर्त्तिं
देवीं वन्देऽसुरभयहरीं श्रीमतीं कालिकां त्वाम्' ॥ (७४)

साटोपं परिक्रामति ॥

नेपथ्ये ॥

रे २ भुवनत्रयविजयवीर्य²शालिनस्त्वनमित्रपुत्रवधदर्प्पशालिनः प्रभञ्जनतनूजन्मानो वयमागताः सुरामदावलेपसीधुपानदुरुन्मत्ता मानधना राक्षसापसदा पलायध्वम् २ ॥

---

१) अत्र मूलपाठः-
देहज्योतिःक्षयघनघटा पुष्करावर्त्तकस्य
नानातीक्ष्णप्रहरणकलाषोडशाकारवाहा ।
दंष्ट्राकोटिप्रकटहसिता रावरौद्राग्रमूर्त्ति
देवीम्वन्देऽसुरभयहरीं श्रीमतीं कालिकांस्त्वाम् ॥
यस्या देव्या देहज्योतिः प्रलयकालोद्भूतानां पुष्करावर्त्तसंज्ञकानां मेघानां घटासदृशी वर्तते । यस्याः षोड़श भुजा नानाशस्त्रसहिताः सन्ति । अट्टहासेन रावेन च रौद्रमूर्तिं त्वां देवीं नमामीत्यर्थः ।

२) मूले 'विजयवीरिशालिन इति ।

कालिकाका नजीकै गएर ।

शरीरको रङ्ग प्रलयकालका मेघको जस्तो ढुस्स नीलो भएकी सोह्र हातका धेरै थरिका तीखा तीखा हतियार लिएकी लामा लामा दाह्रा निकालेर अट्टहास हासेकी गर्जना गर्दा ड़रलाग्दो रूप भएकी दैत्यको भय हर्ने यस्ती कालिका देवी तिमीलाई ढोग्दछु ।

फुर्तीसाथ घुम्दछ ।

पर्दाभित्र ।

तीनत्रिलोक जित्न सक्ने पराक्रम भएको शत्रुको पुत्र अक्षयकुमार मार्न सकेको घमण्ड लिएको वायुपुत्र हनूमान् म आइपुगेको छु । ए ए रक्सी पिएर मात्तिएका जाँड़ पिएर लठिएका घमण्डले फुलेका राक्षस हो छिटो भाग छिटो भाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत: प्रविशति हनमान्[1] ॥

योगिन्यावुभे पलायिते[2] ॥

हनूमांस्तदेव[3] पुनः पठति ॥

महीरावणः-- साट्टहासम्[4] ॥

अये मद्भाग्योपनतः। प्रथमतरपशुयागेन भवितव्यम्।

साटोपम्परिक्रम्य ॥

रे रे वानर केन वासि रिपुणा प्रस्थापितः साम्प्रत-
मज्ञानेन तु चापलेन सुपथं निस्त्रिंशतो यास्यसि।

हनूमान्[5]-- रे रे जाल्म[6] तवापचारविधिना दूतेन संप्रेरितो
नाज्ञानेन न चापलेन मनसा[7] त्वां हन्तुमुत्कण्ठया॥(७५)

---

१) प्रविशति हनुः।
२) योगिनी उभौ पलायितौ।
३) हनुःतदेव।
४) महाहासः।
५) हनुः। एते मूलग्रन्थस्थाः पाठाश्च्युतसंस्कृतिकाः।
६) जाल्मोऽ समीक्ष्यकारी स्यादित्यमरः।
७) सहसा वा पठनीयम्।

त्यसपछि हनूमान् पस्छन्।

दुवैवटी योगिनी भागे।

हनूमान् फेरि अघि भनेकै कुरा दोहोऱ्याएर भन्छन्।

महीरावण-- (गलल्ल हाँसेर) ए मेरा भाग्यले आइपुगेछ। सबभन्दा पहिले पशुको वलि दिनुपर्ने पनि थियो।

खूब ढाँचा पारेर घुमेर।

ए ए वानर कुनचाहिं शत्रुले पठायो हँ तँलाई अहिले। नजान्दा-खेरि चकचक गर्दा तँ अहिले मेरा तरवारको धारमा परेर स्वर्ग-को बाटो तताउने भइस् नि।

हनूमान्-- रे रे वेवकूफ, तेरा यिनै टुनःमुना गर्ने कुकर्मरूपी दूतले पठाएर आएको। न थाहा पाएर आएको पनि होइन, चकचक गर्न पनि आएको होइन। तँलाई मार्न भनेर मनमा चिताएरै आएको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततो महायुद्धं वृत्तम्[1] ॥

महीरावणः-- रे रे बलीमुखपदानुचराधमोसि
वीराभिमानलवलम्बनदुर्व्विदग्ध ।
तीक्ष्णासिलूनगलकास्रमहातपत्र-
च्छन्नान्तरिक्ष[2]र ममन्दिरमाशु यायाः ॥ (७६)

हनूमान्[3]-- रे २ राक्षसापसद ॥
बलिभवनजकीटं दर्प्पचर्य्याभिमानम्[4]
कुलिशकठिनमुष्टिक्रोधनिष्पिष्टमूर्तिः ।
सुररिपुभुजशाखासर्व्वगर्व्वङ्कषोहं[5]
यमसदनमितोऽद्य प्रापयिष्ये क्षणेन ॥ (७७)

---

१) मूलपाठः- ततो महायुद्धो वृत्तः । युद्धस्य नपुंसकलिङ्गित्वादसाधुप्रयोगः ।

२) छन्नान्तरीक्ष मूले ।

३) हनुः मूले ।

४) गर्वोऽभिमानो ऽहंकार इत्यमरः । गर्वाभिमानशब्दौ समानार्थौ, अभिमत्तमिति वा ।

५) अत्र 'गर्वङ्कष' पदं गर्वभेदकार्थे प्रयुक्तम् । तच्चिन्त्यम् । सर्वकुलाभ्रकरीषेषु कषः३/२/४१ इति सूत्रेण सर्वोपपदात् कष्धातोः खच्प्रत्यये अरुर्द्विषदजन्तस्य मुम् ६/३/५७ इति मुमागमे च सर्वङ्कष इति सिद्ध्यति । सर्वङ्कषः खलः । गर्वङ्कषप्रयोगस्तु नशिष्टसम्मतो नार्थसमर्थः, तेन 'सर्वगर्वापहारी'ति पठनीयम् ।

त्यसपछि महीरावण र हनूमान्का बीचमा घमासान युद्ध चल्यो ।

महीरावण-- ए ए वानरका नोकर, वलियो छु भन्ने घमण्डले फुलेको वदमास तँ अधम होस् ! तीखा तरवारका धारले काटेका गर्धनबाट छुटेका रगतका धाराले आकाश छोप्ता छाता ओढाएजस्तो भएको यमराजको घरमा चाँडै पुग्ने भइस् नि अब ।

हनूमान्-- ए नीच राक्षस, वज्रजस्तो साह्रो मुड्की उज्याएको रीसको झोकले जीउ फुलाएको हाँगा छिमले झैं धेरै हात छिमलेर दैत्यको सेखी झार्न सिपालु म हनूमान् हुँ । यस्ता घमण्डले फुलेका पातालका (ढुँडी) कीरालाई अहिले एक छिनमा यहाँबाट यमपुरी पुऱ्याइदिन्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनर्युद्धं वृत्तम्[1] ॥

महीरावणः-- प्रपलाय्य[2] ॥

देवासुरैः प्रधनसागरकालकूटो
दिव्याङ्गनानयनविभ्रममोहनोपि[3] ।
मायाविनोदपरिहासविशारदोपि[4]
स्वर्गाधिपो द्रुतमुपैमि विनाशमार्गम्[5] ॥ (७८)

अतीव दर्पेण दशान्तरं गतः
सुराङ्गनाप्रेमसुलालितोऽस्म्यहम् ।
वीरस्य मे कातरकर्मणा नु किं
त्रिविष्टपं गन्तुमयं महोत्सवः[6] ॥ (७९)

---

१) पुन युद्धो वृत्तः । युद्धस्य नपुंसकलिंगित्वादसिद्धमिदम् ।
२) मूले-प्रपलाज्य ।
३) नयनकोमुदमोहनोपि । अत्र कौमुदीशब्दस्यापभ्रंशरूपं प्रयुक्तम् ।
४) विसारदोपि ।
५) द्रुतमुपेमि विनाससार्गमिति मूले लिखितम् ।
६) श्लोकोऽयं मूल इत्थं पठितः-
अतीव दर्प्पेण दशान्तरं गतं सुराङ्गनामोहनलालितं परम् ।
अलं हि वीरस्य नु कातरेण मे त्रिविष्टपं गन्तुमनासमुत्सवः ॥

फेरि घमसान पऱ्यो ।

महीरावण-- भागेर ।
देवदानवको युद्धसागरमा कालकूट विष जस्तो भएको स्वर्गका अप्सराका आँखाको चुम्बक जस्तो भएको, इन्द्रजाल खेल्न र विभिन्न लहडी हाँसखेल ठट्टाका कुरा गर्न सिपालु भएको स्वर्गको अधिपति म पनि अब चाँड़ै विनाशको बाटोमा पुग्न आँटे । ठूलो घमण्ड़ले गर्दा यो दशामा परेँ । आनन्दसँग स्वर्गका अप्सराका काखहुँदो लडीवड़ी गरी खेलिरहन्थेँ । त्यस्तो वीर मैले लाछी भएर किन वस्नु ? मरेर पनि स्वर्ग जाने न हो । यो त ठूलो उत्सव गर्ने वेला पो आइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपथ्ये ॥

अरेरे वीराभिमानिन्[1] पाप दैत्यापसद क्व पलायसे ।

महीरावणः-- अलं ममापि दैन्यविभीषिकया ॥ यतः ॥

वीरो निधनमायाति नतु कार्पण्यदीनताम् ।
जातवेदाश्च[2] निर्व्वाति कदाचिन्नेति शीतताम् ॥ (८०)

पुनर्युद्धं प्रवृत्तम्[3] ॥

हनूमता चूर्णितो[4] महीरावणः । हनूमान्निष्क्रान्तो[5] रघुपतिसकाशं गच्छामीति ॥

---

१) अररे वीराभिमानिन मूले ।
२) जातवेदोपि मूलपाठः । जातवेदास्तनूनपादित्यमरः । शब्दोऽयं सान्तो नत्वजन्तः ।
३) पुन युद्धो वृत्तः ।
४) चूर्ण्णितौ ।
५) निस्क्रान्तौ । एते मूलस्थाः पाठाः । मूले हनूमानपि नास्ति ।

पर्दाभित्र ।

अरे वीर हुँ भन्ने घमण्डले फुलेका पापी नीच दैत्य कहाँ भाग्छस् ।

महीरावण-- छ्या, छ्या, मलाई पनि यस्ता मुलाले तर्साउने भए । वीर बरु मर्न तत्पर हुन्छ । डरछेरुवा भएर निहुरिदैन । आगो बरु निभेर जान्छ, चीसो भएर रहदैन ।

फेरि युद्ध चल्यो ।

हनूमान्ले महीरावणलाई दलेर ढुटो पारे । अनि उनी रामचन्द्रका नजीकमा जान्छु भनेर निस्किए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशात[1]स्तौ रामलक्ष्मणौ ॥

रामः-- नागेश[2] हे जलदनीलविलोलजिह्व
कामन्निपीड्य हि मां च विपद्गतत्वात् ।
बालं मृणालमृदुबाहुलतन्नु[3] पश्यन्
लज्जा[4] नते ऽस्ति करुणा न च नाम मैत्री[5] ॥ (८१)

लक्ष्मणः-- भुजङ्गमेश मामेव पीडय त्वं यथासुखम् ।
आर्यन्निरागसं त्यक्तुं प्रसीद त्वं हि साम्प्रतम् ॥ (८२)

रामः-- वत्सस्य मातृमृदुपाणिसुलालितस्य
पाणी[6] फणीन्द्रलतिकाकलितौ विलक्ष्य[7] ।
अम्लानमिन्दुसुमुखं वरबाहुजत्वाद्[8]
दृष्ट्वा[9] कथं हृदय हे शतधा न यासि ॥ (८३)

---

१) अत्र मूले विसर्गस्त्रुटितः ।
२) नागेस ।
३) लतमु ।
४) लज्या ।
५) मेत्री ।
६) पाणौ ।
७) क लक्ष्य ।
८) वाहुजत्वात् । एते मूलपाठाः ।
९) अत्र 'विलक्ष्य' 'दृष्ट्वा' पदद्वयं समानार्थम् ।

त्यसपछि राम लक्ष्मण दुवै भाइ पस्छन् ।

राम-- लिव्रिक् लिव्रिक् निस्किरहने कालो जिभ्रो भएका हे नागराज विपत्तिमा परिहालें,जतिसक्यो मैंलाई नै टनक्क कसेर बाँध । कमलको डाँठ जस्तो कलिला हात भएका साना बाबु लक्ष्मणलाई बाँधन तिमीलाई लाज लाग्दैन,अथवा यिनलाई हेर्दा तिमीमा दया आउंदैन, औ प्रेम-प्रीति पनि छैन त ?

लक्ष्मण-- नागराज होइन, मलाई नै जतिसक्यो कसेर बाँध । निरपराध दाज्यूलाई अहिलै छाडिदिहाल, खुशी होऊ र यति निगाह गर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मणः-- अनेकरक्षोवलमाथिसत्करो
बलापकाशाय रिपो रणोचितः ।
अशेषतीर्थाम्बुविधौतपावनः
कथं गुरुः पाशपतिं निरीक्षते[1] ॥ (८४)

रामः वत्स मारुतिना किं वृत्तमिदानीम्[2] महीरावणस्य ॥

लक्ष्मणः-- दुर्व्वाररिपुसागरोपि लंघितो भविष्यति हनूमता, किमनर्थसन्देहेन ।

---

१) पद्यमिदमेवं पठितं मूले-
अनेकरक्षोवलमाथिसत्करौ वली पकाशाय रिपूरणोचितौ ।
अशेषतीर्थाजलधौतपावनौ कथं गुरौ पाशपतौ निरीक्षते ॥

रक्षोवलं मथ्नातीति रक्षोवलमाथी तादृशौ सत्करौ यस्य स रक्षोबलमाथिसत्करः । रिपोः शत्रोर्वलापकाशाय बलविनाशाय युद्धयोग्योऽनेकतीर्थजलस्नानेन विधूतपापोऽत एव पावनः पवित्रो गुरू रामः, पाशो भोगीन्द्रसनाथः पाशः, तस्य पतिः स्वामी महीरावणस्तं कथं निरीक्षते पश्यति ।

२) किं वृत्तामिदानीम् । किं कृतमिदानीमिति वा पठनीयम् ।

राम-- आमाका कमला हातले सुमसुम्याइएका बाबु लक्ष्मणको दुवै बाहु नागपाशोले कसेर बाधिदा पनि वीर क्षत्री कुलमा जन्मेका हुनाले कति पनि अँध्यारो नपारी जून जस्तो उज्यालो पारेको मुख देख्ता पनि हे हृदय किन त शयौं टुक्रा भएर चिरिदैनस् ?

लक्ष्मण-- अनेकौं राक्षसको फौजलाई धुलो पार्न सक्ने बाहु भएका शत्रुको सेखी झार्नलाई लडाईं गर्न जान योग्य भएका अनेकौं तीर्थ स्नानले पवित्र भएका धर्मात्मा दाज्यू राम पाशामा पार्न सक्ने शत्रुलाई हेरेर कसरी बस्न सक्नुभएको हो ?

राम-- बाबु लक्ष्मण, हनूमान,ले यतिखेर सम्ममा महीरावणलाई के गरे हुनन् ?

लक्ष्मण-- ससुद्र नाघ्न सक्ने हनूमान्‌ले आँटिनसक्नु शत्रुलाई पनि नाघे हुन् । यसमा अर्को थोक शङ्का गर्नै पर्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत: प्रविशति हनूमान्[1] ।

हनूमान्[2]-- तौ दृष्ट्वा ॥

आतिष्ठतु तावद्[3] विनयोपचारम् विपाशयामि प्रभुम् ॥

तथा करोति ॥

सनिर्वेदम्[4] ॥

भुजङ्गमस्य पाशोयमाकृष्टोऽपि न कृष्यते[5] ।
अथ नो विषयोऽस्माकं पन्नगारिः प्रकल्पते ॥ (८५)
रामभद्रो महाधन्वी सौमित्रिश्च तथा मतः ।
कष्टं विधिनियोगं तु को हि लंघयितुं क्षमः[6] । (८६)

प्रभू समाश्वसिथः[7] ॥

रामः-- वीराऽञ्जनेय[8] किं चिरादागतोऽसि ।

---

१) हनुः मूले ।
२) अत्रैतत्पदं मूले नास्ति ।
३) तावत् ।
४) निर्व्विण्ण हनुः ।
५) कर्षितो न च कर्षति ।
६) लंघितुमीश्वरः ।
७) प्रभु समासुसथः ।
८) वीर आंजनेय । मूलपाठा एते ।

त्यसपछि हनूमान् पस्छन् ।

हनूमान्-- (राम लक्ष्मणलाई हेरेर ।) ढोगभेट कुशलमङ्गलको कुरा चाहिं परै रहोस्, पहिले प्रभुलाई फुकाइहाल्नुपर्‍यो ।

फुकाउन खोज्छन् ।

दिक्क भएर ।

यो नागपाशो ता जति तान्दा पनि तानिदै तानिदैन । भै गो, अब यसमा मेरो केही लागेन । यस काममा गरुडै समर्थ हुनेछन् । यस्ता धनुर्धारी रामचन्द्र हुनुहुन्छ, लक्ष्मण त्यस्तै हुनुहुन्छ । तैपनि के गर्नु, भावीको लेखान्त कसैले मेटेर मेटिदो रहेनछ । हे प्रभु एकैछिन सहनुहोस् है त ।

राम-- वीर हनूमान् किन त तिमी ढिलाएर आयौ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पश्य दशाविशेषमावयोः किं वदाम ॥

हनूमान्[1]-- पश्यतामार्यौ[2] ।

शम्भुः[3] खण्डितचारित्र इन्द्रो गौतमताडितः ।
यादवो मुनिशप्तश्च[4] सर्व्वत्र खण्डना प्रभो ॥

लक्ष्मणः-- कदाचिद्विनतानन्दनस्यागमनं भवेत् ॥ (८७)

नेपथ्ये ॥

कुलिशकुटिलधारक्रूरतुण्डप्रकाशः
शलभखमदमुद्राशातने धूम्रकेतुः ।
अलमलमिह भीत्या पन्नगारिः प्रयातो
दशरथसुतराम[6] क्वाद्य नीतोऽसि भीतः ॥ (८८)

---

१) मूले-हनुः ।
२) पश्यतु आयौ अत्र क्रियापदस्यैकवचनप्रयोगो भ्रान्तः ।
३) अत्र विसर्गस्त्रुटितः ।
४) यादवो मुनिसप्तश्चेति मूले ।
५) केतुरलमलमिहेति मूले । अत्र सन्धिरसिद्धः ।
६) अत्र मूले सविसर्गकः प्रथमैकवचनप्रयोगः । परं सम्बोधने सुखार्थः ।

हेर हाम्रो अवस्था के भइरहेछ, के भनौं ।

हनूमान्-- हेर्नुहोस् स्वामित --
महादेवको चरित्र भ्रष्ट छ । इन्द्रले अहल्यासँग करणी गर्नाले गौतमको श्राप पाए । यदुवंशी कृष्णमा मुनिको श्राप पऱ्यो । दुःख नपाएको को छ र, सर्वैतिर एक न एक दोष परेकै छन् ।

लक्ष्मण-- केही जानौं गरुड आइदिए पनि त हुने थियो ।

(पर्दाभित्र)

वज्रको जस्तो चाङ्गो तीखो चुचो भएको इन्द्रको पनि वेहोशी छाटलाई छाट्न राहु जस्तो भएको म गरुड आइपुगेँ है । भो भो, अब डराउनु पर्दैन । दशरथका पुत्र हे राम, कहाँ लगिनुभएको छ नि, डराउनुभयो हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति गरुडः ।

तदेव पठति ॥

पक्षपातानिलेनाद्य दूरमुत्क्षिप्य भोगिनः ।
राममलक्ष्मणकौ[1] त्रातुम् प्राप्तवानस्मि साम्प्रतम् ॥ (८९)

भोगी स्वयमेव गतः ॥

रामः-- सोल्लासम् ॥
गरुत्मन्,
भवतागतमात्रेण भोगिपाशो विमोचितः ।
त्वया सन्तारितावावाम् वीन्द्रेण[2] मृत्युमार्गतः । (९०)

लक्ष्मणः-- भगवन् विनतानन्दन[3] भवत्प्रसादात् पुनरपि जीवलोके प्रविष्टावावाम् ॥

---

१) रामभद्रस्य संत्रातुम् मूले ।
२) विः पक्षी, विर्विष्किरपतत्रय इत्यमरः । वीनामिन्द्रः, वीन्द्रः खगेश्वरः ।
३) विनतानन्दन् मूले ।

(त्यसपछि गरुड पस्छन् । फेरि अघि भनेको भन्छन् ।)
पखेटाका हावाले सर्पलाई परै हुत्याएर राम लक्ष्मणको रक्षा गर्नाका खातिर म अहिले आइपुगेको हुँ ।

(नाग आफैं फुस्किएर भागे ।)

राम-- (खुशी भएर) गरुड़ तिमी आउने वित्तिकै नागपाशोबाट छुटकारा मिल्यो । पक्षिराज तिमीले नै हामी दुइ भाइलाई मृत्युको मुखबाट बचाएर ल्यायौ !

लक्ष्मण-- हे महानुभाव गरुड तिम्रा कृपाले अब हामी फेरि मृत्यु लोकबाट जीवलोकमा पसेका छौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरुडः[1]-- अमी पातालनिवासिनोऽसुरजना मत्प्रेरिता रत्नाञ्जलयः[2] समायातास्तत्साभिमुख्येन विजयताम् ॥

रामः-- सौहृद्येन हनूमता बलवता ध्वस्तो महीरावणो[3]
यत्तार्क्ष्येण[4] मनोजवेन[5] तरसा चावां समुत्तारितौ ।
नागेनापि स्वयं गतं मृतिभयात्[6] स्फीत्कारनादाकुलम्
प्राणत्राणकृता सहैव गृहिणीशून्यं[7] गृहं गम्यहम् ॥(९१)

लक्ष्मणः-- आर्य तथा मे मन उल्लसति[8]

---

१) गरुः ।
२) रत्नाञ्जनयः ।
३) महीरावणौ ।
४) यत्तार्क्षेण ।
५) मणेजवेन ।
६) भयात ।
७) सून्यं ।
८) मनोल्लसति । एते मूलपाठाः ।

गरुड-- यी पातालवासी दैत्यहरू मैले उर्दी दिएको हुनाले अंजुलीका अंजुली भरी रत्नका भेटी लिएर उपस्थित भएका छन् । यिनलाई दर्शन दिएर विजयी हुनुहोस् ।

राम-- हामीप्रतिका मायाले गर्दा वीर हनूमान्ले महीरावणलाई ढुक्याए । मनले चिताए जति उड्न सक्ने गरुडले आएर हामी दुवैलाई बन्धनवाट उत्तिखेरै छुटकारा दिलाए । नाग पनि मृत्युका डरका मारे स्याँक्क स्याँक गर्दै भागेर गयो । अब यिनै प्राण वचाइदिने भावी वनेका हनुमान्सँगै घरपट्टी नभएको शून्य घरमा जानुपर्‍यो ।

लक्ष्मण-- दाज्यू त्यस्तै मेरो पनि मन खूब खुशी भइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]-- उत्थाय ॥ भोः[2] भोः पातालपुरनिवासिनो जनाः शृण्वन्तु भवन्तः ॥

माभूत यूयमिह भो विबुधारिभीता[3]
राजाधिराजरघुनन्दनरामभद्रः ।
पातालनाकभुवनेष्व[4]भयं ददाति
ह्यस्म[5]त्स्था निवसथाविरतं[6] सुखेन ॥ (९२)

इति सर्व्वे निष्क्रान्ताः ॥

---

१) हनु ।
२) भो २ ।
३) दनुजाभयार्त्ता अत्र दनुजापदे आकारश्छन्दोनुरोधेन ।
४) भुवनेष्वभय ।
५) अस्मत्तया अत्र सन्धौ छन्दभङ्गः । एतेऽशुद्धरूपाणि मूले लिखितानि ।
६) निवसताविरतं वा भवितुमर्हति ।

हनूमान्-- (उठेर) ए पातालका वासिन्दा हो तिमीहरू सबैजना सुन- अब उप्रान्त तिमीहरूले यो पाताललोकमा दैत्यहरूदेखि डराउनु पर्दैन । रघुवंशी महाराजाधिराज रामचन्द्र अबदेखि स्वर्ग मर्त्य पाताल तीनै लोकको मालिक हुनुभयो । उहाँ तिमीहरू सबैलाई अभयदान दिनुहुन्छ । अब तिमीहरू पनि हाम्रा आफ्ना रैती भएर सधैं सुखसँग रहू ।

(यसपछि सबैजना निस्किए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति विभीषणः सुग्रीव[1]श्च ॥

विभीषणः– कथं नाद्यापि निवर्त्तते[2] वायुतनयः ॥ ततः ॥

भूमिनाकगतो वीरो वायुजो न निवर्त्तते[3] ।
बलाच्चलञ्च मे चित्तमथासौ[4] दुष्प्रधर्षणः ॥ (९३)

सुग्रीवः[5]-- महात्मन्[6] दशकन्धरावरज ॥

वातपुत्रो महावीरो वातवेगधरो मतः ।
अजय्यः[7] कोऽस्ति तस्येह भुवनत्रयमण्डले ॥ (९४)

---

१) शुग्रीवश्च ।
२) वर्त्तते ।
३) वीर वायुजन्मा न वर्त्तते ।
४) चित्तम् मथ स ।
५) शुग्रीवः ।
६) महात्मन । एते मूलोल्लिखितानि रूपाण्यशुद्धानि ।
७) क्षय्यजय्यौ शक्यार्थे जय्यः । जेतुमशक्योऽजय्यः ।

(त्यसपछि विभीषण र सुग्रीव पस्छन् ।)

विभीषण-- किन हो, अहिलेसम्म वायुपुत्र हनुमान् फर्केर आइपुगेनन् । के भयो होला ? पातालमा गएका वायुपुत्र हनुमान् फर्केर नआउँदा मेरो मन थर्कमान भएर ज्यादै हडबडाइरहेछ । त्यो शत्रु पनि जितिशक्नु चानचुनें होइन ।

सुग्रीव-- रावणका भाइ हे महानुभाव, वायुका पुत्र वीर हनुमान् वायुकै वेगका बलवान् छन् । तीन त्रिलोकमा उनले जित्न नसकिने को छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रविशति रामो लक्ष्मणो[1] हनूमांश्च ॥

विभीषणः-- रघुपुङ्गव रामभद्र सौमित्रे विजयतम्[2] । कच्चित् कुशलं युवयोः ।

सुग्रीवः-- राजपुत्र कच्चित्[3] कुशलम् ।

रामः-- युवयोः पुण्यप्रतापोदयात् किमन्यथा ॥

सुग्रीवः-- वीराञ्जनेय[4] श्लाघ्योसि देहि मे परिष्वङ्गम् ।

हनूमान्[5]-- प्रभो[6] प्रणतोऽस्मि ॥

तथा करोति ॥

विभीषणः-- महात्मन्[7] युष्मन्मुखचन्द्रोदयेन मे मनःकुमुदं विकसितम् ।

---

१) लक्ष्मण ।
२) सौमित्रि विजयते ।
३) कच्चित ।
४) वीर आञ्जनेय ।
५) हनुः ।
६) प्रभोः ।
७) महात्मन । एते मूलग्रन्थस्थाः पाठाः ।

(त्यसपछि राम लक्ष्मण हनूमान् पनि पस्छन् ।)

विभीषण-- रघुराज हे राम हे लक्ष्मण यहाँहरूको विजय होस् । यहाँहरू दुवैलाइ कुशलै छ ? ।

सुग्रीव-- राजकुमार सञ्चै छ ?

राम-- यहाँहरूको पुण्य प्रतापले गर्दा अरू थोक के हुन्थ्यो, आरामै छ ।

सुग्रीव-- वीर हनूमान्, महनी गर्न लायकका छौ । अङ्कमाल देऊ ।

हनूमान्-- स्वामित, दण्डवत् गर्दछु ।

(हनूमान् दण्डवत् प्रणाम गर्दछन्, सुग्रीव अङ्कमाल गर्छन् ।)

विभीषण-- महानुभाव तपाईंहरूको मुखरूपी चन्द्र उदाउने बित्तिकै मेरो मनरूपी कमल फक्रियो, अर्थात् तपाईंको मुख देख्नेबित्तिकै मेरो मन खुशीले गद्गद भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमान्[1]--

तं जित्वा रघुनन्दनोथ सुहृदां[2] मध्ये चिरं व्यद्युतत्[3]
मानोन्मत्तमतिस्त्रिविष्टपमगात् धृष्टो महीरावणः ।
ऋद्धीनामुदयः[4] फलम्परिणतं पानाय कालो ह्ययम्[5]
मुक्तोहं कलुषेण[6] नाम सफलं मे जीवितं मोदताम् ।।(९५)

रामः- किं वच्मि महाभाग ।।

पातालनाकमगमाम सहानुजेन
तत्राचिरं परिभवो विषमः प्रलम्भः ।
वीरेण वीर पवनात्मजकेन मुक्तः
स्वप्नानुभूतमिव तत्सकलं स्मरामि (९६)

---

१) हनुरिति मूले ।
२) मूले-सुहृदा ।
३) द्युत दीप्ताविति विपूर्वाद् द्युत् धातोरात्मनेपदिनो लुङि द्युद्भ्यो लुङि १।३।९१ इति सूत्रेण लुङ्लकारे परस्मैपदे जाते पुषादिद्युताद्यॢदितः परस्मैपदेषु ३।१।५५ इति सूत्रेणाङि व्यद्युतत् सिद्धम् ।
४) ऋद्धीनामुदयं ।
५) ह्ययाम् ।
६) कलुखेन । एते मूलपाठाः ।

हनूमान्- शत्रुलाई जितेर रघुनाथ आज मित्रमण्डलीका माझमा धेरै सुहाउनुभएको छ । घमण्डले गर्दा बुद्धि तुरिएको ढिटो रावणले पनि स्वर्गको बाटो लियो । अब यो ऐश्वर्यको छ्यालव्याल भयो । पाकेको फल खाने बेला भयो । पिएर मस्त आनन्द लिने बेला आयो । आज म पनि दोषबाट मुक्त भएँ । आज मेरो जीवन सफल बनेर आनन्दित भएको छ ।

राम- के भनौं महोदय, भाइसँगै पातालपुरीमा पुऱ्याइएँ । त्यहाँ केही बेर हैरान खानुपऱ्यो । बिहालसँग ठगियौं । वायुपुत्र हनूमान्-द्वारा छुट्कारा पायौं । सो सबै कुरा सपना जस्तो भएर मेरा मनमा संझना आइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मणः- आर्य किमुच्यते भूमिस्वर्गस्य विभूतिरम्यता[1] च ॥ यतः ॥

रत्नोज्ज्वलप्रततदीपशिखावली या
सौवर्णघण्टघघरी घनमुक्तिमाला ।
प्रासादरत्नवलयोपरि लम्बमाना
माणिक्यकूटकलशम् सुरलोकरम्यम्[2] ॥ (९७)

दुःखञ्च सर्व्वमाध्यानम्[3] ॥

रामः-- भवजलधिगतानाम् प्राणिनां सत्यमेतत्
व्यसनशततरङ्गासन्नताभङ्गुराणाम् ।
भवति कलुषलोभो व्याधिमीनातुरत्वात्
फलमिदमिह पश्य त्वं सखे जन्मलाभे[4] ॥ (९८)

---

१) भूमिस्वर्गः पाताललोकः, तस्य विभूतिरम्यता, ऐश्वर्यरामणीयकम् । अथवा विभूतिः ऐश्वर्यम्, रम्यता सौन्दर्यम् व्यस्तपदं पठनीयम् ।

२) रत्नानामुज्ज्वलाः प्रकाशबहुलाः प्रतता विस्तृता दीपशिखाः तासामावली पङ्क्तिः । सुवर्णमयाः घण्टाः, घण्टशब्दः गजघण्टायां पुंसि (वाचस्पत्य) मेघवद् घर्घरशब्दकराः तत्र ता मौक्तिकमाला प्रासादानां रत्नवलयोपरि लम्बमाना दृश्यते । देवभूभुजां प्रासादशिखरस्थितं कलशं च सुरलोकरमणीयमत्यन्तं शोभमानं दृश्यते । अत्र सर्वत्र बहुवचनान्तपाठः शोभनार्थः ।

३) स्यान्चिन्ता स्मृतिराध्यानमित्यमरः । आधानं मूलपाठः । एतत्सर्वं सौन्दर्यमैश्वर्यमप्यस्माकं दुःखदायकमिति भावः ।

४) संसारसागरपतितानां प्राणिनां व्यसनभूतैस्तरङ्गशतैर्व्याकुलीभूतानां व्याधिरूपमीनातुरत्वात्कलुषलोभः पापप्रवृत्तिर्भवति । एतत्सत्यम् सखे त्वं पश्य, सर्वेषां जनिभाजां संसारे फलमीदृशमेव भवति ।

लक्ष्मण-- दाजु पाताललोकको ऐश्वर्य सौन्दर्यको के बयान गरां । हेर्नुहोस्, लहरै झलझल बलेका रत्नका बत्तीका ज्वालाले उज्यालो पारेको छ । टङ् टङ् गरी मेघ गर्जे झैं बज्ने सुनका घण्ट झुण्डिएका मोतीका माला देवल दरबारमा बेरेका रत्नका डोरीमा लट्किरहेका छन् । देवल दरबारका बानाका माथि टुप्पामा राखिएका माणिक्यका गजुर देवलोकमा जस्तै सुहाएका छन् । यी सबै सम्झदा त झन् चित्त दुखेर आउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुग्रीवः-- अहो सागरसंक्षोभो ग्रहणञ्चेन्दुसूर्ययोः ।
काले विपर्यये चित्रं सर्व्वं सर्वत्र सम्भवः ॥(९९)
तथापि[1] महानुभाव मनः संक्षोभो न कर्त्तव्यः ॥

हनूमान्[2]-- कृतम् विलापैर्नरदेवदेव
स्वभाव एव जगतामलंघ्यः ।
अहं हि किञ्चित् प्रभुभक्तिशक्तः
सौख्ये[3] जनाः के न भवन्ति दक्षाः ॥ (१००)
कपिराजाधिराजालमुक्तिकया, रामभद्रस्य पूर्णपात्राय
यतिष्ये, उत्साहिष्ये[4] च ॥

सर्व्वे-- एवमस्तु इति ॥

---

१) तथा ।
२) हनुः ।
३) स्वस्थे ।
४) उत्साहश्च । मूलपाठः । यथा पूर्णपात्रदानेन यज्ञस्य पूर्णता भवति तथैव रामस्य राक्षसवधयज्ञो महीरावणवधेनारब्धो रावणवधेन पूर्णो भविष्यतीत्यर्थः ।

राम-- शयौं दुःखरूपी तरङ्गले हानिदा व्याकुल वनेका संसाररूपी समुद्रमा परेका प्राणीहरूको व्याधिरूपी माछोका लोभले पापमा प्रवृत्ति हुन्छ । यो साच्चै हो । हेर साथी संसारमा जन्मेपछि यस्तै फल पाइँदो रहेछ ।

सुग्रीव-- ओहो समुद्र खलबलिन्छ, चन्द्र सूर्यमा ग्रहण लाग्छ । दैव विपरीत भएपछि अनौठो हुन्छ । अर्थात् जे पनि जहाँ पनि हुन सक्छ, नहुन सक्ने केही छैन । त्यस कारण हे महानुभाव मनमा पीर ताप लिनु छैन ।

हनूमान्-- महाराज जो भो सो भो, अव शोकसुर्ता मान्नुपर्दैन । संसारको स्वभाव कसैले टारेर टर्दैन । म अलिकति प्रभुको भक्तिमा लागेको मात्र हुं । के गर्नु, संपत्तिमा सव कोही, विपत्तिमा कोही न कोही ।

हे वानरका अधिराज, भो अव धेरै कुरा किन गरिरहनु, रामचन्द्रको पूर्ण विजयका लागि प्रयत्न गर्दछु, उद्योग पनि गर्दछु । अर्थात् महीरावण मार्दा युद्धयज्ञको आरम्भ भो, अव रावण मारेर यो यज्ञ पूर्ण पार्दछु ।

सबै जना-- अब यसै गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामः- एतदस्तु ॥

वृष्टिं ददातु जलदः सुखिनी प्रजाऽस्तु[1]
राजा स्वधर्मनिरतः करुणार्द्रचेताः[2] ।
रक्षोगणो विविधसस्यधरा धरा च
लोकादिदुःखविपदोपि गुहां प्रयान्तु[3] ॥ (१०१)

इति सर्व्वे निष्क्रान्ताः ॥

(समाप्तम्)

---

१) जलदोऽस्तु सुखी प्रजा चेति मूले । अत्र सुखीति पुंसि, स्त्रियां सुखिनी, प्रजायाः स्त्रीत्वात् ।

२) करुनाद्रचेताः मूले ।

३) प्रयातु मूले ।

राम-- अब यति होस्--

खड़ेरी कहिले नपरोस् । रैतीदुनियाँ सुखी होउन् । राजा स्वधर्म नछाड्ने हुन् । राक्षस पनि दयावान् होउन् । पृथ्वीमा वाली-नाली प्रशस्त उब्जिओस् । दुनियांमा रोग व्याध दुर्भिक्ष महामारींहरू पनि गुफाभित्र पसुन्, अर्थात् हराएर जाउन् ।

(यति भएपछि सबै निस्किए ।)

(महीरावणवध नाटक सकियो)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भग्नराज[1]स्थापनाचार,-शरणागतवज्रपिन्जर[2]-मत्तकुञ्ज-रदमनाङ्कुशोत्तर[3]विहारकुट्टुम्बजश्रीह्लोलविहारप्रधानाङ्ग महापात्रश्रीजयशीहमल्लवर्म्मणाम्[4] कुतूहलपूरणाय कविकमलभास्कर-पण्डित श्रीजयतविरचितं महीरावण-वधं नाम नाटकं परिसमाप्तम्[5] ॥ सप्तपञ्चाश-दधिकचतुःशततमे नेपालसंवत्सरे[6] ॥

श्रेयोऽस्तु ॥ संवत्[7] ४५७ श्रावणकृष्णद्वादश्यां पुष्यनक्षत्रे परिघयोगे शनैश्चरवासरे[8] पुस्तकमिदं समाप्तमिति ॥

---

१) *भग्नराय ।*
२) *सरणागत वज्रपञ्जर ।*
३) *दमनाङ्कुश उत्तर ।*
४) *वर्मनाम् ।*
५) *विरचितौ महीरावणवधो नाम नाटकः परिसमाप्तः ।*
६) *सप्तपञ्चशताधिकचतुरशततमे नेपालसम्वत्सरे*
७) *सम्वत ।*
८) *शनिश्चरवासरे । एते मूले लिखिताः पाठा अशुद्धाः ।*

राज्य भ्रष्ट भएका राजालाई पुनः सिंहासनमा राख्ने सामर्थ्य भएका शरणको मरण नगर्ने मत्ता हात्ती तह लाउन अङ्कुश जस्ता भएका उत्तरविहारका पात्र-वंशमा जन्मेका ह्लोल विहारका प्रधानाङ्ग महापात्र जयसिंह मल्ल वर्माज्यूको कौतूहल पूरा गर्नका लागि कविरूपी कमल फुलाउन सूर्य जस्ता भएका पण्डित जयतले बनाएको महीरावणवध नामको नाटक नेपाल संवत् ४५७ मा समाप्त भएको हो ।

कल्याण होस् । संवत् ४५७ श्रावण वदि १२ पुष्यनक्षत्र परिघयोग शनिवारका दिन यो पुस्तक सकिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमभट्टारक-परमेश्वर-परमवै-णव-परमदेवताधिदेव देव-परममाहेश्वर -रघुतिलक-भूपालपरंपरापरिणमित मौलिशिखा[1]प्रसूनसन्धूपितपादारविन्द-श्रीपशुपतिदेव-तावरलब्ध[2] प्रसादैक-महाराजाधिराज[3]-सप्रक्रियराज रा न्द्र-श्रीश्रीजयारिमल्लदेवानां विजयराज्ये नेपालमण्डले ॥

---

१) शिषा ।

२) लब्द ।

३) महाराजाद्धिराज मूले पठिताः ।

समानार्थपदावलीयुता प्रशस्तिरियम् । परमभट्टारक-परमेश्वर-परमदेवताधिदेवादयः प्रायः समार्थाः । सर्वोपाधिग्रहणं वैशिष्ट्यद्योतनार्थम् । भट्टारकः राजा, राजा भट्टारको देव इत्यमरः । परमवैष्णव-परममाहेश्वरग्रहणेनास्य राज्ञ उभयोर्भक्तिर्विशिष्टा, अथवा कविना परमेश्वरपदं विष्णोः परमदैवताधिदेवपदं महेश्वरस्य विशेषणाय प्रयुक्ते । प्रक्रिया त्वधिकारः स्यादित्यमरः । प्रक्रियया सहितः सप्रक्रियः सर्वाधिकारसम्पन्नः । नेपालमण्ड़लमिति समस्तनेपालराज्यक्षेत्रं बोध्यत् । एष प्रयोगः प्राचीनतमः । यथा-महाराजाधिराजश्रीजयदेवो नेपालमण्डलान्तर्निवासिनो यथास्वं कुशलमभिधाय समाज्ञापयतीति ।

ठूला राजा, भगवान् विष्णुका परम भक्त, (वैष्णव) परदेवताका पनि देवता भगवान् शिवजीका भक्त (शैव) रघुवंशी राजाका ताँती आएर ढोग्दा शिरिपेचमा लाएका फूल खसेर दुवै पाउरूपी कमल मगमग वास्ना आउने पारेका पशुपतिनाथको वर पाएर अनुगृहीत भएका सबै अधिकार लिएका राजाका पनि राजा महाराजाधिराज श्रीश्रीजयारिमल्लदेवले राज्य शासन गरिरहनु भएको नेपालमण्डलमा (लेखेको हो)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न चाहं शास्त्रकर्ता च न च शब्दार्थचिन्तकः[1] ।
यादृशं स्थितमादर्शे तादृशं लिखितं मया ॥ (क)

उत्तरविहारकुटुम्बोद्भव- श्रीन्होलविहारप्रधानाङ्ग
महापात्र- श्रीजयशीहमल्लवर्म्मणा[2] सत्वार्थ[3] हेतुना
स्वहस्तेन लिखितम् ॥

बालमूर्ख[4] विदेशस्थ- वारितैलाग्नितस्करैः[5] ।
रक्षितव्या यथाशक्ति पुस्तिका[6] स्वस्तिकारिणी ॥ (ख)

भग्नपृष्ठकटीग्रीवः[7] स्तब्धदृष्टिरधोमुखः[8]
दुःखेनालिखमेत[9]त्र पुत्रवत् प्रतिपालयेत् ॥ (ग)

---

१) *अत्र विसर्गस्त्रुटितः ।*
२) *'वर्म्मणेः' मूले । वर्मन्‌शब्दस्य तृतीयावचने वर्मभिरिति रूपं भवति संस्कृतस्याल्पज्ञानेनापि ज्ञातुं शक्यते ।*
३) *सत्वार्थ ।*
४) *मूर्ष ।*
५) *तस्करात् ।*
६) *'प्वस्तिका' भ्रष्टानि पदानि मूले ।*
७) *अत्रापि विसर्गो नास्ति ।*
८) *दृष्टि अधोमुख इति मूले ।*
९) *दुःखेन लिखितं शास्त्रमिति मूले ।*

म कुनै शास्त्रकार पनि होइन, फेरि शब्द अर्थ बुझ्ने पनि होइँन । त्यस कारण जस्तो कितावमा लेखेको देखेँ, त्यस्तै लेखिदिएँ । उत्तर विहारका महापात्र कुलमा जन्मेका ह्वोल विहारका प्रधानाङ्ग महापात्र श्रीजयशीह मल्ल वर्माले प्राणी मात्रको हितको लागि आफ्नै हातले यो पुस्तक लेखेँ ।

यो राम्रो पुस्तक भरिसक्य केटाकेटी मूर्ख र विदेशीका हात पर्न नदिनू, तथा आगो पानी तेल चोरबाट पनि जोगाउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भ्राम्यद् गङ्गागभीरप्रबलरयमिलल्लोलकल्लोलमाला[1]-
श्रेणीसङ्गावदातद्विजपतिविलसत्कोटिघृष्टाघकूटः ।
नृत्यारम्भप्रमोदोल्लसदमलजटाकूटकोटीर[2]शाली
कालीशृङ्गारचेष्टाचयचकितवपुः पातु वश्चन्द्रमौलिः ॥ (घ)

शुभमस्तु सर्व्वजगताम् ॥

---

१) मूलेऽत्र विसर्गो व्यर्थः । मालाश्रेणीशब्दयो. समानार्थयोः प्रयोगोऽशोभनः ।

२) कोटिमीरयति, ईर-अण् । किरीटे हेमचन्द्रः ।

पिठ्यूँ कम्मर घाँटी कुप्राएर, उधो मन्टो लाएर आँखा दुखाएर वडो कष्टले मैंले यो पुस्तक सारिसकेँ, यसलाई छोराछोरी जस्तो प्रेम गरेर राख्नुहोला ॥

घुमेकी गङ्गाका गहीरा वेगिला वेग भएका चञ्चल छालका लहरमा मिसिएका सफा खुर्पे चन्द्रमाका झल्कने टुप्पाले पापको चुचुरो फोरिदिने, ताण्डव नृत्यका खुशीयालीमा नाच्ता हल्लिरहेको जटाका गाठो नै श्रीपेच भएका, महाकालीका सींगार-पेटारका चेष्टाहरूले आङ जीउ सिरिङ्ग पारेका महादेवले तिमीहरू सबैलाई रक्षा गरुन् । सारा प्राणीको कल्याण होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट– १

कथावस्तुको मूल आधार

लक्ष्मण मूर्च्छा भएपछि हनूमान् पर्वतको बुटी लिन हिंडे, रामले बाणले हानेर रावणको रथ सारथि किरीटसमेत उडाइदिएपछि दरबार गएर उसले मद्दतका लागि पाताललोकमा दूत पठायो ।

ततः सभायामासीनो रावणः प्राह राक्षसान् ।
गच्छध्वं त्वरितं दूताः पाताले तौ महाबलौ ॥
ऐरावणो महादैत्यस्तथा मैरावणो महान् ।
तयोर्मे कथनीयं हि युद्धवृत्तं वयस्ययोः ॥
तथेति ते गता दूतास्तौ तद्वृत्तं न्यवेदयन् ।
तौ श्रुत्वा विह्वलात्मानौ लंकायां समुपस्थितौ ॥
रामं च लक्ष्मणं हर्तुं निशायां तौ समागतौ ।
ददर्शतुस्तौ पुच्छस्य परिघं हि हनूमतः ॥
कपीनां तत्र सेनायास्तदाकाशान्महाबलौ ।
निपेततुः कपीनां तु सेनायां रामलक्ष्मणौ ॥
किंचिद् विनिद्रितौ दृष्ट्वा शिलायां संगरश्रमात् ।
निन्यतुस्तौ शिलां शीघ्रं पातालं निजमन्दिरम् ॥
एतस्मिन्नन्तरेऽदृष्ट्वा सेनायां रामलक्ष्मणौ ।
मारुतिः पादमार्गेण तयोः पातालमाययौ ॥
एतस्मिन्नन्तरे मार्गे लङ्कादक्षिणदिक्तटे ।
निकुंभिलायां स्वपतिं कपोती प्राह गुर्विणी ॥
नाथाऽद्य नरमांसं मे भोक्तुं स्पृहयते मनः ।
स प्राहाऽद्य समायातौ वर्तेते रामलक्ष्मणौ ॥
रसातलं हि दैत्याभ्यां देव्यग्रे तौ वधिष्यतः ।
एवं तयोर्वधे जाते मांसमानीय तेऽर्पये ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्वाक्यं मारुतिः श्रुत्वा किंचित्तोषयुतो ययौ ।
तावद् ददर्श तद्द्वारि संस्थितं मकरध्वजम् ॥
स धृत्वा तं हनूमन्तं पप्रच्छ मकरध्वजः ।
कस्त्वं कुतः समायातः स्ववृत्तं प्राह मारुतिः ॥
रामदूतस्तु लङ्कायाश्चानीतौ रामलक्ष्मणौ ।
निद्रितौ निशि दैत्याभ्यामद्य पातालमेव हि ॥
तयोः शोधार्थमायातश्चेत्त्वं वेत्सि वदस्व तौ ।
तन्मारुतिवचः श्रुत्वा तं प्राह मकरध्वजः ॥
पिता मे वर्तते तत्र क्षेमेणांजनिनंदनः ।
तच्छ्रुत्वा चकितः प्राह हनूमान् मकरध्वजम् ॥
हनूमतः कुतः पत्नी सोऽब्रवीन् मारुतिं पुनः ।
लङ्कादाहं पुनःकृत्वा सागरे शीतलं कृतम् ॥
यदा पुच्छं मारुतिना तदा तद्धूमपूरितात् ।
कंठाच्लेष्मा बहिस्त्यक्तः सागरे सोऽपतत् तदा ॥
मकर्याः भक्षितः सोऽपि तस्यां जातः सुतोऽस्म्यहम् ।
तच्छ्रुत्वा मारुतिः प्राह सोऽहमेव न संशयः ॥
तदा ननाम पितरं तथा वृत्तं न्यवेदयत् ।
कामाक्ष्यास्तौ बलिं कर्तुं निश्चितौ पूर्वमेव हि ॥
तावानेतुं यदोद्युक्तौ लंकां गत्वा सुरोत्तमौ ।
श्वः कामाक्ष्याः पुरः कर्तुं तयोर्दानं विनिश्चितम् ॥
गच्छ देवालये गत्वा तत्र स्थित्वा हरस्व तौ ।
ततः स मारुतिः गत्वा त्रसुरेणुस्वरूपधृक् ॥
देवालये प्रविश्याऽथ कपाटानि बबन्ध सः ।
तावद्दैत्यौ समायातौ पूजार्थं द्वारि संस्थितौ ॥
शनैर्देव्याः स्वरेणैव मारुतिस्तौ वचोऽब्रवीत् ।
पूजा कार्या गवाक्षेण सजीवौ रामलक्ष्मणौ ॥
वनोद्भवैः फलैः पुष्पादिभिः सम्यक् प्रपूजितौ ।
धृतकोदंडतूणीरौ वन्यपुष्पैश्च शोभितौ ॥
देवालयस्य किंचिद्धि द्वारमुद्घाट्य वै शनैः ।
मत्तुष्ट्यर्थं प्रेषणीयावत्र मामद्य मानवौ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

येन केन प्रकारेण यो मामद्य प्रपश्यति ।
भविष्यति निश्चयेन सोंधो नास्त्यत्र संशयः ।।

तद् देव्या वचनं श्रुत्वा तुष्टां ज्ञात्वाऽम्बिकां मुदा ।
ततस्तौ पूजनं दैत्यौ गवाक्षेणैव चक्रतुः ।।

पक्वान्नपायसादीनां राशींस्तौ प्रमुमोचतुः ।
पंचामृतघटांश्चापि कोटिशस्तौ मुमोचतुः ।।

कोटिशः फलभारांश्च गवाक्षेण मुमोचतुः ।
तत्सर्वं भक्षयित्वा स मारुतिः प्राह तौ पुनः ।।
किं दत्तं ग्रासमात्रं मे भोजनं क्षुधितास्म्यहम् ।
तद्देव्या वचनं श्रुत्वा तौ दैत्यावतिविस्मितौ ।।
दूतैर्विलुण्ठ्य हट्टांश्च तथा स्वीयपुरौकसः ।
भक्षणीयपदार्थांस्तौ गिरीनिव मुमोचतुः ।।
स्वीयराजगृहादिषु यद्यद्वस्त्वतिसंचितम् ।
तच्चापि दूतैरानीय देव्यै शीघ्रं मुमोचतुः ।।
तदा कोलाहलश्चासीत् प्रतिगेहे पुरौकसाम् ।
नासीच्छेषं बालकानां भक्ष्यवस्त्वण्वपि क्वचित् ।।
ततस्तौ वन्यपुष्पाद्यैर्भूषितौ रामलक्ष्मणौ ।
धृतकोदंडतूणीरौ द्वारेणैवार्पितौ श्रियै ।।
तौ दृष्ट्वा मारुतिर्नत्वाऽलिङ्ग्य श्रीरामलक्ष्मणौ ।
कपाटानि तदोद्घाट्य दैत्ययोः स व्यतर्जयत् ।।
ततो रामो लक्ष्मणेन बहिर्देवालयात्तदा ।
निर्गत्य शरजालैस्तौ जघान क्षणमात्रतः ।।
सैन्यानि सुहृदादींश्च तयोर्बाणैर्जघान सः ।
पुनस्तौ जीवितौ दैत्यौ पुनस्तेन निपातितौ ।।
शतवारं हतावेवं नासीन्मृत्युस्तयोस्तदा ।
ततोऽतिविस्मितो भूत्वा त्वरं गत्वा स मारुतिः ।।
इतस्ततो भ्रमन् पुर्यां नारीं रहसि संस्थिताम् ।
ऐरावणभोगपत्नीं पप्रच्छ मरणं तयोः ।।
सा प्राह नागकन्याऽहं बलेनानेन धर्षिता ।
मैरावणोऽपि मां नित्यं दुष्टबुद्ध्याऽत्र पश्यति ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उभाभ्यामपि च क्रीडां दातुं नास्ति बलं मयि ।
मित्रं त्वेको रिपुस्त्वेकस्त्विति दुःखं तयोर्मम ॥
अतस्तयोर्वधे तुष्टिर्मम चापि भविष्यति ।
मारुते यदि रामो मां स्वस्त्रियं हि करिष्यति ॥
तर्ह्यहं कथयाम्यद्य तयोर्मृत्युर्यतो भवेत् ।
तच्छ्रुत्वा मारुतिः प्राह यदि श्रीरामभारतः ॥
न भविष्यति भग्नस्ते मंचकस्तर्हि ते पतिः ।
भविष्यति रामचंद्रस्तथेत्युक्त्वा तमाह सा ॥
भ्रमरानेकदा पूर्वं वालैः कंटकरोपितान् ।
मोचयामासतुस्तौ हि तेन तुष्टाश्च षट्पदाः ॥
तावूचुस्ते युवाभ्यां हि मरणाद्रक्षिता वयम् ।
यथातथा युवां चापि रक्षामो मरणाद्वयम् ॥
इत्युक्त्वा ते स्थिताश्चात्र ते नीत्वाऽमृतमुत्तमम् ।
तद्रक्तबिन्दून् स्पृष्ट्वा तौ प्रकुर्वाते सजीवितौ ॥
भ्रमरास्ते तयोर्निद्रास्थाने सन्त्यधुना कपे ।
कोटिशस्तान् मर्दयस्व सोऽपि तान् मर्दयत् क्षणात् ॥
तत्रैकं शरणं प्राप्तं भ्रमरं प्राह मारुतिः ।
कुरु मंचकगर्भं त्वं गजभुक्तकपित्थवत् ॥
ऐरावणो भोगपत्न्याः षट्पदोऽपि तथाऽकरोत् ।
ततो निहत्य तौ दैत्यौ पुनर्वाणै रघूद्वहः ॥
अभिषिच्य तयोः स्थाने राज्ये तं मकरध्वजम् ।
यावद्गन्तुं मनश्चक्रे तावन्मारुतिनार्थितः ॥
नागकन्यागृहं गत्वा नानाचित्रविचित्रितम् ।
दृष्ट्वा तां चारुवदनां वस्त्रालङ्कारमण्डिताम् ॥
धृत्वा करेण तद्धस्तं किंचित् कृत्वा स्मिताननम् ।
चकार मंचकं भग्नं स्वभारेण रघूद्वहः ॥
ततस्तया प्रार्थितः स रामस्तां पुनरब्रवीत् ।
त्यक्त्वा देहं भुवं गत्वा भूत्वा ब्राह्मणकन्यका ॥
ततस्तप्त्वा चिरं कालं तृतीये त्वं तु जन्मनि ।
द्वापरे द्वारकायां हि मम पत्नी भविष्यसि ॥

आनन्दरामायण सारकाण्ड ११ अध्याय ७२-१२६ श्लोक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट— २

खशानका राजाहरूको नेपालढून-विजय

१. जैरा (युवराज) श्रीजयादित्यदेवेन सहोदर श्रीजयानन्ददेव निगडबन्धनं करोति वर्ष १२ मा ३ पश्चात् खशिया ववः (आगतः)। राजा जयारि प्रथमः प्रविष्टः संवत् चारि सय आठ पौषमासे सोह्मगुस्थाने खशिया अवुठ सय पातयित्वा राष्ट्र सर्व वने सेवितम् खशिया तेन पलायितम् लोकः स्वस्थेन स्वस्थानस्थितम्। तस्य सम्वत्छरः प्रवर्त्तते फाल्गुणमास शुक्लत्रयोदशी। पुनः द्वितीय जयतारी प्रविष्टः। ग्रामादि अग्निदाहम् करोति। स्यँगु चेत प्रस्थयति बुग्मलोकेश्वरद्रशनम् श्रीपशुपतिप्रसनम् स्वस्थेन स्वराष्ट्रगमः भवति। सम्वच्छर चारि सय नव।

(गोपालवंशावली संस्कृत भागबाट)

२. सम्वत् ४०८ पौषमास जयतारि प्र(विष्ट) प्रथमम्।

३. सम्वत् ४१४ फाल्गुनमासद्वितीयावार प्रवि(ष्ट) खशिया प्रवेश

(संक्षिप्त गोपालवंशावली १० प.)

४. स. ४१० फाल्गुन कृष्ण प्रतिपदा जयतारि वस्यंलि तेल नवक्वाठ काया, बुगन्देवन पयिसरपम्भण्डार द्ंता। ग्वलंस पछिमद्वारण दुम्विस्यम्, थवलान अङ्काल विस्यम् स्नान छाया उप्रहाथ पश्चिम द्वारस टया थ्वलिव गाम द्वाक्व मे चोया, लिछिं यहंस गहं याङ माङा गह मचाल्व।

(गोपालवंशावली ४० प.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. सं. ४३१ फाल्गुन कृष्ण पाड़ो खशिया राजा रिपुमल्लन वुंगस ह्वनं याङ सह्ं आदिन दुन्ता ग्वलम् भाह्सं प्रसं चोङा येन्देङ्चेतस वाह्ं सवति भोज याङा दिन. दिन १८ वसरपा लिस्स ॥

(गो. वं. ४३ प.)

६. स ४४८ चैत्र शुद्धि द्वितीया खशिया व्यघ्टन लासन राजवास क्वाठ थोङा तिपुरया ॥

(४४ प.)

७. स ४४८ फाल्गुन शुक्ल सप्तमी खशिया राजा आदितमलया कटकन वस्यम् नवक्वाठ कास्यम् ङन्हु लिवलि शाखरक्वाठ कासन लिंदुम् विक्व स्वन्देश मे चा सन यह्ं पुज वहीरिस थाकन याङा पुङा दिन २२ मचाल्व ॥

(६४प.)

८. तत्रान्तरे आदितमल्ल नेपाल प्रविष्ट ॥ सम्वत् ४४८ चैत्र पूर्णमी ॥

(संस्कृतभागको २७ प.)

९. तत्रान्ते आदित्यमल्ल नेपादि प्रविष्ट। सम्वत् ४४८ चै. शु. १५ उत्रफाल्गुनी शुक्लदिने ललितग्रामे दण्ड़ेन भवति।

(सं. गो. वं. १९ प.)

१०. स ४५४ भाद्रपद शुद्धि ७ थयित भाटों यह दुम् विया. सखुपतिराजटो दुम्विय मलाक्व खशियान स्याङा. एकतंन अङ्क ४० च्वतला गाक्व पाडो कोन्हु लास्य वङ्‌ग्व लिस डण्ड कास्यनि सङ्का मे चोया खशियानम् ॥

गो. वं. ४८ प.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. "युवराज जयादित्यदेवले सहोदर भाइ आनन्ददेवलाई कैद गरे, १२ वर्ष ३ महिना । पश्चिमबाट खशिया आए । ने. सं. ४०८ पौष महीनामा ज़ितारि मल्ल पहिलोपल्ट पसे । सिम्भूमा आठ शय खशियालाई सिद्ध्याई सारा राष्ट्र नै वन पस्यो । त्यति भएपछि ख़शिया भागे । अनि सबै दुनियाँ आफ्ना आफ़्ना घरमा आएर बसे । त्यसपछि एक़ वर्ष बित्यो । (ने.सं.४०९) फागुनशुक्ल त्रयोदशीका दिन फेरि दोस्रोपल्ट जितारि मल्ल पसे । गाउँहरूमा आगो लाइदिए । सिम्भू चैत्यमा गए । बुङ्मतीमा गई राता मच्छिन्द्रनाथको दर्शनगरे । पशुपतिनाथलाई प्रसन्न पारे । अनि आनन्दसँग सं० ४०९ मा आफ़्ना देशतर्फ गए ।"

२. "ने० सं० ४०८ पौष महीनामा पहिलोपल्ट जितारि मल्ल पसे" ।

३. "ने० सं० ४१४ फ़ागुन महीनामा दोस्रोपल्ट खशियाहरूको प्रवेश भयो ।"

४. "सं. ४१० (१३४६) फागुन वदि परेवाको दिन जयतारि (जितारि-मल्ल) आई नुवाकोट दख़खल गरे, बुङ्मतीको देवल (राता मच्छिन्द्र नाथ) मा गई कोश चढ़ाए, देउपाटनमा पश्चिम ढ़ोकाबाट प्रवेश गरे, यसपछि (पशुपतिलाई) गहना (?) लाई दिए, फूलमाला चढ़ाए हातहतियार (?) पश्चिम ढोकामा राखिए । यसपछि गाउंमा आगो लाइदिए । एक महीनासम्म ललितपुरमा किल्ला हाली बसे । किल्ला फुटेन"

(द्रष्टव्य—'इतिहास संशोधन' ४ सं. १३ पृ.
तथा कर्णालीप्रदेश एक बिटो अध्ययन २७ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. "नेसं ४३३ (१३६९) फागुन कृष्ण परेवामा ख़श राजा रिपुमल्लले वुङ्मतीमा महास्नान गराई कोष पनि चढ़ाए। देउपाटनका भट्टारक पशुपतिनाथलाई प्रसन्न पारे। कान्तिपुरका चैत्यमा पूजा गरी त्यहाँ बहालमा व्रतबन्ध गरेका सबैलाई भोज खुवाए। १८ दिन बसी फर्केर गए।"

६. "ने. सं. ४४१ (सं. १३७७ चैत्रशुदि द्वितीयाका दिन ख़शहरू लड़्दै आए। त्रिपुरको राजवास किल्ला भत्काए।"

७. "ने. सं. ४४८ (सं १३८४) फागुनशुदि ७ का दिन खश राज़ा आदित्यमल्ल लड्न आए, नुवाकोट कब्जा गरे, पाँच दिनपछि साखरक्वाठ कब्जा गरेर दूनभित्र पसे। तीनै शहरमा आगो लाइ-दिए। ललितपुर पुलवहिलमा बसेर २२ दिनसम्म घेरा हालो रहे। तर किल्ला फुटेन।"

८. "त्यसपछि ने. सं ४४८ (१३८४) चैत्रशुक्ल पूर्णिमाका दिन आदित्यजल्ल नेपाल पसे।"

"त्यसै बीचमा आदित्यमल्ल नेपाल दूनका शहरमा पसे।"

९. "सं ४४८ (१३८४) चैत्रशुक्ल पूर्णिमा उत्तर फाल्गुनी नक्षत्र शुक्रवारका दिन ललितपुरमा दण्ड उठाइयो।"

१०. "ने.सं. ४५४(१३९१)भाद्रशुदि सप्तमीका दिन थयित भा पाटन भित्र पसे। सखुपतिराज़ चाहिँ भित्र पस्न नपाउँदै खशद्वारा मारिए। अरू ज़म्मा चालीस जना मारिए। फागुन कृष्ण परेवाका दिन दण्ड़ लिएर खशहरू फर्के। खशहरूले साँखुमा आगो लाए।"

द्रष्टव्य— पूर्णिमा २ वर्ष ३ अं. २४-२६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट— ३

दुल्लुको पृथ्वीमल्लको स्तम्भलेखबाट

अथ खारिप्रदेशस्थो यो जावेश्वरतामगात् ।
तेन श्रीनागराजेन सेंजापुर्यां स्थितिः कृता ॥१२॥
तस्माच्चापस्तस्माच्चापिल्लः क्राशिचल्लः इति तस्मात् ।
तस्मात् क्राधिचल्लः क्राचल्लस्तत इति क्रमाद् भूपाः ॥१३॥
क्राचल्लजो भूमृदशोकचल्लो दिग्भित्तिषु क्षान्तिलतां ततान ।
जितारिमल्लस्तनयोथ तस्य तस्यात्मजोथाक्षयमल्लनामा ॥१४॥
अशोकसुत आनंदमल्लस्तदनु तद्भवः ।
रिपुमल्लोथ संग्राममल्लस्तस्य तनूभवः ॥१५॥
आदित्यमल्लोथ जितारिसूनुः कल्याणमल्लस्य नृपस्य तातः ।
काल्याणमल्लिः प्रथते स्म भूमौ प्रतापमल्लाह्वयभृत् क्षितीशः ॥१६॥
स स्वयं नागराजस्य नैवाशेषयदन्वयम् ।
अथ गेलान्वयः पुण्यमल्लस्तत्राभ्यषिच्यत ॥१७॥
ततः शकुनमालायाः खण्डमालाभिधा सुता ।
सुतश्च पृथ्वीमल्लाख्यो जातौ तत्र क्रमादिमौ ॥१८॥
साम्राज्ये स कुलापातसमायाते महीभृताम् ।
वीरश्रीपृथिवीमल्लः ख्यातकीर्तिर्विराजते ॥१९॥
धनादि ददतार्थिभ्यो धर्मकर्माणि कुर्वता ।
पृथ्वीमल्लेन भूमर्त्रा तिष्यः कृतयुगीकृतः ॥२०॥
तस्यैका धर्ममालाख्या दीपमालाह्वयापरा ।
उभे देव्यौ विराजेते विष्णोर्भूमिश्रियाविव ॥२१॥
भिक्षूणां द्विजधर्मभाणकानां सूत्रधारकाणां च ।
निजराज्ये सर्वकरास्तेनाचंद्रार्कतारकं त्यक्ताः ॥२२॥
बालसरस्वतीसुमतिः प्रशस्तिमकरोदिमां कलानिपुणः ।
अभिविजयसिंहसुधीश्चतुरः शिवराजसूत्रधारश्च ॥२३॥
ग्रहर्षिसूर्यगणाब्दे शाके ज्येष्ठस्य मेचके ।
रुद्राहे भानुवारेसौ कीर्तिस्तम्भोधिरोपितः ॥२४॥
श्रीशाके १२७९

इतिहासप्रकाश २।१ भा. ६०–६३ पृ.
पूर्णिमा २ व.।२ अं. १५-१६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट ४

हस्तलिखित वाल्मीकिरामायणबाट
(सं. १२११)

वि. सं. १२११ मा राजा गाङ्गेयदेवको पालामा तिरहुत राज्यमा बसेर नेपालवासी आनन्दका लागि श्रीकरका छोरा गोपतिले यो रामायण देवनागरी लिपिमा लेखेका थिए। हस्तलिखित रामायणको यो प्रति विश्वमा सबभन्दा पुरानो हो। बडौदा ओरियन्टल इन्स्च्युटबाट रामायणको संशोधित संस्करण छाप्ता यो प्रतिको पनि उपयोग गरिएको थियो। ठूल-ठूला दश जना विद्वान् यसका सम्पादकमण्डलमा थिए। सं २०१७ मा बालकाण्ड प्रकाशमा आयो। यसको भूमिकामा प्रधान सम्पादक जी. एच. भट्टले सो रामायणमा दिएको किष्किन्धाकाण्डको अन्तिमको लेखकपरिचय वाक्य निम्नानुसार पढ़ेर टिप्पणी समेत गरेका थिए।

संवत् १०७६ आषाढ़ वदि ४ महाराजाधिराज पुण्याव (ण्यश्) लोक सोमदेहोद्भव गरुड़ध्वज श्रीमहाप्रियदेव नुदमानती (वी) र भुक्तीज़्वलगुण विजयवाप्रे (यावाप्ते ? यावाप्त्यै ? यवीप्र ?) क्षि (ति) पालदेशी (शिक) प्रभाल्लु (व) शालिक श्रीआनन्दस्य कृते पाढ़ (दु) कावस्थिते पण्ड़ित श्रीकरस्यात्मज श्रीगोपतीना (ऽ) लेखीदं॥

'बडौदा ओरियन्टल इन्स्च्युट १४१५६ सं. को नेपाल काठमाडौं वीरपुस्तकालयको माइक्रोफिल्म ९३४ सं. को हस्तलिखित ग्रन्थमा दिएको १०७६ संवत् वीरपुस्तकालयका भू. पू. लाइब्रेरियन इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार विक्रम संवत् हो' (सी. ए. डी. १०२०)

'हामीले थाहा पाएका वाल्मीकि रामायणका प्रतिमा सबैभन्दा पुरानो मिति भएको नेवारी लिपिमा लेखिएको ग्रन्थ यो हो'।

जी. एच. भट्ट-बालकाण्ड भूमिका २०१७ / १५ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपर्युक्त परिचयवाक्य भरमार अशुद्ध पढ़िएको त छँदै थियो। त्यसमा उल्लेखित संवत्लाई पनि बाबुराम आचार्यको हवाला दिएर विक्रमी भन्नु झन् आश्चर्यजनक कुरा थियो। वि. सं. ११५४ मा मात्र कर्णाटवंशी राजा नान्यदेवले सिम्रौनगढ़ (तिरहुत) मा राज्यको स्थापना गरेका थिए। उनका सन्तान गाङ्गेयदेव (गाङ्गदेव) थिए। त्यस कारण १०७६ मा गाङ्गेयदेव हुनु संभव कुरा होइन। शकसंवत् भन्दा इतिहासमा सङ्गति हुने हुँदा यो संवत् शाके नै ठहर्दछ। सो रामायणको लिपि पुरानो देवनागरी हो। त्यसमा नेवारी लिपि भनिएको र त्यसका बारेमा छलफल पनि उचित आवश्यक देखिँदैन।

पछि वि. सं. २०२३ मा यो रामायणको सुन्दरकाण्ड सोही इन्च्युटबाट प्रकाशमा आयो। हस्तलिखित प्रतिमा किष्किन्धाकाण्डको अन्त्यमा लेखिएको उपर्युक्त वाक्य सुन्दरकाण्डको पहिलो अध्यायको अन्तमा राखियो। त्यस वेला सम्पादक-मण्डलमा प्रधान सम्पादक जी. सी. झाला भएका थिए। उनले सच्याएर सो वाक्य पढ़ेर सानो टुक्रामा छुट्टै छापेर टिप्पणीमा टाँसिदिए। त्यसमा पनि किन हो, श्रीकरको विशेषणमा कायस्थ चाहिं पढ़ेका छन्। मैले राष्ट्रिय अभिलेखालयमा रहेको मूल ग्रन्थ हेर्दा शुद्ध पाठ निम्नलिखित हुन आउँछ-

इत्यार्षे रामायणे किष्किन्धाकाण्डे समुद्रलंघनं समाप्त। संवत् १०७६ आषाढ़वदि ४ महाराजाधिराज पुण्यावलोकसोमवंशोद्भव गरुड़ध्वज-श्रीमद्गाङ्गेयदेवभुज्यमानतीरभुक्तौ कल्याणविजयराज्ये नेपालदेशीय-भाण्डशालिक-श्रीआनन्दस्य कृते पाटकावस्थित श्रीश्रीकरस्यात्मज-श्रीगोपतिनालेखीदं ॥

(यो पुष्पिका वाक्य हस्तलिखित ग्रन्थको
सूचीपत्रमा र अन्यत्र पनि छापिएको छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट ५

तेर्‍हौंत ो नेपालदून-
विजय

१. सं. ४११ माघमास तिरहुतिया ललितग्रामे प्रविष्ट। राष्ट्रे अतिसन्तापः दण्ड प्रच्यते पात्र सुष्ठबन्धनं महत्पीडा।

(संक्षिप्त गोपालवंशावली १० पत्र)

२. पुनः तिरहुतिया प्रविष्टः। सम्वत्सर चारिसय एकारह माघमासे ।

(सं. भागवाट)

३. स. ४२० प्वसला गाक्व अमावास्या को ह्न चा असनिमण्टो जारवा दिवस क्वाठ डङा माशिलासला गाक्व द्वादशी कोह्न डोय हाथारण भङ्गरपं वव: तिपुर दलवयि असनिमम् भङ्ग चेतला थ्वव पञ्चमी भरणि वृहष्तिवार कुन्हु खण्डपुरि धाया खापिंथलि नयं मितिजीं नये फास्यं डोय हथार ज्वाङवो. दिवस संती चुनिगल दुपुङ वव मचाल्व बाद्यंनिमं वखुरि वहिरिग डोय म्वण्ड डयंङा ह्म ७ त्यंखा डोल ह्म ३ वलुंखा जलधुनि नया व्रह्मपुरटो दुंपुङना। थ्वतेस तिपूरण डण्ड मन्दपाल ... प्रजायाके हस्यकं विलं रोवप्रति दम्भ ६ सारविंल दम्भ ३ छेंखाप्रति दम्भ ४ चङ्गुनलाथोव सतिकुन्हु डोय लास्य वंव वटक ढिया ङली स ... ... सलछें जयजु पण्डियास भोन्त श्रीजयशक्तिदेवस श्रीअनन्तमलदेवस डोय हवः ॥

४. सं. ४३१ माघकृष्ण चतुर्दशी स्वं प्रहर वेरस यह्न डोयन दुंचाल्यका ठंटि विन मनिगलटों। तेल्व लुंयिती गजुह्निदेव तम्वकं सहया व्राह्मणस पात्र समस्त वन्धी हया. गलेनो देश धोसरपा. थ्वतेस दण्ड कासन, कटक वंयास माक्व. माङ्यंपाट समस्त मे चोया. श्रीवेतनदेवस श्रीजयशक्तिदेवस मेगचन्दश ढ्वाको रवतस थ्वते वु वं प्वंस डोयन वोङ ता डोय वोङ हव श्रीजयशक्तिदेवस ॥

५. सं ४३२ कार्तिक शुक्लद्वादशी उत्रभद्र रविवार झाह्नन समस्त देवालय आदिन अग्निदाह याङ धोश्रपा, जयशक्तिदेवस थोस अफह्न विस्य याङा प्रजा समस्त वोन्त डोयनवु क्वयला गाक्व अति कोन्हु ग्वलया सर्व्वभण्डार कोस एकवीस कासन यंङा थ्वलिव सङानवं व्यनापेसंथानं तरीटो म्वण्ड ङयङा फाल्गुन शुक्लाष्टमी कोन्हु डोय भास्यं वङ्ग्व लिंस राज याये मफ्वास्यं ॥

६. स ४३३ वेशाखशुद्धि नवमी शुक्रवार डोनथं विज्याङा श्रीजयरुद्रमलदेवस चानिग्ल महाजात्रा याङ विज्याचकाटोम् ॥

(गोपालवंशावली ४२-४३ प.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. ने. सं. ४११ (सं. १३४७) माघ महीनामा तेह्रौतेहरू ललित-पुरमा पसे । राष्ट्रमा ठूलो अशान्ति भयो । दण्ड उठाइयो । महापात्र र भारदारहरू बन्धनमा परे । ठूलो दुःख भयो" ।

२. "ने. सं४११.(१३४७) माघमा फेरि तेह्रौतेको प्रवेश भयो" ।

३. "ने, सं. ४२० (सं. १३५६) पौष वदि औंसीको रातमा ड़ोय-हरू असनिमंमा लड़न आए । त्यहाँ ठाना हाले । माघ वदि द्वादशी-मा ड़ोयहरू लड़दै जित्तै आए, [-]पुर असनिमं दखखल गरे । फागुन शुदि पञ्चमी भरणी नक्षत्र विहीबारका दिन खण्डपुरी भन्ने ठाउँबाट खपिन्थली कब्जा गरी मितिली कब्जा गर्न डोयहरू लड़दै आए । भोलिपल्ट चुनिगलमा पस्न खोजे । तर किल्ला खुलेन । वाद्य निमं बखुरी बहीमा सात जना डोयहरू काटिए । त्यंखाडोलमा तीन जना काटिए । वलुंखा जलधुनी कब्जा गरी ड़ोयहरू ब्रह्मपुरमा पनि पसे । यति भएपछि त्रिपुरले दण्ड तिर्‍यो । मन्द्रपालले रोपनी पिछे ६ द्रम्भ कोलपिछे ३ द्रम्भ घरैपिछे ४ द्रम्भका दरले दुनियाँसँग हसेरी उठाई डोयहरूलाई बुझाइदिए । चैत्र शुदि सप्तमीका दिन ती लड़न आएका डोयहरू फर्केर गए । सलंछेंका पण्डित जयजु बनेपाली जयशक्तिदेव राजा अनन्त मल्लदेवहरूद्वारा डोयहरूलाई बोलाएर ल्याउने काम भएको थियो" ।

४. "सं. ४३१ (१३६७) माघकृष्ण चतुर्दशीको दिन तीन प्रहर जाँदा डोयहरूले ललितपुर खुलाए । ठंटिविबाट मानिगल (मङ्गल बजार) सम्म दखखल गरे । सुनधारा गजुन्हि देवताको कोप भयो । ब्राह्मणहरू र सारा महापात्रहरू पनि कैद गरिए । किल्ला भएका ठाउँहरू ध्वस्त पारिए । यति भएपछि ड़ोयहरूले लड़न आउँदा लागेको युद्ध खर्च दण्डको रूपमा प्रजासँग उठाए । सम्पूर्ण माङ्यं-पाटमा आगो लाइयो । वेतनदेव जयशक्तिदेव मेघचन्द्र ढ्वाखा राउत यी चार जनालाई ड़ोयहरूले बोलाएर राखे, (आश्रय दिए) । जय-शक्तिदेवद्वारा यी ड़ोयहरूलाई बोलाएर ल्याउने काम भएको थियो"।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. "सं ४३२ (१३६८) कार्तिक शुक्ल द्वादशी उत्तरभाद्र नक्षत्र आइतबारका दिन . . . . सारा देवालयहरू भागो लाएर ध्वस्त पारिए । यस वेला जयशक्तिदेवले . . . सबै दुनियाँ . . . डोयहरूले कार्तिक कृष्ण अष्टमीका दिन देउपाटनका (पशुपतिनाथका) एकाइशै वटा कोश (ढुकुटी) झिकेर लगे । यसपछि साँगातिर लागे । बनेपादेखि तरी (तराई) सम्मका (केही) मानिस काटिए । डोय भारदारहरू (यहाँ) राज्य गर्न नसकी फागुन शुदि अष्टमीका दिन फर्केर गए" ।

६. "सं. ४३३ (१३७०) वैशाख शुदि ९ शुक्रवार डोयहरूलाई (जितेर) धपाई फर्कदा जयरुद्रमल्ल ठूलो जात्रा गर्दै चनिगलमा भित्रिए"' ।

द्रष्टव्य– पूर्णिमा १ वर्ष ४ अङ्क २१-२६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट— ६

सं.४४६ माघशुदि ३ तिरहुतिः हरशिह राजासन मिथलारनतो सन्त्रगहीटो दिर्लीस तुरयाके वङ रायत मोनारपम् थमु अगुमन याङ वस्यम् शिमरावन गह भङ्ग याङ तिरहुतिया राजा महाथ आदिन समस्त व डंङ व्यसन वङ्गव टोम् ग्वलच्छिन लिन्दु विर ववः ग्वलच्छिन राजग्राम द्वलखाधारे वंग्व टिंपाटस राजा हरसिंहटो शिक्व थ्वस कायन महाथन उभय बंधि यङा कुलन ज्वोङ विफंग्व, राजगामया मझिभारो धायान समस्त धन कासन ॥

(गो. वं ४६ प.)

"सं. ४४६ (१३८२) माघशुदि ३ तिरहुतका राजा हरसिंहदेवले रैतीहरू जम्मा पारी आफैं लड्न अघि सरी मिथिलाबाट दिल्लीका गयासुद्दीन तुगलक माथि जाइलागे । सिम्रौनगढ ध्वस्त पारियो । तिरहुतका राजा मन्त्री आदि सबै उठी भागे । केही कालपछि फेरि पसे । केही काल पछि दोलखातिर राजगाउँमा आए । राजा हरसिंहदेवको तीनपाटनमा मृत्यु भयो । यिनका छोरा मन्त्री दुवै कैद गरिए । यिनका परिवार पनि समातिए । पछि शरण मागे । राजगाउँका मझी भारोले सबै धन हात लाए" ।

गोपालवंशावलीको यो वाक्य पहिले बेण्डालले प्रकाशमा ल्याएका थिए । त्यसपछि बाबुराम आचार्यले तनहुँको सेनवंशमा पनि यो वाक्य उद्धृत गरे । (भानुभक्तस्मारकग्रन्थ ६९ पृ.) इतिहास संशोधन ७ सं. ५ पृ. मा धनवज्रद्वारा अर्थसहित यो छापियो । यस बेलासम्म हरसिंहदेवको मृत्यु स्थान टिंपाटको निर्धारण भएको थिएन । यसैले लुशियानो पेटेकले टिंपाट (तीनपाटन) लाई देउपाटन भन्ने सम्झे । यसमा आएको 'ग्वलछिन' शब्दले बहकिएर झन् उनी ग्वल (देउपाटन) तिरै हरसिंह आएको भन्ने निर्णयमा पुगे । हरसिंह देव नेपाल आएको भन्ने वंशावलीको र पछिका मल्ल राजाको वर्णनले समेत यस्तो अडकल गर्न उनलाई बल मिल्यो । (मेडिवल हिष्ट्री अफ नेपाल ११२ पृ) परन्तु तीनपाटन भन्ने स्थान सिन्धुली जिल्लामा कमलाखोंचको माथि महाभारत पर्वतशृङ्खलाभित्र पर्दछ । तीनपाटनमाथिका कोटगाउँ र किल्लाको अवशेषले पनि पुरानो दुर्गको संझना दिलाउँछ । हरसिंहको त्यहाँ निधन भएपछि उनका परिवार र छोराछोरीले नेपालदूनमा शरण पाएको कुरा उपर्युक्त वाक्यले पुष्टि गर्छ । नेपालको इतिहासमा पनि यही सङ्गति मिल्न आउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट ७

ज्योतिरीश्वरको धूर्तसमागम नाटकबाट

नान्द्यन्ते सूत्रधारः- अलमतिविस्तरेण ।
यदद्य-

नानायोधनिरुद्धनिर्जितसुरत्राणत्रमद्वाहिनी
नृत्यद् भीमकबन्धमेलकदलद् भूमिभ्रमद् भूधरः ।
अस्ति श्रीहरसिंहदेवनृपतिष्काएर्णटचूडामणि-
र्दृप्यत्पार्थिवसार्थमौलिमुकुटन्यस्तांघ्रिपंकेरुहः ।
तस्योद्दण्डभुजप्रतापदहनज्वाला निरस्तापदो
राज्ञस्सर्व्वगुणानुरागपदवीविद्योतनाचार्य्यकः ।
यो धीरेश्वरवंशमौलितिलको दातावदाताशय-
स्तस्य श्रीकविशेखरस्य कविता मच्चित्तमालम्बते ॥

तदनेन सकलसङ्गीतविद्याशेषविद्योतनाभिनवभरतेन पुरमथनपादारविन्दवन्दारुककरपल्लवेन निखिलभाषासुभगभावुकसरस्वतीकण्ठाभरणेन अनवरतसोमरसास्वादकषायकण्ठकदलीनरीनृत्यमानमीमांसामहोत्सवस्य श्रीरामेश्वरस्य पौत्रेण तत्रभवतः पवित्रकीर्तेर्धीरेश्वरस्यात्मजेन महाशासनश्रेणिशेखरश्रीमत्पल्लीजन्मभूमिनायककविशेखराचार्यश्रीज्योतिरीश्वरेण निजकुतूहलविरचितं धूर्तसमागमन्नाम नाटसन (प्रहसन)मभिनेतुमादिष्टोऽस्मि अस्य चादिष्टं मालतीमालेव मया शिरसि धारणीयं ।

कविशेखराचार्य - श्रीज्योतिरीश्वरविरचितं धूर्तसमागमं नाम नाटकं समाप्तम् ।

राष्ट्रिय अभिलेखालय
प्र. ११३३ वि. ५२
बृहत्सूचीपत्र, ज्यो. ३ भा. २५ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट ८

चण्डेश्वरको वर्णन

कृत्यरत्नाकरबाट–

अस्ति श्रीहरसिंहदेवनृपतिर्निःशेषविद्वेषिणां
निर्म्माथी मिथिलां प्रशासदखिलां कार्णाटवंशोद्भवः ।
आशाः सिञ्जति यो यशोभिरमलैः पीयूषधारोद्भवैः ।
देवः शारदशर्व्वरीपतिरिवाशेषप्रियम्भावुकः ॥४॥
अस्मिन् दिग्विजयोद्यते बलभरात् कुब्जीभवद्भिः फणै-
रन्योन्यं निविडं मिलद्भिरभितः शेषः सहस्रेण सः ।
गच्छत्यम्बुदबान्धवे दिनपतौ प्रत्यक्पयोधेरधः
सद्यः सङ्कुचदब्जकोरकवपुः सादृश्यमालम्बते ॥५॥
मा मा खेदं भजध्वं जलधिमुपगते बान्धवे पङ्कजाना-
मन्तःपञ्चेषुरोषव्यसनभयशुच श्चक्रवाका वराकाः ।
श्रीमत्कार्णाटभूमिपतिमुकुटमणेः प्रीणयन्नद्य लोका-
नेष प्रौढप्रतापद्य मणिरुदयिनीं सम्पदं सन्तनोति ॥६॥
एतस्याद्भुतसन्धिविग्रहधुरापात्रं पवित्रीकृत-
क्ष्मालोकः शरदिन्दुसुन्दरयशः सन्दोहगङ्गाम्बुभिः ।
आसीन्मन्त्रमयद्युति प्रहिहतामित्रान्धकारोदयो
देवादित्य इति प्रसन्नहृदयो देवद्रुमो जङ्गमः ॥७॥
महादानैस्तैस्तैर्विभवमहितैर्नन्दितमभूत्
कुलं भूदेवानां बहुविधमखैस्तैर्मखभुजाम् ।
तडागैरारामैः कमलमधुपानोन्मदनदद्
द्विरेफश्रेणीनामुपकृतमनेन क्षितितलम् ॥८॥
गुणाम्भोधेरस्मादजनि रजनिजानिरुदधे-
रिवाम्भोजाद्देवो द्रविण इव मन्त्रीशतिलकः ।
नवं पीयूषांशोरमृतमिव शक्तिप्रणयिनो
नयादर्थः श्लाघ्यादिव जगति वीरेश्वर इति ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मीभाजो द्विजेन्द्रानकृत कृतमतिर्बौ महादानदानैः
प्रादत्तोच्चैस्तु रामप्रभृतिपुरवरं शासनं श्रोत्रियेभ्यः ।
वापीं चक्रेऽब्धिबन्धुं दहिभतनगरे निर्ज्जितारातिदुर्गः
प्रसादस्तेन तुङ्गो व्यरचि सुकृतिना शुद्धसोपानमार्गः ॥१०॥
यः सन्धिविग्रहविधौ विविधानुभावः
शौर्य्यौदियेन मिथिलाधिपराज्यभारम् ।
निर्मत्सरं सुनयसञ्चितकोषजातं
सप्ताङ्गसङ्घटनसंभृतमेव चक्रे ॥११॥
प्रज्ञावतां सदसि संसदि वाक्पटूनां
राज्ञां सभासु परिषत्स्वपि मन्त्रभाजाम् ।
चित्रेऽर्थिनाञ्च कवितास्वपि सत्कवीनां
वीरेश्वरः स्फुरति विश्वविलासकीर्त्तिः ॥१२॥
श्रीमानमुष्य तनयो नयचक्रचारु
चारालवालनवकल्पतरुप्ररोहः ।
सत्सान्धिविग्रहधुरीणपदावलम्ब-
श्चण्डेश्वरो विजयते सचिवावतंसः॥१३॥
यद् यात्राचतुरङ्गिणीभरनमद् भूगोलघातस्फुट-
द्भोगीन्द्राग्रशिरःफणामणिपतत् खण्डप्रदीपांशुभिः ।
पाताले निविडान्धकारपटलीनिर्मोषदृष्टप्रिया-
स्तत्कीर्त्तिं क्षणलब्धलोचनफला गायन्ति भोगिस्त्रियः ॥१४॥
नेपालं गिरिदुर्गमं भुजबलादुन्मूल्य तद्भूपतीन्
सर्वान् राघववंशजान् रविरिपोस्तुल्यः प्रतापानलैः ।
देवं विश्ववरप्रदं **पशुपतिं** संस्पृश्य योऽपूजयत्
केषां नैष धरातले स्तुतिपदं मन्त्रीन्द्र**चण्डेश्वरः** ॥१५॥
आलीनं गिरिकन्दरास्वपि वनेष्वन्तर्हितं निर्झरे
गम्भीरे चिरमग्नमद्रिशिखरप्राग्भारमप्यास्थितम् ।
नेपाले विजितैरनेन सुतरां भीतात्मभिर्भूमिपैः
विस्मृत्य द्युमणेः कुले भगवतः स्वं जन्म तत्तत् कृतम् ॥१६॥
उत्खाते रथचक्रनेमिनिवहैर्दन्तावलानां मदा-
सारैः सिक्ततले महायतरणक्षेत्रे हयक्षोदिते ।
नाराचाहतदाडिमोपमपतत्कुम्भीन्द्रकुम्भापत-
न्मुक्ताजालकमुप्तमस्य नु यशोबीजं विरेजे चिरम् ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतेनातिवदान्यमौलिमणिना सम्मानितैरर्थिभि-
र्दत्तानेकमनोरथाधिकमहादानोच्छ्रितैरुज्झितः ।
भृङ्गश्रेणिमसीमलीमसतनुच्छायः स कल्पद्रुमः
प्रश्च्योतन्मकरन्दबिन्दुनिवहव्याजेन रोरुद्यते ॥१८॥
एष मैथिलमहीभुजा भुजद्वन्द्ववारितसमस्तवैरिणा ।
श्रीविधायिनि कुलक्रमागते सन्धिविग्रहपदे पुरस्कृतः ॥१९॥
उन्मीलत्सहकारसौरभमिलद्भृङ्गौघझङ्कारिणो
विप्रेभ्यः सुरपत्तनप्रणयिनो रम्भावनश्यामलाः ।
ग्रामाः सञ्चरदापगाजलभरैरुन्निद्रनालिश्रिय-
स्ते दत्ता कति न प्रसन्नमनसा मन्त्रीश्वरेणामुना ॥२०॥
अयमुदचीखनत्तरलमारुतलङ्घनया
घनरथावर्त्तमभिरामपुरेऽथ सरः ।
दिवि शरदभ्रविभ्रमपटलोदरगस्फुर-
दरविन्दवेश्मविलसन्निरुन्मसितम् ॥२१॥
आपीतो जलधिस्त्वया चुलुकितः क्षारोदकोऽभ्येहि मा-
मापातुं मधुरं घटोद्भवमुने यद्यस्ति शक्तिस्तव ।
इत्युच्चैर्वदतीव वीचितुलिताम्भोधिस्फुटाम्भोभरा-
रावैरुद्यतहस्तिरासमहिताहङ्कारमेतत् सरः ॥२२॥
एतत्कीर्तिजिगीषुरीशमभजद्देवः सुधादीधितिः
प्रायः शेखरतामवाप न पुनस्तस्मादसौ तत्फलम् ।
इत्येवं गलिते मनोरथभरे पङ्कच्छटासोदरं
धत्ते निर्जितकान्तिरन्तरधिकं शङ्के कलङ्कं शशी ॥२३॥
बिभ्राणः कल्पवृक्षं क्वचन परिसरे कामधेनुं दधानः
क्वाप्यन्तः पारिजातं क्वचिदपि च दधद्दोषयादोविमुक्तः
श्रीमच्चण्डेश्वरेण स्मृतिनिगमविदा तन्यते तेन तद्वद्
विष्णुव्यासादिवाक्यस्फुरदमृतमयः कृत्यरत्नाकरोऽयम् ॥२४॥

यस्मिन्न किंचिदपि शंसति कामधेनु-
र्यत्रेष्टमल्पमपि कल्पतरुर्न दत्ते ।
धत्ते न गन्धमपि कञ्चन पारिजात-
स्तत्सर्वमेष विविनक्ति नयप्रवीणः ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नानाश्रुतिस्मृतिकदम्बपुराणराशि-
गौडेतिहासनिकुरम्बमहागमानाम् ।
तं तं विरोधमवधूय बुधेन कृत्य-
